# सामुदायिक वन बुलेटिन

अंक २२
आ.व. २०८२/८३



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
**सामुदायिक वन अध्ययन केन्द्र**
ठोकर्पा, सिन्धुपाल्चोक







मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन तालिम

# सामुदायिक वन बुलेटिन

**सम्पादक मण्डलः**

मोहनचन्द्र विश्वकर्मा
प्राध्यापक, डा. राजेश कुमार राई
सह-प्राध्यापक, डा. सोनी बराल
डा. शम्भु प्रसाद दंगाल
डा. सिता अर्याल
विजयराज पौड्याल
रामबाबु पौड्याल
चन्द्रदिप खतिवडा

**प्रकाशकः**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
**सामुदायिक वन अध्ययन केन्द्र**
ठोकर्पा, सिन्धुपाल्चोक

आ.व. २०८२/८३

**सामुदायिक वन बुलेटिन, अंक २२**
सामुदायिक वन अध्ययन केन्द्र, ठोकर्पा, सिन्धुपाल्चोक

**प्रकाशन वर्षः** २०८३ (आ.व. २०८२/८३)

**प्रकाशन प्रतिः** ७००

**आवरण फोटोः**

**अगाडि :** श्री रतुवापाटी बाँझथलो सामुदायिक वन ठोकर्पा, सिन्धुपाल्चोक (वि.सं. २०३० सालमा नाँङ्गो पाखामा समुदायले वृक्षारोपण गरी हुर्काएको वन हाल जसलाई सामुदायिक वन व्यवस्थापनको उद्‌गमस्थलको रूपमा चिनिन्छ) ।

**पछाडि :** श्री जामुने भेडीखर्क सामुदायिक वन, ठोकर्पा, सिन्धुपाल्चोकमा चाँपका बिरुवारोपण

**फोटो सौजन्यः**

**अगाडि/पछाडि :** मोहनचन्द्र विश्वकर्मा, केन्द्र प्रमुख

**मुद्रणः** गेटवे प्रिन्टर्स एण्ड डिजाइनर्स प्रा.लि.

**उद्धरण (Citation):**
सामुदायिक वन अध्ययन केन्द्र २०८३। सामुदायिक वन बुलेटिन, अंक २२ । नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र, ठोकर्पा, सिन्धुपाल्चोक ।

*यस बुलेटिनमा समाबेश गरिएका लेख रचनाहरू सम्बन्धित लेखकका निजी विचार हुन् र यी रचनाहरू प्रतिको सम्पूर्ण उत्तरदायित्व लेखक स्वयंमा नै निहित रहनेछ ।*

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं

## शुभकामना मन्तब्य

मितिः २०८३।३।२७

सामुदायिक वन, कबुलियती वन तथा साझेदारी वन नेपाल सरकारका वन क्षेत्रका सफल समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरू हुन्। यी कार्यक्रमहरूले वन संरक्षण, दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण तथा स्थानीय समुदायको सामाजिक-आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएका छन्। यस्ता वन व्यवस्थापन प्रणालीसँग सम्बन्धित समूहहरूको राष्ट्रिय तथ्याङ्क अद्यावधिक गर्ने, अध्ययन तथा अनुसन्धानमार्फत प्रभावकारी वन व्यवस्थापनका उपयुक्त मोडेल विकास र सिफारिस गर्ने, साथै समुदाय र सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन तथा अवलोकन भ्रमण सञ्चालन गर्ने उद्देश्यले सामुदायिक वन अध्ययन केन्द्रको स्थापना गरिएको हो। यस केन्द्रले समुदायमा आधारित वन व्यवस्थापनलाई थप सुदृढ, वैज्ञानिक र परिणाममुखी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

समुदायद्वारा व्यवस्थित वनको दिगो व्यवस्थापनमार्फत वनजन्य उत्पादनमा वृद्धि, गुणस्तरीय काठको आन्तरिक माग परिपूर्ति तथा निर्यात प्रवर्द्धन, काठ तथा गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि, वनजन्य उद्योगको विकास, पर्यापर्यटन प्रवर्द्धन, वन्यजन्तु संरक्षण तथा हरित रोजगारी सिर्जनालाई सँगसँगै अगाडि बढाउनु आजको आवश्यकता हो। सामुदायिक वन अध्ययन केन्द्रद्वारा नियमित रूपमा प्रकाशित "सामुदायिक वन बुलेटिन" ले समुदायमा आधारित वन व्यवस्थापनका अनुभव, अनुसन्धानका निष्कर्ष, सुशासनका अभ्यास तथा समसामयिक विषयवस्तुलाई समेट्दै नीति निर्माण, व्यवस्थापन सुधार र ज्ञान आदानप्रदानमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। यस प्रकाशनबाट वन उपभोक्ता समूह, नेतृत्व तह, सरकारी निकाय, सरोकारवाला संस्था, अनुसन्धानकर्ता तथा वन एवं वातावरण क्षेत्रमा कार्यरत सम्पूर्ण व्यक्तिहरू लाभान्वित हुने विश्वास व्यक्त गर्दछु। यस वर्षको बुलेटिन अझ बढी सूचना तथा ज्ञानमूलक सामग्रीसहित प्रकाशित भएकोमा सामुदायिक वन अध्ययन केन्द्रलाई हार्दिक बधाई दिन चाहन्छु। आगामी दिनहरूमा पनि यसले निरन्तर गुणस्तरीय, अनुसन्धानमा आधारित तथा उपयोगी सामग्री प्रकाशन गर्दै वन क्षेत्रको ज्ञान अभिवृद्धि र दिगो व्यवस्थापनमा अझ प्रभावकारी योगदान पुर्‍याओस् भन्ने शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

धिरेन्द्र कुमार प्रधान

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

# सामुदायिक वन अध्ययन केन्द्र

ठोकर्पा, सिन्धुपाल्चोक

## मन्तब्य

मितिः २०८३।३।२७

सामुदायिक वन बुलेटिन प्रकाशनको निरन्तरतास्वरूप यस वर्ष सामुदायिक वन बुलेटिनको नयाँ अंक २२ यहाँहरू सामु लिएर आएका छौं । विगतमाझै यस बुलेटिनमा प्रकाशित लेख रचना तथा अन्य सूचनाहरूको उपयोग गरी लाभ लिनुहुनेछ भन्ने विश्वास लिएको छु। आगामी दिनमा यस बुलेटिनलाई परिमार्जन गर्दै अझै सूचनामूलक बनाउँदै लैजाने प्रतिबद्धतासमेत व्यक्त गर्न चाहन्छु।

यस अंकलाई उपभोक्ता मैत्री बनाउन नेपाली लेख रचनाहरूमात्र समावेश गरिएको छ। पहिलो खण्डमा सामुदायिक वन तथा समुदायमा आधारित वन व्यवस्थापनका विविध पक्षलाई समेटी वन तथा वातावरण विज्ञहरूको लेख समावेश गरिएको छ भने दोस्रो खण्डमा वन समूहहरूले गरेका विविध गतिविधिहरू र यस आर्थिक वर्षमा आयोजना गरिएका राष्ट्रिय र प्रादेशिक स्तरका गोष्ठीलगायतका विषयहरू संक्षिप्त रूपमा समावेश गरिएको छ। साथै ती गोष्ठीका घोषणापत्रहरूलाई समेत समेटिएको छ।

अन्त्यमा, समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको तथ्याङ्क, लेख रचना उपलब्ध गराउनुहुने ८४ वटै डिभिजन वन कार्यालयहरू, यस कार्यमा आवश्यक समन्वय गरिदिनुहुने ७ वटै प्रदेश वन मन्त्रालयहरू र प्रदेश वन निर्देशनालयहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै सामुदायिक वन बुलेटिनको यस अंकको लागि लेख रचना उपलब्ध गराउनुहुने सम्पूर्ण वन तथा वातावरण विज्ञहरू प्रति पनि धन्यबाद व्यक्त गर्दछु। त्यसैगरी सामुदायिक वन बुलेटिनको यस अंक प्रकाशनको लागि मार्गदर्शन गर्नुहुने तथा लेख रचनाहरूलाई सम्पादन गर्न महत्वपूर्ण भूमिका निभाउनुहुने सम्पादक मण्डलका प्राध्यापक डा. राजेश कुमार राई, सह-प्राध्यापक डा. सोनी बराल, डा. शम्भु दंगाल, डा. सिता अर्याल, बिजयराज पौड्याल र रामबाबु पौड्याल प्रति विशेष आभार व्यक्त गर्न चाहन्छु। आगामी दिनहरूमा समेत यहाँहरू सबैको यस्तै रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

मोहनचन्द्र विश्वकर्मा
केन्द्र प्रमुख

# विषय-सूची


| क्र.सं. | विवरण | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको आ.व. २०८२/८३ सम्मको तथ्याङ्क | | १ |
| | **भाग - १** | | |
| १. | सामुदायिक वन अध्ययन केन्द्र उद्गमस्थल ठोकर्पामा | मोहनचन्द्र विश्वकर्मा | १८ |
| २. | ठोकर्पा र सामुदायिक वन अध्ययन केन्द्रः एक चिन्तन | शिवप्रसाद न्यौपाने | २१ |
| ३. | दिगो वन व्यवस्थापन अवधारणा, कार्यान्वयन र प्रमाणीकरण : सामुदायिक वनको लागि राष्ट्रको समृद्धिमा योगदान गर्ने अवसर | पशुपति नाथ कोइराला | ३० |
| ४. | संरक्षणको सफलतासँगै बढ्दो मानव-बाँदर द्वन्द्व, प्रभाव र समाधानका उपायहरू | डा. सोनी बराल | ५० |
| ५. | दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ को विश्लेषण | टंक नारायण श्रेष्ठ | ६१ |
| ६. | चुरे संरक्षणः एक परिचर्चा | गणेश पौडेल | ७१ |
| ७. | बागमतीमा प्रदेश राष्ट्रिय वन ऐनको विधेयक बनाउने फरक अभ्यासः समुदायमैत्री र व्यावहारिक कानुन बनाउने प्रयास | भोला खतिवडा | ७८ |
| ८. | सामुदायिक वनको पुनर्विचारः संरक्षणबाट रूपान्तरणतर्फ | भोला भट्टराई | ८४ |
| ९. | नेपालमा मध्यवर्ती सामुदायिक वनको अवस्था | लब गुरागाई र विष्णु प्रसाद श्रेष्ठ | १०३ |
| १०. | सामुदायिक वनमा युवाको सहभागिता आवश्यकता, अवसर, चुनौती र मार्गचित्र | बिष्णु प्रसाद ज्ञवाली | ११२ |
| ११. | सालक संरक्षणमा बागमती प्रदेश सरकारको अग्रसरता | बिष्णु प्रसाद आचार्य | १२१ |

| | | | |
|---|---|---|---|
| १२. | नेपालको सामुदायिक वन व्यवस्थापनः संरक्षणबाट उत्पादनमुखी व्यवस्थापन र उपयोगतर्फ | शिव कुमार वाग्ले | १२८ |
| १३. | दिगो सामुदायिक वन व्यवस्थापनको सेरोफेरो | विजयराज पौड्याल | १३४ |
| | **भाग - २** | | |
| १. | कालिका सामुदायिक वन लमजुङमा सिताके च्याउ खेती विकास | डिभिजन वन कार्यालय, लमजुङ | १४१ |
| २. | बायोमासमा आधारित प्राङ्गारिक मल उत्पादन कार्यक्रम | डिभिजन वन कार्यालय, गोरखा | १४३ |
| ३. | सामुदायिक वनमा वन उद्यम प्रवर्द्धन कार्यक्रमः सिताके च्याउ खेती विस्तार | डिभिजन वन कार्यालय, गोरखा | १४६ |
| ४. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सुरु भयो दिगो वन व्यवस्थापन | डिभिवन वन कार्यालय, नवलपुर | १४८ |
| ५. | सामुदायिक वनमा पर्या-पर्यटनको नयाँ आयामः रक्तमालाको उदाहरणीय प्रयास | रेञ्जर, दिपक टमटा | १५१ |
| ६. | पश्चिम नेपालको सामुदायिक वन लगायतको सालको जंगलमा किराको प्रकोप के हो? | मोहनचन्द्र विश्वकर्मा | १५३ |
| ७. | प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन, २०८२ | सुनिता उलक | १५५ |
| ८. | लुम्बिनी प्रदेशस्तरीय तेस्रो वन सम्वर्द्धन गोष्ठी, २०८३ | गणेश चौधरी | १५७ |
| ९. | बागमती प्रदेशस्तरीय प्रथम कबुलियती वन गोष्ठी, २०८३ | मोहनचन्द्र विश्वकर्मा | १५९ |
| १०. | घोषणापत्र/प्रतिबद्धता पत्रहरू | | १६१ |
| ११. | प्रदेश सरकार अन्तर्गत वनेका वन तथा वातावरण संरक्षण सम्बन्धी कानुनहरू | | १७२ |
| १२. | वि.सं. २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पामा गठित १०३ सदस्यीय वन संरक्षण, सम्वर्द्धन र विकास समितिको नामावली | | १७५ |
| १३. | राष्ट्रिय वन सम्बन्धी पुरस्कारहरूको विवरण | | १७८ |

# समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको आ.व. २०८२/८३ सम्मको तथ्याङ्क

## सारांश तालिका

| सि. नं. | वनको प्रकार | डि.व.का. सङ्ख्या | वनका सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन | ८३ | २३०८८ | २५९३०७२.५० | ३२२४०३७ | डि.व.का. मुस्ताङ बाहेक |
| २ | कबुलियती वन (गरिबीका रेखामुनि) | ४८ | ७७११ | ३९४७७.१५ | ७३१४४ | |
| ३ | साझेदारी वन | १३ | ३३ | ७८३.६५ | ८४१८७० | |
| ४ | धार्मिक वन | ६७ | २५० | ५५३२.९० | - | |
| ५ | वन संरक्षण क्षेत्र | १३ | ११ | १९४१५६ | - | |

## विभिन्न डिभिजन वन कार्यलयहरूमा रहेको सामुदायिक वनहरूको सङ्ख्या, क्षेत्रफल र घरधुरी

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | संखुवासभा | २९० | ३८९३२.०८ | ३०५२४ |
| २ | | २ | ताप्लेजुङ | १३१ | १०५२८.६० | ९८५३ |
| ३ | | ३ | इलाम | २४६ | ५११४०.३२ | ४२६८८ |
| ४ | | ४ | भोजपुर | ५६५ | ४५३१९.४८ | ५१२१४ |
| ५ | | ५ | पाँचथर | १८४ | १६९०३.६१ | १८७८० |
| ६ | | ६ | मोरङ | १४१ | २२८८८.१३ | ६४२२७ |
| ७ | | ७ | झापा | ५९ | १५८३१.२३ | ४८०८० |
| ८ | | ८ | सुनसरी | ७३ | ११२०५.९२ | ४०७३० |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| ९ | | ९ | तेह्रथुम | ३३९ | २०१८८.२१ | २८२७६ |
| १० | | १० | धनकुटा | ३८७ | २९९७१.२३ | ४५७४२ |
| ११ | | ११ | सोलुखुम्बु | १६६ | ४२०२४.२७ | २५९७६ |
| १२ | | १२ | ओखलढुंगा | ३५५ | ३०१४१.१५ | ४७०८६ |
| १३ | | १३ | खोटाङ | ४१९ | ५०९५५.०० | ४८७७३ |
| १४ | | १४ | त्रिवेणी, उदयपुर | १६२ | ३३९९३.७० | २०४४७ |
| १५ | | १५ | गाइघाट, उदयपुर | २०८ | ४९१७४.३० | ४७७९० |
| **जम्मा** | | | | **३७२५** | **४,६९,१९७.२३** | **५,७०,१८६** |
| १६ | | १ | पर्सा | ४ | ७.५१ | ६५४ |
| १७ | | २ | बारा | ४२ | १०८२०.२६ | १३११५ |
| १८ | | ३ | रौतहट | ४३ | ८२५७.१५ | ११७५२ |
| १९ | | ४ | महोत्तरी | ७८ | ८५९५.५२ | १२९७३ |
| २० | मधेश प्रदेश | ५ | सर्लाही | ८७ | १५२३२.०४ | १६७३१ |
| २१ | | ६ | धनुषा | ४३ | ९८५५.७४ | ८६३९ |
| २२ | | ७ | सिरहा | ११५ | १६५३५.१२ | १८९३८ |
| २३ | | ८ | सप्तरी | १३७ | १८७६१.२६ | ३३३४१ |
| **जम्मा** | | | | **५४९** | **८८,०६४.६०** | **१,१६,१४३** |
| २४ | | १ | मकवानपुर | २११ | ४६९९८.२४ | ४११५४ |
| २५ | | २ | रासी | २०५ | ३४५५६.४२ | ३१६२६ |
| २६ | | ३ | चितवन | ९३ | २३३०९.०७ | ५३२०८ |
| २७ | बागमती प्रदेश | ४ | धादिङ | ७१८ | ४०५२१.०७ | ७९३९८ |
| २८ | | ५ | नुवाकोट | ३७० | २७०७१.०३ | ४२८२२ |
| २९ | | ६ | रसुवा | ६८ | ८२५२.६८ | ६२०२ |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| ३० | | ७ | काठमाडौं | १३७ | ६३६२.५३ | १७९७५ |
| ३१ | | ८ | भक्तपुर | ५७ | १७५५.०५ | १०६२९ |
| ३२ | | ९ | ललितपुर | २०६ | ११६६५.७९ | १८३८९ |
| ३३ | | १० | काभ्रेपलान्चोक | ५८३ | ३१९८५.२६ | ५९९९५ |
| ३४ | | ११ | सिन्धुपाल्चोक | ५३० | २९२२२.१२ | ६५२५६ |
| ३५ | | १२ | दोलखा | ३८६ | २८८३१.३९ | ४४२७७ |
| ३६ | | १३ | रामेछाप | ४२६ | ३२४२०.७४ | ५८५७० |
| ३७ | | १४ | सिन्धुली, सिन्धुली | ३१७ | ६४२४८.२८ | ४०५९६ |
| ३८ | | १५ | मरिण, सिन्धुली | २०७ | ५५२७३.६० | १९०६५ |
| **जम्मा** | | | | **४,५१४** | **४,४२,४७३.२७** | **५,८९,१६२** |
| ३९ | गण्डकी प्रदेश | १ | म्याग्दी | ३०९ | २५७२१.६० | ३५७४ |
| ४० | | २ | नवलपुर, नवलपरासी (ब.सु.पू.) | २१३ | ३९८५०.७४ | ६१६०१ |
| ४१ | | ३ | लमजुङ | ३४६ | ३०६३७.३१ | २८३७९ |
| ४२ | | ४ | मनाङ | ४ | ३५७६.७९ | २१० |
| ४३ | | ५ | पर्वत | ३८७ | १४४७२.२४ | ४३८०५ |
| ४४ | | ६ | बाग्लुङ | ५३२ | ३९१३२.६६ | ७०४३५ |
| ४५ | | ७ | कास्की | ५१० | २०३३६.४४ | ४७२७९ |
| ४६ | | ८ | तनहुँ | ६२५ | ६२०२६.०६ | ६१९८५ |
| ४७ | | ९ | स्याङ्जा | ५२६ | १६४४९.७९ | ५८९८३ |
| ४८ | | १० | गोरखा | ५०९ | ३५०५०.६४ | ७११८३ |
| **जम्मा** | | | | **३,९६१** | **२,८७,२५४.२७** | **४,४७,४३४** |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| ४९ | लुम्बिनी प्रदेश | १ | नवलपरासी (ब.सु.प.) | ६१ | १०६१३.४४ | ४७२३० |
| ५० | | २ | रुपन्देही | १११ | १७४५८.२५ | ६६००९ |
| ५१ | | ३ | कपिलवस्तु | ७३ | १२८४४.९४ | ३१९३७ |
| ५२ | | ४ | गौतमबुद्ध | ५६ | १०८८०.१७ | १३२८९ |
| ५३ | | ५ | पाल्पा | ७०८ | ४१४८२.५४ | ६१८९५ |
| ५४ | | ६ | गुल्मी | ४५८ | १८४६४.५१ | ६१९०१ |
| ५५ | | ७ | अर्घाखाँची | ४४५ | ३५४२४.३९ | ४८६७६ |
| ५६ | | ८ | पूर्वी रुकुम | १५७ | १८३३०.९१ | १६७७१ |
| ५७ | | ९ | रोल्पा | ५८८ | ५७०१२.६८ | ५४५९९ |
| ५८ | | १० | प्युठान | ४५२ | ५५८२७.२२ | ५९१२९ |
| ५९ | | ११ | देउखुरी | १५१ | ५७४६४.६५ | ४३०६२ |
| ६० | | १२ | दाङ | ३९१ | ६०३५१.५० | ७६७२६ |
| ६१ | | १३ | बाँके | ११८ | २५८७४.८४ | ३७४८६ |
| ६२ | | १४ | बर्दिया | २५८ | २०८८९.२४ | ५९४९० |
| **जम्मा** | | | | **४,०२७** | **४,४२,९१९.२८** | **६,७८,२००** |
| ६३ | कर्णाली प्रदेश | १ | सुर्खेत | २६५ | ५०९४६.१५ | ४७३२७ |
| ६४ | | २ | भेरी, सुर्खेत | १७३ | ३५११५.०० | २१३८६ |
| ६५ | | ३ | कालिकोट | २२९ | २५३८७.९३ | २८९१९ |
| ६६ | | ४ | जुम्ला | २०४ | ३१२७८.५३ | २३०९८ |
| ६७ | | ५ | मुगु | १०१ | ७४२१.८० | ११५१२ |
| ६८ | | ६ | हुम्ला | १०२ | २७५०१.८७ | १०१७७ |
| ६९ | | ७ | डोल्पा | ५४ | ११६८९.१८ | ६००२ |
| ७० | | ८ | दैलेख | ४०१ | ४३२९६.६३ | ४९५२७ |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| ७१ | | ९ | जाजरकोट | ३१८ | ६३६४६.६९ | ३२९५३ |
| ७२ | | १० | सल्यान | ६२८ | ७१३४४.८९ | ६२३९४ |
| ७३ | | ११ | रुकुम पश्चिम | ३८० | २२७८०.५४ | ३५४१९ |
| **जम्मा** | | | | **२,८५५** | **३,९०,४०९.२१** | **३,२८,७१४** |
| ७४ | सुदूरपश्चिम प्रदेश | १ | धनगढी, कैलाली | ३४२ | ४९९९६.०३ | ७४९७४ |
| ७५ | | २ | पहलमानपुर, कैलाली | ३२० | ५०४३५.९८ | ८९७४८ |
| ७६ | | ३ | अछाम | ४२५ | ४६५३५.४९ | ६५७५१ |
| ७७ | | ४ | डोटी | ४०३ | ९३४०७.७५ | ३९६१९ |
| ७८ | | ५ | बझाङ | ४४४ | ४५६१०.७१ | ४३९२२ |
| ७९ | | ६ | बाजुरा | ३२५ | ४७५३८.३९ | ४३१३७ |
| ८० | | ७ | कञ्चनपुर | १२९ | १८३५३.७९ | ४६७३० |
| ८१ | | ८ | डडेलधुरा | ५१४ | ७७२२१.६३ | ३९३८८ |
| ८२ | | ९ | बैतडी | ३७१ | ३५२५५.४७ | ३९०६८ |
| ८३ | | १० | दार्चुला | १८४ | ८३९९.४० | ११८६१ |
| **जम्मा** | | | | **३,४५७** | **४,७२,७५४.६४** | **४,९४,१९८** |
| **कुल जम्मा** | | | | **२३,०८८** | **२५,९३,०७२.५०** | **३२,२४,०३७** |

स्रोत : विभिन्न डिभिजन वन कार्यालयबाट प्राप्त तथ्याङ्क

## विभिन्न डिभिजन वन कार्यलयहरूमा रहेको कबुलियती वनहरूको सङ्ख्या, क्षेत्रफल र घरधुरी

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | भोजपुर | १९४ | ७५६.७२ | १५६२ |
| २ | | २ | पाँचथर | २२८ | १६२.४२ | १५४१ |
| ३ | | ३ | तेह्रथुम | १२३ | ३४०.७३ | १३०५ |
| ४ | | ४ | सोलुखुम्बु | ६ | ८.२९ | ७७ |
| ५ | | ५ | ओखलढुंगा | १९४ | १२७९.५४ | १९०३ |
| ६ | | ६ | खोटाङ | २३७ | ८९९.३५ | २३२७ |
| **जम्मा** | | | | **९८२** | **३४४७.०५** | **८७१५** |
| ७ | मधेश प्रदेश | १ | महोत्तरी | ५ | १९.१४ | ८७ |
| ८ | | २ | सर्लाही | १९ | ६४.६४ | २१३ |
| ९ | | ३ | धनुषा | २५ | १५५.४४ | ३१३ |
| **जम्मा** | | | | **४९** | **२३९.२२** | **६१३** |
| १० | बागमती प्रदेश | १ | मकवानपुर | १९४ | ८८१.३३ | १३१६ |
| ११ | | २ | रासी | २६२ | १२४७.०४ | १७८८ |
| १२ | | ३ | चितवन | ४३३ | १४५७.७५ | २८५५ |
| १३ | | ४ | धादिङ | ४८५ | १८९२.४९ | ४३३४ |
| १४ | | ५ | काभ्रेपलान्चोक | ४६० | २५४९.५१ | ४७९१ |
| १५ | | ६ | सिन्धुपाल्चोक | ४१३ | २०१०.०२ | ३६३२ |
| १६ | | ७ | दोलखा | १६४ | ७८७.९६ | १७१८ |
| १७ | | ८ | रामेछाप | ४५१ | ३०९.०० | ३९२० |
| १८ | | ९ | सिन्धुली, सिन्धुली | २१८ | १३७१.०४ | १९९९ |
| १९ | | १० | मरिण, सिन्धुली | २३३ | १५५७.२२ | २३०८ |
| **जम्मा** | | | | **३,३१३** | **१४,०६३.३६** | **२८,६६१** |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| २० | गण्डकी प्रदेश | १ | म्याग्दी | १ | ०.९८ | ५ |
| २१ | | २ | नवलपुर, नवलपरासी (ब.सु.पू.) | १८१ | १९५६.४१ | २०५६ |
| २२ | | ३ | लमजुङ | १७३ | ६६४.६३ | १५५६ |
| २३ | | ४ | पर्वत | ६ | १३.४९ | ५० |
| २४ | | ५ | बाग्लुङ | ४ | ७.४४ | ३४ |
| २५ | | ६ | तनहुँ | ४८५ | २०६९.७५ | २९९६ |
| २६ | | ७ | स्याङ्जा | १४ | ९७.९७ | १७२ |
| २७ | | ८ | गोरखा | २८३ | ९८३.६३ | १२०१ |
| **जम्मा** | | | | **१,१४७** | **५,७९४.३०** | **८,०७०** |
| २८ | लुम्बिनी प्रदेश | १ | कपिलवस्तु | १ | २.९८ | १० |
| २९ | | २ | पाल्पा | १३९ | १२६३.७५ | १७५४ |
| ३० | | ३ | गुल्मी | ८ | ५०.७२ | ८४ |
| ३१ | | ४ | पूर्वी रुकुम | १५ | ५०.४९ | १८१ |
| ३२ | | ५ | रोल्पा | ५५ | १८४.२५ | ६१० |
| ३३ | | ६ | प्युठान | १८४ | ८०६.७६ | १७४१ |
| **जम्मा** | | | | **४०२** | **२,३५८.९५** | **४,३८०** |
| ३४ | कर्णाली प्रदेश | १ | कालिकोट | ४३ | ४८०.०२ | ६७५ |
| ३५ | | २ | जुम्ला | १२७ | १९१७.३१ | १९१२ |
| ३६ | | ३ | मुगु | २९ | ४१६.२८ | ५०४ |
| ३७ | | ४ | हुम्ला | १२४ | २४२२.०५ | १८८४ |
| ३८ | | ५ | डोल्पा | ६७ | ३०१.७३ | ८९० |
| ३९ | | ६ | दैलेख | ६५ | ३९१.०४ | ७२२ |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|---|---|
| ४० | | ७ | जाजरकोट | ६७ | ५६९.८६ | ९८१ |
| ४१ | | ८ | सल्यान | २०२ | ६८३.६२ | १५८६ |
| ४२ | | ९ | रुकुम पश्चिम | ६६ | ३२४.२२ | ५८५ |
| **जम्मा** | | | | **७९०** | **७,५०६.१३** | **९,७३९** |
| ४३ | सुदूरपश्चिम प्रदेश | १ | अछाम | १६६ | ६८७.२८ | १७९७ |
| ४४ | | २ | डोटी | २१९ | ८८१.८३ | २०८५ |
| ४५ | | ३ | बझाङ | १२३ | २१७०.६२ | २३५६ |
| ४६ | | ४ | बाजुरा | १६९ | १२५०.५० | २८६५ |
| ४७ | | ५ | डडेलधुरा | १७७ | ५९८.२८ | १९७३ |
| ४८ | | ६ | बैतडी | १७४ | ४७९.६३ | १८९० |
| **जम्मा** | | | | **१,०२८** | **६,०६८.१४** | **१२,९६६** |
| **कुल जम्मा** | | | | **७,७११** | **३९,४७७.१५** | **७३,१४४** |

स्रोत : विभिन्न डिभिजन वन कार्यालयबाट प्राप्त तथ्याङ्क

## विभिन्न डिभिजन वन कार्यलयहरूमा रहेको धार्मिक वनहरूको सङ्ख्या र क्षेत्रफल

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | संखुवासभा | २ | ११.३० |
| २ | | २ | इलाम | १ | २०४.२८ |
| ३ | | ३ | भोजपुर | ४ | १०.७७ |
| ४ | | ४ | पाँचथर | २ | १७.३७ |
| ५ | | ५ | मोरङ | १२ | ४६.९३ |
| ६ | | ६ | सुनसरी | १२ | ५९.५२ |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| ७ | | ७ | धनकुटा | ३ | ३०.४१ |
| ८ | | ८ | सोलुखुम्बु | ३ | ८५.३८ |
| ९ | | ९ | ओखलढुंगा | १ | ११.४८ |
| १० | | १० | खोटाङ | १ | ०.८० |
| ११ | | ११ | त्रिवेणी, उदयपुर | ३ | ११.८० |
| १२ | | १२ | गाइघाट, उदयपुर | १ | २.०० |
| **जम्मा** | | | | **४५** | **४९२.०४** |
| १३ | मधेश प्रदेश | १ | पर्सा | ३ | २५.५० |
| १४ | | २ | रौतहट | ४ | ५१.७२ |
| १५ | | ३ | महोत्तरी | १ | २१.५० |
| १६ | | ४ | सर्लाही | २ | ६.०६ |
| १७ | | ५ | सिरहा | १ | ७.९२ |
| **जम्मा** | | | | **११** | **११२.७०** |
| १८ | बागमती प्रदेश | १ | मकवानपुर | ३ | १२.२४ |
| १९ | | २ | रासी | ४ | १२.६४ |
| २० | | ३ | चितवन | ७ | २९.८५ |
| २१ | | ४ | धादिङ | १३ | ५७.३३ |
| २२ | | ५ | नुवाकोट | ३ | ५.३६ |
| २३ | | ६ | काठमाण्डो | १० | १८९.४८ |
| २४ | | ७ | भक्तपुर | ३ | ८.९१ |
| २५ | | ८ | ललितपुर | ५ | २४.९१ |
| २६ | | ९ | काभ्रेपलान्चोक | १ | १.६७ |
| २७ | | १० | सिन्धुपाल्चोक | ३ | ५.२५ |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| २८ | | ११ | दोलखा | २ | ६.२१ |
| २९ | | १२ | रामेछाप | ४ | २४.६० |
| ३० | | १३ | मरिण, सिन्धुली | १ | १.६० |
| **जम्मा** | | | | **५९** | **३८०.०५** |
| ३१ | गण्डकी प्रदेश | १ | म्याग्दी | २ | ११.९५ |
| ३२ | | २ | नवलपुर, नवलपरासी (ब.सु.पू.) | ९ | २३४.०४ |
| ३३ | | ३ | लमजुङ | २ | ६.०८ |
| ३४ | | ४ | पर्वत | १ | १८.७७ |
| ३५ | | ५ | बाग्लुङ | ३ | ११.२२ |
| ३६ | | ६ | कास्की | ६ | १२.२७ |
| ३७ | | ७ | तनहुँ | ११ | ३०.६२ |
| ३८ | | ८ | स्याङ्जा | २ | १२.११ |
| ३९ | | ९ | गोरखा | ६ | ६१.३६ |
| **जम्मा** | | | | **४२** | **३९८.४२** |
| ४० | लुम्बिनी प्रदेश | १ | नवलपरासी (ब.सु.प.) | १ | ९.०० |
| ४१ | | २ | रुपन्देही | ४ | २७.९२ |
| ४२ | | ३ | कपिलवस्तु | ५ | २४५.८८ |
| ४३ | | ४ | गौतमबुद्ध | १ | १०.६३ |
| ४४ | | ५ | पाल्पा | ३ | १९९.६९ |
| ४५ | | ६ | गुल्मी | २ | १६६.८८ |
| ४६ | | ७ | रोल्पा | १ | ०.७५ |
| ४७ | | ८ | दाङ, दाङ | ५ | ११५.५२ |
| ४८ | | ९ | देउखुरी, दाङ | १ | ३८.५० |

| सि.नं. | प्रदेश | सि.नं. | डि.व.का. | सङ्ख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| ४९ | | १० | बाँके | ४ | ९७.७१ |
| ५० | | ११ | बर्दिया | ४ | २१.६३ |
| **जम्मा** | | | | **३१** | **९३४.११** |
| ५१ | कर्णाली प्रदेश | १ | सुर्खेत | ४ | ५१.३५ |
| ५२ | | २ | भेरी, सुर्खेत | ३ | २२.७५ |
| ५३ | | ३ | हुम्ला | १ | ६.०० |
| ५४ | | ४ | डोल्पा | ३ | १७.६९ |
| ५५ | | ५ | जाजरकोट | १ | ९.४६ |
| ५६ | | ६ | दैलेख | २ | ३.४४ |
| ५७ | | ७ | सल्यान | १ | ४.४० |
| ५८ | | ८ | रुकुम पश्चिम | १ | ९.९५ |
| **जम्मा** | | | | **१६** | **१२५.०४** |
| ५९ | सुदूरपश्चिम प्रदेश | १ | धनगढी, कैलाली | ११ | १२७.२३ |
| ६० | | २ | पहलमानपुर, कैलाली | १ | २५.०० |
| ६१ | | ३ | अछाम | ३ | ८.९४ |
| ६२ | | ४ | डोटी | १ | ३.०० |
| ६३ | | ५ | बझाङ | ३ | २६६४.२० |
| ६४ | | ६ | बाजुरा | ४ | ३२.४२ |
| ६५ | | ७ | कञ्चनपुर | १३ | १३८.५७ |
| ६६ | | ८ | डडेलधुरा | ८ | ७८.५६ |
| ६७ | | ९ | दार्चुला | २ | १२.६२ |
| **जम्मा** | | | | **४६** | **३,०९०.५४** |
| **कुल जम्मा** | | | | **२५०** | **५,५३२.९०** |

स्रोत : विभिन्न डिभिजन वन कार्यालयबाट प्राप्त तथ्याङ्क

## विभिन्न डिभिजन वन कार्यलयहरूमा रहेको साझेदारी वनहरूको सङ्ख्या र क्षेत्रफल

| सि.नं. | साझेदारी वनको नाम | डिभिजन वन कार्यालय | जिल्ला | पहिलो कार्ययोजना स्वीकृत मिति | वनको क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|
| | | | **कोशी प्रदेश** | | | |
| १ | लाटीझोडा | मोरङ | मोरङ | ०१/२५/२०७१ | १६८४.७४ | १४२०६ |
| २ | पथरी शनिश्चरे | मोरङ | मोरङ | ०६/११/२०७३ | २३१५.९६ | ५१३३३ |
| ३ | लोहान्द्रा केराबारी | मोरङ | मोरङ | ०९/२१/२०७३ | १६१५.४२ | ३२८३६ |
| ४ | बेलवारी चिसाङ्ग | मोरङ | मोरङ | ०७/२२/२०७४ | १६४६.६४ | ३५९९७ |
| | **जम्मा** | | | | **७,२६२.७६** | **१,३४,३७२** |
| | | | **मधेश प्रदेश** | | | |
| ५ | सहजनाथ | बारा | बारा | ०१/०६/२०६६ | ४३५६.२७ | १९४४८ |
| ६ | हलखोरिया | बारा | बारा | ०१/०६/२०६६ | १९३८.४६ | २७१०८ |
| ७ | तामागढी | बारा | बारा | ०३/१८/२०६९ | २५७९.८८ | १८०३२ |
| ८ | गढीमाई | बारा | बारा | ०२/०२/२०७३ | ९९८.३२ | १६२५७ |
| ९ | गादिमाई | पर्सा | पर्सा | ०१/२७/२०६७ | ४१०९.२२ | २९०० |
| १० | सबैया | पर्सा | पर्सा | ०१/२७/२०६७ | ३१८८.६० | ३९७७४ |
| ११ | विन्दवासिनी कोईलाभार | पर्सा | पर्सा | ०९/११/२०६८ | ४२५८.९५ | २१७०६ |
| १२ | रंगपुर | रौतहट | रौतहट | ०९/११/२०६८ | ३४६२.९१ | ३३२९८ |
| १३ | जंगलसहिया | रौतहट | रौतहट | ०४/०५/२०६७ | ४०९६.७९ | ३४९५६ |
| १४ | रामलाल वृन्दावन | रौतहट | रौतहट | ०९/११/२०६८ | ४३६८.२७ | २६८१० |
| १५ | बाँकेमरहा | महोत्तरी | महोत्तरी | २०६८ | २२६३.४६ | ४८४९७ |
| १६ | टुटेश्वरनाथ | महोत्तरी | महोत्तरी | २०६८ | ९९८.०९८ | ३०५४४ |
| १७ | गढन्ता-बर्दिवास | महोत्तरी | महोत्तरी | २०६८ | ११७७.२२ | ३२१५६ |
| १८ | फुलजोरबाबा | सर्लाही | सर्लाही | ०१/०२/२०६७ | २५८९.५७ | २७९५३ |
| १९ | लालवन्दी | सर्लाही | सर्लाही | ०८/०१/२०६९ | १६५०.५० | ४०७७० |

| सि.नं. | साझेदारी वनको नाम | डिभिजन वन कार्यालय | जिल्ला | पहिलो कार्ययोजना स्वीकृत मिति | वनको क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|
| २० | जानकीनगर | सर्लाही | सर्लाही | ०८/२८/२०७४ | १२९४.२७ | ४९७४३ |
| २१ | जलाइध | धनुषा | धनुषा | ०३/१३/२०७३ | २१९०.७३ | २७१२३ |
| **जम्मा** | | | | | **४५,५२१.५१** | **४,९७,०७५** |
| २२ | मध्यबिन्दु | नवलपुर | नवलपरासी (ब.सु.पु.) | ०२/१४/२०७२ | ६७२.८६ | ३४८९ |
| **जम्मा** | | | | | **६७२.८६** | **३,४८९** |
| **लुम्बिनी प्रदेश** | | | | | | |
| २३ | बुद्धशान्ति | नवलपरासी | नवलपरासी (ब.सु.प.) | ०२/२९/२०६८ | १२०४.२० | ११४२२ |
| २४ | तिलौराकोट | कपिलवस्तु | कपिलवस्तु | १०/०९/२०६९ | ६६१२.६२ | २२००० |
| २५ | मायादेवी | कपिलवस्तु | कपिलवस्तु | १२/१०/२०७० | २७१९.२६ | २९००० |
| २६ | गौतमबुद्ध | गौतमबुद्ध | कपिलवस्तु | ०६/०४/२०६८ | ३७४३.३२ | ८९१९ |
| २७ | कपिलवस्तु | गौतमबुद्ध | कपिलवस्तु | १०/१५/२०६९ | ५०८७.४३ | २५९४० |
| २८ | शिवराज | गौतमबुद्ध | कपिलवस्तु | ०४/०५/२०७३ | १५०९.५० | ८६५२ |
| २९ | लुम्बिनी | रुपन्देही | रुपन्देही | ०४/०५/२०६७ | १३२१ | २५९३४ |
| ३० | देवदह | रुपन्देही | रुपन्देही | १०/२८/२०७३ | ७६४.२४ | २४५२२ |
| **जम्मा** | | | | | **२२,९६१.५७** | **१,५६,३८९** |
| **सुदूरपश्चिम प्रदेश** | | | | | | |
| ३१ | बाहवन | धनगढी | कैलाली | १२/२९/२०६८ | १६९१.७९ | ३१२७२ |
| ३२ | भारताल | धनगढी | कैलाली | ०६/२३/२०७५ | २६५२.८० | १३१७३ |
| ३३ | गौरीगंगा | धनगढी | कैलाली | २०७७ | ३०२०.३६ | ६१०० |
| **जम्मा** | | | | | **७,३६४.९५** | **५०,५४५** |
| **कुल जम्मा** | | | | | **८३,७८३.६५** | **८,४१,८७०** |

स्रोत : वन तथा भू-संरक्षण विभाग

## विभिन्न डिभिजन वन कार्यलयहरूमा रहेको वन संरक्षण क्षेत्रको सङ्ख्या र क्षेत्रफल

| सि.नं. | वन संरक्षण क्षेत्रको नाम | जिल्ला | घोषणा तथा लागू मिति | वनको क्षेत्रफल (हे.) | व्यवस्थापनको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | धनुषाधाम | धनुषा | १०/०४/२०६१ | ३४० | ऐतिहासिक, धार्मिक एवं वातावरणीय क्षेत्रको एकीकृत विकासद्वारा धार्मिक एवं पर्यापर्यटन क्षेत्रको प्रवर्धन गर्ने |
| २ | काँक्रिविहार | सुर्खेत | ०१/३०/२०५१ | १७५ | जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने |
| ३ | मदाने | गुल्मी | ११/१६/२०६७ | १३७६१ | प्राकृतिक सौन्दर्य एवं पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने |
| ४ | पञ्चासे | कास्की, पर्वत र स्याङ्जा | ११/१५/२०६८ | ५७७६ | जैविक विविधता, जल स्रोत र पर्यापर्यटनको दिगो व्यवस्थापन एवं वातावरणीय सन्तुलन कायम गर्ने |
| ५ | वरण्डाभार | चितवन | ११/१५/२०६८ | १०४६६ | वनको अवस्था र वन्यजन्तुहरूको वासस्थान सुधार ल्याउनुको साथै जैविक मार्गहरूको पुनस्थापना र पर्यापर्यटनको विकास गर्ने |
| ६ | खाता | बर्दिया | ११/१५/२०६८ | ५७४२ | वन व्यवस्थापनद्वारा ठुला वन्यजन्तुहरूको वासस्थान र जैविकमार्गहरूको पुनस्थापना गर्ने |

| सि.नं. | वन संरक्षण क्षेत्रको नाम | जिल्ला | घोषणा तथा लागू मिति | वनको क्षेत्रफल (हे.) | व्यवस्थापनको उद्देश्य |
|---|---|---|---|---|---|
| ७ | लालझाडी-मोहना | कंचनपुर र कैलाली | ११/१५/२०६८ | २९६४२ | वन व्यवस्थापनद्वारा ठूला वन्यजन्तुहरूको वासस्थान र जैविकमार्गहरूको पुनर्स्थापना गर्ने |
| ८ | वसन्ता | कैलाली | ११/१५/२०६८ | ६९००१ | वन व्यवस्थापनद्वारा ठूला वन्यजन्तुहरूको वासस्थान र जैविकमार्गहरूको पुनर्स्थापना गर्ने |
| ९ | रेसुङ्गा | गुल्मी | ११/२८/२०७४ | १९२८१.३७ | प्राकृतिक स्रोत, जैविक विविधता, जलाधारीय र पुरातात्विक महत्वको सम्पदाको संरक्षण गर्ने |
| १० | थाप्ले सत्यवती सालिमेदह | गुल्मी | ११/२९/२०७४ | ३७८४३.०६ | जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने |
| ११ | गोदावरी फुल्चोकी | ललितपुर र काभ्रेपलाञ्चोक | ०३/०२/२०७९ | २१२८.८८ | जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भूगर्भिक अवस्था, पारिस्थितिकीय प्रणाली, एवं सङ्कटापन्न जीवजन्तु/वनस्पति र ऐतिहासिक धार्मिक सांस्कृतिक महत्वका सम्पदासमेतको संरक्षण |
| **जम्मा** | | | | **१,९४,१५६** | |

स्रोत : वन तथा भू-संरक्षण विभाग

## विभिन्न संरक्षित क्षेत्रमा रहेको सामुदायिक वन, कबुलियती वन र धार्मिक वनहरूको विवरण

| क्र. सं. | संरक्षित क्षेत्रको नाम | सामुदायिक वन | | | कबुलियती वन | | | धार्मिक वन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी |
| १ | चितवन राष्ट्रिय निकुञ्ज | ७६ | १५५६२.३३ | ५००६२ | ३ | १९.६८ | २१ | ० | ० | ० |
| २ | लामटाङ्ग राष्ट्रिय निकुञ्ज | ११७ | १८४३६.४९ | १२९१७ | ० | ० | ० | २ | १३.१३ | २३९ |
| ३ | सगरमाथा राष्ट्रिय निकुञ्ज | ९ | ४२८९.०७ | ९७४ | ० | ० | ० | ० | ०.०० | ० |
| ४ | रारा राष्ट्रिय निकुञ्ज | ४५ | ६०६६.९१ | ४४६० | ० | ० | ० | ० | ०.०० | ० |
| ५ | बर्दिया राष्ट्रिय निकुञ्ज | १४६ | २०१४१ | २६३६१ | ० | ० | ० | १ | १७.४३ | ० |
| ६ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २४ | १२०७५.५२ | २५३२ | ० | ० | ० | २ | १०.९४ | ३१२ |
| ७ | खप्तड राष्ट्रिय निकुञ्ज | ७६ | ६५७८ | ८५३० | ० | ० | ० | ० | ०.०० | ० |
| ८ | मकालु वरुण राष्ट्रिय निकुञ्ज | ९५ | २५७१६.५ | ७९५७ | ० | ० | ० | ० | ०.०० | ० |
| ९ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | ६५ | ११३७ | ४९२५ | ० | ० | | १ | १.८५ | |
| १० | बाँके राष्ट्रिय निकुञ्ज | ७१ | ९९९३ | १०८६० | ० | ० | ० | १ | १.०० | |
| ११ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ४३ | ४१२०.६ | ११२६० | ० | ० | ० | ० | ०.०० | ० |
| १२ | पर्सा राष्ट्रिय निकुञ्ज | ४९ | ९७६३.३ | १६४३८ | ६१ | २२०.६ | ३१५ | २ | ६१.६२ | ४७९ |
| १३ | कोशीटप्पु वन्यजन्तु आरक्ष | १६ | १५७.६३ | २२५५ | ० | ० | ० | ० | ०.०० | ० |

| क्र. सं. | संरक्षित क्षेत्रको नाम | सामुदायिक वन | | | कबुलियती वन | | | धार्मिक वन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी | कुल सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी |
| १४ | ढोरपाटन शिकार आरक्ष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | अन्नपूर्ण संरक्षण क्षेत्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | कञ्चनजङ्घा संरक्षण क्षेत्र | २५ | ६९४२६.०० | १४८६ | ० | ० | ० | ० | ० | ० |
| १७ | मनास्लु संरक्षण क्षेत्र | ० | ०.०० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | कृष्णसार संरक्षण क्षेत्र | १ | १०७.१० | १६१ | ० | ० | ० | ० | ० | ० |
| १९ | गौरीशंकर संरक्षण क्षेत्र | २१ | ५७.१० | २२९ | ० | ० | ० | ० | ० | ० |
| २० | अपिनाम्पा संरक्षण क्षेत्र | १४६ | १५२८०.०० | ११९१९ | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **१०२५** | **२,१८,९०७.५५** | **१,७३,३२६** | **६४** | **२४०.२८** | **३३६** | **९** | **१०५.९७** | **१,०३०** |

स्रोत : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौको बार्षिक प्रगति पुस्तिका आ.ब.२०८१/२०८२

भाग-१

# सामुदायिक वन अध्ययन केन्द्र उद्गमस्थल ठोकर्पामा

**मोहनचन्द्र विश्वकर्मा**

केन्द्र प्रमुख

सामुदायिक वन अध्ययन केन्द्र

mohanchandrabk@gmail.com

सिन्धुपाल्चोक जिल्ला सुनकोशी गाउँपालिका वडा नं.१, ठोकर्पा हाल श्री रतुवापाटी बाँझथलो सामुदायिक वन उपभोक्ता समूह रहेको वनलाई नेपालमा समुदायमा आधारित वन व्यवस्थापनको उद्गमस्थल मानिन्छ। यही उद्गमस्थलमा सामुदायिक वन अध्ययन केन्द्रको कार्यालय २०८२ फाल्गुन ११ गतेदेखि स्थानान्तरण भई कार्य सञ्चालनमा आएको छ। वि.सं. २०७५ सालमा संगठन संरचना स्वीकृत भएको यस अध्ययन केन्द्र यसभन्दा अगाडि वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाण्डौकै भवनमा कार्यालय स्थापना भई सञ्चालनमा रहेको थियो। कार्यालय स्थापना भएको करिव ८ वर्षपछि यस केन्द्रको कार्यालय सामुदायिक वनको उद्गमस्थल ठोकर्पाबाट संञ्चालन हुन पुगेको छ।

हालको श्री रतुवापाटी बाँझथलो सामुदायिक वन तत्कालीन अवस्थामा नांगो पाखाको रूपमा रहेको थियो। वि.सं. २०३० सालमा ठोकर्पाका स्थानीय श्री निल प्रसाद भण्डारीको नेतृत्वमा यहाँका बुद्धिजीवीको सक्रियतामा १०३ सदस्यीय वन संरक्षण, सम्वर्द्धन र विकास समिति गठन गरिएको थियो। यही समितिको क्रियाशीलता र सिन्धुपाल्चोक जिल्लाका तत्कालीन डिभिजन वन अधिकृत श्री तेज बहादुर सिंह महतको साथ र सहयोगमा यही स्थानमा २०३० सालमा वृक्षारोपण गरिएको थियो। तत्कालीन अवस्थामा वृक्षारोपणको लागि आवश्यक बिरुवा सिन्धुपाल्चोकको चौतारा स्थित पात्लेपानी नर्सरीबाट र पानी स्थानीयले बोकेर ल्याएका थिए। त्यसपश्चात् स्थानीयले यस स्थानमा लगाइएका बिरुवाहरूको स्याहार संभार गरी हुर्काई हरियालीमा परिणत गरे। वन संरक्षणको सिलसिला निरन्तर अगाडि बढ्दै गयो। पछि पञ्चायती वन र पञ्चायत संरक्षित वन हुँदै वन ऐन, २०४९ र वन नियमावली, २०५१ जारी भए पश्चात् सामुदायिक वनको रूपमा परिणत भयो र हाल सामुदायिक वनको रूपमा व्यवस्थापन भैरहेको छ।

यसरी स्थानीय समुदायको प्रत्यक्ष सक्रियता र सहभागितामा वन संरक्षण गरिएको वि.सं. २०३० सालको यही कार्यलाई समुदायमा आधारित वन व्यवस्थापनको सुरुवात भएको मानिन्छ। वि.सं. २०७३ सालमा नेपाल सरकारले यही ठोकर्पालाई सामुदायिक वनको उद्‌गमस्थलको रूपमा र श्री निल प्रसाद भण्डारी र श्री तेज बहादुर सिंह महतलाई सामुदायिक वनको अभियन्ताको रूपमा सम्मान गरेको थियो। ठोकर्पा बिगतदेखि नै सामुदायिक वनको अध्ययन अनुसन्धानको लागि महत्वपूर्ण स्थानको रूपमा रह्यो। तत्कालीन अवस्थामा वन विज्ञान अध्ययन संस्थानका बिद्यार्थीहरूको फिल्ड अवलोकन साइटको रूपमा रह्यो। विद्यालय नर्सरीको अवधारणा यहींबाट सुरुवात भएको हो। वन संरक्षण र व्यवस्थापनका यस्ता अनेकन आयामहरू यहाँबाट सुरुवात भएको मानिन्छ। यिनै महत्वहरूलाई मध्यनजर गर्दै वि.सं. २०७३ सालमा सामुदायिक वन अध्ययन केन्द्रको कार्यालय ठोकर्पामै बनाउने निर्णय भए बमोजिम यसको विस्तृत आयोजना प्रतिवेदन तयार गरियो र सोही बमोजिम कार्यालयको लागि आवश्यक भवनहरूको निर्माण कार्य अगाडि बढाइयो। वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८१ पौष २९ गतेको निर्णयले यस अध्ययन केन्द्रको कार्यालय बबरमहल, काठमाण्डौंबाट सिन्धुपाल्चोकको ठोकर्पामा स्थानान्तरण गर्ने निर्णय गर्यो। सोही बमोजिम २०८२ साल फल्गुन ११ गतेदेखि अध्ययन केन्द्र, सिन्धुपाल्चोकको ठोकर्पाबाट संञ्चालनमा हुँदै आएको छ।

यस अध्ययन केन्द्रको कार्यालय सुनकोशी गाउँपालिका वडा नं. १, ठोकर्पा, सिन्धुपाल्चोकमा अवस्थित छ। अरनिको राजमार्ग अन्तर्गत पर्ने सुकुटे बजारबाट दक्षिणतर्फको पहाडमा करिव ९ किलोमिटरको दूरीमा अवस्थित छ। काठमाण्डौबाट करिब दुई घण्टाको गाडीको यात्रापश्चात् सुकुटे बजार पुग्न सकिन्छ भने सुकुटेबाट करिव २० मिनेटको गाडीको यात्रामा अध्ययन केन्द्र पुगिन्छ। सुकुटेबाट ठोकर्पा बजारसम्म पक्की सडक रहेको छ । कार्यालय परिसर करिब ४२ रोपनीमा फैलिएको छ। यस सामुदायिक वन अध्ययन केन्द्रको विस्तृत आयोजना प्रतिवेदन अनुसार ११ वटा भवन निर्माण हुनुपर्ने देखिन्छ। हाल एक वटा दुईतले कार्यालय भवन, एक वटा अढाईतले कर्मचारी निवास र अर्को एउटा एकतले कर्मचारी निवास निर्माण भैसकेका छन्। अत्याधुनिक सुबिधासम्पन्न करिब २०० क्षमताको कन्फरेन्स हल, तालिम हल, पुस्तकालय, प्रयोगशाला, दुई वटा छात्राबास लगायतका संरचनाहरू निर्माण हुन बाँकी नै रहेका छन्।

यस अध्ययन केन्द्रको प्रमुख उद्देश्य सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको विविध पक्षहरूमा अध्ययन अनुसन्धान गरी उपयुक्त व्यवस्थापन पद्धति अपनाउन सिफारिस गर्ने रहेको छ भने अनुसन्धानबाट आएका नतिजाहरूलाई वन समूहहरूसँग पुर्याउन

तालिमहरूको आयोजना गर्ने, गहन विषयमा सरोकारवाला सबै पक्षहरूसँग छलफल गर्न सभा सम्मेलन आयोजना गर्ने, सामुदायिक वन सम्बन्धी सुबिधा सम्पन्न पुस्तकालय व्यवस्थापन गरी स्वदेश तथा विदेशका अनुसन्धानकर्तालाई सहजीकरण गर्ने, प्रयोगशालाको सुबिधा उपलब्ध गराउने, समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको राष्ट्रिय तथ्याँक व्यवस्थापन गर्ने, अध्ययन अनुसन्धानका लागि यस्ता तथ्याँकहरू उपलब्ध गराउने लगायतका कार्य गर्ने यो केन्द्रको कार्य विवरण रहेको छ।

**सन्दर्भ सामग्री**


समुदायिक वन अध्ययन केन्द्रको गुरुयोजना, २०७५. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय, सिन्धुपाल्चोक, चौतारा ।

सामुदायिक वन अध्ययक केन्द्रको कार्यविवरण, २०७५. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग ।

सामुदायिक वन अध्ययन केन्द्रमा रहेका दस्तावेजहरू ।

# ठोकर्पा र सामुदायिक वन अध्ययन केन्द्रः एक चिन्तन

**शिवप्रसाद न्यौपाने**

सामुदायिक वन अभियन्ता,
पूर्व-प्रधानाध्यपक, बाघभैरव मा.बि., ठोकर्पा

काठमाडौंको बबरमहलस्थित वन परिसरमा सञ्चालनमा रहेको सामुदायिक वन अध्ययन केन्द्रको कार्यालय केन्द्र स्थापनाको झण्डै एक दशक पछि २०८२ साल फाल्गुन ११ गते सिन्धुपाल्चोक जिल्लाको ठोकर्पामा स्थानन्तरण भएको छ। नेपाल सरकार (मन्त्रीस्तर)को २०७३ साल फागुन १८ गतेको निर्णयले सामुदायिक वनको उद्‌गमस्थल ठोकर्पालाई घोषणा गरेको थियो। सोही आधारमा संघीयता कार्यान्वयन गर्ने सिलसिलामा संगठनात्मक सुधारको क्रममा सामुदायिक वन अध्ययन केन्द्रको स्थापना वि.सं. २०७५ सालमा भएको थियो। नेपालको संविधान, २०७२ मा व्यवस्था भएको तीन तहको सरकारमध्ये संघीय (केन्द्रीय) सरकार अन्तर्गतको एउटा कार्यालय देशको राजधानी शहरबाट बाहिर, त्यसमा पनि गाउँमा स्थापना हुनु हामी ठोकर्पाबासीको मात्र नभएर सिन्धुपाल्चोक जिल्लाकै लागि गर्वको विषय बनेको छ ।

## ठोकर्पा नामै काफी

ठोकर्पा सिन्धुपाल्चोक जिल्ला सुनकोशी गाउँपालिका वडा नं. १ र २ मात्र नभएर हालको कालिका, सुनकोशी गाउँपालिका वडा नं. ३ समेत हो। ठोकर्पामा समुदायस्तरबाट स्वतःस्फूर्त रूपमा वन संरक्षण वि. सं.२०३० सालबाट नै सुरु भएका हो। तत्कालीन ठोकर्पा गाउँ पञ्चायतलाई दुई वटा गाउँ पञ्चायत भएको (कालिका र ठोकर्पा) वि.सं.२०३८ सालमा ठोकर्पा गाउँ वरपरका नाङ्गा डाँडापाखा हरियालीमा परिणत भैसकेका थिए। त्यसैले सामुदायिक वनको उद्‌गमस्थल वि. सं.२०३८ साल अघिको ठोकर्पा, हालको सुनकोशी गाउँपालिका वडा नम्बर १, २ र ३ हो भन्ने बुझ्नुपर्दछ। ठोकर्पा गाउँ पञ्चायतले वि. सं.२०३० साल कार्तिक १२ गते गठन गरेको वन संरक्षण, सम्वर्द्धन र विकास समितिमा हालको वडा नम्बर ३ का पनि सदस्यहरू हुनुहुन्थ्यो। हालको सुनकोशी गाउँपालिक वडा नम्बर ३ कालिका वि. सं.२०३८ साल अघि ठोकर्पाको दुई वटा वडा र एउटा वडाको केही भाग पर्दथे । उक्त वन संरक्षण,

सम्वर्द्धन र विकास समिति गठन हुँदा सबै वडाबाट समानुपातिक आधारमा सदस्यहरू राखिएको थियो ।

## सामुदायिक वनको उद्‌गमस्थल

वि. सं.२०१७ सालमा पञ्चायती व्यवस्था सुरु भई गाउँ पञ्चायत स्थापना भएपछि वि. सं.२०१८ सालमा भएको पहिलो निर्वाचनबाट ठोकर्पा गाउँ पञ्चायतको उप-प्रधानपञ्च र प्रधानपञ्च भई वि. सं.२०३३ सालसम्म १४ वर्षसम्म लगातार नीलप्रसाद भण्डारीले ठोकर्पा गाउँको उन्नतिको लागि सफल नेतृत्व गरेका व्यक्ति हुन्। निज भण्डारी सबै मापदण्ड र प्रक्रिया पूरा गरी ठोकर्पा गाउँ पञ्चायतबाट ठोकर्पा आदर्श पञ्चायतमा रूपान्तरण गर्न नेतृत्व गरेका व्यक्ति हुन्। आफ्ना गाउँलेका दैनिक आवश्यक पर्ने वन पैदावार जस्तैः गाईवस्तुको लागि घाँस, सोत्तर, स्याउला, खाना पकाउने दाउरा लिनको लागि धेरै टाढाको वनमा जानुपर्ने, त्यहाँ पनि ती सामग्री सजिलै पाउन नसकिने, सङ्कलन गर्न भिरपाखामा जानुपर्ने अवस्था र भिरबाट लडेर बसिन्दाहरूको अङ्गभङ्ग भएको तथा ज्यानसमेत गएको अवस्थामा आफ्नो गाउँ पञ्चायत क्षेत्रका नाङ्गा डाँडापाखामा वन हुर्काउन सके गाउँलेले त्यस्तो दुःख पाउनुपर्ने थिएन होला भन्ने सोचको विकास भएको पाइन्छ। त्यसपछि प्रधानपञ्चले आफ्नो सोचबारे गाउँलेसँग छलफल गरी कुरा बुझाउन थालेछन्। यस प्रकारका विषयमा छलफल गर्न र कुरा बुझाउन टोल छिमेकमा आएको, कुरा गरेको एक दुई पटक देखेको थियो यो पङ्तिकारले। यस्तो छलफल, कुराकानीको पटकपटकको प्रयासपछि गाउँलेहरूले आफ्नो कुरा मान्छन् र सहयोग गर्छन् भन्ने सुनिश्चित भएपछि वि. सं.२०२९ साल फागुन २८ गते तत्कालीन पञ्चायत मन्त्री जोगमेहर श्रेष्ठ प्रमुख अतिथि रहेको गाउँसभामा आफ्नो पञ्चायत क्षेत्रभित्रको सरकारी वन १० वर्षको लागि संरक्षण गर्ने स्वीकृतिको लागि वन मन्त्रालयमा अनुरोध गर्ने भन्ने प्रस्ताव राखी सर्वसम्मत रूपमा पास गराएका थिए।

यसै क्रममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक दुई जिल्ला कार्यक्षेत्र रहेको चौतारा वन डिभिजनमा प्रमुख भएर डि.एफ.ओ. तेजबहादुर सिंह महतको आगमन र उहाँसँग भण्डारीज्यूको भेटघाट र उक्त एजेण्डा बारे छलफल भएको पाइन्छ। तेजबहादुर सिंह महतले सरकारी वन स्थानीय पञ्चायतलाई संरक्षण गर्न जिम्मा दिने विषय आफ्नो जागिरलाई नै चुनौती पार्ने अवस्थामा पनि समुदायको भावनालाई सकारात्मक सहयोग गरेको अवस्था थियो। पुर्ख्यौली बसोबास ठोकर्पा रहेका माधवराज भण्डारी र मोहन प्रसाद कोइरालासमेतको प्रयत्नबाट प्रधानपञ्च भण्डारी र

डि.एफ.ओ. महतको प्रस्ताव अनुसार नै वन मन्त्रालयवाट सकारात्मक संकेत भएपछि वि. सं.२०३० साल साउन २५ गते दुई वर्षको लागि वन संरक्षणको अनुमति दिइएको पत्र डिभिजन वन कार्यालयमार्फत गाउँ पञ्चायतलाई प्राप्त भएको थियो।

सोही अनुमति पत्र अनुसार वि. सं.२०३० साल कार्तिक १२ गतेको गाउँ पञ्चायतको बैठकबाट सबै क्षेत्र, वर्ग, जातजातिको प्रतिनिधित्व हुने गरी प्रधानपञ्चकै अध्यक्षतामा १०३ सदस्यीय वन संरक्षण, सम्वर्द्धन र विकास समिति गठन गरी विधिवत वन संरक्षणको काम सुरु गरिएको थियो। ठोकर्पाको तल्लो क्षेत्र जहाँ प्राकृतिक वन थियो, त्यसको लागि पनि संरक्षणको अति आवश्यक थियो र संरक्षण गरेर विकास गर्न सकिन्थ्यो। तर माथिल्लो क्षेत्रमा विशाल नाङ्गा डाँडापाखा र चौर थिए। त्यहाँ त संरक्षण गरेर मात्र वन हुर्कने अवस्था थिएन। त्यो क्षेत्रमा त नयाँ बिरुवा नै रोप्नुपर्ने अवस्था थियो।

त्यसको लागि चौतारा वन डिभिजन कार्यालयले वि. सं.२०३० साल कार्तिकमा बिरुवाको उत्पादन गर्न ठोकर्पामा नै वन नर्सरी स्थापना गरिदियो। ठोकर्पालाई त दुई वर्षमा वन संरक्षणको प्रत्यक्ष देखिने गरी केही काम गरेर देखाई अरू थप अवधिको लागि पनि अनुमति लिनु थियो। त्यसैले ठोकर्पाको नर्सरीबाट बिरुवा उत्पादन गरेर वृक्षारोपणयोग्य बिरुवा नहुँदै वृक्षारोपण सुरु गर्ने कार्यक्रम बन्यो। ठोकर्पाबाट ६ कोसभन्दा टाढाको सिन्धुपाल्चोकको चौतारा स्थित पात्लेपानीस्थित वन नर्सरीबाट ठोकर्पावासीले डोकोमा बिरुवा बोकी पैदल हिँडेरै ५०० वटा बिरुवा ठोकर्पा ल्याइयो र दुई वर्षको लागि वन संरक्षणको अनुमति दिने वन मन्त्रालयका तत्कालीन सचिव थिरबहादुर रायमाझीबाट राजा वीरेन्द्रको राज्याभिशेषको अवसरमा वि. सं.२०३१ साल फागुन २४ गते वृक्षारोपण कार्यको प्रारम्भ भएको ठोकर्पाको स्वर्णिम इतिहास रहेको छ ।

गाउँ समुदाय वृक्षारोपण र वन संरक्षणमा जुटेमात्र तारबार विना नै वन संरक्षण गरी वनको विकास हुन सक्छ भन्ने कुरा ठोकर्पाले गरेरै देखाइदिएको हुँदा देशभरि नै समुदायलाई संलग्न गरी वन संरक्षण, विकास गर्ने अवधारणा स्थापित गरियो। वि. सं.२०४७ सालमा त पञ्चायती वन र पञ्चायत संरक्षित वनको नाम मन्त्रिपरिषद्को निर्णयबाट सामुदायिक वन नामकरण गरियो । तत्पश्चात् वन ऐन, २०४९ तथा वन नियमावली, २०५१बाट सामुदायिक वनको अवधारणालाई पूर्ण रूपमा मान्यता प्राप्त भयो। ठोकर्पाबाट सुरु भएको सामुदायिक वनको

अवधारणा र काभ्रेपलाञ्चोक जिल्लाको सानो वन पाण्डे गाउँबाट सुरु भएको अभ्यास नै नेपालमा मात्र नभएर विश्वका धेरै देशले सामुदायमा आधारित वन व्यवस्थापन प्रणाली अपनाएका छन्।

ठोकर्पा गाउँ पञ्चायतको गाउँसभाबाट प्रस्ताव गरी माग गरेको र सरकारबाट पनि अनुमति दिएको सम्भवतः यो नेपालकै पहिलो काम हो। त्यसैगरी सरकारबाट अनुमति पाएपछि गाउँ पञ्चायतको बैठकबाट १०३ सदस्यीय वन संरक्षण, सम्वर्द्धन र विकास समिति गठन गरी तत्काल काम सुरु गर्नु पनि देशकै पहिलो हो। ठोकर्पाले कागजी रूपमा मात्र यी काम देखाएको नभई छोटो अवधिमै पुरानोलाई संरक्षण र नाङ्गा डाँडापाखामा बिरुवा रोपी कुनै बारबन्देजविना नै गाउँलेहरूले स्वतःस्फूर्त रूपबाट संरक्षण गरी हुर्काएर देखाइदिएको हो ।

## विद्यालय वन नर्सरी

ठोकर्पामा संचालित वन नर्सरीलाई चौतारा वन डिभिजन कार्यालय, नेपाल अस्ट्रेलिया वन परियोजना र बाघभैरव मा.वि. को त्रिपक्षीय छलफल र सहमति अनुसार विद्यालय वन नर्सरीमा रूपान्तरण गर्ने सहमति भएको थियो । वि. सं.२०३७ साल माघ १० गते तत्कालीन वनमन्त्री नेत्रविक्रम थापाबाट एक समारोहबीच बाघ भैरव मा.वि.लाई विद्यालय वन नर्सरी हस्तान्तरण गरिएको थियो । त्रिपक्षीय सहमति अनुसार विद्यालयले शिक्षक र विद्यार्थीलाई वन नर्सरीमा बिरुवा उत्पादन कार्यमा संलग्न गराउने र वृक्षारोपणयोग्य बिरुवा गणना डिभिजन वन कार्यालयले गरेपछि नेपाल अस्ट्रेलिया वन परियोजनाले प्रति बिरुवा रु १।- का दरले हुने एकमुष्ट रकम विद्यालयको नाममा जम्मा गरिदिने कार्य भएको थियो। विद्यालय वन नर्सरी कार्यक्रम वि. सं.२०४५ सालसम्म सञ्चालनमा रहेको थियो। यो कार्यक्रमको दुई किसिमका फाइदा भए, पहिलो प्रत्यक्ष फाइदा विद्यालयलाई भयो किनकि प्रत्येक वर्ष नर्सरीबाट विद्यालयलाई राम्रै आर्थिक सहयोग भयो। भर्खरै मा.वि. सञ्चालन भएको विद्यालयको आवश्यकता धेरै थिए, तर स्रोत सीमित थियो। त्यस्तो अवस्थाको विद्यालयलाई वार्षिक ५० हजारसम्म सहयोग भएको थियो। दोस्रो परोक्ष फाइदा त्यसताकाका विद्यार्थी र समुदायलाई भयो। विद्यार्थीले प्रत्यक्ष बिरुवा उत्पादन सम्बन्धी सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त गरे र आफूले उत्पादन गरेका बिरुवा मध्ये कम्तीमा पाँचवटा बिरुवा आफ्नो निजी बारी पाखा जमिनमा रोपेर हुर्काउनुपर्ने भन्ने विद्यालयले कार्यक्रम बनाएको हुँदा बिरुवा रोपेर हुर्काउनेबारे ज्ञान पनि पाए र हुर्काएका बिरुवालाई विद्यार्थी आफैं र समुदायलाई पनि फाइदा भयो ।

## नेपाल अष्ट्रेलिया वन परियोजनाको भूमिका

ठोकर्पाको वन विकासमा नेपाल अस्ट्रेलिया वन परियोजना महत्वपूर्ण पक्षको रूपमा जोडिएको छ। आ.व. २०३५-३६ सालदेखि चौतारा वन डिभिजनमा वन विकासको लागि सहयोग गर्ने गरी अष्ट्रेलियन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित नेपाल अस्ट्रेलिया वन परियोजना सुरु भएको थियो । ठोकर्पामा जनस्तरबाट स्वतःस्फूर्त रूपबाट वन संरक्षण सुरु भएको, त्यसमा चौतारा डिभिजन वनका प्रमुखको नेतृत्वको सहयोग रहेको र केही प्रतिफल समेत देखिइसकेको हुँदा परियोजनाको ध्यान पनि यता आकृष्ट भयो। त्यसबाट ठोकर्पाको वन विकासमा अझ तीव्रता आयो। नेपाल अष्ट्रेलिया वन परियोजना नहुँदो हो त ठोकर्पाको वन विकासमा त्यस्तो तीव्रता आउने थियो कि थिएन, भन्न सकिएन। परियोजनाको सहयोगमा वन नर्सरी स्थापना, विद्यालय वन नर्सरी सञ्चालन, स्थानीय बाघ भैरव मा.बि., गाउँ पञ्चायत कार्यालय र नजिकका समुदायलाई समेत खानेपानीको व्यवस्था हुने गरी धारा उपलब्ध गराइएको थियो। यो ठोकर्पाको पाइपलाइनबाट पानी उपलब्ध भएको पहिलो काम थियो। विद्यालयलाई वन नर्सरीमार्फत ठुलो आर्थिक सहयोग भएको र गाउँलेहरू परियोजनादेखि धेरै खुशी भएका थिए। उचित वातावरण निर्माणका कारण वन संरक्षणका एकमतले स्थानीय बासिन्दाहरू जुटेका थिए।

## राजा वीरेन्द्रको भ्रमण

ठोकर्पाको वन संरक्षण र विकासक्रममा अर्को एक महत्वपूर्ण ऐतिहासिक विषय भनेको राजा वीरेन्द्रको ठोकर्पा भ्रमण हो। राजा वीरेन्द्र अस्ट्रेलिया सरकारको निमन्त्रणामा राजकीय भ्रमणमा रहँदा त्यहाँको सरकारले नेपालको वन विकासको लागि सहयोग गरेको, सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाउँमा गाउँलेहरू मिली स्वस्फूर्त रूपमा बारबन्देज विना नै वन संरक्षण गरी घना जंगल बनाएको, त्यसमा अस्ट्रेलिया सरकारले नेपाल अष्ट्रेलिया वन परियोजनामार्फत सहयोग गरेको र ठोकर्पास्थित बाघ भैरव विद्यालयले वन नर्सरी समेत सञ्चालन गरेको भन्ने कुरा डकुमेन्ट्रीसहित राजा सामु प्रस्तुत गरेकोमा विना बारबन्देज गाउँलेहरूले हुर्काएको वन हेर्ने इच्छा भएको रहेछ। सोही कारण राजाको मध्यमाञ्चल विकास क्षेत्रको भ्रमणको क्रममा वि. सं.२०४२ साल पुष २५ गते समुदायले वृक्षारोपण र संरक्षण गरी हुर्काएको वन अवलोकनको लागि राजा वीरेन्द्र, रानी ऐश्वर्य र राजपरिवारका अन्य सदस्यहरू हाल सामुदायिक वन अध्ययन केन्द्रको कार्यालय रहेकै स्थानमा, ठोकर्पाको चारपाटे आहालमा हेलिकप्टरबाट उत्रिएर करिब १:३० घण्टा बिताएका

थिए। तत्कालीन डी.एफ.ओ. अमृतलाल जोशीद्वारा प्रस्तुत गरिएको समग्र चौतारा डिभिजन, विशेषतः ठोकर्पाको समुदायले हुर्काएको वनको विकास र त्यसमा अस्ट्रेलिया सरकारको सहयोग र विद्यालयले सञ्चालन गरेको वन नर्सरीसम्बन्धी प्रस्तुति अभिरुचिपूर्वक सुनेर ठोकर्पा क्षेत्रको एक फन्को मारी राजपरिवार चौतारा लागेका थिए। पछि राजा वीरेन्द्रबाट ठोकर्पाको विद्यालयले सञ्चालन गरेको जस्तै गरी अधिराज्यभरिका विद्यालयमा वन नर्सरी चलाउनु भनी तत्कालीन श्री ५ को सरकारलाई निर्देशन भएको पनि थियो।

## सामुदायिक वन अध्ययन केन्द्र

अन्तर्राष्ट्रिय स्तरको सामुदायिक वन अध्ययन अनुसन्धान केन्द्र स्थापनाको सम्भाव्यता अध्ययनको लागि सरकारले सम्बन्धित क्षेत्रका विज्ञहरूको टोलीबाट अध्ययन गराएको थियो। त्यसै प्रतिवेदनको आधारमा सामुदायिक वनको अवधारणाको उद्गमस्थल मानिने सिन्धुपाल्चोक जिल्लाको ठोकर्पामा सामुदायिक वन अध्ययन केन्द्र स्थापना हुनु गौरबको विषय हो। हुनतः अन्तर्राष्ट्रियस्तरको अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्ने प्रारम्भिक प्रयास रहेको भएपनि अन्तिममा सामुदायिक वन अध्ययन केन्द्र नामकरण भएको पाइयो। नाम जे भएपनि स्थानीय सरोकारवालहरूले यसको उद्देश्य अनुसारको उपलब्धि भएको देख्न र सुन्न चाहेका छन्।

नेपाल सरकार, संघ अन्तर्गत यस केन्द्रको स्थापना भएको हो। अध्ययन केन्द्रका लागि ठोकर्पामा हालसम्म दुई वटा भवन संघ र एक वटा भवन बागमती प्रदेश सरकारको तर्फबाट निर्माण भएका छन् । सरकारी कार्यालय ठोकर्पामा स्थापना र सञ्चालन हुनु एउटा सुरुवाती चरण मात्र हो। अहिलेको अवस्थामा भौतिक संरचना अझै अध्ययन अध्यापनका लागि पूर्ण छैन र सहजता पनि भएको छैन। हाल भएका भौतिक संरचनाबाट कार्यालय र कर्मचारी आवासको लागि पनि अपर्याप्त देखिएको छ। अझै केन्द्रमा तोकिएको १६ जनाको दरबन्दी अनुसारका सबै कर्मचारी हुने हो भने कार्यकक्ष र आवासको लागि नै पनि समस्या हुने देखिन्छ। केन्द्रको प्रस्तावित गुरुयोजना अनुसारका भौतिक संरचना निर्माणका लागि नेपाल सरकारको प्राथमिकताका साथ कार्यसूची तयार गरी कार्यान्वयनमा ध्यान जानु आवश्यक छ ।

भौतिक निर्माणमात्र सबैथोक हो त? एक गम्भीर जिज्ञासा उत्पन्न भएको छ । सामुदायिक वन अध्ययन केन्द्र के संघको मात्र हो त ? तीनै तहका सरकारको भूमिका र जिम्मेवारी स्पष्ट हुनु जरुरी छ। साथै, सामुदायिक वनको उद्गमस्थलका बासिन्दा केन्द्रको स्थापनाबाट मख्ख छौं, तर हाम्रो अब के के भूमिका रहने हो ? चासोको विषय बनेको छ ।

सामुदायिक वन अध्ययन केन्द्र भनेको प्रत्यक्ष रूपमा नै सामुदायिक वनसँग सम्बन्धित अध्ययन अनुसन्धान तथा ज्ञान व्यवस्थापन गर्ने कार्यालय हो। केन्द्र स्थापनाको उद्देश्य के र त्यो उद्देश्य परिपूर्तिको लागि गरिने तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रम के के होलान् ? अध्ययन सहकार्य, स्वदेशी वा विदेशी, कुन कुन संस्थाहरू हुने हो ? यसको लागि अनुकूल वातावरण बनेको छ, छैन ? स्पष्ट हुनु पर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा त दैनिक रूपमा व्यवस्थापन सहज पार्नका लागि तीन पक्षः अध्ययन केन्द्र, स्थानीय सरकार र स्थानीय समुदाय, के कसरी कुन विधिबाट मिलेर परिचालित हुने हो थप गृहकार्य जरुरी देखिन्छ ।

यस अध्ययन केन्द्रको कार्यक्रम भनेको तत्कालीन अवस्थामा नेपालमा सामुदायिक वनको विकासका चरणहरू के कसरी अघि बढेका थिए ? समुदाय, वन डिभिजन, स्थानीय तहको कस्तो भूमिका रहेको थियो ? के कस्ता पहल भएका थिए ? स्थानीय व्यक्ति पहिचान र परिचालन गरिएको थियो ? तत्कालीन कृषि प्रणाली, वन स्रोतको आपूर्ति, वन विकासका पहल, वन संरक्षणका प्रयासजस्ता विषयवस्तु अध्ययनका लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

इतिहास र वर्तमानका बारेमा अध्ययन, खोज र अनुसन्धान गर्न स्वदेशी तथा विदेशी जो कोही पनि आउन र गाउँमै बसेर सिक्ने वातावरण निर्माण हुनु जरुरी छ। स्थानीय र अर्गानिक उत्पादनका स्वादिष्ट र स्वस्थकर वस्तुबाट आफ्नो पाहुनालाई पारिवारिक वातावरणमा रमाउँदै आनन्दपूर्वक आफ्नो काम गर्न सक्ने गरी होम स्टे निर्माण गर्न सरकारको सहयोग नीति के हुने ? स-साना कृषि तथा वन उद्यम सञ्चालन गरी रैथाने उत्पादन के कसरी गर्ने ? रैथाने वस्तु उत्पादन र खाना तथा परिकार पस्कने वातावरण बनाउन जरुरी छ। स्थानीय समुदायको आय बढाउनेबारे पनि थप गृहकार्य जरुरी छ ।

हेटौंडा, पोखरा, काठमाडौं लगायत मुलुकका विभिन्न भागमा वन विज्ञान अध्ययन गरिरहेका विद्यार्थी वा सम्बन्धित अध्ययन अनुसन्धान गर्ने व्यक्ति तथा संघ संस्थाहरू, संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूका लागि लाभ हुने खालका सामग्री तयार र प्रशिक्षणका लागि तयार के कसरी गर्ने भन्ने बारेमा केन्द्रको कार्यसूची हुनु जरुरी छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वन सम्बन्धी खोज अनुसन्धान गर्ने व्यक्ति तथा संस्थाहरूको लागि अध्ययन अनुसन्धान गर्ने सुविधासम्पन्न केन्द्रको रूपमा अघि बढाउनुपर्छ ।

स्थानीय वन समूहहरूलाई प्रत्यक्ष रूपमा अध्ययन अनुसन्धानमा संलग्न गराउन थप अन्तरकृया आवश्यक रहेको छ। वन समूहका सदस्यहरूको सामाजिक आर्थिक अवस्था रूपान्तरण

भएकाले कृषि वन प्रणाली, आय स्रोतका आधार तथा घर परिवारको वनसँगको समिप्यताबारे अध्ययन गरी सोही वमोजिम कार्यक्रम निर्धारण गर्नु जरुरी छ। अर्थात्, गाउँघरमा नै हरहमेसा बस्ने र दैनिक गतिविधिमा संलग्न घरधुरीको सहभागितामा सामुदायिक वनलाई स्थानीयको रोजगारी र आयआर्जनसँग जोड्नु आजको आवश्यकता हो। यो पनि अध्ययनार्थ ठोकर्पा प्रवेश गर्ने पाहुनाका लागि प्रेरणाको स्रोत बन्नु पर्दछ ।

## निष्कर्ष

ठोकर्पाको नाम अब नेपालको पहिचान बनिसकेको छ। सामुदायिक वनको उद्गमस्थल र अभियानको बारेमा स्पष्ट भइसकेको छ। सफलताको विस्तारको क्रममा विद्यालय वन नर्सरीको महत्व पनि स्पष्ट छ। नेपाली वन प्राविधिक र वैदेशिक सहयोगको सकारात्मक पाटो स्मरणयोग्य छ। खासमा भन्ने हो भने अब नेपाल सरकारले जुन लक्ष्य र उद्देश्य परिपूर्तिको लागि सामुदायिक वन अध्ययन केन्द्र स्थापना गरेको छ, सो पूरा गर्न तीन तहका सरकार, सामुदायिक वन अध्ययन केन्द्र, वन समूहहरू, स्थानीय समुदाय, विद्यालय, समाजसेवी, बुद्धिजीवी सबैको सक्रियता र सहभागिताको आवश्यकता हुन्छ। केन्द्रमा स्वदेशी तथा विदेशी जो कोही व्यक्ति तथा संस्थाले सामुदायिक वन र वनको समग्र पक्षको अध्ययन अनुसन्धान गर्न सक्ने गरी केन्द्रको विकास र नेपालमा सामुदायिक वन व्यवस्थापनका लागि सहज वातावरण बन्नुपर्दछ। मुलुकका आम सर्वसाधारण व्यक्तिको इमान्दार प्रयासका कारण सामुदायिक वनको देश र विश्वव्यापीरूपमा चिनारी सुरु भएको महान् कार्यको सफलताका पाइलाले निरन्तरता पाउनु पर्दछ।

## सन्दर्भ सामग्री

सामुदायिक वन अध्ययन केन्द, २०८०. सामुदायिक वन बुलेटिन अङ्क १९, सामुदायिक वन अध्ययन केन्द्र ।

सामुदायिक वन अध्ययन केन्द्र, २०८१. सामुदायिक वन बुलेटिन अङ्क २०, सामुदायिक वन अध्ययन केन्द्र

सामुदायिक वन अध्ययन केन्द्र, २०८२. सामुदायिक वन बुलेटिन अङ्क २१, सामुदायिक वन अध्ययन केन्द्र

वन तथा वातावरण मन्त्रालय, २०७७. नेपालमा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको वर्तमान अवस्था, वन तथा वातावरण मन्त्रालय

प्रमोद न्यौपाने, २०७८. ठोकर्पा (गाउँ चिनारी), ठोकर्पा सामुदायिक वन : विश्वको पहिलो अभियान, पुस्तक प्रकाशन समिति

# दिगो वन व्यवस्थापन अवधारणा, कार्यान्वयन र प्रमाणीकरण : सामुदायिक वनको लागि राष्ट्रको समृद्धिमा योगदान गर्ने अवसर

**पशुपति नाथ कोइराला**

वन तथा प्रकृति संरक्षण विज्ञ

pashupatinath.koirala@gmail.com

## १. पृष्ठभूमि र अवधारणा

नेपालमा दिगो वन व्यवस्थापन (Sustainabe Forest Management)लाई कानुनी र नीतिगत रूपमा सुदृढ बनाउन संघीय र प्रादेशिक तहमा विभिन्न व्यवस्था गरिएका छन् । परम्परागत "संरक्षणमुखी" वन व्यवस्थापनबाट "उत्पादनमुखी र दिगो" व्यवस्थापनतर्फको रूपान्तरण अहिलेको मुख्य आवश्यकता हो । नेपालको कुल भू-भागको करिब ४५.३१ प्रतिशत क्षेत्र ओगटेको वन सम्पदा राष्ट्रिय समृद्धिको मूल आधार हो ।नेपालमा रहेका २३ हजारभन्दा बढी सामुदायिक वन, ८ हजार ७ सयभन्दा बढी गरीबमुखी कबुलियती वन तथा ३३ वटा साझेदारी वन लगायत मध्यवर्ती सामुदायिक वन व्यवस्थापन समूहहरू पनि समुदायमा आधारित वन व्यवस्थापन (CBFM) प्रणाली भित्रका वन व्यवस्थापनको लागि सक्रिय समूहहरू हुन् । सरकारद्वारा व्यवस्थित वन प्रणालीबाहेक यसै प्रणालीलाई परिचालन गरी वनको हैसियत सुधार्ने, उत्पादकत्व बढाउने र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने कार्यमा योगदान गर्नको लागि देशमा ठुलो अवसर रहेको छ ।

नेपालका सामुदायिक वनहरूले मात्रै वार्षिक रूपमा करिब १० करोड क्युबिक फिट काठ उत्पादन गर्ने क्षमता राख्छन्। तर, हालको उत्पादन क्षमताको तुलनामा निकै कम (करिब १०-१५ प्रतिशत ) मात्र काठ बजारमा पुग्ने गरेको छ। उदाहरणको लागि लुम्बिनी प्रदेशका कपिलवस्तु र रूपन्देही जिल्लाहरूमा सुरु गरिएको वैज्ञानिक वन व्यवस्थापन (Scientific Forest Management) ले दिगो व्यवस्थापनको केही महत्वपूर्ण आयामहरूलाई दीर्घकालीन

रूपमा अवलम्बन गरी वन व्यवस्थापनलाई वन क्षेत्रको एक स्थायी कार्यक्रमको रूपमा कार्यान्वयन गर्न आवश्यक भएको यथार्थता उजागर गरेको थियो।

विशेष गरी साल प्रजाति बाहुल्य भै मिश्रण रहेको वनको पुनरुत्पादन दरमा ज्यादै राम्रो वृद्धि भएको लगायत केही सामुदायिक वनहरूले काठ बिक्रीबाटै मनग्य वार्षिक आम्दानी गरेबाट समुदायस्तरमा सरकारले गर्ने विकास कार्यको बोझलाई कम गरेको हामी सामु विगतको ४ दशकको अनुभव रहेको छ । तर पनि, केही वन व्यवस्थापनको कार्यान्वयनको सिलसिलामा सुरुवाती चरणमा रुख कटानको मात्रा बढी देखिँदा वातावरणीय चिन्ता र सुशासनका प्रश्नहरू नउठेका होइनन् । यसबाट के पाठ सिकियो भने, दिगो वन व्यवस्थापन प्राविधिक मात्र नभई सामाजिक रूपमा स्वीकार्य र पारदर्शी हुनुपर्छ भन्ने विषयलाई सबै क्षेत्रबाट आत्मसात् हुन गएको छ ।

अन्त्यमाः दिगो वन व्यवस्थापनको परिभाषा "वनजन्य वस्तु र सेवाको प्रयोग गर्दा भावी पुस्ताको लागि पारिस्थितिकीय, आर्थिक, सामाजिक तथा सांस्कृतिक मूल्यमा कमी नहुने गरी वनको व्यवस्थापन गर्ने प्रक्रियालाई बुझाउँछ" भन्ने भाष्यलाई वन व्यवस्थापनमा लागू गर्न अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेश तहमा भएका व्यवस्थाहरूको विश्लेषणलाई नीतिपत्रको रूपमा समीक्षा गरी यहाँ प्रस्तुत गरिएको छ ।यो पत्रको सन्दर्भ सामुदायिक वन केन्द्रित भई लेख प्रस्तुत गरिएको छ ।

## २. कार्यान्वयनका मुख्य नीतिगत आधारहरू

### २.१ अन्तर्राष्ट्रिय नीति तथा रणनीतिहरू

अन्तर्राष्ट्रिय स्तरमा दिगो वन व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघीय वन रणनीति (२०१७-२०३०) ले विश्वब्यापी वन क्षेत्रको विस्तार र व्यवस्थापनमा जोड दिएको छ। यसको साथै जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता र दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG) को लक्ष्य १५ ले पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो उपयोगलाई प्राथमिकता दिएको छ। यस्तै, Reducing Emissions from Deforestation and Degradation (REDD) Plus जस्ता संयन्त्रहरूले वनको कार्बन सञ्चितीकरण र जैविक विविधता संरक्षणलाई आर्थिक लाभसँग जोड्ने प्रयास गरेका छन् भने यसैबाट सहलाभ (Co-benefit) प्राप्त गर्न धेरै मद्दत पुगेको विश्लेषणहरू गरेको पाइन्छ ।

## २.२ संघीय स्तरका नीतिगत दस्तावेजहरू

संघीय स्तरमा तयार गरिएका नीतिगत दस्तावेजहरूले दिगो वन व्यवस्थापन कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन, कानुनी आधार तथा प्राविधिक ढाँचा प्रदान गरेका छन्। राष्ट्रिय वन नीति, वन ऐन तथा नियमावलीले वनको दिगो उपयोग, संरक्षण र व्यवस्थापनलाई संस्थागत गर्दै वन सम्वर्द्धन प्रणाली, प्राकृतिक पुनरुत्पादन, वृक्षारोपण र उत्पादन चक्रलाई कार्य योजनामार्फत कार्यान्वयन गर्ने व्यवस्था गरेका छन्। राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना र दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डले दीर्घकालीन दृष्टिकोण, मापनयोग्य सूचक तथा प्रमाणीकरणका आधारहरू निर्धारण गरी वन व्यवस्थापनलाई परिणाममुखी बनाउन सहयोगी रहेको विश्वास गरिएको छ। साथै, सामुदायिक वन मार्गदर्शन र लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीतिले सहभागितामूलक, समावेशी र सुशासनमा आधारित वन व्यवस्थापनलाई प्रवर्द्धन गर्दै दिगोपनलाई थप सुदृढ बनाएका छन्। संक्षिप्त रूपमा नीतिगत सहयोगी दस्तावेजहरू तालिका नं १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १ः संघीय स्तरका सहयोगी नीतिगत दस्तावेजहरू**

| क्र. सं. | दस्तावेजको नाम | SFM सन्दर्भमा यसले गरेको व्यवस्था |
|---|---|---|
| १ | राष्ट्रिय वन नीति, २०७५ | दिगो वन व्यवस्थापन, जलाधार संरक्षण, वन पैदावार व्यावसायीकरणलाई प्राथमिकता |

| क्र. सं. | दस्तावेजको नाम | SFM सन्दर्भमा यसले गरेको व्यवस्था |
|---|---|---|
| | वन ऐन, २०७६ | वन क्षेत्रको परिभाषा, सामुदायिक वन, साझेदारी वन, रणनीतिक योजना प्रावधान (दफा ११) तथा सामुदायिक वनको व्यवस्थापन वन कार्य योजनामा स्वीकृत भए बमोजिम हुने । |
| २ | वन ऐन, २०७६ (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ बैशाख २० अनुसार) | क. वन तथा भू-संरक्षण विभागले प्रदेश मन्त्रालयसँगको समन्वयमा दिगो वन व्यवस्थापनको सिद्धान्तका आधारमा वन सम्वर्द्धन प्रणाली लागू गर्ने वनको क्षेत्रफल, वन पैदावारको उत्पादन बिक्रीवितरण र अतिक्रमण नियन्त्रणको राष्ट्रिय लक्ष्य निर्धारण गरी डिभिजनल वन अधिकृतलाई वार्षिक लक्ष्य तोक्नु पर्नेछ (दफा ११ उपदफा (५)।<br>ख. बुँदा (क) बमोजिम तोकिएको लक्ष्य पूरा गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ (दफा ११ उपदफा (६) ।<br>ग. वनको संरक्षणमा लापरवाही तथा बदनियत राखी काम कारबाही गर्ने डिभिजनल वन अधिकृतलाई विभागीय कारबाहीका लागि विभागको सिफारिसमा मन्त्रालयले प्रचलित कानुन अनुसार कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ (दफा ११ उपदफा (७) ।<br>घ. वन विभागले वार्षिक रूपमा राष्ट्रिय वनको दिगो वन व्यवस्थापन मापदण्ड अनुसार व्यवस्थापन गरेको प्राविधिक अडिट गरी वार्षिक रूपमा प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ (दफा ११ उपदफा (८) ।<br>ङ. बुँदा (घ) बमोजिमको अडिट प्रतिवेदन अनुसारका सुझाव पालना गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ (दफा ११ उपदफा (९) |

| क्र. सं. | दस्तावेजको नाम | SFM सन्दर्भमा यसले गरेको व्यवस्था |
|---|---|---|
| ३ | वन नियमावली, २०७९ | डिभिजन वन कार्यालयको आवधिक योजनासहितको रणनीतिक योजनामा समावेश हुनुपर्ने विषयहरूमा (नियम १४ को उपनियम (३) अनुसूची ५ बुँदा न १६) मा वन सम्वर्द्धन प्रणाली अन्तरगत प्राकृतिक पुनरोत्पादन, बिरुवा उत्पादन र वृक्षारोपण योजना, वन सम्वर्द्धन प्रणाली छनोट गर्ने विधि, वन सम्वर्द्धन प्रणालीको सिफारिस र वन सम्वर्द्धन प्रणाली अनुसार वन बाली उत्पादन तथा पुनरोत्पादन चक्र राखिएको छ ।<br>यसैगरी सामुदायिक वनको कार्य योजनामा समावेश हुनु पर्ने विषयमा (नियम ४६ को उपनियम (९) अनुसूची २४ बुँदा न ७) वनस्रोत सर्वेक्षण, विश्लेषण, वन सम्वर्द्धन प्रणाली तथा व्यवस्थापन शीर्षक अन्तरगत वन सम्वर्द्धन प्रणालीको कार्यान्वयनको लागि आवश्यक विवरण तथा कार्यतालिकाहरू तयार गर्ने रहेको छ । |
| ४ | राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१-२१००) | रणनीतिक योजनाका क्षेत्रहरूमध्ये विषयगत क्षेत्र नं २ मा दिगो वन व्यवस्थापन (६.१) रहेको छ भने नेपालमा वन व्यवस्थापनको अवसरको रूपमा वन सम्वर्द्धन प्रणालीमा आाधरित दिगो वन व्यवस्थापनलाई राखिएको छ (१.४); यसै गरी रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरूमा वन सम्वर्द्धन प्रणालीमा आाधरित वन व्यवस्थापन सहित वनको उत्पादन तथा उत्पादकत्वमा वृद्धि (३.४) |
| ५ | दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ | ५ मूल सिद्धान्त, १० भन्दा बढी मापदण्ड, १०७ सूचक (स्वैच्छिक प्रमाणीकरणको आधार) |

| क्र.सं. | दस्तावेजको नाम | SFM सन्दर्भमा यसले गरेको व्यवस्था |
|---|---|---|
| ६ | सामुदायिक वनको मार्गदर्शन, २०८१ | दिगो वन व्यवस्थापनको लागि वन सम्वर्द्धनको क्रियाकलापसँग सम्बन्धित क्रियाकलापहरू वन कार्य योजना तयार गर्दा समावेश गर्ने गरी बुँदा नं ५.४ मा राखिएको छ ।यसैगरी सुशासन तथा समावेशीकरणको कार्यान्वयनलाई प्राथमिकताका साथ राखिएको छ । |
| ७ | वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१) | रणनीतिले सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न दलित, महिला, जनजाति तथा विपन्न वर्गको अनिवार्य सहभागिता र प्रतिनिधित्वको व्यवस्था गरेको छ। क्षमता विकास, सचेतना अभिवृद्धि र सिप विकास कार्यक्रममार्फत लक्षित समूहलाई सशक्त बनाउने व्यवस्था गरिएको छ।<br>अनुगमन तथा मूल्याङ्कनमा समावेशी सूचकहरू समेटी कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्ने रणनीति अवलम्बन गरिएको छ। |
| ८ | राष्ट्रिय रेडप्लस रणनीति (सन् २०२५ देखि २०३४) | नेपालको राष्ट्रिय रेडप्लस (REDD+) रणनीति (२०२५-२०३४) ले वनको उत्पादकत्व बढाउन र कार्बन सञ्चिति सुदृढ गर्न दिगो वन व्यवस्थापन र वन सम्वर्द्धनका पक्षहरूलाई विशेष प्राथमिकता दिएको छ ।रणनीति तथा कार्यहरूमा वनहरूको दिगो वन व्यवस्थापनलाई सबै वन प्रणालीहरूमा लागू गर्ने (बुँदा नं ४.६.१.३) । |

## २.३ प्रादेशिक विशिष्ट व्यवस्थाहरू

संघीयता पश्चात् विभिन्न प्रदेशहरूले आफ्नो भौगोलिक, पारिस्थितिकीय तथा सामाजिक अवस्थालाई

ध्यानमा राख्दै दिगो वन व्यवस्थापनका लागि अलगअलग कानुन, कार्यविधि तथा मापदण्डहरू विकास गरेका छन्। यी व्यवस्थाहरूमा वन सम्वर्द्धन प्रणालीलाई केन्द्रमा राखी वनको उत्पादकत्व वृद्धि, प्राकृतिक पुनरुत्पादनको संरक्षण, उपयुक्त कटान प्रणालीको छनोट तथा कार्यान्वयन र वन स्रोतको दिगो उपयोग सुनिश्चित गर्ने प्रयास गरिएको छ। साथै, प्रदेशहरूले स्थानीय समुदायको सहभागिता, गैरकाष्ठ वन पैदावार तथा पारिस्थितिकीय सेवाको व्यवस्थापन, सांस्कृतिक तथा वातावरणीय संवेदनशील क्षेत्रको संरक्षण, र आम्दानीको पुनः लगानीजस्ता पक्षहरूलाई समेत प्राथमिकता दिएका छन्, जसले दिगो वन व्यवस्थापनलाई थप प्रभावकारी र सन्दर्भ अनुकूल बनाएको छ। प्रदेशहरूले जारी गरेका सम्बन्धित दस्तावेजहरू निम्न बमोजिम तालिका नं २ मा रहेका छन् ।

**तालिका नं २ः प्रदेश तहका मुख्य सहयोगी दस्तावेजहरू**

| प्रदेश | दिगो वन व्यवस्थापनको लागि सम्बन्धित कानुन, कार्यविधि, मापदण्डहरू | विशेषता |
|---|---|---|
| कोशी | • कोशी प्रदेश वन ऐन, २०७७<br>• कोशी प्रदेश वन नियमावली, २०८०<br>• वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि, २०८२<br>• निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ | वन सम्वर्द्धन प्रणालीमा व्यवस्थित कटान, खण्ड विभाजन र अग्रीम वृद्धि (Advance Growth) संरक्षण लगायत सहायता प्राप्त प्राकृतिक पुनरुत्पादन (Assisted Natural Regeneration)लाई समेत मुख्य केन्द्रमा राखेको छ । |

| | | |
|---|---|---|
| बागमती | • दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन, २०८१)<br>• बागमती प्रदेश-राष्ट्रिय-वन-ऐन,-२०७६<br>• निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२ | वन सम्वर्द्धन प्रणाली कार्यान्वयन गर्न वनको भौगोलिक अवस्था, व्यवस्थापनको उद्देश्य र प्रमुख प्रजातिको विशेषता हेरी छत्र प्रणाली, छनौट प्रणाली, सरपट कटान प्रणाली वा रुख सहितको मुना प्रणालीमध्ये कुनै एक उपयुक्त प्रणाली छनौट गरी कार्यान्वयन गर्ने तथा साथै गैरकाष्ठ तथा पारिस्थितिकीय सेवाको छुट्टै योजना बनाई व्यवस्थापन गर्ने व्यवस्था गरेको छ । |
| मधेश | • मधेश प्रदेश वन ऐन, २०७७<br>• प्रदेश वन नियमावली, २०८१<br>• वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ | विभिन्न व्यवस्थापन पद्धतिमा वर्गीकरण गरी वनको भौगोलिक अवस्था, उद्देश्य, र प्रमुख प्रजातिको विशेषता हेरी छत्र प्रणाली, छनौट प्रणाली, सरपट कटान प्रणाली, रुख सहितको मुना प्रणाली, वा सुधार कटान प्रणालीमध्ये उपयुक्त वन सम्वर्द्धन प्रणाली छनौट गरी कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| गण्डकी | • गण्डकी प्रदेश वन ऐन, २०८०<br>• गण्डकी प्रदेश वन नियमावली, २०८१<br>• वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२<br>• गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ | वनको मौज्दात र वार्षिक वृद्धिदरका आधारमा वन सम्वर्द्धन प्रणाली (Silvicultural System) अपनाई वनको पुनरुत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने व्यवस्था गरेका छन्। वर, पिपल जस्ता सांस्कृतिक रुखहरूको विशेष संरक्षण गर्ने प्रावधान रहेको छ।<br><br>वन व्यवस्थापनबाट प्राप्त आम्दानीको निश्चित हिस्सा अनिवार्य रूपमा वन विकास र सम्वर्द्धनमा खर्च गर्दै स्थानीय समुदायको जीविकोपार्जन र सुशासन सुनिश्चित गर्नुपर्ने कानुनी सर्त राखिएको छ। |
| लुम्बिनी | • प्रदेश वन ऐन, २०७८<br>• प्रदेश वन नियमावली, २०७९<br>• वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ | वन सम्वर्द्धन प्रणाली (छनोट प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली, रुख सहितको मुना प्रणाली) अवलम्बन गरी दिगो वन व्यवस्थापन गर्नुपर्ने प्रावधान ।<br><br>रुख कटान गरिएको स्थानमा प्राकृतिक वा कृत्रिम रूपमा पुनरुत्पादन गर्ने, माउ रुख छोड्ने र पुनरुत्पादन अवधिसम्म संरक्षण गर्ने व्यवस्था ।<br><br>वन क्षेत्रभित्र जलाधार, सिमसार, नदी किनाराको संवेदनशील क्षेत्र, दुर्लभ प्रजातिको संरक्षण क्षेत्र, र सांस्कृतिक तथा धार्मिक स्थलहरू संरक्षण गर्नुपर्ने व्यवस्था । |

| | | |
|---|---|---|
| कर्णाली | • कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१<br>• कर्णाली प्रदेश वन नियमावली, २०८०<br>• कर्णाली प्रदेश वन ऐन, २०७८ | वन सम्वर्द्धन प्रणाली कार्यान्वयनका लागि विभिन्न वन सम्वर्द्धन प्रणालीलाई प्राथमिकता दिई भौगोलिक क्षेत्र, भिरालोपन र वन प्रजातिको आधारमा वार्षिक कटान क्षेत्र निर्धारण गर्ने, वनस्रोत सर्वेक्षण तथा रुख नक्साङ्कन गर्ने, पुनरुत्पादन अभिवृद्धि, पत्ल्याउने (थिनिङ) र सुधार कटानजस्ता क्रियाकलाप कार्य योजना बमोजिम गर्ने, र दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डअनुरूप प्राविधिक परीक्षण, अनुगमन र लाभ-लागत विश्लेषण गर्ने व्यवस्था गरेको छ।<br>जडीबुटीको दिगो संकलन र वार्षिक वृद्धिदरमा आधारित योजना । |
| सुदूरपश्चिम | • सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७<br>• सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८<br>• सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ | यसैगरी सामुदायिक वनको कार्य योजनामा समावेश हुनुपर्ने विषयमा प्रदेश वन नियमावलीमा (नियम ३८ को उपनियम (६) अनुसूची २२ बुँदा न ७) वनस्रोत सर्वेक्षण, विश्लेषण, वन सम्वर्द्धन प्रणाली तथा व्यवस्थापन शीर्षक अन्तरगत वन सम्वर्द्धन प्रणालीको कार्यान्वयनको लागि आवश्यक विवरण तथा कार्यतालिकाहरू तयार गर्ने रहेको छ । |

## ३. कार्यान्वयनका प्रमुख रणनीति र प्रक्रियाहरू

सामुदायिक वन उपभोक्ता समूहहरूले दिगो वन व्यवस्थापनलाई व्यवहारमा उतार्न निम्न प्रमुख रणनीतिहरू सहायक हुने रहेका छन् ।

### ३.१ दिगो वन व्यवस्थापनको लागि विद्यमान प्रमुख संरचनागत रणनीतिगत उपकरणहरू

#### क) वन सम्वर्द्धन प्रणाली (Silvicultural System) मा आधारित वन कार्य योजनाहरूको तयारी तथा कार्यान्वयन

यसको लागि सामुदायिक वन लगायत सबै वन प्रणालीहरूको आवधिक वन कार्य योजना विशेष गरी कटान तथा व्यवस्थापन चक्रको आधारमा तयार गर्नुपर्दछ । सोही अनुसार कार्यान्वयन गर्नुपर्दछ ।

- **वैज्ञानिक मापन र सर्वेक्षण :** आधुनिक प्रविधिहरू प्रयोग गरी वनको वास्तविक क्षेत्र निर्धारण र उत्पादकत्वको वैज्ञानिक मापन गर्नुपर्ने अनिवार्य व्यवस्था छ,
- **खण्ड विभाजन र चक्र कटान :** वनलाई विभिन्न खण्डहरूमा विभाजन गरी कटान र पुनरुत्थानको चक्र (Rotation Cycle) निर्धारण गरिन्छ,
- **सम्वर्द्धन क्रियाकलापहरू :** मुख्य गरी वनको गुणस्तर सुधार्न काँटछाँट (Thinning), सरसफाइ (Cleaning), र प्रुनिङ (Pruning) जस्ता कार्यहरूलाई अनिवार्य बनाइएको छ ।

#### ख) कार्य सम्पादनको लागि दिगो कोष व्यवस्थापन

सामुदायिक वनको प्रभावकारी व्यवस्थापन र उपभोक्ताहरूको आर्थिक समृद्धि सुनिश्चित गर्नका लागि व्यवस्थित कोषको ठुलो भूमिका रहन्छ । वन ऐन, २०७६ र वन नियमावली, २०७९ ले उपभोक्ता समूहको कोष स्थापना, परिचालन र आम्दानीको बाँडफाँटका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गरेको छ ।

#### कोषको संरचना र स्रोत

संस्थागत संरचना अन्तर्गत प्रत्येक सामुदायिक वन उपभोक्ता समूहको एउटा छुट्टै कोष रहन्छ । यस कोषमा स्रोतहरू जस्तै काठ, दाउरा र अन्य गैर-काष्ठ वन पैदावार बिक्रीबाट प्राप्त रकम, उपभोक्ताहरूबाट संकलन गरिएको सदस्यता वा नवीकरण शुल्क, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा विभिन्न दातृ निकायहरूबाट प्राप्त हुने अनुदान तथा उपभोक्ताहरूको जनश्रमदान वा परिचालनबाट सिर्जित बचतबाट प्राप्त हुन सक्ने प्रावधान रहेको छ ।

## कार्यसम्पादनमा आधारित अनुदान (SFMG) प्रोत्साहन

"समृद्धिका लागि वन" परियोजना जस्ता कार्यक्रमहरूले उपभोक्ता समूहहरूको वास्तविक कार्यसम्पादनलाई मूल्याङ्कन गरी आर्थिक सहयोग गरिराखेका छन् । कार्य सम्पादनको आधारहरू जस्तै स्वीकृत कार्य योजना (३५%), कार्य सञ्चालन योजना (२५%), वित्तीय पारदर्शिता (२५%), र सामाजिक समावेशीकरण (१५%) अनुसार विपन्न कबुलियती वनलाई शतप्रतिशत (१००%) र अन्य सामुदायिक वन समूहलाई उनीहरूको कारोबारको आधारमा ५०% देखि ८०% सम्म अनुदान उपलब्ध गराइन्छ । यस्तो व्यवस्था दिगो सञ्चालनको लागि प्रदेश सरकार तथा विभिन्न परियोजनाहरूले अवलम्वन गर्न सक्दछन् ।

## कोष परिचालन र खर्चको प्राथमिकता

वन ऐन, २०७६ अनुसार समूहले आफ्नो वार्षिक आम्दानीलाई तोकिएका क्षेत्रहरूमा अनिवार्य रूपमा विनियोजन गर्नुपर्ने प्रावधान भए बमोजिम समूहले आफ्नो कुल आम्दानीको कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्य (जस्तैः वृक्षारोपण, वन डढेलो नियन्त्रण, गोडमेल)मा खर्च गर्नुपर्दछ। यो रकमबाट दिगो वन व्यवस्थापनका कार्यहरू गर्न सकिन्छ ।

## वित्तीय पारदर्शिता र सुशासन

कोषको सही सदुपयोगका लागि वित्तीय पारदर्शिता अनिवार्य छ । समूहले प्रत्येक वर्ष आफ्नो आम्दानी र खर्चको लेखापरीक्षण (Audit) गराई साधारण सभाबाट अनुमोदन गराउनुपर्दछ र सोको प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालयमा बुझाउनुपर्दछ ।

## ग) सुशासन र समावेशीकरण

कार्यसमितिका प्रमुख पदहरूमा महिला, दलित, आदिवासी जनजाति र अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था वन कार्य योजनामा रहेको छ ।कम्तीमा ५० प्रतिशत महिलाहरूको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था रहेको छ।

### ३.२ दिगो वन व्यवस्थापनः मूल्याङ्कन

दिगो वन व्यवस्थापनको मूल्याङ्कन गर्नको लागि दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ अनुसारको प्रमाणीकरण गर्नको लागि मुख्य आधार हो । यो मूल्याङ्कनलाई स्वैच्छिक गरिएको छ तर सरकारी, सामुदायिक तथा निजी वन व्यवस्थापकले गुणस्तर प्रमाणित गर्न यसको प्रयोग गर्न सक्छन्। यसको मूल्याङ्कन गर्ने परिपाटीलाई मूल प्रवाहमा ल्याउन सकेको खण्डमा सामुदायिक वनहरू लगायत सबै वन प्रणालीहरूको कार्यान्वयनमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा विश्वसनीयता अभिवृद्धि हुन जाने विश्वास लिइएको छ । यो मापदण्डले दिगो वन व्यवस्थापनलाई प्राविधिक, सामाजिक, कानुनी र वातावरणीय विश्वसनीयताको परीक्षणको लागि एक आयाम प्रदान गरेको छ। यो राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू दिगो विकास लक्ष्य तथा रेड प्लसका प्रावधानहरूसँग तालमेल राखेको छ।

यस मापदण्डले वन व्यवस्थापनलाई ५ वटा मुख्य सिद्धान्तहरूमा वर्गीकरण गरेको छः

१. **कानुनको परिपालना र सुशासनः** प्रचलित ऐन-नियमको पालना र संस्थागत पारदर्शिता ।

२. **लैङ्गिक समानता र सामाजिक समावेशीकरणः** महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता ।उत्पादन र आर्थिक समृद्धिः वनको उत्पादकत्व वृद्धि र वन पैदावारको दिगो आपूर्ति ।

३. **वातावरणीय सुरक्षाः** दुर्लभ प्रजाति र संवेदनशील पारिस्थितिकीय प्रणालीको संरक्षण ।

४. **अनुगमन र अनुसन्धानः** व्यवस्थापन कार्यको प्रभाव मूल्याङ्कन र ज्ञानको विस्तार ।

कुल १०७ वटा सूचकहरूलाई मापनको आधार बनाइएको छ । प्रत्येक सूचकको मूल्याङ्कनका लागि निश्चित प्रमाणहरू आवश्यक पर्दछः

**अनिवार्य सूचकः** १० वटा यस्ता सूचकहरू छन् जसमा पूर्ण अंक प्राप्त गरेमा मात्र वन प्रमाणीकरणको प्रक्रिया अघि बढ्न सक्छ ।

**वन सम्वर्द्धन प्रणालीः** वन स्रोत सर्वेक्षण, वार्षिक कटान परिमाण सुनिश्चितता, र पुनरुत्पादनको अवस्था ।

**सामाजिक र आर्थिक आधारः** समान कामको लागि समान ज्याला, सार्वजनिक सुनुवाइ, र वन उद्यमको विकास ।

**वातावरणीय आधारः** दुर्लभ वन्यजन्तुको वासस्थान संरक्षण र डढेलो नियन्त्रणका उपाय ।

मूल्याङ्कन गर्दा प्रत्येक सान्दर्भिक सूचकको अंकभार १ मानिन्छ । कार्यान्वयन भएको देखिएमा १ अंक र नभएमा ० अंक प्रदान गरिन्छ । प्राप्त कुल अंकको प्रतिशतका आधारमा प्रमाणपत्रको तह निर्धारण गरिन्छ।

**तालिका नं ३ः दिगो वन व्यवस्थापनको अङ्कभार तथा प्रमाणपत्रको प्रकार**

| प्राप्त अंक (प्रतिशतमा) | प्रमाणपत्रको प्रकार | थप सुविधा |
|---|---|---|
| ८०% भन्दा माथि | दिगो वन व्यवस्थापन प्रमाणपत्र | निर्धारित लोगो प्रयोग गर्ने अनुमति |
| ६०% देखि ८०% सम्म | सर्त सहितको प्रमाणपत्र | सुधार गर्नुपर्ने विषयहरू उल्लेख हुने |
| ६०% भन्दा कम | प्रमाणपत्र नपाउने | सुधारका लागि सुझावहरू प्रदान गरिने |

दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ अनुसार कुनै पनि सामुदायिक वनको प्रमाणीकरण गर्ने प्रक्रियालाई देहाय बमोजिम बुँदागत रूपमा स्पष्ट पारिएको छः

### १. निवेदन दिने प्रक्रिया

- दिगो वन व्यवस्थापनको प्रमाणपत्र लिन चाहने वन व्यवस्थापकले (सामुदायिक वनको हकमा अध्यक्षले) डिभिजन वन कार्यालयमार्फत वा सिधै वन तथा भू-संरक्षण विभागमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।
- निवेदनका साथमा समूहको निर्णयको प्रतिलिपि, स्वीकृत कार्य योजनाको पहिलो दुई पृष्ठ, विधान दर्ता र कार्य योजना हस्तान्तरण प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ।

### २. मूल्याङ्कनकर्ताको छनौट र खर्च

- प्रमाणीकरणको कार्य विभाग आफैंले वा विभागमा सूचीकृत भएका कम्पनी वा फर्ममार्फत गराउन सक्नेछ।
- प्रमाणीकरण बापत लाग्ने शुल्क वा खर्च सम्बन्धित वन व्यवस्थापक (सामुदायिक वन समूह) आफैंले बेहोर्नुपर्नेछ।

## ३. अनिवार्य सर्त र सूचकहरूको परीक्षण

- कुल १०७ वटा सूचकहरूमध्ये १० वटा सूचकहरूलाई अनिवार्य सर्तको रूपमा राखिएको छ।
- कुनै पनि वन प्रमाणीकरणको दायरामा पर्नका लागि ती १० वटै अनिवार्य सूचकहरूमा पूरा अङ्क प्राप्त गरेको हुनुपर्नेछ।
- अनिवार्य सूचकहरूमा प्रचलित कानुन बमोजिमको निकायबाट स्वीकृत कार्य योजना, महिलाहरूको ५० प्रतिशत प्रतिनिधित्व र वार्षिक कटानको परिमाण निश्चित हुनुपर्ने जस्ता विषयहरू पर्दछन्।

## ४. मूल्याङ्कन विधि र अङ्कभार

- मूल्याङ्कनकर्ताले स्थलगत रूपमा अनुगमन र निरीक्षण गरी प्रमाण सङ्कलन गर्नेछन्।
- प्रत्येक सूचकको अङ्कभार १ (एक) हुनेछ। यदि सूचक कार्यान्वयन भएको पाइएमा १ अङ्क र नपाइएमा शून्य अङ्क प्रदान गरिनेछ।
- सम्बन्धित वनको अवस्था र भौगोलिक स्वरूप अनुसार असान्दर्भिक (Non-applicable) देखिएका सूचकहरूलाई वर्गीकरण गरी हटाइनेछ र बाँकी सान्दर्भिक सूचकहरूको कुल जोडलाई पूर्णाङ्क मानिनेछ।

## ५. प्रमाणपत्र र लोगो वितरणको श्रेणी

मूल्याङ्कनको अन्तिम नतिजा (प्रतिशत) का आधारमा प्रमाणपत्रको स्तर निर्धारण गरिन्छः

- **८० प्रतिशतभन्दा बढी अङ्कः** दिगो वन व्यवस्थापनको प्रमाणपत्रका साथै लोगो (संकेत चिन्ह) प्रयोग गर्ने अनुमति दिइनेछ।
- **६० देखि ८० प्रतिशतसम्म अङ्कः** सुधार गर्नुपर्ने केही सर्तहरू सहितको प्रमाणपत्र मात्र प्रदान गरिनेछ।
- **६० प्रतिशतभन्दा कम अङ्कः** प्रमाणपत्र दिइने छैन, बरु सुधारका लागि विभागले सुझावहरू प्रदान गर्नेछ।

## ६. प्रमाणपत्रको अवधि र नवीकरण

- यो प्रमाणपत्रको अवधि चालु कार्य योजनाको अवधिभर र थप एक वर्षसम्म मान्य रहनेछ।
- म्याद समाप्त भएको छ महिनाभित्र पुनः मूल्याङ्कन प्रक्रियामा सहभागी भई नवीकरण गराउनुपर्नेछ।

## ४. कार्यान्वयनका चुनौतीहरू तथा अवसरहरू

दिगो वन व्यवस्थापनको मार्गमा केही गम्भीर चुनौतीहरू अझै विद्यमान छन्ः

### चुनौतीहरू

**प्राविधिक क्षमताको कमीः** उपभोक्ता समूहहरूमा GPS, GIS, र डिजिटल इन्भेन्टरी जस्ता आधुनिक प्रविधिको सीमित ज्ञान छ ।

**नीतिगत अन्योलः** विगतमा "वैज्ञानिक वन व्यवस्थापन" कार्यविधि खारेजीले सिर्जना गरेको अन्योलता कायमै रहेको छ किनकि सबै प्रदेशमा वन सम्वर्द्धन प्रणाली अवलम्बन गर्न अझै पनि हिचकिचाइरहेको पाइन्छ । स्पष्ट खाकासहित प्रदेश तहमा नेपालको संविधान अनुसार राष्ट्रिय वनको व्यवस्थापनको जिम्मा पनि उत्तरदायित्वको रूपमा लिन नसकेको अवस्था ।

**सामाजिक समावेशीकरणः** निर्णय प्रक्रिया र प्रमुख पदहरूमा महिला तथा सीमान्तकृत वर्गको सहभागिता अझै पनि "कागजी" मात्र देखिएको छ । यथार्थमा अर्थपूर्ण सहभागिताको कार्यमा जनजाति तथा प्रथाजनित अभ्यासहरूलाई आन्तरिकीकरण गर्न सकिएको अवस्था रहेको छैन ।

**अनुगमनको अभावः** वेब-आधारित सूचना प्रणालीमा वन र कार्बनका तथ्याङ्कहरू नियमित अपडेट हुन सकेका छैनन् ।यसको लागि प्राविधिक क्षमताको विकास हुन सकेको छैन ।

### अवसरहरू

**वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन संरचनाः** लुम्बिनी, कोशी तथा बागमती प्रदेशस्तरीय कार्यविधिहरूमा वन सम्वर्द्धन प्रणालीको बारेमा स्पष्ट व्यवस्था गरी कार्यान्वयनको मार्गचित्र पनि तयार भएका छन् ।

**दिगो वन व्यवस्थापन कार्यान्वयन सहयोगः** कार्यसम्पादनमा आधारित अनुदान (SFMG) ले समुदायलाई प्रोत्साहन।

**सहलाभको रूपमा कार्बन व्यापारको लागि वातावरण सिर्जनाः** REDD+ कार्बन व्यापार (तराई आर्क ल्यान्डस्केप)बाट सामुदायिक वनले आय प्राप्त गर्ने अवस्था।

**दिगो वन व्यवस्थापन प्रमाणीकरण गर्ने अवसरः** दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डले प्रमाणीकरणको मार्गचित्र तय गरेको छ।

## ५. समृद्धिको मार्गचित्रका लागि केही सुझावहरू

वन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनाउन निम्न सुधारहरू आवश्यक छन्ः

**वन क्षेत्रलाई उत्पादन क्षेत्रको रूपमा प्राथमिकताः** वनलाई उत्पादन क्षेत्रको रूपमा विकास गर्न स्पष्ट नीतिगत व्यवस्था आवश्यक हुन्छ। निजी वन, सामुदायिक वन र साझेदारी वनमार्फत उत्पादन अभिवृद्धि गर्न कानुनी सहजता दिनुपर्छ। वन पैदावारको संकलन, ढुवानी तथा बिक्री प्रक्रियालाई सरल बनाउनु जरुरी छ। साथै, निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन (subsidy, tax incentives) प्रदान गर्न सकिन्छ ।

**काठ आयात प्रतिस्थापनः** वनलाई उत्पादन क्षेत्रको रूपमा विकास गर्दा देशको आन्तरिक काठ तथा वन पैदावारको माग पूर्ति गर्न सकिन्छ। यसले आयात प्रतिस्थापन गरी विदेशी मुद्रा बचतमा सहयोग पुर्‍याउँछ। साथै, वनमा आधारित उद्योगहरू जस्तैः फर्निचर, कागज, रेजिन, जडीबुटी प्रशोधनमार्फत रोजगारी सिर्जना हुन्छ। ग्रामीण क्षेत्रमा गरिबी न्यूनीकरण र जीविकोपार्जन सुधारमा पनि यसले महत्वपूर्ण भूमिका खेल्छ।दिगो व्यवस्थापनमार्फत वार्षिक ३० अर्ब बराबरको काठ आयात रोकी आत्मनिर्भर बन्न मद्दत पुग्नेछ।

**वन उद्यमको विकास तथा सुधार गरी रोजगार सिर्जनाः** वनमा आधारित उद्योगमार्फत करिब ५ लाख मानिसलाई प्रत्यक्ष रोजगारी दिने सम्भावना छ ।

**प्रविधिको प्रयोगः** सामुदायिक वनहरूमा सामुदायिक वन प्राविधिक (Community Forest Technician) अनिवार्य गर्ने र वेब-आधारित अनुगमन प्रणाली लागू गर्ने ।

**कार्बन व्यापारः** REDD+ जस्ता संयन्त्रमार्फत कार्बन सञ्चितीकरणको भुक्तानी सिधै समुदायसम्म पुर्‍याउने ।

दिगो वन व्यवस्थापनको सिद्धान्तलाई आधार बनाएर उत्पादन वृद्धि गर्नुपर्छ। स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ। आधुनिक प्रविधि र अनुसन्धानको प्रयोग बढाउनुपर्छ। वन पैदावारको मूल्य अभिवृद्धि (value addition) र बजार पहुँच विस्तार गर्न आवश्यक छ। साथै, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्नुपर्छ।

## ६. उपसंहार

संघीय तहबाट दिगो वन व्यवस्थापनको लागि सहयोगी रणनीति तथा अन्य नीतिगत आधारहरू तयार गरिसकेको भएतापनि प्रदेश तहमा रहेका ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूमा एकरूपता नहुनु, प्राविधिक क्षमताको अन्तर, र अनुगमन प्रणालीको कमजोरी प्रमुख व्यावहारिक चुनौती हुन्। यसै बीचमा ’समृद्धिका लागि वन परियोजनामार्फत लुम्बिनी तथा मधेश प्रदेशमा प्रदान गरिएको अनुदान र दिगो वन व्यवस्थापनको लागि प्रमाणीकरण गर्न तयार गरिएको राष्ट्रिय मापदण्ड, २०८१ को कार्यान्वयन गर्दै गएमा दिगो वन व्यवस्थापनको अनुगमन प्रणालीको स्थापना भई सबै क्षेत्रबाट यस क्षेत्रमा राखिएको वन सुशासनको कमी भएको आशङ्कालाई पटाक्षेप गर्ने भएकोले दिगो वन व्यवस्थापनको कार्यान्वयनबाट नेपालको वन क्षेत्रले वार्षिक काठ आयातलाई प्रतिस्थापन गरी करोडौं राजस्व र रोजगारी सिर्जनाको सम्भावना राख्दछ।

नेपालको सामुदायिक वनको सफलता अब केवल "हरियो वन" जोगाउनुमा मात्र सीमित हुनु हुँदैन । राष्ट्रिय मापदण्ड, २०८१ र नयाँ प्रादेशिक कार्यविधिहरूले वनलाई उत्पादनमुखी र व्यावसायिक बनाउने ठोस आधार तयार पारेका छन् । यदि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी प्राविधिक र प्रशासनिक प्रक्रियालाई सरलीकरण गर्ने हो भने वनक्षेत्रले देशको ग्राहस्थ उत्पादनमा (Gross Domestic Product) मा ५ देखि १०% सम्म योगदान दिन सक्ने अनुमान गरिएको छ । समग्रमा, राष्ट्रिय मापदण्ड, २०८१ र प्रादेशिक कार्यविधिहरूको प्रभावकारी पालना, प्राविधिक जनशक्तिको व्यवस्था र पारदर्शी कार्य सम्पादनमा आधारित अनुदान प्रणाली नै दिगो वन व्यवस्थापन कार्यान्वयनका सफल कडीहरू रहेका छन्। जसले समृद्धिका लागि योगदान गर्न सक्दछ ।

## सन्दर्भ सामग्रीहरू

United Nations. (2017). United Nations Strategic Plan for Forests (2017-2030).

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय। (२०७५)। राष्ट्रिय वन नीति, २०७५।

नेपाल सरकार, । (२०८३)। केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय। (२०७६)। वन ऐन, २०७६।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय। (२०७९)। वन नियमावली, २०७९।

नेपाल सरकार। (२०८१)। राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना, २०८१-२१००।

नेपाल सरकार। (२०८१)। दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय। (२०८२) । वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१) ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय। (२०८१)। राष्ट्रिय रेडप्लस रणनीति (२०८१-२०९०) ।

कोशी प्रदेश सरकार। (२०७७)। कोशी प्रदेश वन ऐन, २०७७।

कोशी प्रदेश सरकार। (२०८०)। कोशी प्रदेश वन नियमावली, २०८०।

कोशी प्रदेश सरकार। (२०८२)। वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि, २०८२।

कोशी प्रदेश सरकार। (२०८२)। निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२।

बागमती प्रदेश सरकार। (२०७९, पहिलो संशोधन २०८१)। दिगो वन व्यवस्थापन कार्यविधि, २०७९।

बागमती प्रदेश सरकार। (२०८२)। निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२।

मधेश प्रदेश सरकार। (२०७७)। मधेश प्रदेश वन ऐन, २०७७।

मधेश प्रदेश सरकार। (२०८१)। प्रदेश वन नियमावली, २०८१।

मधेश प्रदेश सरकार। (२०८१)। वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि, २०८१।

गण्डकी प्रदेश सरकार। (२०८०)। गण्डकी प्रदेश वन ऐन, २०८०।

गण्डकी प्रदेश सरकार। (२०८१)। गण्डकी प्रदेश वन नियमावली, २०८१।

गण्डकी प्रदेश सरकार।(२०८२)। वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२।

गण्डकी प्रदेश सरकार। (२०७५)। गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५।

लुम्बिनी प्रदेश सरकार। (२०७८)। प्रदेश वन ऐन, २०७८।

लुम्बिनी प्रदेश सरकार। (२०७९)। प्रदेश वन नियमावली, २०७९।

लुम्बिनी प्रदेश सरकार। (२०७९)। वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९।

लुम्बिनी प्रदेश सरकार। (२०८२)। दिगो वन व्यवस्थापन निर्देशिका, २०८२।

कर्णाली प्रदेश सरकार। (२०७८)। कर्णाली प्रदेश वन ऐन, २०७८।

कर्णाली प्रदेश सरकार। (२०८०)। कर्णाली प्रदेश वन नियमावली, २०८०।

कर्णाली प्रदेश सरकार। (२०८१)। कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१।

सुदूरपश्चिम प्रदेश सरकार। (२०७७)। सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७।

सुदूरपश्चिम प्रदेश सरकार। (२०७८)। सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८।

सुदूरपश्चिम प्रदेश सरकार। (२०७९)। सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९।.....

# संरक्षणको सफलतासँगै बढ्दो मानव-बाँदर द्वन्द्व, प्रभाव र समाधानका उपायहरू

**डा. सोनी बराल**

सह-प्राध्यापक,

वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय

sbaral@iofpc.edu.np

नेपालमा मानव-बाँदर द्वन्द्व पछिल्ला वर्षहरूमा तीव्र रूपमा बढ्दै गएको छ। यसका प्रमुख कारणहरूमध्ये सामुदायिक वनको सफल व्यवस्थापनबाट बाँदरका लागि सुरक्षित वासस्थान र प्रजनन क्षेत्र उपलब्ध हुनु हो । कृषि क्षेत्रमा उत्पादन हुने मकै, धान, गहुँजस्ता अन्नबाली तथा फलफूल र तरकारीहरू जंगलमा पाइने प्राकृतिक आहारभन्दा बढी सहज रूपमा एकैठाउँमा उपलब्ध हुनुका साथै स्वादिष्ट हुने भएकाले बाँदरहरू मानव बस्ती तथा खेतीयोग्य जमिनतर्फ आकर्षित भएका छन् । त्यसैगरी, ग्रामीण क्षेत्रबाट युवाहरूको बसाइँसराइ बढ्दै जाँदा धेरै खेतीयोग्य जमिन बाँझो रहन थालेका छन्, जसमा रुख बिरुवा, झाडी तथा अन्य वनस्पति विस्तार भई बाँदरका लागि नयाँ वासस्थान तथा आवागमन मार्ग सिर्जना भएको छ। जलवायु परिवर्तनका कारण पानीका स्रोतहरू सुक्नुका साथै वनको संरचना, खाद्य स्रोत र पारिस्थितिक प्रणालीमा आएको परिवर्तनले पनि बाँदरहरूलाई नयाँ क्षेत्रतर्फ सर्न बाध्य बनाएको छ। यी सबै कारणहरूको संयुक्त प्रभावले नेपालका विभिन्न पहाडी तथा चुरे क्षेत्रहरूमा बाँदरको सङ्ख्या वृद्धि भई उनीहरूबाट हुने कृषिबाली विनाश तथा मानव बाँदर द्वन्द्व बढेका छन् जसले गर्दा सामाजिक, आर्थिक र व्यवस्थापकीय समस्याहरू उल्लेखनीय रूपमा बढ्दै गएका छन्।

नेपालका ग्रामीण भेगमा यस्तो अवस्थाले खाद्य सुरक्षामा चुनौती थपेको छ भने मानिसको जीविकोपार्जन नै धरापमा परेको छ, जसका कारण मानिसहरू बसाइँसराइ गर्न बाध्य हुनुपरेको अवस्था पनि छ। यो विषयले नेपालको संसदमा समेत प्रवेश पाएको छ। स्थानीय तह, प्रदेश र संघीय तहका चुनावी घोषणापत्रमा समेत समावेश भएको यो समस्याको दीर्घकालीन, वैज्ञानिक तथा समुदायमा आधारित बाँदर व्यवस्थापन उपायहरूको आवश्यकता बढ्दै गएको छ।

विश्वमा पाइने करिब २०० प्रजातिका बाँदरमध्ये नेपालमा तीन प्रजातिका बाँदरहरू पाइन्छन्, जसमा लङ्गुर बाँदर (*Semnopithecus entellus*), रेसस/रातो बाँदर (*Macaca mulatta*), र आसमी बाँदर (*Macaca assamensis*) पर्दछन् । हाल नेपालका धेरै जिल्लाहरूमा विशेष गरी रेसस बाँदरले कृषि बालीमा पुर्याउने क्षतिको कारण किसानहरू ठुलो समस्यामा परेका छन् । यिनीहरूमध्ये रेसस सामान्य रूपमा पाइने प्रजाति हो जुन १०-१०० को समूहमा बस्दछन् । अहिलेसम्मको अनुभवले रेससलाई खेतीबालीमा असर गर्ने प्रमुख प्रजातिको रूपमा लिइन्छ । मानिसहरूले कृषि बाली नोक्सानीको समस्या समाधानका लागि विभिन्न प्रयास गरेका छन्, तर यी प्रयासहरू प्रभाबकारी भएको पाइँदैन। यसमा विभिन्न धार्मिक सांस्कृतिक मूल्य मान्यताका कारण पनि मानिसहरू यसलाई जथाभावी दुःख दिन डराउँदछन्। हाम्रो कानुनले समेत बाँदरको सङ्ख्या व्यवस्थापन गर्नको लागि बाँदर मार्न बन्देज गरेको छ ।

सामान्यतया पोथी बाँदरहरू २-३ वर्षमा तथा भाले बाँदरहरू ४-७ वर्षमा वयस्क तथा प्रजननयोग्य हुन्छन् (Rawlins and Kessler 1986)। पोथी बाँदरले प्रजनन भएको ५.५ महिनामा १-३ वटा बच्चाहरूलाई जन्म दिन्छन्। यिनीहरू पुनः १२-२४ महिनाको अन्तरालमा अर्को बच्चा जन्माउने गर्दछन्। त्यसैले बाँदरहरूको सख्या द्रुत गतिले वृद्धि भएको पाइन्छ। विशेषत मध्यपहाडी भेगमा सामुदायिक वनको संरक्षण र विस्तारसँगै बाँदरको सङ्ख्या पनि वृद्धि भएको छ। त्यस्तै संरक्षित क्षेत्रमा पनि यिनीहरूको सङ्ख्या वृद्धि भएको छ। वनमा अत्यावश्यक खानाको अभाब तथा मानव बस्तीमा सजिलै खानाको उपलब्धताका कारण मानव बस्तीमा अकर्षित हुने गरेका छन्। यसले गर्दा मानव र बाँदर बिचका द्वन्द्वका घटनाहरू दिन प्रतिदिन बढ्दै गएका छन्। एक त ग्रामीण क्षेत्रबाट तुलनात्मक रूपमा सम्पन्न व्यक्तिहरू शहरी क्षेत्रमा पलायन हुँदैछन् र गाउँमा प्राय आर्थिक रूपले कमजोर परिवारको बसोबास छ।अर्कोतर्फ तिनीहरूले दुःख गरी लगाएको कृषिबाली बाँदरको कारणले क्षति हुँदा उनीहरू झन विपन्न हुन गएका छन् । आफ्नो अन्नबाली बाँदरबाट बचाउँन त्यस्ता क्षेत्रका मानिसहरू रातदिन आफ्नो बारीमै बस्न बाध्य छन् । यद्यपि यसबाट पनि खासै फाइदा हुन सकेको छैन किनकि तिनीहरू एक ठाउँबाट लखेटेमा अर्को ठाउँमा बाली नष्ट गर्न पुग्छन् ।

बाँदरले सताउने कार्य गाउँघरमा मात्र सीमित नभै शहरी क्षेत्रमा विशेषतः मठ मन्दिर नजिक त गर्मी जाडो नभनी सदा झ्यालढोका बन्द गरेर नै बस्नुपर्ने अवस्था सिर्जना भएको छ । लुगा सुकाउँदा होस् वा बिस्कुन सुकाउँदा होस् दिनभरी रखवारी गर्नु पर्दछ, होइन भने सुकाएको आफ्नो कपडा सही सलामत रहला भन्न सकिँदैन । अन्नबाली, फलफूल, तरकारी तथा अन्य

खेतीबाली वर्षभरि संरक्षणका लागि निरन्तर रखवारी गर्दा पनि बाँदरबाट जोगाउन सकिएको छैन। त्यसैगरी, साना बालबालिकालाई बाहिर एक्लै सुताउन वा खेल्न छोड्ने कुरा सुरक्षाको दृष्टिले कल्पना गर्न पनि सकिँदैन। यस परिस्थितिले स्थानीय समुदायको दैनिक जीवन, मानसिक शान्ति तथा सामाजिक सुरक्षामा प्रत्यक्ष र गम्भीर असर परेको छ। त्यसैले यसको समस्याको बैज्ञानिक किसिमले समाधानको बाटो खोज्नु पर्ने टट्कारो आवश्यकता छ । नेपाली समुदायमा परेको महामारीको रूपमा देखिएको यो जैविक प्रकोप न्यूनीकरण गर्नका लागि अपनाइएका र सिफारिस गरिएका तौरतरिकाहरू निम्न बमोजिम छन्ः

**बाँदरको समस्या समाधान गर्नको लागि समुदाय स्तरमा गरिएका कार्यहरू**

| स्थान | समाधानका उपायहरू | सन्दर्भ सामग्री |
|---|---|---|
| कञ्चनपुर जिल्ला (भीमदत्त र बेदकोट नगरपालिका) | डर देखाउने, ढुङ्गा हान्ने र लाठी प्रयोग गर्ने, फलामे जाली र बार लगाउने, कुकुरले पिछा गराउने, बाली पाक्ने मौसममा समुदायका सदस्यहरूले सामूहिक रूपमा खेत पहरा दिने | (Joshi et al., 2025) |
| कन्चनपुर जिल्ला (भिमदत्त बेदकोट नगरपालिका) | डर देखाउने, ढंगाा हान्ने र लाठी प्रयोग गर्ने, फलामको जाली बार लगाउने, कुकुरले रखवारी गराउने, बाली पाक्ने समयमा समुदायका सदस्यहरूले सामूहिक रूपमा खेतबारीमा पहरा दिने | (Joshi et al., 2025) |
| सिन्धुपाल्चोक जिल्ला (बालडाङ, सेलाङ, बंसखर्क गाउँहरू) | तिब्बती माष्टिफ कुकुर (भोटे कुकुर) प्रयोग गरी बाँदर खेद्ने; धेरै घरपरिवारले मिलेर पालैपालो बाली पहरा दिने सामूहिक व्यवस्था; ढुङ्गा हान्ने; खेतको सिमानामा मोलासेस घाँस रोप्ने (प्राकृतिक बाधाको रूपमा); राति जङ्गली बँदेलविरुद्ध पहरा दिने; बाँदरलाई मन नपर्ने बाली (जस्तै बेसार, कागती) खेती गर्ने | (Khatri et al., 2024) |

| | | |
|---|---|---|
| धादिङ जिल्ला (घाटबेसी, बासाहा, नेबर गाउँहरू) | भोटे कुकुर प्रयोग गरी खेद्ने; स्थानीय रूपमा बनाइएको गुलेली प्रयोग; पारम्परिक रूपमा बन्दुक प्रयोग (अहिले प्रायः बन्द भइसकेको); नवप्रवर्तन केन्द्रहरूमा विकसित नक्कली बन्दुक र ब्याङ-गन; नकली साँप र बाघको प्रयोग दृश्य अवरोधको रूपमा; भारत र पश्चिम नेपालबाट बाँदर समात्ने मान्छे भाडामा ल्याउने | (Khatri et al., 2024) |
| रामेछाप जिल्ला (फर्पु, खिम्ती गाउँहरू) | धेरै घरपरिवारले मिलेर पालैपालो बाली पहरा दिने व्यवस्था, पहरादारलाई अन्नबाली ज्याला दिने; बारी जग्गाको सिमानामा मोलासेस घाँस रोप्ने; बाँदरका लागि साना पासोहरू; बेसार र कागती जस्ता वैकल्पिक, कम मनपर्ने बाली खेती गर्ने | (Khatri et al., 2024) |
| गुल्मी जिल्ला (अर्खले र नयाँगाउँ) | कराउँदै बाँदर पिछा गर्ने, ढुङ्गा र गुलेली प्रयोग, कुकुरले खेद्ने, टिन बाकस ठटाएर हल्ला गर्ने, बन्दुक र पटका प्रयोग, खेतको किनारमा आगो बाल्ने, क्यासेट प्लेयर वा रेडियोबाट जोडले सङ्गीत बजाउने, काँडेदार र कम मनपर्ने बाली रोप्ने, स्थानीय रूपमा थार्कु भनिने हेर्ने झुप्रोमा बसेर सारा दिन खेत पहरा दिने, सुझाइएका उपायहरूमा क्षतिपूर्ति योजना, समाती मार्ने, सामूहिक खेदाइ र वैकल्पिक बालीहरू पर्छन् । | (Aryal and Chalise, 2013) |

| | | |
|---|---|---|
| गोरखा जिल्ला | कराउँदै पिछा गर्ने, बाँदर खेद्न कुकुर प्रयोग, ढुङ्गा र गुलेली, खेतमा मान्छे जस्तो देखिने पुतला बनाउने, मकैको मौसममा खाना खाने पालो मिलाएर सामूहिक दिनभरि पहरा दिने, सुझाइएका उपायहरूमा आर्थिक सहायता, नसबन्दी, स्थानान्तरण र मार्ने पर्दछन्। | Pokhrel, 2020 |
| तनहुँ र चितवन जिल्ला (देवघाट र ठिमुरा) | लाठी र ढुङ्गा हान्ने; कुकुरले खेद्ने; जोडले हल्ला गर्ने; एयर क्यानन प्रयोग; बाँदरलाई मन नपर्ने बिरुवाहरू रोप्ने; पसल, बगैंचा, घर र खेतमा बार लगाउने; बाली जोगाउन खेतमा डढेलो बाल्ने; बाली पहरा दिने। | Liu, 2022 |
| नुवाकोट जिल्ला (लिखु गाउँपालिका वडा नम्बर ६) | बाँदर खेद्न कुकुर पाल्ने (धेरै घरमा समन्वय गरेर प्रयोग गर्दा बढी प्रभावकारी हुने सुझाव); परिवारका सदस्यहरूले बिहानदेखि साँझसम्म पालैपालो खेत हेर्ने; धानको खेती गर्नतर्फ सर्ने (तरकारीभन्दा कम प्रभावित); टाढाका खेतहरू छाडेर बस्तीनजिकै मात्र खेती गर्ने; प्रस्तावित सामुदायिक उपायहरूमा बाँदरले नखाने कागती जस्ता नगदे बाली रोप्ने र समुदायव्यापी सामूहिक खेदाइ अभियान सञ्चालन गर्ने पर्छन् । | (Lamichhane & Lamichhane, 2024) |

**विश्वका विभिन्न देशहरूले अपनाएका बाँदर व्यवस्थापनका उपायहरू**

मानव-बाँदर द्वन्द्व केवल नेपालको मात्र समस्या नभई एसियाका धेरै देशहरूले सामना गरिरहेको चुनौती हो। विभिन्न देशहरूले आफ्ना स्थानीय परिस्थिति अनुसार बाँदर व्यवस्थापनका लागि फरक-फरक रणनीतिहरू अपनाएका छन्। जापानमा बाँदरको गतिविधिको नियमित निगरानी, विद्युतीय बारको प्रयोग, बालीमा अत्यधिक क्षति पुर्याउने समूहहरूको नियन्त्रण तथा समुदाय-आधारित निगरानी प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ (FAO, 2021; Bornfeldt

Persson, 2024)। भारतले बाँदरको सङ्ख्या नियन्त्रण गर्न नसबन्दी (Sterilization Program), समस्या भएका बाँदरलाई अन्यत्र स्थानान्तरण गर्ने तथा विशेष "मंकी पार्क" स्थापना गर्ने उपायहरू अपनाएको छ (Southwick & Siddiqi, 2011; Ministry of Environment, Forest and Climate Change, 2023)। चीनमा वन क्षेत्रमा प्राकृतिक खाद्य स्रोतको व्यवस्थापन गरी बाँदरलाई जंगलमै राख्ने प्रयास गरिएको छ भने मानव बस्ती नजिक खाद्य फोहोरको उचित व्यवस्थापन गरी बाँदरलाई आकर्षित हुनबाट रोक्ने अभ्यास अपनाइएको छ (FAO, 2021)। त्यसैगरी, थाइल्याण्डले धार्मिक तथा पर्यटकीय क्षेत्रहरूमा बाँदरलाई अनियन्त्रित रूपमा खाना खुवाउने कार्यलाई नियमन गर्न Monkey Feeding Control Policy लागू गरेको छ र पर्यटकीय क्षेत्रहरूमा बाँदरको जनसङ्ख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गरेको छ (Bornfeldt Persson, 2024)। यी अनुभवहरूले देखाउँछन् कि बाँदर व्यवस्थापनका लागि सङ्ख्या नियन्त्रण, खाद्य स्रोत व्यवस्थापन, समुदायको सहभागिता तथा स्पष्ट नीतिगत व्यवस्था आवश्यक हुन्छ (FAO, 2021; Ministry of Environment, Forest and Climate Change, 2023)।

**विभिन्न देशहरूमा गरिएका व्यवस्थापनका उपायहरूको तालिका**

| देश | प्रमुख व्यवस्थापनका उपायहरू |
|---|---|
| जापान | बाँदरको सङ्ख्या निगरानी र विद्युतीय छेकबार (Electric Fencing) समस्या सिर्जना गर्ने समूहको नियन्त्रण र समुदायमा आधारित निगरनी प्रणाली । |
| भारत | नसबन्दी (Sterilization Program), बाँदरको स्थानान्तरण (Translocation) बाँदरको विशेष पार्क वा मंकी पार्क (Monkey Park) स्थापना |
| चीन | वनमा प्राकृतिक खाद्य स्रोत व्यवस्थापन र बस्ती नजिक खाद्य फोहोर नियन्त्रण मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम |
| थाइल्याण्ड | Monkey Feeding Control Policy,<br>पर्यटकीय क्षेत्रमा जनसङ्ख्या व्यवस्थापन र जनचेतना तथा पर्यटन व्यवस्थापन कार्यक्रम |
| नेपाल | विद्युतीय छेकबार (Electric Fencing), कुकुर ब्यवस्थापन, आवाजको प्रयोग, घुम्ती हेरालु, नियमित रखवारी |

**नेपालका लागि सिकाइः** जापानको समुदायमा-आधारित निगरानी, भारतको नसबन्दी कार्यक्रम, चीनको खाद्य स्रोत व्यवस्थापन तथा थाइल्याण्डको खाना खुवाउने नियन्त्रण नीति नेपालमा पनि स्थानीय सन्दर्भ अनुसार अपनाउन सकिने प्रभावकारी अभ्यासहरू हुन्। नेपालमा समुदायमा आधारित सामुदायिक वन व्यवस्थापन जस्तै समुदायमा आधारित बाँदर व्यवस्थापन प्रणाली विकास गर्न सके प्रभावकारी हुन सक्छ।

**नेपालका लागि सम्भावित बाँदर व्यवस्थापनका रणनीतिहरू**

**१. तत्काल (Immediate): १-२ वर्ष**

**क्षति न्यूनीकरण र किसान राहतमा केन्द्रित**

- प्रभावित क्षेत्रहरूको द्रुत पहिचान र जोखिम नक्साङ्कन (Risk zone identification and mapping)।
- समुदायस्तरमा सामूहिक पहरा र बाँदर खेदाइ अभियान सञ्चालन ।
- सौर्य तथा कम भोल्टेज विद्युतीय बारको परीक्षण र विस्तार।
- बाँदर भगाउने ध्वनि, प्रकाश, डमी चितुवा-बाघ, एयर क्यानन तथा अन्य गैर-घातक प्रविधिको प्रयोग।
- बाँदरलाई मन नपर्ने बाली (अदुवा, बेसार, खुर्सानी, लेमनग्रास, टिमुर, कागती आदि) को प्रवर्द्धन।
- धार्मिक स्थल तथा पर्यटकीय क्षेत्रमा बाँदरलाई खाना खुवाउने कार्य नियन्त्रण।
- किसानका लागि राहत कोष र आकस्मिक क्षतिपूर्ति व्यवस्था।
- स्थानीय सरकार, वन कार्यालय, सुरक्षा निकाय र समुदायबीच संयुक्त सहभागितामा मानव बाँदर द्वन्द्व व्यवस्थापन तथा द्रुत प्रतिक्रियाका लागि संयुक्त समन्वय समिति गठन गरी क्षमता विकास गर्ने, कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- सिन्धुपाल्चोक लगायतका क्षेत्रमा परीक्षण गरिएका चितुवाको फोटो, नक्कली शिकारीको आकृति, तथा भोटे कुकुरजस्ता स्थानीय उपायहरूको वैज्ञानिक मूल्याङ्कन र उपयुक्त स्थानमा प्रयोग।

## २. मध्यकालीन (Medium-Term): ३-५ वर्ष

- जनसङ्ख्या व्यवस्थापन र वासस्थान सुधारमा केन्द्रित राष्ट्रियस्तरमा बाँदरको गणना र (Population Census and carrying capacity determination) र नियमित अनुगमन ।
- उच्च प्रभावित जिल्लाहरूमा बाँदर नसबन्दी (Sterilization Program) को परीक्षण र विस्तार ।
- वन क्षेत्रमा बाँदरका लागि प्राकृतिक खाद्य स्रोत तथा फलफूल प्रजातिको व्यवस्थापन ।
- "Monkey Buffer Zone" तथा वन कृषि संक्रमण क्षेत्रको विकास ।
- बाँदर प्रतिरोधी कृषि प्रणाली र कृषि विविधीकरण कार्यक्रम सञ्चालन ।
- कृषि बीमा तथा वन्यजन्तु क्षति बीमा कार्यक्रम लागू गर्ने।
- मानव-बाँदर द्वन्द्व सम्बन्धी अनुसन्धान तथा विश्वविद्यालय सरकार-सहकार्य विस्तार ।
- स्थानीय सरकारमार्फत प्रभावित समुदायलाई प्राविधिक तथा आर्थिक सहयोग ।
- देवघाट, पशुपतिनाथ, स्वयम्भूनाथ, मनकामना जस्ता उच्च प्रभावित धार्मिक क्षेत्रका लागि विशेष व्यवस्थापन योजना लागू ।
- बाँदरले नखाने खालका प्रजाति विकास गरी कृषि वन प्रणाली बिकास गर्ने ।

## ३. दीर्घकालीन (Long-Term): ५-१५ वर्ष

**नीतिगत सुधार र दिगो व्यवस्थापनमा केन्द्रित**

- राष्ट्रिय एकीकृत बाँदर व्यवस्थापन नीति (Integrated Monkey Management Policy) निर्माण र कार्यान्वयन गर्ने
- वन, कृषि, वातावरण तथा स्थानीय सरकारबीच समन्वित संस्थागत संयन्त्र स्थापना गर्ने
- बाँदरको सङ्ख्या, र व्यवहारको दीर्घकालीन वैज्ञानिक अनुगमन प्रणाली विकास गर्ने
- ग्रामीण कृषि पुनर्जीवन कार्यक्रम सञ्चालन गर्ने
- धार्मिक तथा सांस्कृतिक अभ्यासलाई संरक्षण र व्यवस्थापनसँग जोड्ने नीति विकास गर्ने

- मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई राष्ट्रिय विकास तथा हरित अर्थतन्त्रको एजेन्डामा समावेश गर्ने
- वन र कृषि उपजमा आधारित उद्यम विकास गरी स्थानीय रोजगारी सिर्जना गर्ने
- स्यानीय उत्पादनको बजारीकरण दिगो र प्रभावकारी बनाउने गर्ने
- अनुसन्धान, नवप्रवर्तन र आधुनिक प्रविधिमा आधारित वन्यजन्तु व्यवस्थापन प्रणाली विकास गर्ने।

नेपालमा अहिलेसम्मको तथ्याङ्क हेर्ने हो भने, बाँदरको क्रियाकलापले जति अन्य कुनै जैविक प्रकोपबाट पनि नोक्सानी पुगेको पाइँदैन । सर्वसाधारणलाई आफ्नो दैनिक जीवनयापन गर्न मुस्किल हुँदै गइरहेको छ, तर पनि यसको स्थायी समाधान हुन सकेको छैन। यसलाई मध्यनजर गर्दै स्थानीय तहको निर्वाचन पछि निर्वाचित जन प्रतिनिधिहरूले केही ठाउँमा यो प्रकोपबाट बच्न स्थानीय तहको कार्यक्रम नै राखेर बजेट पनि विनियोजन गरेका छन्। यो जटिल अवस्थाबाट मुक्त हुनलाई यस विषयका विज्ञ तथा राज्यको अगाडि यो बढ्दो चुनौतीका रूपमा देखा परेको छ। त्यसैले यस विषयलाई पनि राज्यका एजेन्डामा राखी अगाडि छलफल बढाई कार्यन्यवन गर्ने रणनीति बनाउन जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्री


Aryal, K., & Chalise, M. K. (2013). Human-monkey interface in Arkhale and Nayagaun, Gulmi, West Nepal. Nepalese Journal of Zoology, 1, 30-40.

Bornfeldt Persson, A. (2024). Monkeys and policies: A study of human-wildlife conflicts in the mid-hill districts of Nepal [Master's thesis, Swedish University of Agricultural Sciences]. SLU Epsilon.

Joshi, M., Bista, M., & Awasthi, B. (2025). Human-monkey conflict and community responses in Bheemdatta and Bedkot Municipalities, Kanchanpur, Nepal. Api Journal of Science, 2(1), 88-96. https://doi.org/10.3126/ajs.v2i1.87998

Khatri, D., Paudel, D., Poudyal, B. H., Khatri, S., Poudel, D. P., & Marquardt, K. (2024). Examining socio-ecological transitions and new human-wildlife relations in farming

landscapes of the Nepal Himalaya. Journal of Agrarian Change, 24(4), e12594. https://doi.org/10.1111/joac.12594

Lamichhane, B., & Lamichhane, B. (2024). A story of farmer-monkey interactions towards their effects on semi-urban migration and livelihood. Journal of Population and Development, 5(1), 18-31. https://doi.org/10.3126/jpd.v5i1.67532

Liu, Y. (2022). Living in the Animal/Human Borderland: Human-Macaque Relationships in Chitwan, Nepal (Master's thesis, San Diego State University).

Pokhrel, P. (2020). Human-Rhesus Macaque Conflict along the Daraudi River Basin Gorkha District, Nepal (Doctoral dissertation, Department of Zoology).

Aryal, K., & Chalise, M. K. (2013). Human-monkey interface in Arkhale and Nayagaun, Gulmi, West Nepal. Nepalese Journal of Zoology, 1, 30-40.

Bornfeldt Persson, A. (2024). Monkeys and policies: A study of human-wildlife conflicts in the mid-hill districts of Nepal (Master's thesis, Swedish University of Agricultural Sciences). SLU Epsilon.

Food and Agriculture Organization. (2021). Human-wildlife conflict and coexistence: Guidelines and policy recommendations. FAO.

Joshi, M., Bista, M., & Awasthi, B. (2025). Human-monkey conflict and community responses in Bheemdatta and Bedkot Municipalities, Kanchanpur, Nepal. Api Journal of Science, 2(1), 88-96. https://doi.org/10.3126/ajs.v2i1.87998

Khatri, D., Paudel, D., Poudyal, B. H., Khatri, S., Poudel, D. P., & Marquardt, K. (2024). Examining socio-ecological transitions and new human-wildlife relations in farming landscapes of the Nepal Himalaya. Journal of Agrarian Change, 24(4), e12594. https://doi.org/10.1111/joac.12594

Lamichhane, B., & Lamichhane, B. (2024). A story of farmer-monkey interactions towards their effects on semi-urban migration and livelihood. Journal of Population and Development, 5(1), 18-31. https://doi.org/10.3126/jpd.v5i1.67532

Liu, Y. (2022). Living in the animal/human borderland: Human-macaque relationships in Chitwan, Nepal (Master's thesis, San Diego State University).

Ministry of Environment, Forest and Climate Change. (2023). Human-Monkey Conflict Management Guidelines. Government of India.

Pokhrel, P. (2020). Human-Rhesus macaque conflict along the Daraudi River Basin, Gorkha District, Nepal (Doctoral dissertation, Department of Zoology).

Rawlins, R. G., & Kessler, M. J. (1986). The Cayo Santiago macaques: History, behavior, and biology. State University of New York Press.

Southwick, C. H., & Siddiqi, M. F. (2011). Population management of rhesus macaques in South Asia. In Primate Conservation and Human Interactions in South Asia.

# दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ को विश्लेषण

**टंक नारायण श्रेष्ठ**
वन अधिकृत (आठौं तह),
वन निर्देशनालय, बागमती प्रदेश, हेटौडा

**विषय प्रवेश**

आर्थिक रूपमा लाभदायक, वातावरणीय रूपमा सुरक्षित तथा सामाजिक र सांस्कृतिक दृष्टिकोणबाट स्वीकार्य वन व्यवस्थापनलाई नै दिगो वन व्यवस्थापन भनिन्छ। वनको दिगो व्यवस्थापनका लागि वनसँग सम्बन्धित आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरूलाई उचित रूपमा सम्बोधन र सम्मान गर्नु आवश्यक हुन्छ।

वन व्यवस्थापन पद्धति, वातावरणीय पक्ष तथा जैविक विविधताको संरक्षण, वार्षिक वृद्धि तथा कटान, सुशासन, संस्थागत विकास, आर्थिक व्यवस्थापन, लाभांशको बाँडफाँट, सामाजिक परम्परा, निर्णय प्रक्रिया, वनस्रोत तथा निर्णय प्रक्रियामा पछाडि पारिएका समूहहरूको पहुँचजस्ता मुख्य पक्षहरूले नै वन व्यवस्थापन दिगो रूपमा भएको छ वा छैन भन्ने मूल्याङ्कन गर्न सकिने कुरामा सबैको सहमति हुन सक्छ (दाहाल, २०६६) ।

दुई दशकयता विश्वव्यापी रूपमा वन प्रमाणीकरणको अभ्यास तीव्र रूपमा बढ्दै आएको छ। सामान्य अर्थमा वन प्रमाणीकरण भनेको बजारमा बिक्रीका लागि ल्याइएका वनजन्य उत्पादनहरू कुनै निश्चित विधि वा पद्धति (सामान्यतया दिगो वन व्यवस्थापन) अनुसार उत्पादन भएका हुन् भन्ने कुरा निष्पक्ष तेस्रो पक्षबाट स्वतन्त्र रूपमा प्रमाणीकरण गरी उपभोक्तालाई त्यसबारे जानकारी गराउने प्रक्रिया हो (आचार्य र ढुंगाना) ।

नेपालमा आर्थिक वर्ष २०६७/६८ देखि वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयन हुँदै आएको छ। यस कार्यलाई कानुनी तथा प्राविधिक आधार प्रदान गर्न वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू गरिएको थियो। तर, विभिन्न परिस्थितिका कारण उक्त कार्यविधि खारेज भएपछि त्यसअन्तर्गत सञ्चालन भइरहेका देशव्यापी दिगो वन व्यवस्थापनका कार्यक्रमहरू प्रभावित भएका थिए। संघीयता कार्यान्वयनपछि बागमती, मधेश, लुम्बिनी, कर्णाली तथा कोशी प्रदेशहरूले वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई सहजीकरण

तथा नियमन गर्न दिगो वन व्यवस्थापन कार्यविधिहरू तर्जुमा गरी लागू गरेका छन् (पौड्याल, अहमद, सान्डिल्य र चन्द्रवंशी, २०२५)।

यसै सन्दर्भमा दिगो वन व्यवस्थापनलाई थप प्रवर्द्धन गर्न नेपाल सरकारले वि.सं. २०८१ मा दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड लागू गरेको छ। यस मापदण्डको उद्देश्य, मुख्य व्यवस्था, यसको प्रयोग कसले र कसरी गर्ने तथा यसको व्यावहारिक पक्षका बारेमा यस लेखमा चर्चा गर्ने प्रयास गरिएको छ।

**मापदण्ड के काममा प्रयोग गरिन्छ ?**

दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ अनिवार्य नभई स्वैच्छिक प्रकृतिको मापदण्ड हो। कुनै पनि वन व्यवस्थापकले आफूले अवलम्बन गरेको वन व्यवस्थापन दिगो छ वा छैन भन्ने मूल्याङ्कन गर्न यस मापदण्डको प्रयोग गर्न सक्छ। यस मापदण्डको प्रस्तावनामै वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन तथा प्रमाणीकरणका लागि यस्तो मापदण्ड आवश्यक रहेको उल्लेख गरिएको छ। सोही उद्देश्यले नेपाल सरकारले दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ तर्जुमा गरी लागू गरेको हो (वन तथा वातावरण मन्त्रालय, २०८१)।

**मापदण्ड कस्तो छ ?**

दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ प्रस्तावनाबाहेक जम्मा ३ परिच्छेद, १९ दफा र ८ अनुसूची समेटिएको मापदण्ड हो। यस मापदण्डमा ५ सिद्धान्त, २६ मापदण्ड, १०७ वटा सूचक तथा ती सूचकका १७३ प्रमाणहरू तालिकाबद्ध रूपमा प्रस्तुत गरिएका छन्।

**तालिका १ः सिद्धान्त, मापदण्ड, सूचक तथा प्रमाणहरूको सङ्ख्या**

| क्र.सं. | सिद्धान्त (संक्षिप्त) | मापदण्ड सङ्ख्या | सूचक सङ्ख्या (पूर्णाङ्क) | प्रमाण सङ्ख्या |
|---|---|---|---|---|
| १ | कानुन र सुशासन पालना | ६ | १८ | ३० |
| २ | लैंगिकता, समावेशीकरण र सांस्कृतिक मूल्यमान्यता | ७ | ३० | ४६ |
| ३ | उत्पादन र आर्थिक समृद्धि | ७ | ३८ | ६५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | वातावरणीय सुरक्षा | ४ | ९ | ११ |
| ५ | अनुगमन, अनुसन्धान र ज्ञान व्यवस्थापन | २ | १२ | २१ |
| | जम्मा | २६ | १०७ | १७३ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१

उपरोक्तानुसार सिद्धान्त, मापदण्ड र सूचकको सामान्य व्याख्या निम्न वमोजिम छन्ः

**सिद्धान्त**

जुन आधारभूत मान्यता वा अवधारणाले कुनै विषय, नियम वा कार्यलाई मार्गदर्शन गर्दछ, त्यसैलाई सिद्धान्त (Principle) भनिन्छ। अर्को शब्दमा, जुन आधारलाई अवलम्बन गरी कुनै नियम, नीति वा कार्य सञ्चालन गरिन्छ, त्यसैलाई सिद्धान्त भनिन्छ। यस मापदण्डमा सिद्धान्त भन्नाले वन व्यवस्थापनका मूल मान्यता (Values) तथा आदर्श (Ideals)लाई जनाउँछ। यी सिद्धान्तहरूको कार्यान्वयन र प्रभावकारिताको परीक्षण गर्न विभिन्न मापदण्ड, सूचक, प्रमाण तथा मूल्याङ्कनका आधारहरूको प्रयोग गरिन्छ।

**मापदण्ड**

सिद्धान्त कार्यान्वयन वा परिपालना भयो भएन भनी हेर्न मापनको लागि तय गरिएका चरण वा आधारहरूलाई मापदण्ड भनिन्छ । रूखमा छपान गर्दा कति वर्ग इन्चको घाउ कति वटा बनाउनु पर्दछ भन्ने कुरा छपानको मापदण्ड हो भने जस्तै दिगो वन व्यवस्थापन भयो भएन भनी हेर्न तय गरिएका विविध सिद्धान्तलाई परीक्षण गर्ने तथ्य नै मापदण्ड हो ।यसलाई सिद्धान्तको पालना भयो भएन भनी हेर्न प्रयोग गरिन्छ ।

**सूचक**

मापदण्डको उद्देश्य पूरा भए-नभएको मूल्याङ्कन गर्न अवलोकन, तथ्याङ्क सङ्कलन, मापन वा परीक्षणका लागि प्रयोग गरिने आधारलाई सूचक (Indicator) भनिन्छ। अर्थात्, सूचकले कुनै मापदण्ड वा व्यवस्थापनको अवस्था वस्तुनिष्ठ रूपमा मापन तथा मूल्याङ्कन गर्न सहयोग गर्दछ। उदाहरणका रूपमा, रूखको ठाडो अवस्थाको आकार जनाउन उचाइ मापन गरिन्छ भने ढलेको अवस्थाको आकार जनाउन लम्बाइ मापन गरिन्छ।

यस मापदण्डमा समाविष्ट प्रत्येक सिद्धान्तले समेट्ने क्षेत्रहरू (Coverage) यस प्रकार छन् :

**तालिका-२: दिगो वन व्यवस्थापन मापदण्डका सिद्धान्तहरूले समेट्ने क्षेत्रहरू**

| क्र.सं. | सिद्धान्त (संक्षिप्त) | समेट्ने क्षेत्रहरू |
|---|---|---|
| १ | कानुन र सुशासन पालना | वन व्यवस्थापक कानुन बमोजिम अधिकार प्राप्त निकाय हुनुपर्ने; वन अपराध नियन्त्रण गरी संरक्षणको उपायको अवलम्वन; वन पैदावार बिक्री, वितरण, ओसारपसारमा प्रचलित राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय महासन्धिहरूको पालना; प्रथाजनित व्यवस्था र परम्परागत अभ्यासको सम्मान र सम्बोधन; सुशासन प्रवर्द्धनको उपाय अवलम्वन; र वन व्यवस्थापन कार्य योजना कार्यान्वयनमा व्यवस्थापकको जवाफदेहिता रहने । |
| २ | लैंगिकता, समावेशीकरण र सांस्कृतिक मूल्यमान्यता | प्रभावित हुनसक्ने रैथाने आदिवासी जनजाति र स्थानीय तथा परम्पगरागत रूपमा आश्रित वनमा समुदायको पहुँच र वन पैदावार तथा वातावरणीय सेवाको उपयोगको अधिकारको पहिचान र सम्मान; समूह गठनमा लैंगिक तथा सामाजिक समावेशी र सहभागितामूलक प्रकृयाबाट पारदर्शी तरिकाले अभिलेखीकरण; वनक्षेत्रभित्रका विशेष सांस्कृतिक, आर्थिक र पर्यावरणीय महत्त्वका स्थानहरूको पहिचान र अभिलेखन; स्थानीय र परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको पहिचान, सम्मान, अभिलेखीकरण र सहमतिमा प्रयोग; वन व्यवस्थापनको निर्णय प्रकृयामा समूहका रैथाने-आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, वनमा आश्रित विपन्न समुदाय र परम्परागत उपभोक्ताहरूको समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित; तथा वन व्यवस्थापनका रोजगारी र प्रशिक्षणका अवसर बाँडफाँट लैंगिक समानता तथा सामाजिक समावेशीकरणको आधारमा हुनुपर्ने । |

| | | |
|---|---|---|
| ३ | उत्पादन र आर्थिक समृद्धि | वनस्रोत सर्वेक्षण र विश्लेषण गरी वनबाट उत्पादन हुने बस्तु र सेवाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन माग तथा वनको उत्पादन क्षमताको आधारमा वन व्यवस्थापनको दूरदृष्टि, लक्ष्य तथा उद्देश्य निर्धारण; व्यवस्थापनको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यसँग मेल खाने गरी वनको अवस्था, प्रजाति, पुनरूत्पादन र भू-धरातलीय स्वरूप अनुसार स्थानीय परम्परागत ज्ञान तथा अभ्याससमेत ध्यान दिई वन सम्वर्द्धन र व्यवस्थापनको सिद्धान्त अनुसार योजना तयार गरी कार्यान्वयन; वन व्यवस्थापन कृयाकलाप निर्धारणमा विविध प्रजाति तथा उमेर समूहको वन कायम हुनेगरी प्राकृतिक वा वृक्षारोपण विधिबाट पुनरूत्पादनको सुनिश्चितता; वनजन्य उत्पादन कानुन अनुरूप पारदर्शी ढङ्गले संकलन, भण्डारण, उपयोग र बिक्री वितरण; व्यवस्थापकले दायरा, उद्देश्य र क्षमता अनुरूप दीर्घकालीन वन व्यवस्थापनका लागि आवश्यक लागत आकलनको व्यवस्था; तथा प्रचलित कानुन बमोजिम उपभोक्ता समूहको एकल लगानी वा सार्वजनिक-सामुदायिक-साझेदारी, निजी तथा सहकारीमा वन उद्यम बिकास गर्नुपर्ने । |
| ४ | वातावरणीय सुरक्षा | वन व्यवस्थापकले वनक्षेत्रका दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजाति र तिनका वासस्थानको संरक्षणको प्रत्याभूति गर्नुपर्ने; प्राकृतिक जल वहाव क्षेत्र, जल पुनर्भरण क्षेत्र, ओसिलो क्षेत्र जस्ता संवेदनशील क्षेत्रको संरक्षण वा पुनर्स्थापना गर्ने कार्यहरू गर्नुपर्ने; काठ र गैरकाष्ठ वन पैदावारहरूको संकलन र निकासी गर्दा वातावरणीय क्षति कम हुनेगरी गर्नुपर्ने; र वन व्यवस्थापन योजना कार्यान्वयनका क्रममा हुनसक्ने संभावित जोखिम र जोखिम न्यूनीकरण तथा संरक्षणका उपायहरू पहिचान गरी व्यवस्थापन योजनामा समावेश गरी लागू गर्नुपर्ने । |

| | | |
|---|---|---|
| ५ | अनुगमन, अनुसन्धान र ज्ञान व्यवस्थापन | वन व्यवस्थापकले व्यवस्थापनका कृयाकलापहरूको प्रगति तथा उपलब्धिको साथै वन व्यवस्थापन योजनाको कार्यान्वयनबाट उत्पन्न हुने सामाजिक तथा वातावरणीय प्रभावहरूको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने; र राष्ट्रिय वा स्थानीय आवश्यकताको आधारमा अनुसन्धान प्लट स्थापना गरी अनुगमन, मापन, अभिलेखीकरण, विश्लेषण र ज्ञानको प्रसार गर्नुपर्ने । |

स्रोतः वन तथा वातावरण मन्त्रालय २०८१

## ४. अनिवार्य सिद्धान्त/मापदण्ड/सूचक

प्रामाणीकरणको प्रक्रियामा समावेश हुन व्यवस्थापकले पालना गर्नुपर्ने वा सान्दर्भिक हुनुपर्ने आधारभूत सिद्धान्त, मापदण्ड र सूचकहरू पनि यस मापदण्डमा तोकिएका छन्। जस्तैः यस मापदण्डमा ५ वटा सिद्धान्त रहे तापनि ४ वटा सिद्धान्त (क्रमशः १, २, ३ र ४) तथा ती सिद्धान्तअन्तर्गत तोकिएका ७ वटा मापदण्ड अनिवार्य छन्। ती मापदण्डहरू अन्तर्गत तोकिएका सूचक र प्रमाणहरू पनि अनिवार्य छन्।

यस मापदण्डमा सान्दर्भिक सूचकहरूमध्ये लागू हुने सूचकका लागि १ अंकका दरले बढीमा १०७ पूर्णाङ्क तोकिएको छ। सोही मापदण्डअनुसार व्यवस्थापकको मूल्यांकन गर्दा ६० प्रतिशतभन्दा कम अंक प्राप्त भएमा सुझाव मात्र दिइने, ६० प्रतिशतदेखि ८० प्रतिशतसम्म अंक प्राप्त भएमा दिगो वन व्यवस्थापनको प्रमाणपत्र मात्र दिइने र ८० प्रतिशतभन्दा बढी अंक प्राप्त भएमा लोगो प्रयोग गर्न पाइने गरी दिगो वन व्यवस्थापनको प्रमाणपत्र दिइने उल्लेख छ। उक्त प्रमाणपत्र वन तथा भू-संरक्षण विभागले दिने व्यवस्था रहेको छ।

मापदण्डमा व्यवस्था गरिएका अन्य प्रावधानहरूलाई निम्न वमोजिम प्रस्तुत गर्न सकिन्छः

- मापदण्डका सूचकहरू समावेश गरी कार्ययोजना तयारी र कार्यान्वयन गर्नुपर्ने व्यवस्था
- प्रमाणीकरणको कार्य वन तथा भू-संरक्षण विभागले आफैले वा विभागमा सूचीकृत कम्पनी वा फर्मले गर्ने गराउने व्यवस्था
- व्यवस्थापकले प्रमाणीकरण अधिकार पत्र र लोगो प्राप्तिको लागि डिभिजन वन कार्यालयमार्फत वा सिधै विभागमा निवेदन दिनुपर्ने वा दिनसक्ने व्यवस्था

- प्रमाणीकरण गर्ने कम्पनी वा फर्म वन तथा भू-संरक्षण विभागमा सूचीकृत हुनुपर्ने व्यवस्था
- सूचकहरूको मूल्यांकन विधिको व्यवस्था
- प्रमाणीकरण बापत लाग्ने खर्च व्यवस्थापकले व्यहोर्नुपर्ने व्यवस्था
- दिगो वन व्यवस्थापन प्रमाणपत्र प्राप्त व्यवस्थापकको वन पैदावार प्रयोगमा प्रवर्द्धनको व्यवस्था
- विभागबाट दिगो वन व्यवस्थापनको मूल्यांकनमा संलग्न हुने संस्था, कर्मचारी र सूचीकृत कम्पनीका लागि क्षमता बिकासको व्यवस्था
- प्रदेश वन निर्देशनालयमार्फत वा वन तथा भू-संरक्षण विभागले प्रमाणीकरण सम्पन्न वनको अनुगमन गर्ने व्यवस्था
- प्रमाणपत्रको अवधि चालु कार्य योजना अवधिभर र थप एक वर्ष रहने तथा त्यसपछि ६ महिनाभित्र प्रमाण पत्र लिनुपर्ने व्यवस्था
- मापदण्डका कुनै विषयमा विवाद भएमा वन तथा वातावरण मन्त्रालयलाई व्याख्या गर्ने अधिकार हुने व्यवस्था

## ५. दिगो वन व्यवस्थापनको प्रमाणीकरण कसले गर्नसक्छ ?

यस मापदण्डको दफा ९ अनुसार वन तथा भू-संरक्षण बिभागले दिगो वन व्यवस्थापनको प्रमाणपत्र दिनसक्ने व्यवस्था छ । अर्थात् वन तथा भू-संरक्षण विभागले प्रमाणीकरण गर्न सक्ने व्यवस्था छ । यसका साथै वन तथा भू-संरक्षण विभागमा सूचीकृत तेस्रो पक्ष (कम्पनी वा फर्म) ले समेत प्रमाणीकरण गर्नसक्ने व्यवस्था छ । मापदण्डको दफा ९ मा तेस्रो पक्षको संलग्नतालाई खासै स्वीकारिएको प्रतीत हुँदैन। यसलाई विकल्पमा राखिएको देखिन्छ ।

## ६. मापदण्डका सबल र दुर्बल पक्ष

### सबल

- मापदण्डले दिगो वन व्यवस्थापनलाई संस्थागत गर्न आधार प्रदान गरेको छ।
- दिगो वन व्यवस्थापन गरेको तथ्य के के सिद्धान्त, मापदण्ड, सूचक र प्रमाणहरूबाट पुष्टि गर्ने भन्ने प्रश्नको पनि उत्तर दिएको छ ।

- यो मापदण्ड स्वेच्छिक भएकोले वन व्यवस्थापकले अवलम्वन गर्ने-नगर्ने स्वयंले निर्णय गर्नसक्ने लचकता देखाएको छ ।
- दिगो वन व्यवस्थापनको प्रमाणपत्र प्राप्त वनको वन पैदावार प्रयोग गर्नु सरकार, नागरिक र समूहको कर्तव्य भएको भन्दै स्वदेशी तथा विश्वबजारमा त्यस्ता वनको उत्पादनको बिक्री प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

**दुर्बल**

- वन तथा भू-संरक्षण विभाग वा वन तथा वातावरण मन्त्रालय वा उस अन्तर्गतका निकायहरू वन व्यवस्थापक भूमिकामा छन् ।
- मापदण्डको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा वन तथा वातावरण मन्त्रालय आफैंले व्याख्या गर्ने अधिकार सुरक्षित राखेको छ ।
- वन तथा भू-संरक्षण विभाग वा वन तथा वातावरण मन्त्रालय सरकारी अङ्ग हुन् । अतः दिगो वन व्यवस्थापनको मापदण्ड सरकारले नै बनाएको छ भनौं। उसैले प्रमाण पत्र दिने व्यवस्था समेत छ । "वा" शब्दले तेस्रो पक्षको संलग्नतालाई ऐच्छिक बनाइएको छ । यसरी जसले मापदण्ड बनायो र वन व्यवस्थापन गर्यो, उसैले प्रमाणीकरण गर्ने र द्विविधा उत्पन्न भएमा उसैले व्याख्या गर्ने व्यवस्थामा स्वार्थको द्वन्द्वको गन्ध आउँछ । यस्तो अवस्थामा नेपाली उत्पादनको अन्तर्राष्ट्रिय मान्यता कमजोर हुने भय उत्पन्न हुन्छ। किनकि यस मापदण्डको उद्देश्य नेपालका वनको काष्ठ उत्पादनको अन्तर्राष्ट्रिय बजारमा बिक्री प्रवर्द्धन गर्ने भन्ने समेत छ ।
- मापदण्डमा वन बिभागमा सूचीकृत कंपनीले प्रमाणीकरण गर्ने भने पनि हालसम्म त्यस्ता कंपनी तयार भएको देखिँदैन । सूचीकृत भए पनि उनीहरूको क्षमता बिकासको कुरा बाँकी नै छ । उनीहरूलाई कसले मान्यता दिने ? त्यस्ता संस्था सूचीकृत भएर मात्र पुग्दैन, उनीहरूलाई प्रमाणीकरणको कार्य गर्नसक्ने योग्य र मान्यता प्राप्त निकाय भनी मान्यता दिनुपर्ने हुन्छ । वन प्राविधिक परिषद्मा दर्ता भएको व्यक्तिले पनि प्रमाणीकरण गर्नसक्ने भनेकोमा हालसम्म नेपालमा उक्त परिषद् अस्तित्वमा रहेको छैन।

- सार्वजनिक कार्यालय वा निकायहरूमा सामान आपूर्ति गर्ने आपूर्तिकर्ता (भेन्डर) पनि उक्त कार्यालयमा सूचीकृत हुनुपर्छ तर प्रमाणीकरण भनेको सामान आपूर्ति गर्ने काम जस्तो होइन । यो सार्वजनिक खरिद जस्तो मात्र पनि होइन ।

## उपसंहार

यो मापदण्ड दिगो वन व्यवस्थापनलाई संस्थागत गर्ने दिशामा एउटा राम्रो कानुनी आधार भए पनि यसको कार्यान्वयनमा केही चुनौती छन् । यो मापदण्ड बन बिभागले नै बनाएको छ, वन विभाग नै वन व्यवस्थापक पनि हो । उसैले प्रमाणीकरण प्रमाणपत्र दिने व्यवस्थाले अन्तर्राष्ट्रिय स्तरमा पाउने मान्यता कमजोर मात्र होईन, यसमा स्वार्थको द्वन्द्व आकर्षित हुन्छ तर दिगो रूपमा वन व्यवस्थापन भएको यकिन गर्न आन्तरिक प्रयोजनका लागि यो राम्रो अभ्यास हुन सक्दछ। मापदण्डलाई लागू गर्नुअघि यस कुरामा ध्यान दिई परिमार्जन गर्ने, वन प्राविधिक परिषद् छिटो गठन गर्ने, सरोकारवालाहरूको क्षमता बिकास गर्ने, कार्यविधि तर्जुमा गर्ने लगायतका कुरामा ध्यान दिनु वाञ्छनीय छ। वन तथा भू-संरक्षण बिभाग, वन तथा वातावरण मन्त्रालय वा समुदायमा आधारित वन व्यवस्थापकले आफूलाई आन्तरिक अनुगमनमा मात्र सीमित राख्दा र स्वतन्त्र र सक्षम तेस्रो पक्षबाट नै प्रमाणीकरण गराउँदा मापदण्डको साख बढेर जाने मात्र नभै नेपाली वन पैदावारको विश्वबजारमा साख समेत बढेर जानेछ।

## सन्दर्भ सामग्री

आचार्य, रामप्रसाद र ढुंगाना, हरिप्रसाद (वर्ष उल्लेख नभएको) । वन प्रमाणीकरण र जैविक विविधता संरक्षण।जैविक विविधता र जनजीविका जर्नल। पृष्ठः२९५-३१५ ।

दाहाल, नवराज (२०६६) । "दिगो वन व्यवस्थापन तथा वन प्रमाणीकरण" विषयक कार्यपत्र। मध्यमाञ्चल क्षेत्रीय वन तालिम तथा प्रसार केन्द्र, गोदाबरीबाट सञ्चालित वन प्रमाणीकरण तालिम (२०६६)।

पौड्याल, विष्णुहरि; अहमद, मञ्जुर; सान्डिल्य, मदन मोहन र चन्द्रवंशी, राकेश प्रसाद (२०२५ सन्) । Application of Silviculture in Natural Forests Management: Status, Gaps, Challenges and the Ways Forward विषयक कार्यपत्र। दोस्रो राष्ट्रिय वन सम्वर्द्धन गोष्ठी, २०२५ सन्।

वन तथा वातावरण मन्त्रालय (२०८१)।दिगो वन व्वस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं, नेपाल ।

वन विभाग (२०७१)। वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ ।नेपाल सरकार, वन बिभाग, बबरमहल, काठमाडौं, नेपाल ।

वन तथा वातावरण मन्त्रालय, बागमती (२०७९) । दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ । बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, मकवानपुर, नेपाल ।


# चुरे संरक्षणः एक परिचर्चा

**गणेश पौडेल**

सदस्य-सचिव, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

## परिचय

नेपालको तराईदेखि हिमालसम्म रहेका विभिन्न भौगोलिक क्षेत्रमध्ये हिमालय पर्वत श्रृङ्खलाको महाभारतदेखि दक्षिणी भागमा पूर्व-पश्चिम भई फैलिएर रहेको होचो र कमलो पहाडको रूपमा चुरे क्षेत्र रहेको छ । यसलाई शिवालिक (Siwalik) अथवा सब-हिमालय (Sub-Himalaya) पनि भन्ने गरिन्छ । यो पहाड करिव चार करोड वर्ष पहिले ग्रेगर थुप्रिएर बनेको Main Frontal Thrust (MFT) र Main Boundary Thrust (MBT) को बीचमा अवस्थित छ । नेपालको हिमालयमा पर्ने चुरे पर्वतका चट्टानहरू भौगर्भिक समयअनुसार मायोसिन (Miocene) युगको मध्य (आजभन्दा करिब १.५ करोड वर्ष पहिले) देखि प्लेइस्टोसिन (Pleistocene) युगको पछिल्लो समय (आजभन्दा करिब १० लाख वर्ष अघि) सम्मको कालखण्डबीच हिमालय पर्वत श्रृंखला अग्लिदै गर्दा हिमालय र हिमालयभन्दा पारि तिब्बती पठारबाट बगेर आउने नदीहरूले थुपारेका थेगरहरूबाट बनेको देखिन्छ ।




चित्र - १ः चुरे संरक्षण क्षेत्रको नक्सा

भौगर्भिक समयअनुसार मायोसिनको पछिल्लो युगदेखि थुप्रिन सुरु गरेका थेगरहरूले बनेका पत्रे चट्टानहरू भएकोले चुरे क्षेत्रमा पाइने चट्टानहरू पूरै खँदिलो भइनसकेको हुनाले छिट्टै क्षयीकरण हुने अवस्थामा छन् । यस क्षेत्रमा मुख्यतया बलौटे ढुङ्गा (Sandstone), माटे ढुङ्गा (Mudstone) र सङ्गुटिका (Conglomerate) पाइन्छन् । नेपालको पूर्वमा मेची नदीदेखि पश्चिम महाकाली नदीसम्म झण्डै ८०० किलोमिटरमा फैलिएर रहेको चुरे श्रृंखलाभित्र नदीले बनाएका खोंच तथा उपत्यकाहरू समेत पर्दछन् । यसको चौडाइ (उत्तर-दक्षिण) साधारणतया ठाउँअनुसार १० देखि ५० कि.मि. सम्म भएको पाइएको छ। चुरेले नेपालको कुल क्षेत्रफलको १२.७८% भू - भाग ओगटेको छ ।

सन् १९५० को दशकसम्म चुरे पहाड, दुन र भावर क्षेत्र औलोको कारणले सीमित बस्ती रहेकोले उक्त क्षेत्र प्राकृतिक रूपले संवेदनशील हुँदाहुँदै पनि वातावरणीय दृष्टिकोणले अखण्डित अवस्थामा थियो। औलो उन्मूलनका साथै पूर्व-पश्चिम राजमार्गको निर्माणसँगै यो क्षेत्रमा व्यापक बसोबास बढ्दै गयो । मानवीय क्रियाकलापको वृद्धि सँगसँगै वन विनाशका साथै चुरेका अन्य प्राकृतिक स्रोतको अत्यधिक दोहन हुन पुग्यो। हाल चुरे-तराई मधेश भू-परिधिमा देशको आधाभन्दा बढी (१,७४,९९,८४५, वि. सं.२०७८ को जनगणना अनुसार) जनता बसोबास गर्दछन् । यसरी मानवीय क्रियाकलापको चापले गर्दा यहाँको पारिस्थितिकीय प्रणाली बीचको सन्तुलन खस्किन गई यस क्षेत्रमा जैविक विविधता, वन पैदावार, कृषि भूमिको उत्पादकत्व आदिमा ह्रास आउनुका साथै तराई मधेशका उर्वर जमिनहरू पनि नदी कटान र तिनले ल्याएका थेग्रान (Sediments) थुप्रिई बगरमा परिणत भइरहेको प्रशस्त उदाहरणहरू भेटिन्छन्। यसरी एकातर्फ यो क्षेत्र भौगर्भिक रूपमा कमजोर रहेको र अर्कातर्फ मानवीय गतिविधिका कारण यसको संरक्षणमा चुनौती थपिँदै गइरहेको छ । त्यसका साथै हालसम्म यसको संरक्षणका लागि गरिएका विविध प्रयासका बाबजुद अपेक्षाकृत रूपमा सफलता हासिल गर्न सकिएको छैन । यस परिप्रेक्ष्यमा यो क्षेत्रको भौगर्भिक, जैविक, जलचक्रीय (Hydrologically), तथा पारिस्थितिकीय महत्वलाई ध्यान दिँदै सरोकारवालाहरूको सहभागितमा यसको संरक्षणलाई विशेष ध्यान दिनु आवश्यक छ ।

## चुरे संरक्षणका समस्याहरू

चुरे क्षेत्रमा एकातिर प्राकृतिक रूपमा कमजोर भौगर्भिक बनावट छ भने अर्कातर्फ यस क्षेत्रमा मानवीय कारणले गर्दा विभिन्न समस्याहरू देखा परिरहेका छन् । चुरेको कमलो भौगर्भिक

बनावटका कारण पहिरो लगायतका घटनामा वृद्धि भई भू-क्षय एक गम्भीर समस्याका रूपमा रहेको छ भने बढ्दो वन विनाश र वन क्षयीकरणले गर्दा भू-क्षयको दर झन् बढ्दै गइरहेको छ । चुरे पहाडी क्षेत्रमा भइरहेको भू-क्षयले तराई मधेशमा नदी किनार कटान, बाढी, डुबान र थिग्रीकरण बढ्दै गइरहेको र भावर क्षेत्रमा सतही पानीको अभाव भई समग्र तराई मधेश क्षेत्र नै मरुभूमीकरण हुने जोखिम रहेको छ । चुरे क्षेत्रको प्रभावकारी संरक्षण र व्यवस्थापन आवश्यक रहेकोमा यस क्षेत्रको संरक्षण तथा व्यवस्थापनसँग निम्न समस्याहरू रहेका छन्ः

- माथिल्लो तटीय र तल्लो तटीय क्षेत्रको अन्तर सम्बन्धबारे बुझाई र कार्यक्रममा कमी
- भावर क्षेत्रमा सतही पानीको अभाव र सुख्खा खडेरी
- वन व्यवसथापनको अभाव तथा वन पैदावारको अव्यवस्थित दोहन
- बढ्दो वन डढेलोका घटना
- अव्यवस्थित बसोबास, बसाँइसराइ
- खुला चरिचरन
- भू-क्षमता अमैत्री कृषि प्रणाली
- नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन् तथा दोहन
- वातावरण अमैत्री विकासका पूर्वाधार
- स्रोत व्यवस्थापनका लागि संस्थागत क्षमता र सु-शासनमा कमी ।

## संरक्षणका प्रयास

चुरे संरक्षणलाई नेपालका आवधिक योजनाहरूले विगतदेखि नै प्राथमिकता दिँदै आएका छन् । आठौं पञ्चवर्षीय योजनाकालदेखि चुरे क्षेत्रको संरक्षणमा विशेष जोड दिँदै आइएको छ । यसैअनुरूप यस क्षेत्रमा केही आयोजनाहरूको कार्यान्वयन सुरु भयो । कृषि क्षेत्रको दीर्घकालीन योजना (Agriculture Perspective Plan-1995) ले पनि चुरेको बिग्रंदो पारिस्थितिकीय अवस्थालाई विचार गर्दै भूमिगत जलस्रोत पुनरभण्डारणमा चुरे-भावर क्षेत्रको योगदान र यसले तल्लो तटीय क्षेत्रमा पार्ने असरहरूलाई पनि ध्यानमा राख्दै यस क्षेत्रको वन तथा जलाधार संरक्षण तथा

व्यवस्थापनमा जोड दिएको पाइन्छ । दशौं पञ्चवर्षीय योजनाकालमा सरकारले तराई भू-परिधिको अवधारणा अङ्गीकार गरी यस क्षेत्रको जैविक विविधता संरक्षण गर्न सकियोस् भन्ने दृष्टिले तराई भू परिधि रणनीति तथा कार्य योजनासमेत बनेको पाइन्छ । यसै अवधिमा यस क्षेत्रको समग्र संरक्षणको आवश्यकता र संवेदनशीलतालाई ध्यान दिँदै सरकारले चुरे क्षेत्रको कार्यक्रम रणनीति तयार गरेको अभिलेख पाइन्छ । यी नीति, रणनीति तथा योजनाहरूको सेरोफेरोमा रहेर चुरेका विभिन्न जिल्लाहरूमा विभिन्न समयमा कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । यस्ता प्रयासहरू साना-साना क्षेत्रमा सञ्चालन भएको र यिनले केही राम्रा सिकाइहरू दिए पनि समग्रमा समस्याको दाँजोमा ज्यादै न्यून प्रभाव पार्न सकेका छन् । चुरे क्षेत्रको बिग्रंदो वातावरणीय अवस्थाले गर्दा चुरे-तराई मधेश भू-परिधिमा पारेको प्रतिकूल प्रभावप्रति संवेदनशील भई नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनको सुरुवात गरेकोमा आर्थिक वर्ष २०७०/७१ देखि सोही कार्यक्रमलाई राष्ट्रिय गौरवको कार्यक्रमको रूपमा लिइएको छ । यतिले समेत अपेक्षित नतिजा आउन नसकेकोले नेपाल सरकारले २०७१ आषाढ २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरी सोही समितिमार्फत समग्र चुरे क्षेत्रको गुरुयोजना तयार गरी सो अनुरूप कार्यक्रम कार्यान्वयन भइरहेको छ । चुरे तराई-मधेश क्षेत्रको संरक्षणलाई योजनाबद्ध रूपमा सञ्चालन गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।०२।०४ को निर्णयअनुसार २० वर्षे चुरे तराई-मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना स्वीकृत भएको छ । गुरुयोजनाले निम्नलिखित दूर दृष्टि, लक्ष्य तथा उद्देश्य लिएको छ ।

**दूर दृष्टि (Vision)ः** संरक्षित तथा प्राकृतिक सन्तुलन सहितको चुरे-तराई मधेश दुन भू-परिधि, वातावरणीय वस्तु र सेवाको सततः प्रवाहसाथै आर्थिक समृद्धि ।


**लक्ष्य (Goal)ः** चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्वर्द्धन, गरिबी न्यूनीकरण एवम् समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुर्याउने ।

**उद्देश्य (Objective) १ः** भौगर्भिक, भौगोलिक अवस्था र पारिस्थितिकीय प्रणाली अनुकूल चुरे पहाड (खोंचसहित) र भावर क्षेत्रका प्राकृतिक स्रोतहरू (भूमि, पानी, वनस्पति र जैविक विविधता) को दिगो व्यवस्थापन सुनिश्चित गरी त्यहाँ बसोबास गर्ने व्यक्ति तथा समुदायको जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने ।

**उद्देश्य (Objective) २:** चुरे पहाड, दुन र तराई मधेशमा जल-उत्पन्न प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणका साथै वातावरणीय सेवा प्रवाहको निरन्तरता दिने ।

**उद्देश्य (Objective) ३:** गार्हस्थ ऊर्जा उपयोगमा सुलभताका साथै राष्ट्रिय वनबाट टाढा रहेका बासिन्दा (खासगरी तराई मधेश)लाई काठ, दाउरा र अन्य इन्धन स्रोतको उपयोगमा पहुँच वृद्धि गर्ने ।

गुरुयोजना कार्यान्वयनको लागि २० वर्षको अवधिमा २०७२ सालको मूल्यमा रु २ खर्ब ४९ अर्ब ७० करोड लगानी आवश्यक पर्ने अनुमान गरिएको थियो । सालबसाली रूपमा गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट र विनियोजित बजेटको विश्लेषण गर्दा आ.व. २०७४/७५ देखि हालसम्म करिब ११.५९ प्रतिशत बजेट मात्र विनियोजन भएको छ ।




चित्र - २: गुरुयोजनामा प्रस्तावित र विनियोजित बजेट

वि.सं. २०७१ सालमा राष्ट्रपति चुरे तराई-मधेश संरक्षण तथा विकास समिति गठन भए पश्चात् समितिले सघन रूपमा चुरे संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिरहेको छ । समितिले हालसम्म हासिल गरेका मुख्य -मुख्य उपलब्धिहरू तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ः हालसम्मका मुख्य मुख्य उपलब्धिहरू**

| क्र.सं. | मुख्य कार्यक्रम | इकाई | जम्मा |
|---|---|---|---|
| १ | गल्छी पहिरो तथा खहरे रोकथाम | गोटा | १५५५ |
| २ | नदी तथा खोला किनारा व्यवस्थापन | कि.मि. | ४३२.३८ |
| ३ | तारबार सहित बाँस तथा अन्य प्रजाति खरिद तथा रोपण | हेक्टर | १८४४.४४ |
| ४ | अति संवेदनशील क्षेत्र (HOT SPOT) संरक्षण | हेक्टर | १८९४.९५ |
| ५ | क्षतिग्रस्त सार्वजनिक भूमि पुनरुत्थान | गोटा | ४८३ |
| ६ | नदी उकास जग्गा संरक्षण तथा वृक्षारोपण | हेक्टर | ६४४ |
| ७ | नदी किनारा हरित पेटी विकास | हेक्टर | १६६ |
| ८ | नदी प्रणालीको खाली सार्वजनिक पर्ती जग्गामा वृक्षारोपण | हेक्टर | १९४५ |
| ९ | गुणस्तरीय बिरुवा तथा बीउ व्यवस्थापन | हजार | २९५४९.६० |
| १० | भूमिगत जल पुर्नभरण, पोखरी निर्माण तथा संरक्षण | गोटा | ६५७ |
| ११ | तालतलैया तथा सिमसार व्यवस्थापन | गोटा | १५९ |
| १२ | रेन वाटर रन अफ हार्वेस्टिंग ड्याम | गोटा | १७६ |
| १३ | पर्यापर्यटन प्रवर्द्धन र विकास | गोटा | १२० |
| १४ | जल पुनर्भरण / संरक्षण पोखरी निर्माण | वटा | ७६ |
| १५ | साना सिँचाई तथा सहकारी सिंचाई | गोटा | १३८१ |
| १६ | स्पर, स्टड तथा चेकड्याम निर्माण | गोटा | ८४६ |
| १७ | पानी मुहान संरक्षण तथा कुवा उत्खनन् | गोटा | ५४८ |

## अबको बाटो

चुरे क्षेत्र भौगर्भिक रूपमा कमजोर क्षेत्र रहेको र यसबाट प्रवाह हुने वातावरणीय सेवामा समग्र तराई मधेश क्षेत्रको अस्तित्व गाँसिएको हुँदा यस क्षेत्रको दिगो संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक छ । चुरे संरक्षण कार्यलाई संयोजन गर्नका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ । चुरे संरक्षण कार्यलाई संघ, प्रदेश तथा स्थानीय तहका नीति तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गरी गुरुयोजना बमोजिम आयोजना निर्माण र कार्यान्वयन गर्न पर्याप्त साधन स्रोतको व्यवस्था गर्दै तीनै तहका सरकारबाट चुरे संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । चुरे क्षेत्रमा सञ्चालन हुने विकास निर्माणका कार्यलाई अन्य क्षेत्रमा हुने जस्तो सामान्य रूपमा नलिई वातावरणीय पक्षलाई विशेष ध्यान दिई सञ्चालन गर्नुपर्दछ ताकि चुरे क्षेत्रमा त्यस्ता विकास निर्माणका कार्यबाट कम भन्दा कम वातावरणीय क्षति होस् । चुरे संरक्षणमा धेरै निकायहरूको सहकार्य आवश्यक पर्ने हुँदा सरोकारवाला तथा स्थानीय समुदायहरूको समन्वय र सहकार्यलाई बढावा दिई एकीकृत रूपमा कार्य सञ्चालन गर्नुपर्दछ। त्यस्तै चुरे क्षेत्र संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान तथा नमुना प्रदर्शन स्थलहरूको निर्माण तथा त्यसको सिकाइको प्रचार-प्रसार गर्नुपर्ने देखिन्छ । तराई मधेश क्षेत्रको मरुभूमीकरण रोक्ने एकमात्र उपाय भनेको चुरे संरक्षण रहेको हुँदा यस क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन आवश्यक रहेको छ ।

## सन्दर्भ सामग्री

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (२०७४). चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना, नेपाल सरकार, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (२०८१/०८२). राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम वार्षिक प्रगति प्रतिवेदन आ.व. २०८१/०८२, नेपाल सरकार, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर ।

# बागमतीमा प्रदेश राष्ट्रिय वन ऐनको विधेयक बनाउने फरक अभ्यासः समुदायमैत्री र व्यावहारिक कानुन बनाउने प्रयास

**भोला खतिवडा**

bholacofsun@gmail.com

## विषय प्रवेश

कानुन समुदायमैत्री हुनुपर्दछ। कानुनले गाँठो पार्ने हैन, परेको गाँठो फुकाउने हुनुपर्दछ भन्ने मान्यता रहेको हुन्छ। कानुन निर्माण र संशोधनका केही प्रकृया हुने गर्दछन्। नेपालका अधिकांश कानुन निर्माण र संशोधन गर्न एक खालको प्रकृया अपनाउने गरिन्छ । वृहत्तर छलफलमा खासै जाने गरेको पाइँदैन । तर बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयले प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को संशोधन प्रकृयालाई फरक ढंगले अगाडि बढाएको छ । नेपालमा नै फरक खालको तथा पहिलो अभ्यास भएको छ । विधेयकको मस्यौदा तयार गर्न अधिकारवाला संस्थाको प्रतिनिधित्वसमेत भएको एक कार्यदल गठन गरेको छ । त्यो कार्यदलले विभिन्न तहको छलफलबाट मस्यौदा तयार गर्यो र मन्त्रालयलाई बुझायो ।

## कार्यदल बनाएर विधेयकको मस्यौदा

२०८२ साल श्रावण २० गते प्रदेश सरकार नयाँ वन्यो। इन्द्र बहादुर बानियाँको नेतृत्वमा बनेको प्रदेश सरकारको वन तथा वातावरण मन्त्री भरत वहादुर केसीले जिम्मेवारी सम्हाल्नु भयो। अघिल्लो सरकारले प्रदेश राष्ट्रिय वन ऐन, २०७६ संशोधनको प्रकृया अगाडि बढाएको रहेछ। त्यो विधेयक फिर्ता लिएर नयाँ विधेयक बनाउने प्रकृयाको थालनी भयो। यसका लागि डा. सिन्धु ढुँगानाको संयोजकत्वमा वनक्षेत्रका अधिकारवाला संस्थाका पदाधिकारी, पूर्व तथा वहालवाला डिएफओ, कानुन विद्समेतको प्रतिनिधित्व रहेको एक कार्यदल गठन भयो। सो कार्यदलमा नागरिक संगठनहरूको तर्फवाट सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) बागमती प्रदेशका अध्यक्ष विनोद सापकोटा, उद्योग व्यवसायीको तर्फबाट वन पैदावार उद्योग

व्यवसायी महासंघ (फेनफिटका) माधवमणी हुमागाई र श्याम ढकाल, पूर्व डिएफओ वद्री कार्की र शिव सापकोटा, वहालवाला डिएफओ श्रद्धा सिग्देल, कानुनविद् उद्धव प्रसाद अधिकारी, कानुन अधिकृत रश्मी आचार्य र सदस्य सचिवमा मन्त्रालयका योजना महाशाखा प्रमुख अजयविक्रम मानन्धर रहनु भएको थियो।

सामुदायिक वनका प्रतिनिधि, डिएफओहरू लगायतका सँग परामर्शका साथ कार्यदलबीचमा ऐनका दफावार छलफल गरी पहिलो मस्यौदा तयार गरेको थियो । त्यस मस्यौदा माथि कबुलियती वन समूहका प्रतिनिधिहरू, जडीवुटी व्यवसायीहरूको छाता संस्थाहरूसमेतसँग परामर्श भयो । उहाँहरू सबैको सुझावलाई संगालेर विधेयकको तीनमहले तयार भयो। त्यस दस्तावेजलाई मन्त्रालयको वेभसाइटमा राखेर सबैसँग सुझावका लागि ७ दिनको समय दिएर आव्हान गर्यो। केही संस्था र व्यक्तिहरूले सुझाव समेत दिएका छन् ।

## स्थानीय सरकारसँग परामर्श

यसै बीचमा स्थानीय सरकारका प्रतिनिधिहरूसँग समेत परामर्श छलफल आयोजना भयो । त्यस छलफलमा बागमती प्रदेशभित्र रहेका सबै जिल्लाको प्रतिनिधित्व हुनेगरी स्थानीय सरकारका प्रमुख उपप्रमुखहरूलाई आमन्त्रण गरिएको थियो । यस परामर्शमा स्थानीय सरकारका प्रतिनिधिमूलक संगठनका बागमती प्रदेश संरचनालाई पनि खवर गरिएको थियो । यस क्रममा २ जना नगर प्रमुख, ४ जना गाउँपालिकाका अध्यक्ष, ६ जना उपप्रमुख र ६ जना गाउँपालिकाका उपाध्यक्षहरूको सहभागिता रहेको थियो ।

## प्रस्तावित विधेयकका मुख्य व्यवस्था

यो विधेयकको मस्यौदा तयार गर्दा संविधानलाई प्रमुख आधार मानिएको छ । संविधानले प्रदेश भित्रका राष्ट्रिय वनलाई प्रदेश तहको एकल अधिकारको सूचीमा राखेको हुँदा सो मर्मलाई आत्मसात् गरी विधेयक तयार गरिएको छ। प्रस्तावित विधेयकको मस्यौदामा केही महत्वपूर्ण विषयहरू समावेश भएका छन् ।

## वन संरक्षण क्षेत्रतर्फ

वन संरक्षण क्षेत्र घोषणा गर्दा स्थानीय तहको सहमति र स्थानीय समुदायको स्वतन्त्र, पूर्व सुसूचित सहमति लिनुपर्ने भन्ने व्यवस्था राखिएको छ। वन संरक्षण क्षेत्रमा पर्ने सामुदायिक वन

लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धति स्वायत्त रूपमा सञ्चालन हुने लेखिएको छ । वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि एक परिषद्को प्रस्ताव गरिएको छ । सो परिषद् सञ्चालनका लागि सामुदायिक वन समेतका प्रतिनिधिहरू बीचबाट समावेशी प्रकृतिको वढीमा २१ सदस्यसम्मको कार्यसमिति चयन गर्ने भनिएको छ । सो परिषद्मा वन संरक्षण क्षेत्र फैलिएको हरेक पालिकाले छनौट गरेका सम्बन्धित क्षेत्रको प्रत्येक पालिकाबाट एक जना पर्ने गरी वडा अध्यक्ष पदेन सदस्य (मताधिकार नहुने गरी) रहने र सम्बन्धित स्थानीय तहका प्रमुखहरू संरक्षक रहने व्यवस्था प्रस्ताव गरिएको छ । नेपालमा नैं पहिलोपटक यस्तो परिषद् सञ्चालनको लागि एक विधान तयार गरी डिभिजन वन कार्यालयमा दर्ता गर्ने व्यवस्था राखिएको छ । त्यसैगरी सामुदायिक वनहरूसमेत सँगको परामर्शमा तयार गरेको १० वर्षे वन संरक्षण क्षेत्र व्यवस्थापन कार्य योजना बनाई प्रदेश वन मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था राखिएको छ ।

### सामुदायिक वनतर्फ

खडा रुख नैं लिलाम गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । समूहबाहिर काठ बिक्री नगर्ने, समूहले संक्षिप्त कार्य योजना तयार गर्न सक्ने व्यवस्था लेखिएको छ ।३० हेक्टरभन्दा साना सामुदायिक वनहरू सबडिभिजन वन कार्यालयबाट हस्तान्तरण हुने र कार्य योजना परिमार्जनको अधिकार पनि सवडिभिजन कार्यालयको हुने भनिएको छ । स्वीकृत कार्य योजनाको अवधि समाप्त नहुँदै उपभोक्ता समूहले आवश्यकता महसुस गरेमा कार्य योजना संशोधन गर्न सक्ने र सोको लिखित जानकारी वन कार्यालयमा दिनुपर्ने उल्लेख छ ।

सामुदायिक वन उपभोक्ता समूहले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी कार्य योजना विपरीत कुनै काम गरेमा वन फिर्ता हुन सक्ने र फिर्ता भएको वन प्रक्रियागत रूपमा समुदायलाई हस्तान्तरण गर्नुपर्ने भनिएको छ । सामुदायिक वनका कुनै उपभोक्ताले कार्य योजना विपरीत कुनै काम गरेमा सम्बन्धित उपभोक्ता समूहले स्वीकृत विधान र कार्य योजना बमोजिम सजाय गर्न सक्ने व्यवस्था राखिएको छ । अर्को महत्वपूर्ण कुरा अहिले असाध्यै झन्झटिलो रहेको विषय सजिलै सम्वोधन हुने भएको छ । सामुदायिक वनमा हावाहुरी वा डडेलो लगायतका प्रकोपबाट वन विनाश भई रुखहरू ढले वा सुकेको खण्डमा सम्बन्धित वडा प्रतिनिधिको रोहवरमा वन कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीले लगत संकलन गरी स्थानीय

व्यवस्थापन समितिको सिफारिसमा डिभिजनल वन अधिकृतको स्वीकृतिमा समूहले उपयोग तथा बिक्री वितरण गर्न सक्ने भनिएको छ ।

हरेक सामुदायिक वनले आर्थिक वर्ष सुरु भएको तीन महिनाभित्र प्रगति प्रतिवेदन डिभिजन वन कार्यालय, स्थानीय तह र सामुदायिक वन उपभोक्ता महासंघमा बुझाउनु पर्ने लेखिएको छ । हरेक सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्षभित्र कम्तीमा एकपटक साधारण सभा राख्नुपर्ने व्यवस्था गरिएको छ। जवकि यसभन्दा अघि आर्थिक वर्ष सुरु भएको तीन महिनाभित्र भनिएको थियो जुन व्यावहारिक थिएन । सामुदायिक वनको साधारण सभाबाट २१ सदस्य सम्मको कार्यसमिति बनाउन सकिने, सो कार्यसमितिमा कम्तीमा आधा महिला हुनुपर्ने, अध्यक्ष वा सचिव र उपाध्यक्ष वा कोषाध्यक्षमध्ये पनि एक-एक जना महिला हुनुपर्ने एवं समिति जातीय, लैङ्गिक, वर्गीय र उमेरमा समेत समावेशी हुनुपर्ने उल्लेख गरिएको छ ।

## वन उद्यम विकासतर्फ

सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्य योजना अनुसार वन उद्यम तथा पर्यापर्यटनका कामहरू समूह आफैंले वा समूह र स्थानीय तहसँगको सहकार्यमा वा समूह र सहकारीको साझेदारीमा वा समूह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रसँग करार गरी सञ्चालन गर्न सक्नेछ । सामुदायिक वन उपभोक्ता समूहले एकल वा साझेदारीमा उद्योग सञ्चालन गर्न चाहेमा व्यक्ति सरह उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रमा वन तथा पर्यापर्यटन व्यवस्थापनसँग सम्बन्धित उद्यम सञ्चालनका लागि दूरी सम्बन्धी प्रावधान नलाग्ने प्रावधान उल्लेख गरिएको छ । उपभोक्ता समूह आफैंले वा समूहका सदस्यले एकल वा सामूहिक रूपमा स्थापना र सञ्चालन गरेको वनसम्बन्धी लघु उद्यमको लागि रोयल्टी र संकलन खर्च मात्र भुक्तानी गरी वन पैदावर प्रयोग गर्न सक्ने भनिएको छ । यी व्यवस्थाहरू अहिलेसम्म कुनै कानुनमा नआएको नवीनतम व्यवस्था हो ।

## निजी रुख र काठतर्फ

निजी आवादीको खेतबारी कान्लामा उम्रेका वा रोपी हुर्केका साल लगायतका रुखहरू कटान गरी ओसारपसार तथा बिक्री वितरण गर्न पाइने व्यवस्था प्रस्ताव गरिएको छ । पुरानो घरमा प्रयोग भएको पुरानो काठको ओसारपसार गर्न मन्त्रालयले कार्यविधि तयार गरी खुल्ला गर्ने व्यवस्था लेखिएको छ ।

### विकासमा सहजीकरण

स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक सेवा वन मन्त्रालय अन्तर्गतका कार्यालयबाट उपलब्ध गराउन सकिने उल्लेख गरिएको छ । संघीय तहले निर्धारण गरेको राष्ट्रिय गौरवको योजना, प्रदेश र स्थानीय तहले मापदण्डसहित तयार गरेका गुरुयोजनामा उल्लेख गरेका योजनाहरूको रुख कटान गर्नुपर्ने भएमा सरल प्रक्रिया अपनाइने छ । संघीय तहका राष्ट्रिय गौरवको योजना, प्रदेश एवं स्थानीय तहका गुरुयोजनामा उल्लेख भएका मापदण्ड सहितका प्राथमिक योजना र नेपाल सरकारले तोकेको स्थानीय तहको केन्द्र स्थापना जस्ता योजना सञ्चालनका लागि नेपाल सरकारबाट वनक्षेत्र प्रयोगको स्वीकृति प्राप्त योजनाहरूमा भएका रुख कटान गर्नुपर्ने भएमा ५० वटासम्म रूख डिभिजन वन कार्यालयको समन्वयमा सबडिभिजन वन कार्यालयले, १०० वटासम्म डिभिजन वन कार्यालयबाट, ५०० सम्म निर्देशनालयबाट र सो भन्दा बढी भएमा मन्त्रालयबाट निर्णय गरी अविलम्ब कटान गर्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ ।

संरक्षण, व्यवस्थापन, उपयोग, सुशासन, महिला सशक्तीकरण एवं उद्यम विकासका सन्दर्भमा फेकोफन तथा फेनफिट लगायतका संस्थाहरूसँग सहकार्य गर्नसक्ने प्रावधान राखिएको छ । काठबाट बनेका खापा, चौकोस, टेबल, कुर्सीजस्ता तयारी वस्तुहरू उद्योगको बिल बिजकको आधारमा ओसारपसार गर्न सकिने विषय समावेश छ । मुख्य केही प्रजातिहरूको चिरान काठको अधिकतम खुद्रा मूल्य तोक्ने प्रावधान राखिएको छ । यो विषय पहिलो पटक ऐनमा राख्ने कोसिस भैरहेको छ ।

### कबुलियती वनतर्फ

विपन्नमुखी कबुलियती वन समूहमा आवद्ध रहेका विपन्न घरधुरीको अवस्थाको पुनरावलोकन गर्ने तथा सदस्य घटेमा थप्न मिल्ने व्यवस्था गरिएको छ । पर्यापर्यटन तथा उद्यम विकास कामहरू गर्न पाइने भनिएको छ । त्यसैगरी कबुलियती वनमा रहेको वन पैदावार बिक्री वितरणको प्रकृया सामुदायिक वनजस्तै गरिने व्यवस्था समेत प्रस्तावित विधेयकमा उल्लेख भएको छ ।

## प्रथाजनित अभ्यासलाई मान्यता

सामुदायिक वनहरूले कार्य योजना बनाउँदा तोकिएका विषयहरूबाहेक चौंरी पालन, भेडा पालन, माटाका भाँडा बनाउने, गोलपोल्ने, काठ तथा बाँसका सामग्री बनाउने, जंगली खानयोग्य वनस्पति, फलफूल तथा कन्दमूल संकलनजस्ता जीविकोपार्जन क्रियाकलापका साथै आदिवासी जनजाति समुदायका प्रथाजनित अभ्यासहरू जस्तै अन्तिम दाहसंस्कार लगायत विभिन्न धर्मसंस्कृति सम्बन्धी पराम्परागत अभ्यासहरूसमेत समावेश गर्न सकिने विषयमा प्रस्तावित विधेयकमा समावेश गरिएको छ ।

## अपनत्व सहितको कानुन

यो विधेयक वन क्षेत्रसँग सम्बन्धित सकेसम्म सबै अधिकारवालाहरू सँगको प्रत्यक्ष सहकार्यमा तयार भैरहेको छ । विधेयक तर्जुमा गर्ने क्रममा परामर्शको प्रकृयामा संलग्न हुनु भएका आदिवासी जनजाति महासंघ बागमतीका पदाधिकारीले असाध्यै खुसी मान्नु भयो । उहाँहरूको एजेण्डा सम्वोधन भएको वताउनु भयो । त्यसैगरी कवुलियती वन समूह र महासंघका प्रतिनिधिहरूले पनि पहिलो पटक कानुन निर्माण प्रकृयामा संलग्न हुनु भएकोमा अचम्ममा पर्नु भएको थियो । जडीबुटी व्यवसायीहरूको छाता संगठनका पदाधिकारीसँगको छलफलमा वहाँहरू चासोपूर्वक सहभागी भई प्रस्तावित विधेयकमाथि सुझाव दिनु भएको थियो । फेकोफन बागमतीले पनि आफ्नो बैठकमा समेत छलफलको एजेण्डा वनाएको थियो । बरण्डाभार वन संरक्षण क्षेत्र परिषद्ले यसै विषयमा छलफल आयोजना गरी लिखित सुझाव दिएको थियो । कार्यदलको बैठकमा समुदायमा आधारित वन सहजकर्ता सञ्जाल नेपाल (कफ्सन) र साँझेदारी वन उपभोक्ता महासंघ नेपाल (एफोन) का अध्यक्षहरूलाई नैं आमन्त्रण गरी सुझाव लिइएको थियो । त्यसैगरी कतिपय संस्थाले सार्वजनिक सूचना अनुसार लिखित सुझावहरू समेत दिनु भएको छ । यसकारण यो विधेयक सबैले अपनत्व रहेको आभास हुन्छ ।

# सामुदायिक वनको पुनर्विचारः संरक्षणबाट रूपान्तरणतर्फ

**भोला भट्टराई**

nafannepal8@gmail.com

**सारांश**

यो लेखले नेपालको सामुदायिक वन व्यवस्थापनमा आएको रूपान्तरणलाई राजनीतिक पर्यावरण (Political Ecology) को दृष्टिकोणबाट विश्लेषण गर्दछ। यसले पारिस्थितिक अवस्था, सामाजिक संस्थाहरू र आर्थिक दबावबीचको सम्बन्ध कसरी परिवर्तन हुँदै गएको छ भन्ने कुरामा विशेष ध्यान दिन्छ। पछिल्ला वर्षहरूमा बजारमुखी तथा नवउदारवादी विकास नीतिहरूको प्रभावले वन शासन प्रणालीमा परिवर्तन ल्याएको देखिन्छ, जसले समुदायको सहभागिता, संस्थागत कार्यसम्पादन र वातावरणीय दिगोपनमा प्रभाव पारेको छ। उपलब्ध साहित्य र सन्दर्भगत विश्लेषणका आधारमा सामुदायिक वनले संरक्षण र जीविकोपार्जनमा महत्वपूर्ण योगदान दिए पनि सुशासनको कमजोरी, वन स्रोतको व्यापारीकरण र संस्थागत क्षमताको सीमितताले यसको प्रभावकारिता चुनौतीपूर्ण बनाएको देखिन्छ। त्यसैले पारिस्थितिक, सामाजिक र आर्थिक पक्षबीच सन्तुलन कायम गर्दै पारदर्शिता, जवाफदेहिता र समुदाय-केन्द्रित शासन प्रणाली सुदृढ गर्नु आवश्यक देखिन्छ।

मुख्य शब्दहरूः *सामुदायिक वन, राजनीतिक पर्यावरण, सुशासन*

**पृष्ठभूमि**

सन् १९७० को दशकमा विश्व बैंक, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) तथा अन्य अन्तर्राष्ट्रिय निकायहरूले हिमालय क्षेत्रमा तीव्र जनसङ्ख्या वृद्धि, वन फँडानी र बाढी-पहिरोसहित जमिनको माटो क्षयलाई गम्भीर समस्या माने। त्यसैगरी, अमेरिकी पत्रकार, वातावरण तथा विकाससम्बन्धी अनुसन्धानकर्ता एरिक पी. एकहोल्मले सन् १९७६ मा प्रकाशित Losing Ground: Environmental Stress and World Food Prospects (पर्यावरणीय दबाब र विश्व

खाद्य सम्भावनाबारे अध्ययन) पुस्तकमा नेपालका पहाडी क्षेत्रमा जनसङ्ख्या वृद्धिका कारण वन विनाश भएको, त्यसले माटो कटान बढाएको र अन्ततः गंगा-ब्रह्मपुत्र नदी प्रणालीमा ढुंगा, बालुवा (sediment) बढाएर भारत र बङ्गलादेशमा बाढी निम्त्याएको तर्क प्रस्तुत गरे। सन् १९७०-८० को दशकमा हिमाली तथा पहाडी क्षेत्रका वन-जंगलमा तीव्र रूपमा भएको विनाशलाई आधार मानेर विकास गरिएको हिमालयन डिग्रेडेसन थ्योरी (Himalayan Degradation Theory) लागू भएपछि ती क्षेत्रका समुदायमा एक प्रकारको डर र त्रास सिर्जना भएको थियो। उक्त सिद्धान्तले खासगरी स्थानीय समुदायलाई नै वन विनाशको मुख्य कारकका रूपमा चित्रित गरेको थियो (Eckholm, 1976; Ives & Messerli, 1989; Guthman, 1997; Hardin, 1968) ।

तर यस धारणा विपरीत, वन व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने उद्देश्यले सन् १९७० को दशकदेखि भारत, नेपाल लगायत विभिन्न विकासोन्मुख मुलुकहरूमा सहभागितामूलक वन व्यवस्थापनका विविध मोडेलहरू विकास हुन थाले। यी मोडेलहरू विभिन्न देशको सामाजिक, राजनीतिक तथा संस्थागत सन्दर्भअनुसार सामाजिक वन सामुदायिक वन, साझेदारी वन, सहभागितामूलक वन आदि नामले परिचित भए। यद्यपि, नाम र संस्थागत संरचनामा केही भिन्नता रहे पनि यी सबै व्यवस्थापन प्रणालीहरूको साझा उद्देश्य स्थानीय समुदायलाई वन संरक्षण, व्यवस्थापन तथा वनबाट प्राप्त लाभको वितरण प्रक्रियामा सहभागी गराई वन स्रोतको दिगो व्यवस्थापन सुनिश्चित गर्नु थियो (Palit,1996)। यही अवधिबाट भारत र नेपालका पहाडी समुदायहरूले वन संरक्षणतर्फ सक्रिय पहल थालेका उदाहरणहरू पनि देखिन्छन्।

भारतको उत्तराखण्डमा सुरु भएको चिप्को आन्दोलन र नेपालमा सुरु भएको सामुदायिक वन अभियान यसका महत्वपूर्ण आधारहरू हुन्। एकातिर वन विनाशप्रतिको चिन्ता र डर बढ्दै गयो भने अर्कोतिर स्थानीय समुदायले आफैं वन संरक्षणको जिम्मेवारी लिन थाले। यसले वन व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई मजबुत बनाउने आधार तयार गर्‍यो।

नेपालको सन्दर्भमा, २०४६ सालको जनआन्दोलनपछि बनेको सरकारले राष्ट्रिय वनलाई समुदायमा हस्तान्तरण गर्ने महत्वपूर्ण नीतिगत निर्णय गर्‍यो। त्यसपछि २०४९ सालको वन ऐन र २०५१ सालको वन नियमावलीमा सामुदायिक वनको स्पष्ट व्यवस्था गरियो, जसले यस अभियानलाई संस्थागत रूप दिएको देखिन्छ। त्यसयता सामुदायिक वन कार्यक्रम देशभर र विशेषगरी पहाडी क्षेत्रमा यसको व्यापक विस्तार भयो (Bhattarai, 2006)।

## अध्ययनको विधि र क्षेत्र

यो लेख तयार गर्ने क्रममा गुणात्मक (qualitative) अनुसन्धान विधि अवलम्बन गरिएको छ। अध्ययनका लागि प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरूबाट सूचना सङ्कलन गरिएको हो। प्राथमिक तथ्याङ्क गोरखा, बारा र मकवानपुर जिल्लाका छ वटा सामुदायिक वन उपभोक्ता समूहमा गरिएको अध्ययनमा आधारित छन्। प्राथमिक सूचना सङ्कलनका लागि आठ जना वन उपभोक्तासँग अन्तर्वार्ता गरिएको थियो। साथै, तीन वटा सामुदायिक वन उपभोक्ता समूहमा समूह-केन्द्रित छलफल गरिएको थियो। यी अन्तर्वार्ता तथा समूह छलफलबाट प्राप्त अनुभव, धारणा र विश्लेषणलाई यस लेखको प्रमुख आधारका रूपमा प्रयोग गरिएको छ।

प्राथमिक स्रोतबाट प्राप्त जानकारीलाई थप पुष्टि र विश्लेषण गर्न सामुदायिक वन, राजनीतिक पर्यावरण (political Ecology), नवउदारवाद, प्राकृतिक स्रोत व्यवस्थापन तथा वन सुशासनसँग सम्बन्धित प्रकाशित पुस्तक, अनुसन्धान लेख, सरकारी प्रतिवेदन, नीतिगत दस्तावेज तथा अन्य सान्दर्भिक साहित्यहरूको समेत समीक्षा गरिएको छ। यसरी अध्ययनबाट प्राप्त अनुभवजन्य तथ्य र प्रकाशित साहित्यलाई एकीकृत गर्दै सामुदायिक वन व्यवस्थापनमा देखिएका समकालीन परिवर्तन, चुनौती तथा अवसरहरूको विश्लेषण गरिएको छ।

## नतिजा र व्याख्या

### सामुदायिक वनको ऐतिहासिक विकासक्रम

सामुदायिक वनको अवधारणा कुनै एक देश वा निश्चित समयमा अचानक विकसित भएको होइन। यसको विकासक्रम स्थानीय समुदायको वनमाथिको परम्परागत अधिकार, परम्परागत वन व्यवस्थापनप्रतिको आलोचना तथा सहभागितामूलक विकासको अवधारणासँग जोडिएको छ। विश्वका विभिन्न समाजहरूमा स्थानीय समुदायले परम्परादेखि नै वन स्रोतको संरक्षण, उपयोग र व्यवस्थापन गर्दै आए पनि आधुनिक सामुदायिक वन व्यवस्थापनको अवधारणा सन् १९७० को दशकपछि विकसित भएको मानिन्छ (Arnold, 1992; Gilmour & Fisher, 1991)।

वि.सं. २०३० को दशकमा विश्वव्यापी रूपमा बढ्दो वन विनाश, ग्रामीण गरिबी, दाउरा तथा अन्य वनजन्य स्रोतको अभाव र वातावरणीय संकटले वन संरक्षणका परम्परागत केन्द्रीकृत नीतिहरूमाथि प्रश्न उठायो। यसै सन्दर्भमा स्थानीय समुदायलाई वन व्यवस्थापनमा सहभागी गराई संरक्षण र जीविकोपार्जनबीच सन्तुलन कायम गर्ने अवधारणाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त

गर्न थाल्यो (Eckholm, 1976)। विशेषगरी, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) ले सन् १९७८ मा Forestry for Local Community Development कार्यक्रम अघि सारेपछि वन व्यवस्थापनमा स्थानीय समुदायको सहभागितालाई अन्तर्राष्ट्रिय रूपमा संस्थागत गर्ने प्रयासले गति लियो (FAO, 1978)।

यस अवधारणालाई थप सैद्धान्तिक आधार प्रदान गर्ने क्रममा ओस्ट्रोमले साझा प्राकृतिक स्रोत (Common Pool Resources) को दिगो व्यवस्थापन स्थानीय समुदायद्वारा निर्मित संस्था, नियम र सामाजिक उत्तरदायित्वमार्फत प्रभावकारी रूपमा सम्भव हुने तर्क प्रस्तुत गरे। यसले राज्यको प्रत्यक्ष नियन्त्रण वा निजीकरण मात्र प्राकृतिक स्रोत व्यवस्थापनका प्रभावकारी विकल्प हुन् भन्ने स्थापित मान्यतालाई चुनौती दिँदै सामुदायिक वन व्यवस्थापनको सैद्धान्तिक आधारलाई थप सुदृढ बनायो (Ostrom, 1990)।

दक्षिण एसियामा सामुदायिक वन व्यवस्थापनको विकासमा भारतको चिप्को आन्दोलन तथा नेपालको सामुदायिक वन कार्यक्रमलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ (Guha, 1989; Hobley, 1996)। नेपालमा विशेषगरी पहाडी क्षेत्रमा तीव्र वन विनाश, जनसङ्ख्या वृद्धि तथा इन्धन, घाँस र काठको बढ्दो अभावका कारण वन संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य भएको निष्कर्ष निकालियो (Eckholm,1976; Ives & Messerli, 1989)। यसै पृष्ठभूमिमा वि.सं. २०३५ मा जारी पञ्चायती वन नियमावलीले स्थानीय समुदायलाई वन व्यवस्थापनमा सीमित अधिकार प्रदान गर्ने व्यवस्था गर्यो। त्यसपछि वन क्षेत्रको गुरुयोजना, २०४६ ले सामुदायिक वनलाई नेपालको वन व्यवस्थापन नीतिको केन्द्रबिन्दुका रूपमा स्वीकार गर्यो। यसलाई वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले कानुनी तथा संस्थागत आधार प्रदान गर्दै सामुदायिक वन उपभोक्ता समूहलाई स्वायत्त, स्थायी र अधिकारसम्पन्न संस्थाका रूपमा स्थापित गर्यो) HMGN, 1989; Forest Act, 1993; Forest Regulations, 1995)।

यसरी हेर्दा, नेपालमा सामुदायिक वनको विकास विश्वव्यापी सहभागितामूलक वन व्यवस्थापनको अवधारणाबाट प्रभावित भए पनि यसको संस्थागत विकास नेपालको विशिष्ट सामाजिक, राजनीतिक, आर्थिक तथा पर्यावरणीय सन्दर्भअनुसार क्रमिक रूपमा विकसित भएको देखिन्छ। सामुदायिक वनले वन संरक्षणसँगै स्थानीय सहभागिता, संस्थागत सुदृढीकरण, जीविकोपार्जन सुधार तथा प्राकृतिक स्रोतको विकेन्द्रीकृत शासन व्यवस्थालाई समेत प्रवर्द्धन गरेको छ (Gilmour & Fisher, 1991; Ojha et al.,2009)।

करिब तीन दशक (२०५० सालपछि) को अभ्यासलाई हेर्दा, नेपालको सामुदायिक वन व्यवस्थापनले उल्लेखनीय सफलता हासिल गरेको छ। वन क्षेत्रको संरक्षण, जैविक विविधताको जगेर्ना, स्थानीय स्रोत-साधनको दिगो उपयोग तथा समुदायको आर्थिक-सामाजिक सशक्तीकरणमा यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## सामुदायिक वन सफल हुनुका कारणहरू

कुनै पनि योजना वा कार्यक्रम सफल हुनुका पछाडि त्यस समयको परिवेश, राजनीतिक अवस्था, सामाजिक संरचना र आर्थिक आवश्यकताहरू जोडिएका हुन्छन्। नेपालको सामुदायिक वन कार्यक्रम पनि यस्तै सन्दर्भमा सफल भएको देखिन्छ।

सन् १९९० तिर नेपालका अधिकांश ग्रामीण परिवारको जीविकोपार्जन कृषि, पशुपालन तथा वन स्रोतमा आधारित थियो। त्यसबेला करिब ९० प्रतिशतभन्दा बढी जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्थे र उनीहरूको मुख्य आयस्रोत निर्वाहमुखी कृषि (Subsistence agriculture) थियो। कृषि प्रणाली, पशुपालन र वनबीच घनिष्ठ अन्तरसम्बन्ध रहेको थियो। वन केवल काठको स्रोत मात्र नभई ग्रामीण जीवन र उत्पादन प्रणालीको अभिन्न आधारका रूपमा रहेको थियो (Gilmour & Fisher, 1991; Malla, 2000)। खाना पकाउन आवश्यक दाउरा वनबाटै ल्याउनुपर्ने अवस्था थियो। कतिपय अवस्थामा जंगलमा पाइने साग-सब्जी, जस्तै सिस्नो, स्थानीय आहारको महत्वपूर्ण आधार थियो।

ग्रामीण परिवारको खाद्य सुरक्षाको मुख्य आधार आफ्नै खेतबारीमा उत्पादन हुने धान, मकै, कोदो, गहुँ, फापर, आलु तथा दलहन बाली थिए। यद्यपि अधिकांश पहाडी जिल्लामा वार्षिक खाद्यान्न उत्पादनले परिवारको आवश्यकता पूरा गर्न सक्दैनथ्यो। त्यसैले धेरै परिवार वर्षको केही महिना खाद्यान्न अभावको अवस्थामा बस्थे। यस्तो अवस्थामा मजदुरी, वनजन्य उत्पादनको संकलन तथा बिक्री, र स्थानीय स्रोतको उपयोगले जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याउँथ्यो (Arnold, 1992; Fisher, 1989)। त्यस समयमा ग्रामीण घरधुरीको प्रमुख ऊर्जास्रोत दाउरा (इन्धन काठ) थियो। विशेष गरी पहाडी क्षेत्रमा खाना पकाउने, पानी तताउने तथा जाडो मौसममा ताप्ने कार्यका लागि दाउरामाथि अत्यधिक निर्भरता थियो। वैकल्पिक ऊर्जाको पहुँच अत्यन्त सीमित भएकाले अधिकांश परिवारले दैनिक रूपमा नजिकका वनबाट दाउरा संकलन गर्थे। यसले वनमाथि ठुलो दबाब सिर्जना गरेको थियो (Eckholm, 1976; Malla, 2000)। त्यसैगरी, मानिसलाई आवश्यक पर्ने खर, दाउरा, भाटा, घोचा, स्याउला, काठ, जडीबुटी लगायतका

अधिकांश सामग्री वनमै निर्भर थिए। पशुपालनका लागि आवश्यक चरन क्षेत्र पनि वन नै थियो भने घाँस, पात र सोत्तर संकलन पनि वनबाटै गरिन्थ्यो। यसरी वन र मानव जीवनबीच अत्यन्तै घनिष्ठ सम्बन्ध रहेको थियो।

पशुपालन ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार थियो। गाई, भैंसी, बाख्रा तथा भेडापालनका लागि आवश्यक घाँस, सोत्तर तथा चरन क्षेत्रको प्रमुख स्रोत वन नै थियो। वनबाट ल्याइने सोत्तर गोठमा ओछ्याइन्थ्यो र गोबरसँग मिसाएर प्राङ्गारिक मल तयार गरिन्थ्यो। यही मल कृषि उत्पादनको प्रमुख उर्वरक भएकाले वन, पशुपालन र कृषि एकअर्कामा परस्पर निर्भर प्रणालीका रूपमा विकसित भएका थिए। रासायनिक मलको पहुँच सीमित भएकाले प्राङ्गारिक मल नै अधिकांश किसानको मुख्य उर्वरक थियो (Gilmour & Fisher, 1991; Ives & Messerli, 1989)।

वनबाट प्राप्त हुने अन्य स्रोतहरूमा घर निर्माणका लागि काठ, कृषि औजार बनाउन आवश्यक काठ, बाँस, लहरा, औषधीय वनस्पति, जंगली फलफूल, च्याउ तथा अन्य गैरकाष्ठ वन पैदावार पर्दथे। यी स्रोतहरूले घरायसी आवश्यकता पूरा गर्नुका साथै केही परिवारलाई अतिरिक्त आयआर्जन गर्ने अवसर पनि प्रदान गर्थे (Gilmour & Fisher, 1991; Arnold, 1992)।

यद्यपि, वि.सं. २०४७ तिर नेपालका धेरै वन क्षेत्र अत्यधिक दोहन, खुला चरिचरन, अनियन्त्रित दाउरा संकलन तथा कमजोर संस्थागत व्यवस्थापनका कारण क्षयीकरणको अवस्थामा पुगेका थिए। वनको गुणस्तर र उत्पादन क्षमता घट्दै जाँदा ग्रामीण समुदाय, विशेषगरी महिला र गरिब परिवारले दाउरा, घाँस तथा सोत्तर संकलन गर्न बढी समय र श्रम खर्च गर्नुपर्थ्यो। यसले उनीहरूको जीविकोपार्जन, खाद्य सुरक्षा तथा जीवनस्तरमा प्रतिकूल प्रभाव पारेको थियो (Eckholm, 1976; Ives & Messerli, 1989; Malla, 2000)।

यही सामाजिक-आर्थिक तथा पर्यावरणीय पृष्ठभूमिमा स्थानीय समुदायलाई वन संरक्षण, व्यवस्थापन तथा उपयोगको अधिकार प्रदान गर्ने सामुदायिक वन कार्यक्रमलाई नेपालको वन नीतिको प्रमुख रणनीतिका रूपमा अघि बढाइयो। यसको उद्देश्य वनको पुनर्स्थापनासँगै ग्रामीण समुदायको आधारभूत वनजन्य आवश्यकताको पूर्ति, स्थानीय सहभागिता अभिवृद्धि तथा दिगो जीविकोपार्जनलाई प्रवर्द्धन गर्नु थियो (Kanel, 2004)। यही गहिरो निर्भरताका कारण स्थानीय समुदायले वनको महत्व बुझेका थिए। वनको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्नका लागि उनीहरू संगठित भए र सामुदायिक वनको अवधारणाअनुसार यसको व्यवस्थापन गर्न थाले। स्थानीय सहभागिता,

स्वामित्वको भावना र प्रत्यक्ष लाभ प्राप्त हुने अवस्थाले सामुदायिक वन कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

## विकास र सामुदायिक वनबीच बदलिँदो सम्बन्ध

गाउँमा भौतिक पूर्वाधारको विकाससँगै नेपालका ग्रामीण जीवनशैलीमा संरचनात्मक परिवर्तन देखा पर्न थाले। विशेषगरी सडक, घर निर्माण तथा अन्य भौतिक पूर्वाधार विस्तारका क्रममा सिमेन्ट, रड, जस्ता, स्टिल लगायत आधुनिक निर्माण सामग्रीको उपलब्धताले परम्परागत आवास प्रणालीमा गहिरो रूपान्तरण ल्यायो। पहिले घर छाउन प्रयोग गरिने खर, पराल तथा काठका सामग्रीहरूको ठाउँ जस्तापाता र सिमेन्टमा आधारित संरचनाले लिन थाल्यो। यसले ग्रामीण भौतिक संस्कृति मात्र होइन, जीवनशैली र आकांक्षाहरू (aspirations) मा समेत उल्लेखनीय परिवर्तन ल्याएको देखिन्छ (Pelling, 2003; Liechty, 2003)।

यससँगै कृषि र पशुपालनमा आधारित परम्परागत जीविकोपार्जन प्रणाली क्रमशः कमजोर हुँदै गयो। श्रम-प्रधान कृषि प्रणालीबाट मानिसहरूको आकर्षण वैदेशिक रोजगारतर्फ बढ्दै गयो, जसले ग्रामीण अर्थतन्त्रलाई रेमिटेन्स-आधारित अर्थतन्त्र (remittance-based economy) तर्फ रूपान्तरण गर्‍यो। यस प्रक्रियाले ग्रामीण श्रम संरचना, पारिवारिक सम्बन्ध र स्थानीय उत्पादन प्रणालीमा समेत गहिरो प्रभाव पारेको छ (Adhikari & Hobley, 2011)।

यस परिवर्तनसँगै "विकास"लाई मुख्यतः भौतिक पूर्वाधार, उपभोग वृद्धि र बजार पहुँचको विस्तारका रूपमा बुझ्ने प्रवृत्ति समाजमा बलियो बन्दै गयो। बजारमुखी तथा कर्पोरेट विकास (market-led and corporate-driven development) को प्रभावले परम्परागत ज्ञान, सामाजिक मूल्य र प्राकृतिक स्रोतसँग जोडिएका सांस्कृतिक अभ्यासहरू क्रमशः कमजोर हुँदै गएको देखिन्छ (Shrestha, 1997; Nightingale, 2011)। यसले ग्रामीण समाजमा विकासप्रतिको एकांगी बुझाइलाई संस्थागत बनाएको छ।

यी परिवर्तनहरूको प्रत्यक्ष प्रभाव सामुदायिक वन व्यवस्थापन प्रणालीमा पनि देखिन्छ। प्रारम्भिक चरणमा समुदाय र वनबीचको सम्बन्ध अत्यन्त घनिष्ठ थियो, जहाँ वन दैनिक जीवनको अभिन्न हिस्सा'दाउरा, घाँस, सोत्तर, काठ, औषधीय वनस्पति तथा पशुपालनका लागि चरन क्षेत्रका रूपमा उपयोग हुन्थ्यो (Gilmour & Fisher, 1991)। तर हालका दशकहरूमा वैदेशिक रोजगार, वैकल्पिक ऊर्जा स्रोत (LPG, बिजुली), र बजार पहुँचको विस्तारसँगै स्थानीय वनमाथिको प्रत्यक्ष निर्भरता क्रमशः घट्दै गएको छ (Ojha et al., 2009)।

फलस्वरूप, वन क्षेत्रको भौतिक वृद्धि सकारात्मक देखिए पनि मानिस र वनबीचको दैनिक अन्तरक्रिया (human-forest interaction) कमजोर हुँदै गएको छ। सामुदायिक वन अब केवल जीविकोपार्जनको स्रोत मात्र नभई संस्थागत व्यवस्थापन, बजार-उन्मुख उत्पादन र संरक्षण-आधारित शासन प्रणालीतर्फ उन्मुख हुँदै गएको देखिन्छ। यसले सामुदायिक वनलाई "जीवन-आधारित प्रणाली"बाट "नीति-संस्थागत र बजारमा आधारित प्रणाली" तर्फ रूपान्तरण गरिरहेको छ (Paudel et al., 2012; Nightingale, 2011)।

## बजारमा आधारित विकासको प्रभाव र सामुदायिक सुशासन

बजारमा आधारित विकास, नव-उदारवादी आर्थिक नीतिको विस्तार, श्रम आप्रवासन तथा उपभोगमुखी जीवनशैलीको प्रभावसँगै नेपालको ग्रामीण समाज र सामुदायिक वन व्यवस्थापनमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ। राजनीतिक पर्यावरणका दृष्टिकोणले हेर्दा यी परिवर्तनहरू केवल आर्थिक वा वातावरणीय परिवर्तन मात्र होइनन्, यिनले शक्ति सम्बन्ध, स्रोतमाथिको पहुँच, संस्थागत अभ्यास तथा निर्णय प्रक्रियालाई समेत पुनर्संरचना गरिरहेका छन् (Bryant & Bailey, 1997; Harvey,2005)। नवउदारवादी नीतिले राज्यको प्रत्यक्ष भूमिकालाई सीमित गर्दै बजार संयन्त्र, निजी क्षेत्रको सहभागिता तथा प्राकृतिक स्रोतको आर्थिक उपयोगलाई प्राथमिकता दिन्छ। यसका कारण सामुदायिक वनलाई सामाजिक र सामुदायिक सम्पदाका रूपमा मात्र नभई आर्थिक अवसर र बजारसँग जोडिएको स्रोतका रूपमा हेर्ने प्रवृत्ति पनि बढ्दै गएको छ।

वन उपभोक्तासँगको कुराकानी (चैत्र ५,६ २०८२) का क्रममा अधिकांशले विगत दुई दशकमा कृषि श्रमको अभाव, वैदेशिक रोजगारी, शिक्षा तथा कृषि पेशाप्रतिको घट्दो आकर्षणका कारण धेरै खेतीयोग्य जमिन बाँझो बन्दै गएको बताएका थिए। उनीहरूका अनुसार खेती नगरी छोडिएको खेतीयोग्य जमिनमा प्राकृतिक रूपमा वन विस्तार भएको छ। वन क्षेत्र विस्तार हुनु संरक्षणको दृष्टिले सकारात्मक उपलब्धि भए पनि यससँगै जङ्गली जनावरहरूको सङ्ख्या र आवतजावत बढेकाले मानव-वन्यजन्तु द्वन्द्व पनि उल्लेखनीय रूपमा बढेको छ। राष्ट्रिय अध्ययनहरूले पनि वन क्षेत्र विस्तारसँगै मानव-वन्यजन्तु द्वन्द्व बढ्दो चुनौतीका रूपमा देखा परेको उल्लेख गरेका छन् (MoFE, 2021; FAO, 2020)। यसले वन विस्तार मात्र पर्याप्त उपलब्धि नभई त्यसको सामाजिक प्रभावलाई समेत समान रूपमा ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

गोरखाका वन उपभोक्तासँगको कुराकानी (चैत्र ५, २०८२) ले सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सक्रियतामा पनि ह्रास आएको देखायो। विगतमा नियमित रूपमा बैठक बस्ने, वार्षिक साधारण सभा गर्ने, श्रमदान गर्ने तथा सामूहिक निर्णय प्रक्रियामा सक्रिय रूपमा सहभागी हुने अभ्यास अहिले कमजोर हुँदै गएको अनुभव अधिकांश उपभोक्ताहरूले व्यक्त गरे। युवाहरूको वैदेशिक रोजगारी, कृषि पेशाबाट दूरी तथा गाउँबाट बसाइँसराइका कारण सामुदायिक नेतृत्व र स्थानीय उत्तरदायित्वमा समेत परिवर्तन आएको उनीहरूको धारणा थियो। कतिपय वन उपभोक्ताहरूले वन समितिहरूमा निर्णय प्रक्रिया सीमित व्यक्तिहरूमा केन्द्रित हुँदै गएको, आर्थिक पारदर्शितामा कमी आएको तथा आम उपभोक्ताको सहभागिता घटेको गुनासो पनि गरे। राजनीतिक पर्यावरणका अनुसार यस्ता परिवर्तनहरू प्राकृतिक स्रोतमाथिको शक्ति सम्बन्धमा आएको परिवर्तनसँग सम्बन्धित हुन्छन्, जहाँ निर्णय गर्ने अधिकार र स्रोतको पहुँच सबैका लागि समान रहँदैन (Nightingale, 2005)।

बारा र मकवानपुरका वन उपभोक्तासँगको कुराकानी (चैत्र ६, २०८२) का क्रममा सामुदायिक वनसँग सम्बन्धित सरोकारवालाहरूको चरित्रमा समेत परिवर्तन आएको स्पष्ट रूपमा देखियो। प्रारम्भिक चरणमा वन संरक्षण र व्यवस्थापनको नेतृत्व स्थानीय किसानहरूले गर्ने गरेका थिए। तर अहिले वन पैदावारको व्यावसायीकरण, वन उद्यमको विस्तार, बजारको माग तथा राजनीतिक प्रभावका कारण व्यवसायी, ठेकेदार तथा विभिन्न स्वार्थ समूहहरूको प्रभाव बढ्दै गएको वन उपभोक्ताहरूको धारणा थियो। उनीहरूका अनुसार वन व्यवस्थापनमा सामुदायिक हितभन्दा आर्थिक लाभ र राजनीतिक प्रभावलाई बढी महत्त्व दिने प्रवृत्ति विस्तार हुँदै गएको छ। नवउदारवादी विकास मोडेलले प्राकृतिक स्रोतलाई आर्थिक वस्तु (commodity) का रूपमा हेर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्ने भएकाले सामुदायिक वनभित्र पनि सामूहिक हितभन्दा बजार र नाफामुखी सोचले स्थान लिँदै गएको देखिन्छ (Harvey, 2005; McCarthy & Prudham, 2004)। राजनीतिक पर्यावरणले यस अवस्थालाई बजार, राज्य र स्थानीय शक्ति सम्बन्धको अन्तरक्रियाबाट उत्पन्न भएको परिवर्तनका रूपमा व्याख्या गर्छ।

संघीय शासन व्यवस्था लागू भएपछि वन व्यवस्थापनमा स्थानीय सरकारको भूमिका थप प्रभावकारी हुने अपेक्षा गरिएको थियो। तर तीनवटै जिल्लाका वन उपभोक्ताका प्रतिनिधिहरूसँगको कुराकानी (चैत्र २०८२) ले स्थानीय सरकार सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालाबीचको समन्वय र जिम्मेवारी अझै स्पष्ट हुन नसकेको देखायो। वन संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय सहभागिताभन्दा बजार, वन उद्यम तथा राजनीतिक

प्रभाव क्रमशः बढ्दै गएको अनुभव वन उपभोक्ताहरूले व्यक्त गरे। यदि यस अवस्थालाई समयमै सम्बोधन गर्न सकिएन भने सामुदायिक वनले विगत चार दशकमा हासिल गरेको सहभागितामूलक, समावेशी तथा समुदायमा आधारित व्यवस्थापनको विश्वसनीयता र उपलब्धिहरू क्रमशः कमजोर हुँदै जाने जोखिम रहनेछ। त्यसैले अब सामुदायिक वन व्यवस्थापनलाई केवल वन संरक्षणको विषयका रूपमा नभई शक्ति सम्बन्ध, सामाजिक न्याय, स्थानीय सहभागिता, सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राख्दै पुनर्संरचना गर्नु आवश्यक देखिन्छ। यसरी मात्र बजारको बढ्दो प्रभाव र नवउदारवादी दबाबबीच पनि सामुदायिक वनको मूल मर्म, अर्थात् स्थानीय समुदायको अधिकार, सहभागिता र स्रोतमाथिको न्यायपूर्ण पहुँचलाई दीर्घकालसम्म सुरक्षित राख्न सकिनेछ।

## पार्टी राजनीतिकरणमा सामुदायिक वन

राजनीतिक दृष्टिकोणले प्राकृतिक स्रोत व्यवस्थापनमा शक्ति सम्बन्ध, संस्थागत नियन्त्रण तथा स्रोतमाथिको पहुँचले महत्त्वपूर्ण भूमिका खेल्ने तर्क गर्छ (Bryant & Bailey, 1997)। यही सन्दर्भमा सामुदायिक वन व्यवस्थापनमा देखिएको अर्को महत्त्वपूर्ण परिवर्तन स्थानीय संस्थाहरूमा बढ्दो दलगत तथा शक्तिसम्बन्धी प्रभाव हो। वन उपभोक्तासँगको कुराकानीका क्रममा धेरैजसो सहभागीहरूले सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समिति, आमा समूह, कृषक समूह तथा अन्य समुदायमा आधारित संस्थाहरूमा राजनीतिक दलहरूको प्रभाव विगतको तुलनामा बढ्दै गएको धारणा व्यक्त गरेका थिए । उनीहरूका अनुसार कतिपय अवस्थामा संस्थाको नेतृत्व चयन, निर्णय प्रक्रिया र स्रोत परिचालनमा दलगत प्रभाव देखिन थालेको छ।

वन उपभोक्तासँगको कुराकानीका क्रममा केही सहभागीहरूले सामुदायिक वन उपभोक्ता समूहलाई स्थानीय राजनीतिक प्रभाव विस्तार गर्ने तथा आफ्ना कार्यकर्ता परिचालन गर्ने माध्यमका रूपमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको अनुभव पनि साझा गरेका थिए। उनीहरूका अनुसार यसले संस्थाहरूको स्वायत्तता, निष्पक्षता र समुदायप्रतिको उत्तरदायित्वमा नकारात्मक प्रभाव पार्न थालेको छ। राजनीतिक पर्यावरण सिद्धान्तका अनुसार प्राकृतिक स्रोतको व्यवस्थापनमा निर्णय गर्ने अधिकार सीमित शक्ति समूहमा केन्द्रित हुँदै जाँदा आम समुदायको सहभागिता, पहुँच र लाभ प्राप्त गर्ने अवसर क्रमशः खुम्चिँदै जान्छ (Nightingale, 2005; Bhattarai, 2026)।

यस्ता प्रवृत्तिहरूले सामुदायिक वनको सुशासनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। वन उपभोक्तासँगको कुराकानी (चैत्र ६, २०८ का क्रममा केही सहभागीहरूले वन समितिहरूमा

पारदर्शिता र जवाफदेहितामा कमी आएको, निर्णय प्रक्रिया सीमित व्यक्तिहरूमा केन्द्रित भएको तथा साधारण उपभोक्ताको सहभागिता घट्दै गएको गुनासो गरेका थिए। यस्तो अवस्थाले समुदायको विश्वास कमजोर बनाउनुका साथै वन संरक्षण तथा व्यवस्थापनका सरकारी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा समेत चुनौती उत्पन्न गर्ने उनीहरूको धारणा थियो। नवउदारवादी विकास नीतिका कारण स्थानीय संस्थाहरूमा बजार र राजनीतिक प्रभाव बढ्दै जाँदा सामुदायिक हितभन्दा व्यक्तिगत वा समूहगत स्वार्थले प्राथमिकता पाउने जोखिम बढ्ने कुरा विभिन्न अध्ययनहरूले पनि औँल्याएका छन् (Harvey, 2005; McCarthy & Prudham, 2004)।

यदि सामुदायिक वनलाई स्थानीय समुदायको साझा संस्था र सामाजिक सम्पदाका रूपमा संरक्षण गर्न सकिएन भने विगत चार दशकमा निर्माण भएको सामाजिक पुंजी, संस्थागत विश्वसनीयता तथा सहभागितामूलक वन व्यवस्थापनको आधार क्रमशः कमजोर हुँदै जाने जोखिम रहन्छ। त्यसैले सामुदायिक वन व्यवस्थापनलाई दलगत प्रभावबाट मुक्त राख्दै संस्थागत स्वायत्तता, पारदर्शिता, जवाफदेहिता, समावेशी सहभागिता र सामाजिक न्यायमा आधारित सुशासनलाई सुदृढ गर्नु अहिलेको प्रमुख आवश्यकता देखिन्छ।

## कस्तो कुरामा विवाद गर्दैछौं ?

नेपालको सामुदायिक वन व्यवस्थापन पछिल्ला दशकहरूमा निरन्तर बहस, नीति परिवर्तन र संस्थागत रूपान्तरणको प्रक्रियामा रहेको छ। राजनीतिक दृष्टिकोणले हेर्दा प्राकृतिक स्रोत व्यवस्थापन केवल प्राविधिक विषय मात्र नभई ज्ञान, शक्ति र राजनीतिक स्वार्थबीचको अन्तर्क्रियाबाट प्रभावित हुने प्रक्रिया हो (Bryant & Bailey, 1997)। यस सन्दर्भमा नेपालमा सामुदायिक वन व्यवस्थापनलाई समय-सान्दर्भिक रूपमा रूपान्तरण गर्ने विषयमा गहिरो नीति बहस भए तापनि, व्यावहारिक सुधार अपेक्षाकृत ढिलो देखिएको छ।

वन व्यवस्थापनमा सिल्भिकल्चर प्रणालीअनुसार गरिने व्यवस्थापनलाई "वैज्ञानिक वन" वा "दिगो वन व्यवस्थापन" भन्ने नामकरणकै विषयमा लामो समयसम्म विवाद केन्द्रित रह्यो। वन क्षेत्रका सरोकारवालाबीचको यो बहसले एक दशकभन्दा बढी समय नीति कार्यान्वयन र सुधार प्रक्रियामा अनावश्यक ढिलाई सिर्जना गरेको विभिन्न अध्ययनहरूले संकेत गर्छन् (Paudel etal., 2012 Ojha etal., 2009) यद्यपि दिगो वन व्यवस्थापन निर्देशिका र वैज्ञानिक वन व्यवस्थापनबीच व्यावहारिक रूपमा मौलिक भिन्नता सीमित रहेको तर्क पनि गरिएको छ । मुख्य चुनौती

प्राविधिकभन्दा बढी सुशासन, पारदर्शिता र उत्तरदायित्वसँग सम्बन्धित रहेको देखिन्छ।

प्राकृतिक स्रोत व्यवस्थापनमा देखिने विवादलाई केवल प्राविधिक मतभेदका रूपमा नभई शक्ति, ज्ञान र संस्थागत नियन्त्रणको संघर्षका रूपमा व्याख्या गरिन्छ (Nightingale,2005)। नेपालमा सामुदायिक वन व्यवस्थापन सन्दर्भमा पनि यस्ता बहसहरू प्रायः नीति, नामकरण र अवधारणात्मक व्याख्यामा सीमित हुँदा संरचनात्मक सुधार 'विशेषगरी सुशासन, पारदर्शिता र जवाफदेहिता' ओझेलमा परेको देखिन्छ।

अर्कोतर्फ, वन व्यवस्थापनमा नवप्रवर्तन र समसामयिक रूपान्तरण अपेक्षाकृत कमजोर देखिन्छ। बदलिँदो सामाजिकआर्थिक सन्दर्भ, श्रम आप्रवासन, बजार विस्तार तथा प्रविधिगत परिवर्तनका बाबजुद वन उपभोक्ता समूहहरूको सञ्चालन संरचना धेरै हदसम्म परम्परागत ढाँचामै सीमित रहेको देखिन्छ। यसले स्थानीय संस्थाहरूको प्रभावकारिता र अनुकूलन क्षमता कमजोर बनाएको छ (Agrawal & Ostrom, 2001 Ojhaetal., 2009)।

त्यसैगरी, पछिल्ला वर्षहरूमा कार्बन व्यापार, REDD+ तथा भुक्तानीआधारित संरक्षण जस्ता अवधारणाहरूले वन क्षेत्रलाई आर्थिककरण (commodification) तर्फ उन्मुख गराएका छन्। यद्यपि यसबाट वित्तीय अवसर सिर्जना हुने अपेक्षा गरिए पनि लाभ वितरण, अधिकार र पारदर्शितासम्बन्धी प्रश्नहरू अझै समाधान हुन सकेका छैनन् (paudel et al., 2015)।

चुरे संरक्षणजस्ता मुद्दाहरूमा देखिएको विवादले पनि स्रोत व्यवस्थापनमा विकास, संरक्षण र राजनीतिक अर्थतन्त्रबीचको द्वन्द्वलाई उजागर गर्छ। चुरे क्षेत्रलाई "राष्ट्रिय चासो" का रूपमा संरक्षण गर्ने नीतिगत प्रयास भए तापनि, बालुवा-गिट्टी उत्खनन, विकास परियोजना र स्थानीय जीवनयापनबीचको द्वन्द्व अझै कायम रहेको देखिन्छ (Upreti et al., 2018)। यसले वन तथा वातावरणीय नीति केवल प्राविधिक नभई गहिरो राजनीतिक आर्थिक संरचनासँग जोडिएको विषय हो भन्ने स्पष्ट गर्छ।

समग्रमा, नेपालमा सामुदायिक वन व्यवस्थापनको प्रमुख चुनौती नामकरण वा अवधारणात्मक बहसभन्दा बढी सुशासन, संस्थागत पारदर्शिता, उत्तरदायित्व र बदलिँदो सामाजिक आर्थिक सन्दर्भसँग अनुकूलन क्षमतामा केन्द्रित देखिन्छ। राजनीतिक पारिस्थितिकीको दृष्टिकोणले यी समस्याहरूलाई शक्ति सम्बन्ध, बजार विस्तार र राज्यसमुदाय बजार त्रिकोणको अन्तर्क्रियाबाट उत्पन्न संरचनात्मक चुनौतीका रूपमा बुझ्न सकिन्छ।

## अब के गर्ने त ? : सामुदायिक वन रूपान्तरणका मार्गहरू

समाजको राजनीतिक चेतना बदलिएको छ। गत सेप्टेम्बरमा भएको Gen Z युवाहरूको आन्दोलन र भर्खर सम्पन्न निर्वाचनले स्पष्ट संकेत दिएका छन् अब पुरानै शैलीमा काम, संगठन र नेतृत्व चल्दैन। यही सन्दर्भ सामुदायिक वनमा पनि लागू हुन्छ। अब वन व्यवस्थापनको सोच, संस्थागत संरचना र नेतृत्व तीनै तहमा रूपान्तरण अनिवार्य छ।

## नीतिगत प्रतिबद्धता र सामुदायिक वनको रूपान्तरण

नेपालको वन क्षेत्र जलवायु परिवर्तन न्यूनीकरण, कार्बन भण्डारण र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ। देशको ठुलो भू-भाग वन रहेकोले यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु लक्ष्यमा योगदान गर्ने सम्भावना उच्च छ (FAO, 2020; MOFE, 2021)। यस्तो सन्दर्भमा नेपालले राष्ट्रिय रूपमा प्रदूषण न्यूनीकरण, हरित विकास र दिगो वातावरणीय व्यवस्थापनसम्बन्धी प्रतिबद्धताहरू अघि सारेको देखिन्छ। यस्तो अवस्थामा अहिले सरकारको नेतृत्व सम्हालिरहेको राजनीतिक दलले आफ्नो घोषणापत्रमा ५०% प्रदूषण घटाउने प्रतिबद्धता लिएको सन्दर्भ निकै महत्वपूर्ण छ। तर यो लक्ष्य हासिल गर्न सामुदायिक वन व्यवस्थापनमा ठोस रूपान्तरण अपरिहार्य देखिन्छ।

नेपालमा वन व्यवस्थापन सुधारका लागि नीतिगत प्रतिबद्धता र संस्थागत पुनर्संरचनाका प्रयासहरू भइरहेका छन्। विशेषगरी नियुक्ति प्रक्रिया पारदर्शी, प्रतिस्पर्धी र योग्यतामा आधारित बनाउने विषयमा जोड दिइएको देखिन्छ। विगतमा चुरे संरक्षण, वन तथा वातावरणीय निकायहरू र अन्य प्राकृतिक स्रोत व्यवस्थापन संस्थाहरूमा नियुक्ति प्रक्रियाबारे विभिन्न प्रश्न उठ्दै आएका सन्दर्भमा, सुशासन सुधारका लागि पारदर्शी प्रणाली आवश्यक रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् (Upreti et al., 2018)। सरकारको १०० बुँदे प्रतिबद्धतामा राजनीतिक नियुक्तिलाई प्रतिस्पर्धी बनाउने कुरा पनि उल्लेख गरिएको छ। विगतमा चुरे संरक्षण क्षेत्र, प्रकृति संरक्षण कोष लगायत संस्थाहरूमा भएका नियुक्तिहरू बारम्बार विवादमा परेको सन्दर्भमा, यदि नयाँ सरकारले आफ्नो प्रतिबद्धता अनुसार पारदर्शी र योग्यतामा आधारित नियुक्ति प्रणाली लागू गर्न सकेमा सुधारको सम्भावना देखिन्छ।

त्यसैगरी, वन क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउने उद्देश्यले वन व्यवस्थापन र उपयोगसम्बन्धी नीति तथा कानुनहरूको पुनरावलोकन गर्ने घोषणा पनि सकारात्मक संकेत हो।

वन क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाउने उद्देश्यले वन व्यवस्थापन र उपयोगसम्बन्धी नीति तथा कानुनहरूको पुनरावलोकन गर्ने प्रयास पनि देखिन्छ। यसले वनलाई केवल संरक्षणको क्षेत्र नभई उत्पादन, रोजगारी र आर्थिक विकाससँग जोड्ने संकेत गर्छ। यद्यपि, प्राकृतिक स्रोतको अत्यधिक आर्थिककरण (commodification) ले सामाजिक असमानता र वातावरणीय जोखिम बढाउन सक्छ ।

वन व्यवस्थापनलाई उत्पादनशीलता र संरक्षणका आधारमा वर्गीकरण गर्ने अवधारणा (production forest vs protection forest) पनि नीति बहसको महत्वपूर्ण पक्ष हो। यस्तो वर्गीकरणले वन उपयोगलाई स्पष्ट बनाउन सहयोग गर्न सक्छ, तर यसलाई लागू गर्दा स्थानीय समुदायको अधिकार, पहुँच र सहभागिता कमजोर नहुने सुनिश्चित गर्न आवश्यक हुन्छ (Ostrom, 1990; Ojha et al., 2009)।

चुरे क्षेत्रको संरक्षणका लागि तीनै तहका सरकारको भूमिका र जिम्मेवारी समेटेर प्राधिकरण गठन गर्ने तथा थप जिम्मेवारी दिने प्रस्ताव सराहनीय देखिन्छ। साथै, जोखिमयुक्त क्षेत्रहरूलाई पूर्ण संरक्षण क्षेत्रको रूपमा घोषणा गरी संरक्षण गर्ने पहल पनि सकारात्मक कदमका रूपमा लिन सकिन्छ।

तर यो काम गर्दा आउने चुनौती पनि त्यति कम छैन। राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो आर्थिक नीतिलाई उदार अर्थतन्त्रको पक्षपाती भनी घोषणा गरेको छ। उदार अर्थतन्त्रको विषयमा वातावरणीय पक्षमा पार्टी कति गम्भीर छ भन्ने कुरा हेर्न बाँकी नै छ। अर्कोतर्फ, बजारमुखी अर्थतन्त्र र उदार आर्थिक नीतिको प्रभावले वन क्षेत्रलाई लगानी, व्यापार र राजस्व केन्द्रका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएको छ। यस्तो दृष्टिकोणले आर्थिक अवसर सिर्जना गरे पनि वातावरणीय संरक्षण, सामाजिक न्याय र स्थानीय अधिकारबीच सन्तुलन कायम गर्न चुनौती उत्पन्न गर्न सक्छ (Harvey, 2005)। त्यसैले वन व्यवस्थापनमा आर्थिक लक्ष्य र वातावरणीय उत्तरदायित्वबीच सन्तुलन कायम गर्नु अहिलेको प्रमुख नीति चुनौती हो।

वन व्यवस्थापन, संरक्षण र स्थानीय समुदायसँगको समन्वय जस्ता संवेदनशील पक्षमा उदार अर्थतन्त्रको प्राथमिकता संरक्षण र दिगो उपयोगबीचको सन्तुलनलाई चुनौती दिने खतरासँग जोडिएको छ। त्यसैले, आर्थिक लक्ष्य र वातावरणीय जिम्मेवारीबीचको सन्तुलन कायम गर्न राजनीतिक इच्छाशक्ति, नीति-निर्णय र कार्यान्वयनमा गम्भीरता अपरिहार्य छ।

## नेपालका सामुदायिक वनको रूपान्तरणका लागि सिफारिसहरू

राजनीतिक परिवर्तनले नेपालका सामुदायिक वन व्यवस्थापनमा नयाँ अवसर र चुनौती दुवै सिर्जना गर्ने सम्भावना राख्दछ। त्यसैले सामुदायिक वनको भविष्यलाई सामाजिक, वातावरणीय र आर्थिक तीनै पक्षबीच सन्तुलन कायम गर्ने रूपान्तरणात्मक प्रक्रियाका रूपमा हेर्न आवश्यक छ।

सामुदायिक वन व्यवस्थापनले स्थानीय समुदायको सहभागिता, अधिकार र सामाजिक सम्बन्धमा प्रत्यक्ष प्रभाव पार्दछ। वन उपभोक्ता समूहहरूलाई अझ समावेशी, पारदर्शी र उत्तरदायी बनाउनु आवश्यक छ। नेतृत्व चयनमा योग्यता, लैङ्गिक समावेशिता र सामाजिक न्याय सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ (Ostrom, 1990)। विद्यालय, युवा समूह र स्थानीय समुदायबीच सहकार्य बढाउँदा सामाजिक पुंजी (social capital) बलियो हुन्छ। साथै, निर्णय प्रक्रियामा वास्तविक उपभोक्ताको सहभागिता सुनिश्चित गर्नु सुशासनको आधार हो (Nightingale, 2005)।

वन व्यवस्थापनको मुख्य उद्देश्य जैविक विविधता संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण र पारिस्थितिक सन्तुलन कायम गर्नु हो। त्यसका लागि वनलाई संरक्षण वन, उत्पादनशील वन र संवेदनशील जैविक विविधता क्षेत्रका रूपमा वर्गीकरण गर्नु आवश्यक देखिन्छ। उत्पादनशील वनमा दिगो उपयोग, बाँझो वा कम उपयोग भएको क्षेत्रको पुनःउत्पादन तथा संवेदनशील क्षेत्रमा कडाइका साथ संरक्षण नीति लागू गर्नुपर्छ (FAO, 2020)। साथै, बायोमास उपयोग, हरित ऊर्जा उत्पादन र इको-टुरिज्मले वातावरणीय संरक्षणसँगै दिगो उपयोगमा योगदान गर्न सक्छ।

वन क्षेत्रलाई दिगो आर्थिक स्रोतका रूपमा विकास गर्न वनजन्य उद्यम, जडीबुटी उद्योग, इको-टुरिज्म र कार्बन सेवाको उपयोग आवश्यक छ। तर राजनीतिक पारिस्थितिकीले चेतावनी दिन्छ कि प्राकृतिक स्रोतको अत्यधिक आर्थिककरण (Commodification) ले सामाजिक असमानता र पहुँचमा असन्तुलन ल्याउन सक्छ (McCarthy & Prudham, 2004; Harvey, 2005)। त्यसैले आर्थिक उपयोग गर्दा स्थानीय समुदायको लाभ बाँडफाँट, रोजगारी सिर्जना र समान अवसर सुनिश्चित गर्नु अनिवार्य हुन्छ।

नेपालको सामुदायिक वनको भविष्य केवल संरक्षण वा आर्थिक उपयोगमा सीमित नभई सामाजिक न्याय, वातावरणीय दिगोपन र आर्थिक सन्तुलनमा आधारित हुनुपर्छ। यी तीनै

पक्षबीच सन्तुलन कायम गर्न नसके वन व्यवस्थापनले दिगो परिणाम दिन सक्दैन। त्यसैले अबको नीति दिशा स्पष्ट वर्गीकरण, समुदाय केन्द्रित शासन, पारदर्शिता, र बजार तथा संरक्षणबीच सन्तुलन कायम गर्ने दिशामा केन्द्रित हुनुपर्छ।

नीतिगत स्तरमा वन वर्गीकरण (Subsistence, production र conservation forest) स्पष्ट गर्ने, वन-पर्यटन तथा वन-ऊर्जा सम्बन्धी एकीकृत नीति निर्माण गर्ने र सुशासन सुधारलाई कानुनी रूपमा संस्थागत गर्ने आवश्यकता छ। संस्थागत स्तरमा वन उपभोक्ता समूहको पुनर्संरचना, विद्यालय-वन सहकार्य कार्यक्रम विस्तार, तथा स्थानीय तहमा वन उद्यम विकास इकाई स्थापना गर्न सकिन्छ। स्थानीय स्तरमा इको-ट्रेक, बायोमास ऊर्जा परियोजना, जडीबुटी तथा वनजन्य उद्यम सञ्चालन गरेर रोजगारी सिर्जना गर्न सकिन्छ। साथै, सामाजिक लेखापरीक्षण, डिजिटल रिपोर्टिङ र पारदर्शी निर्णय प्रणालीमार्फत सुशासन सुनिश्चित गर्न सकिन्छ।

## निष्कर्ष

नेपालको सामुदायिक वनको रूपान्तरण आजको अपरिहार्य आवश्यकता हो। यो रूपान्तरणलाई केवल संरक्षणको दृष्टिले होइन, बरु पारिस्थितिक (ecological), सामाजिक (social) र आर्थिक (economic) आयामहरूको एकीकृत परिवर्तनका रूपमा बुझ्न आवश्यक छ। पारिस्थितिक दृष्टिले वनको दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणलाई सुनिश्चित गर्दै वनमाथि बढ्दो दबाबलाई नियन्त्रण गर्नुपर्छ। सामाजिक दृष्टिले सामुदायिक वनलाई समावेशी, पारदर्शी र सहभागितामूलक संस्थाका रूपमा सुदृढ गर्दै स्थानीय समुदायको अधिकार, न्याय र सामाजिक पुँजीलाई मजबुत बनाउन आवश्यक छ। आर्थिक दृष्टिले वन क्षेत्रबाट राष्ट्रिय आय वृद्धि, रोजगारी सिर्जना र वनजन्य उद्यमको विकास गर्दै दिगो आर्थिक उपयोग सुनिश्चित गर्नु जरुरी छ। यी तीनै आयामबीच सन्तुलन कायम गर्न सकिए मात्र वनको नीतिगत सुधार, संस्थागत सुदृढीकरण र नेतृत्वमा रूपान्तरण प्रभावकारी बन्न सक्छ। यसरी मात्र वर्तमान सन्दर्भमा सामुदायिक वनको दिगो उपादेयता र भविष्य सुनिश्चित गर्न सकिन्छ।

## सन्दर्भ सामग्री

Agrawal, A., & Ostrom, E. (2001). Collective action, property rights, and decentralization in resource use in India and Nepal. Politics & Society, 29(4), 485-514.

Adhikari, B., & Hobley, M. (2011). Everyone is leaving—who will sow our fields? Migration, livelihoods and inequality in rural Nepal. IIED.Arnold, J. E. M. (1992). Community forestry: Ten years in review. Food and Agriculture Organization of the United Nations.

Bhattarai, B. (2006). Widening the gap between terai and hill farmers in Nepal: the implications of the New Forest Policy 2000. RECOFTC and East West Center.

Bhattarai, B. (2026). सामुदायिक वनको सुधार र रूपान्तरण. कान्तिपुर राष्ट्रिय दैनिक. eKantipur, February 19, 2026

Bryant, R. L., & Bailey, S. (1997). Third World Political Ecology. Routledge.

Eckholm, E. P. (1976). Losing Ground: Environmental Stress and World Food Prospects. W. W. Norton & Company.

Food and Agriculture Organization of the United Nations. (1978). Forestry for local community development (FAO Forestry Paper No. 7). FAO.

Food and Agriculture Organization. (2020). Global Forest Resources Assessment 2020: Main report. FAO. https://doi.org/10.4060/ca9825en

Fisher, R. J. (1989). Indigenous systems of common property forest management in Nepal (EAPI Working Paper No. 18). East-West Environment and Policy Institute, East-West Center.

Gilmour, D. A., & Fisher, R. J. (1991). Villagers, Forests and Foresters: The Philosophy, Process and Practice of Community Forestry in Nepal.

Government of Nepal, Ministry of Forests and Soil Conservation. (1989). Master plan for the forestry sector: Nepal. Ministry of Forests and Soil Conservation.

Government of Nepal. (1993). Forest Act, 1993 (Act No. 42 of 1993). Ministry of Law, Justice and Parliamentary Affairs.

Government of Nepal. (1995). Forest Regulations, 1995. Ministry of Law, Justice and Parliamentary Affairs.

Guthman, J. (1997). Representing Crisis: The Theory of Himalayan Environmental Degradation and the Project of Development in Post-Rana Nepal. Development and Change, 28(1), 45-69.

Guha, R. (1989). The unquiet woods: Ecological change and peasant resistance in the Himalaya. Oxford University Press.

Hardin, G. (1968). The tragedy of the commons. Science, 162(3859), 1243-1248. https://doi.org/10.1126/science.162.3859.1243

Harvey, D. (2005). A Brief History of Neoliberalism. Oxford University Press.

Hobley, M. (1996). Participatory forestry: The process of change in India and Nepal. Rural Development Forestry Study Guide 3. Overseas Development Administration.

Ives, J. D., & Messerli, B. (1989). The Himalayan Dilemma: Reconciling Development and Conservation. Routledge.

Kanel, K. R. (2004). Community forestry in Nepal: Achievements and challenges. Journal of Forest and Livelihood, 4(1), 55-63.

Liechty, M. (2003). Suitably modern: Making middle-class culture in a new consumer society. Princeton University Press.

Malla, Y. B. (2000). Impact of community forestry policy on rural livelihoods and food security in Nepal. Unasylva, 51(202), 37-45.

McCarthy, J. & Scott, P. (2004). Neoliberal nature and the nature of neoliberalism. Geoforum, 35(3), 275-283. https://doi.org/10.1016/j.geoforum.2003.07.003

Ministry of Forests and Environment. (2021). National Forest Inventory 2018. Government of Nepal.

Nightingale, A. J. (2011). Bounding difference: Intersectionality and the material production of gender, caste, class and environment in Nepal. Geoforum, 42(2), 153-162.

Nightingale, A. J. (2005). The experts taught us all we know: Professionalisation and knowledge in Nepalese community forestry. Antipode, 37(3), 581-604. https://doi.org/10.1111/j.0066-4812.2005.00505.x

Ojha, H., Persha, L., & Chhatre, A. (2009). Community forestry in Nepal: A policy innovation for local livelihoods (IFPRI Discussion Paper No. 00913). International Food Policy Research Institute.

Ostrom, E. (1990). Governing the commons: The evolution of institutions for collective action. Cambridge University Press.

Palit, S. (1996). Comparative Analysis of Policy and Institutional Dimensions of Community Forestry in India and Nepal. International center for Mountain Development. Kathmandu, Nepal. https://lib.icimod.org/records/1bm1h- 6x283/files/comparative%20analysis%20of%20Policy%20and%20Institutional%20Dimensions%20of%20Community.pdf?download=1

Paudel, N. S., Monterroso, I., & Cronkleton, P. (2012). REDD+ in Nepal: Policy and institutional implications. CIFOR.

Paudel, N. S., et al. (2015). REDD+ and forest governance in Nepal: Issues and challenges. (ForestAction Nepal report).

Paudel, N. S., Khatri, D. B., & Khanal, D. R. (2012). Forest governance in Nepal: A political economy analysis. (Policy report / working paper).

Pelling, M. (2003). The vulnerability of cities: Natural disasters and social resilience. Earthscan.

Shrestha, N. R. (1997). In the name of development: A reflection on Nepal. Himal Books.

Upreti, B. R., Sharma, S., & Basnet, J. (2018). Chure conservation and resource governance in Nepal. Kathmandu: NCCR/LI-BIRD studies.

# नेपालमा मध्यवर्ती सामुदायिक वनको अवस्था

**लब गुरागाई र विष्णु प्रसाद श्रेष्ठ**


राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## पृष्ठभूमि

नेपाल वन, वन्यजन्तु, वनस्पति र जैविक विविधताका लागि विश्वमा नै धनी मुलुकका रूपमा परिचित छ । तराई, पहाड र उच्च हिमालजस्ता भौगोलिक विविधताका कारण नेपालमा विविध प्रकारका हावापानी रहेका छन् । जसले गर्दा विविध हावापानी र तिनीहरूको समिश्रणमा हुर्कने र फष्टाउने पारिस्थितिक प्रणाली, वन वनस्पति र वन्यजन्तुहरूको विविधता पाइन्छ । उष्ण र समशीतोष्ण पारिस्थितिक प्रणाली देखि हिमाली पारिस्थितिक प्रणालीले थुप्रै वन्यजन्तु र वनस्पतिलाई आश्रय प्रदान गरेका छन् । जसले गर्दा नेपालका तराईक्षेत्रमा बाघ, एकसिंगे गैडा, हात्ती, घडियाल गोहीदेखि हिमालीक्षेत्रमा रेड पाण्डा, कस्तुरी मृग, हिउँचितुवा, डाँफे, मुनाल आदि पाइन्छन् र यी वन्यजन्तुहरू नेपालका गहना हुन् । नेपालमा ११८ किसिमका पारिस्थितिक प्रणालीहरू रहेका छन् ।

नेपालको वन्यजन्तु र जैविक विविधता संरक्षणका लागि २०३० सालमा पहिलो राष्ट्रिय निकुञ्जको रूपमा चितवन राष्ट्रिय निकुञ्जको स्थापनासँगै क्रमशः अन्य राष्ट्रिय निकुञ्ज तथा आरक्षहरू घोषणा र स्थापनामार्फत तराईदेखि हिमाली क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु र सबै किसिमका जैविक विविधताको संरक्षण कार्य गरिदै आएको छ । संरक्षित क्षेत्र स्थापनाको प्रसुरुवातीमा संरक्षित क्षेत्रहरूको संरक्षणमा जनतालाई टाढा राख्ने र मुख्य मुख्य ठुला प्रजातिहरूमा संरक्षण केन्द्रित रहेकोमा संरक्षणमा स्थानीय समुदायलाई सहभागिता गराउने उद्देश्यका साथ वि. सं. २०५२ सालमा नेपालको चितवन राष्ट्रिय निकुञ्जमा पहिलो पटक मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो । तत्पश्चात् क्रमशः संरक्षित क्षेत्र वरपरका प्रभावित क्षेत्रहरू (प्राकृतिक वासस्थान र मावनबस्ती समेत) समावेश गरी मध्यवर्ती क्षेत्र स्थापना गरी संरक्षण तथा व्यवस्थापनका कार्यहरू गरिदै आएका छन् ।

नेपालमा रहेका विभिन्न वन्यजन्तु, वनस्पति, जैविक विविधता र भू-दृश्यहरूको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले हालसम्म १३ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु आरक्ष, ६ वटा संरक्षण क्षेत्र र एउटा शिकार आरक्ष स्थापना भएका छन् भने १३ वटा निकुञ्ज/आरक्षहरूमा मध्यवर्ती क्षेत्र स्थापना भइसकेका छन् (चित्र नं. १) । छायानाथ राष्ट्रिय निकुञ्ज घोषणा भई कार्यालय स्थापना गरी प्रशासनिक एवं व्यवस्थापनको सुरुवाती हुने चरणमै रहेको छ । यी संरक्षित क्षेत्रहरूले नेपालको कुल क्षेत्रफलको २३.३९ प्रतिशत भू-भाग ओगटेको छ ।




चित्र १: नेपालका संरक्षित क्षेत्रहरू

जनता अलग्याउने (People exclusionary) र प्रजाति संरक्षण (Species conservation) गर्नेबाट सुरु भएको संरक्षण नीतिहरू हाल पारिस्थितिक प्रणाली संरक्षण (Ecosystem conservation), सहभागितामूलक संरक्षण (Participatory conservation) हुँदै भूपरिधि स्तरको संरक्षण (Landscape level approach) पद्धतिमुखी हुँदै गएका छन् ।

## मध्यवर्ती सामुदायिक वनको अवस्था

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले स्थानीय जनतालाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र मध्यवर्ती क्षेत्र हो भनी परिभाषित गरेको छ । मध्यवर्ती क्षेत्रमा मुख्यतया कृषि जमिन, निजी आवादी, गाउँ, बस्ती, खोलानाला, तालतलैया, वन क्षेत्र, सार्वजनिक वा पर्ती जमिन आदि रहेको पाइन्छ । मध्यवर्ती क्षेत्रका स्थानीय जनताले परम्परागत रूपमा उपभोग, संरक्षण र व्यवस्थापन गर्दै आएको वन क्षेत्रलाई मध्यवर्ती समुदायिक वन भनिन्छ । हाल नेपालमा ढोरपाटन शिकार आरक्ष बाहेक सबै संरक्षित क्षेत्रहरूमा समुदायमा आधारित मध्यवर्ती सामुदायिक वन व्यवस्थापनमार्फत स्थानीय जनताका वन पैदावारको आवश्यकता परिपूर्ति गरिँदै आएको छ ।

१२ वटा राष्ट्रिय निकुञ्ज र १ वटा वन्यजन्तु आरक्ष गरी जम्मा १३ वटा संरक्षित क्षेत्रमा मध्यवर्ती क्षेत्र घोषणा भएको र उक्त मध्यवर्ती क्षेत्रमा हालसम्म ८३२ वटा मध्यवर्ती सामुदायिक वनहरू रहेका छन् । ८३२ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरूले करिब १,३,४,०३७ हेक्टर वनको संरक्षण तथा व्यवस्थापन गर्दै आइरहेका छन् । ८३२ वटा मध्यवर्ती सामुदायिक वनहरूमा करिब १,५९,५३१ घरधुरी सम्मिलित रहेका छन् । संरक्षित क्षेत्र अनुसार मध्यवर्ती सामुदायिक वन, वनको क्षेत्र तथा घरधुरीहरूको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१ः मध्यवर्ती सामुदायिक वनको विवरण तालिका**

| क्र.सं. | संरक्षित क्षेत्रको नाम | मध्यवर्ती सामुदायिक वन | | |
|---|---|---|---|---|
| | | समूह सङ्ख्या | कुल क्षेत्रफल (हे.) | घरधुरी सङ्ख्या |
| १ | चितवन राष्ट्रिय निकुञ्ज | ७६ | १५,५६२.३३ | ५०,०६२ |
| २ | लामटाङ्ग राष्ट्रिय निकुञ्ज | ११७ | १८,४३६.४९ | १२,९१७ |
| ३ | सगरमाथा राष्ट्रिय निकुञ्ज | ९ | ४,२८९.०७ | ९७४ |
| ४ | रारा राष्ट्रिय निकुञ्ज | ४५ | ६,०६६.९१ | ४,४६० |
| ५ | बर्दिया राष्ट्रिय निकुञ्ज | १४६ | २०,१४१ | २६,३६१ |
| ६ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २४ | १२,०७५.५२ | २,५३२ |

| | | | | |
|---|---|---|---|---|
| ७ | खप्तड राष्ट्रिय निकुञ्ज | ७६ | ६,५७८ | ८,५३० |
| ८ | मकालु वरुण राष्ट्रिय निकुञ्ज | ९५ | २५,७१६.५ | ७,९५७ |
| ९ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | ६५ | १,१३७ | ४,९२५ |
| १० | बाँके राष्ट्रिय निकुञ्ज | ७१ | ९९९३ | १०,८६० |
| ११ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ४३ | ४१२०.६ | ११,२६० |
| १२ | पर्सा राष्ट्रिय निकुञ्ज | ४९ | ९७६३.३ | १६,४३८ |
| १३ | कोशीटप्पु वन्यजन्तु आरक्ष | १६ | १५७.६३ | २,२५५ |
| | जम्मा | ८३२ | १३४०३७ | १,५९,५३१ |

(स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०८२)

राष्ट्रिय निकुञ्ज र आरक्ष बाहेक ६ वटा संरक्षण क्षेत्रमा ३६१ वटा संरक्षण सामुदायिक वनहरू समुदायले व्यवस्थापन गरिरहेका छन् । जसमा ६२,८४९ घरधुरीहरूले ३६१,०८९ हेक्टर वनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्दै आएको देखिन्छ । संरक्षण क्षेत्रमा समुदायद्धारा व्यवस्थापन गरिएका वनहरूको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका-२ः संरक्षण क्षेत्रमा समुदायद्धारा व्यवस्थापन गरिएको वनको विवरण**

| क्र.सं. | संरक्षित क्षेत्रको नाम | सामुदायिक वन/समुदायमा आधारित वन व्यवस्थापन | | |
|---|---|---|---|---|
| | | कुल सङ्ख्या | कुल क्षेत्रफल | घरधुरी सङ्ख्या |
| १ | अन्नपूर्ण संरक्षण क्षेत्र | ५७ | १,१६१ | ३१,८७३ |
| २ | कञ्चनजङ्घा संरक्षण क्षेत्र | २५ | ६९,४२६ | १,४८६ |
| ३ | मनास्लु संरक्षण क्षेत्र | २६ | ७,९८१.७५ | २,१६१ |
| ४ | कृष्णसार संरक्षण क्षेत्र | १ | १०७.१ | १६१ |
| ५ | गौरीशंकर संरक्षण क्षेत्र | १०६ | २६७,१३३ | १५,२४९ |
| ६ | अपिनम्पा संरक्षण क्षेत्र | १४६ | १५,२८० | ११,९१९ |
| | जम्मा | ३६१ | ३,६१,०८९ | ६२,८४९ |

(स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०८२)

**मध्यवर्ती सामुदायिक वन सम्बन्धमा कानुनी व्यवस्था**

मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सिमानालाई मुख्य आधार बनाउनुका साथै राष्ट्रिय निकुञ्ज तथा आरक्षबाट प्रभावित हुन सक्ने क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा आरक्षको भौगोलिक अवस्थिति, राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्र पर्ने गाउँबस्ती तथा बस्तीहरूको अवस्थिति, मध्यवर्ती क्षेत्र व्यवस्थापनको दृष्टिकोणले सरल र व्यावहारिक हुन सक्ने क्षेत्रलाई बिचार पुर्याउनु पर्ने व्यवस्था मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम ३ मा उल्लेख छ । नियमावलीको नियम ८ मा मध्यवर्ती क्षेत्रका वन्यजन्तु, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत, जैविक विविधता, वनजंगलहरूको संरक्षण तथा सामुदायिक विकास र वन पैदावारको सन्तुलित उपयोग कार्यमा सघाउ पुर्याउन स्थानीय तहसँग समन्वय गरी आवश्यकता अनुसार उपभोक्ता समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । साथै, नियम ११ मा आवश्यकता अनुसार उपसमिति गठन गर्नसक्ने व्यवस्था रहेको छ ।मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २१ मा मध्यवर्ती क्षेत्र व्यवस्थापनको लागि मध्यवर्ती सामुदायिक वनको रूपमा सुम्पन निर्धारण गरेको क्षेत्रमा मध्यवर्ती सामुदायिक वनको रूपमा कुनै वनक्षेत्र लिन चाहने उपभोक्ता समितिलाई सुम्पन सक्ने व्यवस्था रहेको छ ।उपभोक्ता समिति आफैंले बिरुवा लगाई हुर्काएको वन पैदावारको उपयोग र मध्यवर्ती सामुदायिक वनको रूपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएका वन पैदावारको उपयोग कार्य योजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी उपभोक्ता समितिले तोकेको दस्तुर लिई उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरूले उपयोग गर्न पाउनेछन् ।

संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम ३५ मा संरक्षण क्षेत्र भित्रको कुनै वन क्षेत्रलाई एकीकृत योजना अनुसार संरक्षण सामुदायिक वनको रूपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने समितिलाई त्यस्तो संरक्षण सामुदायिक वन दर्ता गरी सम्बन्धित समितिलाई सुम्पन सक्ने व्यवस्था रहेको छ ।साथै कंचनजंगा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को नियम ३६ मा संरक्षण क्षेत्र भित्रको कुनै वनक्षेत्रलाई व्यवस्थापन योजना अनुसार वन पैदावारको दिगो व्यवस्थापन र सदुपयोग गर्नका लागि संरक्षण सामुदायिक वनको रूपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने संरक्षण वन उपभोक्ता समूहलाई सुम्पन सक्ने व्यवस्था रहेको छ ।

## मध्यवर्ती सामुदायिक वन सम्बन्धमा संस्थागत संरचना

मध्यवर्ती क्षेत्रका वन्यजन्तु, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत, जैविक विविधता, वनजंगलहरूको संरक्षण तथा सामुदायिक विकास र वन पैदावारको सन्तुलित उपयोग कार्यमा सघाउ पुर्‍याउन उपभोक्ता समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम उपभोक्ता समिति गठन भएका छन् । साथै आवश्यकता अनुसार उपसमिति गठन गर्नसक्ने व्यवस्था भए बमोजिम उपभोक्ता समिति अन्तर्गत सामुदायिक वन उपभोक्ता समिति र समूह गठन गरिएका छन् । यस अर्थमा हेर्ने हो भने मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गतको उपसमितिमध्ये मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति पनि हो । तर मध्यवर्ती क्षेत्र उपभोक्ता समिति गठन गर्दा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको प्रत्यक्ष सम्बन्ध देखिँदैन ।

## मध्यवर्ती सामुदायिक वनका सकारात्मक पक्षहरू

मध्यवर्ती क्षेत्रमा रहेका वनक्षेत्रहरूलाई स्थानीय समुदायलाई हस्तान्तरण गरी स्थानीय समुदायमार्फत ती वनक्षेत्रहरूको संरक्षण, व्यवस्थापन तथा सदुपयोगका कार्यहरू गरिँदै आएको छ । जसले गर्दा स्थानीय समुदायको संरक्षणमा अपनत्वको भावना विकास भई संरक्षणमा ठुलो योगदान पुगेको छ । मध्यवर्ती सामुदायिक वनका मुख्य मुख्य उपलव्धिहरू तपसिल बमोजिम प्रस्तुत गरिएका छन् ।

### १. वनक्षेत्र तथा जैविक विविधता संरक्षण

मध्यवर्ती क्षेत्रमा रहेका समुदायिक वनहरूको प्रभावकारी संरक्षण तथा व्यवस्थापन कार्यहरूले वन्यजन्तु लगायत समग्र जैविक विविधताको संरक्षण भएको छ। सामुदायिक वनहरूले निकुञ्ज र आरक्षको कोर क्षेत्रको वन्यजन्तुको वासस्थानलाई सुरक्षित गर्नुका साथै पूरक वासस्थानको रूपमा मद्दत गरिरहेको हुन्छ । उपभोक्ता समूहको हरेक दिनको निगरानी, कार्य योजनामा उल्लेखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयनबाट वन विनाश, अतिक्रमण र भूउपयोगिताको परिवर्तनलाई रोकी पर्यावरणीय सन्तुलन कायम राख्न मद्दत गरेको छ । वन, घाँसे मैदान, नदी र सिमसार क्षेत्र जस्ता प्रमुख वासस्थानको संरक्षण तथा व्यवस्थापन कार्यहरू नियमित रूपमा भइरहेको देखिन्छ ।

### २. वन पैदावारको आवश्यकता पूर्ति

मध्यवर्ती सामुदायिक वनबाट स्थानीय उपभोक्ताहरूले दैनिक रूपमा आवश्यक हुने दाउरा, घाँस,

स्याउला, पत्कर, जडीबुटी र आवधिक रूपमा आवश्यक हुने काठ, वन पैदावारमा आधारित साना र घरेलु उद्योगहरूको कच्चा पदार्थहरू प्राप्त गरिरहेका छन् । मध्यवर्ती सामुदायिक वनले वातावरणीय सेवाहरूः हावा शुध्दीकरण, पानीको स्रोत संरक्षण, भू-संरक्षण, बाढी नियन्त्रण, जलवायु नियमन र जलवायुजन्य विपद न्यूनीकरणका अतिरिक्त सहायक सेवा प्रदान गरी अन्य सेवाहरूको समेत सुनिश्चितता प्रदान गर्दछ ।

### ३. पर्यापर्यटनमा वृद्धि

संरक्षित क्षेत्रहरू नेपालका अमूल्य प्राकृतिक सम्पत्ति हुन् । साथै, यी क्षेत्रहरू नेपालको प्रमुख पर्यटकीय गन्तब्य पनि हुन् । नेपालका वन्यजन्तु लगायत प्राकृतिक सम्पदाको अवलोकन गर्न विभिन्न देशहरूबाट पर्यटकहरू नेपाल आउने गर्दछन् । नेपालमा आउने पर्यटकहरूको ६० प्रतिशत पर्यटकहरू संरक्षित क्षेत्रमै अवलोकन भ्रमणका लागि आउने गर्दछन् (स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०८२) । मध्यवर्ती सामुदायिक वनहरू पनि पर्यटनको मुख्य गन्तब्यको रूपमा रहेका छन् । चितवन राष्ट्रिय निकुञ्जका मध्यवर्ती सामुदायिक वनहरू वार्षिक रूपमा स्थानीय तथा बाह्य पर्यटकको प्रमुख गन्तब्यको रूपमा परिचित छन् । बाघमारा मध्यवर्ती सामुदायिक वन लगातयका केही अन्य सामुदायिक वनहरूले पर्यटनमार्फत बार्षिक रूपमा करौंडो आम्दानी गरिरहेका छन् ।

### ४. स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग/ आर्थिक लाभ

वन पैदावारको बिक्री वितरणबाट प्राप्त आम्दानीबाट स्थानीय समुदायको सिपमूलक तालिम, क्षमता विकास कार्यक्रम, आयमूलक कार्यक्रमहरू मार्फत् स्थानीय समुदायको जीविकोपार्जन तथा आयआर्जनमा थप सहयोग पुग्ने कार्यहरू भइरहेको छ । विशेषगरी पर्यापर्यटनको गतिविधिहरू र वन पैदावारमा आधारित उद्यममार्फत स्थानीयस्तरमा रोजगारीको सिर्जना भइरहेको छ ।

### ५. नेतृत्व विकास तथा समुदायको सशक्तीकरण

सामुदायिक वन उपभोक्ता समितिमा महिला, जनजाति लगायतका समुदायहरूको प्रत्यक्ष सहभागिताले क्षमता विकासका साथै नेतृत्व विकासमा पनि सहयोग पुगिरहेको छ । वन सम्बन्धी क्रियाकलापहरूमा समुदायको सहभागिता बढाउन, वनस्रोतको संरक्षण तथा व्यवस्थापन र बाँडफाँट सम्वन्धी निर्णय प्रकृया र कार्यान्वयनमा महिला, जनजाति लगायतका समुदायहरूको सहभागिता बढेको छ ।

**मध्यवर्ती सामुदायिक वनका चुनौतीहरू**

**१. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन**

नेपाल सरकारले अवलम्बन गरेका संरक्षणमुखी नीति, कानुनी व्यवस्था तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट वन क्षेत्रको संरक्षणमा उल्लेखनीय प्रगति हासिल भएको छ। साथै, विश्वमै दुर्लभ मानिने बाघ, गैंडा, हात्ती, हिउँचितुवा लगायतका वन्यजन्तुको संरक्षणमा समेत उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन्। संरक्षणका उपलब्धि सँगसँगै चुनौतीहरूसमेत बढ्दै गएका छन् । विषेश गरी मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन निकै चुनौतीपूर्ण बन्दै गएको छ । नेपालका विभिन्न क्षेत्रमा हात्ती, बाघ, चितुवा, गैंडा, भालु लगायतका वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु हुने क्रम बढ्दै गएको छ भने पशुधन र अन्नबाली लगायत भौतिक सम्पत्तिको क्षति हुने क्रम पनि बढ्दो रूपमा रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार नेपालमा वन्यजन्तुको आक्रमणबाट वार्षिक सरदर ३५ जना मानिसले ज्यान गुमाउने गरेका छन्। तराई क्षेत्रका मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्वका घटना धेरै भएको पाइएको छ । मानवीय क्षतिमध्ये अधिकांश मध्यवर्ती सामुदायिक वनमा भइरहेको देखिन्छ । जसले गर्दा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन निकै चुनौतीपूर्ण बन्दै गइरहेको देखिन्छ ।

**२. वनस्रोतको सदुपयोगमा समस्या**

मध्यवर्ती सामुदायिक वनमा हालसम्म पनि उत्पादन भन्दा बढी संरक्षणमुखी व्यवस्थापन अवलम्वन गरिँदै आइरहेको छ जसले गर्दा स्थानीय समुदायको आवश्यकता अनुसारको वन पैदावार परिपूर्ति हुनसकेको अवस्था देखिँदैन । अर्कोतर्फ कतिपय मध्यवर्ती सामुदायिक वनहरूले स्थानीय आवश्यकता पूरा गरी बढी भएको वन पैदावार मध्यवर्ती क्षेत्रभन्दा बाहिर बिक्री वितरण गर्ने कानुनी व्यवस्था नहुँदा वनक्षेत्रको संरक्षण तथा व्यवस्थापनमा थप आकर्षित हुन सकिरहेको देखिँदैन । वनस्रोत सदुपयोगमा विविधीकरण हुन सकिरहेको छैन । जसले गर्दा केही मध्यवर्ती सामुदायिक वनमा बाहेक अन्य मध्यवर्ती सामुदायिक वनबाट स्थानीय समुदायले वनस्रोत संरक्षण गरेबापत थप आर्थिक उपार्जन गर्न सकेको देखिँदैन ।

**३. कानुनी जटिलता**

राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा सामुदायिक वन सम्बन्धी स्पष्ट प्रावधान नहुनु, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२, संरक्षण क्षेत्र सरकारी व्यवस्थापन

नियमावली, २०५७ र कंचनजंगा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ मा सामुदायिक वन हस्तान्तरण र फिर्ता लिने सम्बन्धी व्यवस्था भएतापनि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति लगायत समग्र सामुदायिक वनको व्यवस्थापन सम्बन्धमा विस्तृत रूपमा समेट्न सकेको देखिँदैन । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार क्षेत्रमा मध्यवर्ती क्षेत्रको सामुदायिक वनको व्यवस्थापन विषय समावेश भए पश्चात् यसको संरक्षण तथा व्यवस्थापनमा थप चुनौती थपिएको छ ।

## ४. निष्कर्ष

नेपालका संरक्षित क्षेत्रमा समुदायद्धारा व्यवस्थापन गरिएका वनहरूमध्ये मध्यवर्ती सामुदायिक वन एक महत्वपूर्ण वनस्रोतको रूपमा रहेको छ। मध्यवर्ती सामुदायिक वनको संरक्षण तथा व्यवस्थापनबाट समग्र वनक्षेत्रको संरक्षण, वनक्षेत्रमा रहेका वन्यजन्तु एवं जैविक विविधताको संरक्षण, स्थानीय समुदायलाई आवश्यक पर्ने वन पैदावारको आपूर्ति, पर्यापर्यटन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वनस्रोतमा आधारित उद्यमबाट स्थानीय रोजगारी र आयमा बृद्धि हुनुका साथै समुदायको सशक्तीकरण तथा नेतृत्व विकास भएको छ भने अर्कोतर्फ प्रभावकारी संरक्षण अभियानले वन्यजन्तुको सङ्ख्यामा बृद्धि तथा मध्यवर्ती क्षेत्रमा विकासका पूर्वाधार लगायतका गतिविधिहरूले वनक्षेत्र विनाश तथ खण्डीकरण भई मानव वन्यजन्तु द्वन्द्व बढ्दै गइरहेको छ। साथै यसको व्यवस्थापन थप चुनौतीपूर्ण हुँदै गइरहेको छ ।समयसापेक्ष कानुन परिमार्जन गरी स्थानीय समुदायलाई मध्यवर्ती सामुदायिक वनको संरक्षण, व्यवस्थापन र सदुपयोगमा सम्पूर्ण अधिकार प्रदान गरी वनका स्रोतको संरक्षण तथा स्रोतहरूको विविधीकरण गरी दिगो सदुपयोग गर्नु पर्ने देखिन्छ । यसैगरी मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह/ समितिबाट नै मध्यवर्ती क्षेत्र उपभोक्ता समिति गठन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । मध्यवर्ती क्षेत्रहरूको दिगो आर्थिक स्रोतक रूपमा पर्यापर्यटन रहेको हुँदा पर्यटनका गतिविधिहरूको विविधीकरण गरी सम्पूर्ण मध्यवर्ती क्षेत्रहरूमा समान किसिमले पर्यटक जानसक्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । जसले गर्दा स्थानीय समुदायको साथै राष्ट्रिय आयमा समेत ठुलो योगदान पुग्नेछ । यस कार्यमा नेपाल सरकार, निजीक्षेत्र र स्थानीय तहको समन्वय र सहकार्य हुन जरुरी देखिन्छ।

# सामुदायिक वनमा युवाको सहभागिता आवश्यकता, अवसर, चुनौती र मार्गचित्र

**बिष्णु प्रसाद ज्ञवाली**

वन विज्ञ, ग्रीन ग्रोथ नेपाल प्रा. लि.

bishnugyawali@gmail.com

## पृष्ठभूमि

**सामुदायिक वनका पाँच दशकः** बदलिँदो परिवेशका अवसरहरू भन्ने मूल नाराका साथ राज्य पुनरसंरचनापछि २०७९ सालमा ललितपुरमा सम्पन्न सामुदायिक वनको सातौं राष्ट्रिय गोष्ठीले सामुदायिक वनको माध्यमबाट नेपालको वन, वनस्पति, प्राकृतिक वातावरण, भू तथा जलाधार र जैविक विविधताको संरक्षण, व्यवस्थापन र सदुपयोगबाट स्थानीय एवं राष्ट्रिय अर्थतन्त्र र सामुदायिक विकासमा पुग्दै आएको योगदान, सामुदायिक वनले स्थानीय लोकतन्त्र, समावेशीकरण, लैङ्गिक समता र मूलप्रवाहीकरण, सामाजिक न्याय र समाज रूपान्तरणका क्षेत्रमा खेल्दै आएको भूमिकाको उच्च कदर गर्दै समृद्धिका लागि वन भन्ने राष्ट्रिय अठोटलाई सामुदायिक वनबाट उल्लेखनीय योगदान पुर्याउने प्रतिवद्धता व्यक्त गरेको थियो। प्रतिनिधिसभाको निर्वाचन २०८२ पश्चात् शासकीय संरचनामा युवाको सार्थक र अर्थपूर्ण सहभागिता माग गरिरहेको सन्दर्भमा सामुदायिक वनमा कसरी युवाको सहभागिता सुनिश्चित गराउन सकिन्छ तथा सामुदायिक वनलाई कसरी युवाको आकर्षणको केन्द्र बनाउन सकिन्छ भन्ने मार्गचित्र प्रस्तुत गरेको छ।

## सामुदायिक वनको योगदान

सामुदायिक वन व्यवस्थापनको सफलताका कारण सन् १९९० को दशकमा ३९.६ प्रतिशत रहेको देशको कुल वनक्षेत्र बढेर सन् २०२४ मा ४६.०८ प्रतिशत पुगेको छ । यो प्रगति विकेन्द्रीकृत सुशासन मोडेल अन्तर्गत देशको कुल वनक्षेत्रको करिव ४८.१२ प्रतिशत (३१,८०,९६६ हेक्टर) वनक्षेत्र व्यवस्थापन गरिरहेका ३१,४६८ भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू तथा समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको देशव्यापी सञ्जालद्वारा

सम्भव भएको हो (वन तथा वातावरण मन्त्रालय, २०७८)। वन स्रोत व्यवस्थापनमा समुदायस्तरको यो सहभागिताले देशको कुल जनसङ्ख्याको करिब ८० प्रतिशत हिस्सा ओगटछ। सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा देखिएका तथ्याङ्कहरूलाई नेपालको जनसांख्यिकीय तथ्याङ्क र नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०८२ ले प्रकाशित गरेको तथ्याङ्कसँग तुलना गर्दा हामीलाई चिन्तित मात्र तुल्याएको छैन चुनौती पनि थपिदिएको छ ।

**जनसांख्यिकीय लाभ र श्रम आप्रवासन**

सन् २०२५ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित Demographic Dividend In Nepal भन्ने प्रतिवेदनमा नेपाल विक्रम सम्वत् २०७६ मा जनसांख्यिक लाभांशको चरणमा प्रवेश गरेको र वि.सं. २१०८ मा बाहिरिने तथ्याङ्क प्रस्तुत गरेको छ। प्रकाशित तथ्याङ्क अनुरूप नेपालमा युवाको कुल जनसङ्ख्या करिब ९० लाख अर्थात् ३०.१% रहेको छ भने काम गर्ने उमेर समूह १५ वर्षदेखि ६४ वर्षसम्मका मानिसको सङ्ख्या ६५.२% रहेको छ ।

सामुदायिक वनको सातौं राष्ट्रिय गोष्ठीले प्रतिबद्धता गरे अनुरूप समृद्धिका लागि वन नीति व्यावहारिक रूपमा कार्यान्वयन हुन्थ्यो भने वन तथा भू-संरक्षण मन्त्रालयबाट संचालित बहुसरोकारवाला कार्यक्रमले सन् २०१४ मा गरेको अध्ययन प्रतिवेदन अनुसार वनक्षेत्रले उल्लेखनीय रूपमा बार्षिक १३ लाख रोजगारी सिर्जना गर्नुपर्ने हुन्थ्यो (बहुसरोकारवाला वन कार्यक्रम, २०१४)। देशमै काम गर्न सक्ने उमेर समूहमा रहेका ६५.४% नेपाली नागरिकले देशको करिव आधा भू-भाग ओगटेको वनक्षेत्रमै रोजगारी प्राप्त गरेर आम्दानी प्राप्त गर्नुपर्ने थियो तर तथ्याङ्कमा देशको कुल जनसङ्ख्याको ८० प्रतिशत मानिसहरू समुदायमा आधारित वन व्यवस्थापनबाट लाभान्वित भएका वा पहुँच भएका देखिएतापनि व्यवहारमा यी मानिसहरूले सामुदायिक वन क्षेत्रमा रोजगारी प्राप्त गर्न नसकेर वा सामुदायिक वनले रोजगारी सिर्जना गर्न नसकेको कारण विदेशिनु परेको तितो तथ्याङ्क नेपाल आप्रवासन प्रतिवेदन, २०८२ ले प्रस्तुत गरेको छ ।

विगत डेढ दशकमा करिब ५७ लाख मानिसहरू विदेशिएका छन् । पछिल्लो दुई आर्थिक वर्षमा ९ लाख ५४ हजार जनाले नयाँ श्रम स्वीकृति लिएको र ५ लाख ५५ हजार जनाले श्रम स्वीकृति नवीकरण गरेको तथ्याङ्क छ। यो तथ्याङ्कमा १ लाख ५२ हजार जना महिलाहरूले नयाँ श्रम स्वीकृति तथा नवीकरण गरेको देखिन्छ। पछिल्लो दुई वर्षको आप्रवासी श्रमिकहरूको आधा हिस्सा २५ देखि ३४ वर्षका युवा उमेर समूहभित्रका युवाहरू रहेका छन्। यो भयावह

तथ्याङ्कले नेपालको जनसांख्यिकीय लाभको फाइदा आफ्नै राष्ट्रले लिनुपर्नेमा त्यसको फाइदा अन्य राष्ट्रहरूले लिएको स्थिति विद्यमान छ। एकातिर युवाहरूलाई राष्ट्रको विकासमा कसरी सहभागी गराउने भन्ने चिन्ता छ भने अर्कोतर्फ बिदेशिएका युवाहरूलाई स्वदेशमै कसरी फर्काउने, स्वदेशमै बस्ने वातावरण कसरी बनाउने भन्ने चुनौती थपिएको छ।

## सामुदायिक वन र युवा

सातौं राष्ट्रिय गोष्ठीले समृद्धिका लागि वन भन्ने राष्ट्रिय अठोटलाई सामुदायिक वनबाट उल्लेखनीय योगदान पुर्याउने प्रतिबद्धता व्यक्त गरे पनि सामुदायिक वन दिवस, २०८२ का अवसरमा जारीगरेको प्रेस विज्ञप्तिमार्फत सामुदायिक वन उपभोक्ता महासंघले सामुदायिक वनहरू नवीकरण हुन नसकेको, वन उद्यम विकासमा कानुनी अड्चनहरू रहेको र दैनिक हजारौं युवा विदेशिएको तथ्याङ्कले सामुदायिक वनको उपलब्धि र अवधारणा दुवैलाई जगेर्ना गर्दै सामुदायिक वनको पुस्तान्तरण गर्न सामुदायिक वनमा युवाको सहभागिता र आकर्षणलाई बढाउनु अपरिहार्य भएको छ। वन मन्त्रालयबाट २०१४ मा प्रकाशित Persistence and Change: Review of 30 Years of Community Forestry in Nepal भन्ने अध्ययन प्रतिवेदनले युवाहरू वन संरक्षण र व्यवस्थापनका काममा सहभागी भए पनि सामुदायिक वनले युवाहरूलाई पूर्णकालीन रोजगारी उपलब्ध गराउन नसकेकोले सामुदायिक वनमा युवाहरूले अपनत्व महसुस गर्न सकेका छैनन् र उनीहरू उन्नत जीवनस्तर, आम्दानी र रोजगारीको खोजीमा बाहिरिने गरेको तथ्य उजागर गरेको छ। बैदेशिक रोजगारका लागि युवाहरूको विदेश पलायनका कारण परम्परागत आर्थिक सामाजिक सम्बन्ध र वन माथिको परम्परागत निर्भरता बदलिएको परिवेशमा सामुदायिक वनको उपादेयता र योगदानलाई जीवन्त राख्न कार्य समितिमा युवा प्रतिनिधित्वको व्यवस्था गरेको छ। साथै जेनजी अन्दोलन पश्चात् २०८२ असोज ४-५ मा बसेको महासंघको केन्द्रीय समिति बैठकले वनको दिगो ब्यवस्थापनबाट स्वदेशमै रोजगारी सिर्जना गर्ने र लैंङ्गिक समानता र सामाजिक समावेशीकरण सहित सामुदायिक वन समूहमा युवा नेतृत्व सुनिश्चित गराउन युवा केन्द्रित अभियान चलाउने निर्णय गर्नुले सामुदायिक वनमा युवाको सार्थक सहभागिताको अवश्यकतालाई पुष्टि गरेको छ।

## युवा सहभागिता प्रवर्द्धनका लागि संवैधानिक तथा कानुनी ब्यवस्था

राष्ट्रिय युवा नीति, २०८२ ले युवाको उमेर १८ देखि ३५ वर्ष सम्मकालाई मानेको छ। युवाको सर्वाङ्गीण विकासमार्फत राष्ट्र निर्माणमा सार्थक सहभागिता जुटाउने दूरदृष्टि रहेको यस

नीतिले युवालाई सक्षम र जिम्मेवार बनाई राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता र भूमिका बढाउने ध्येय राखेको छ। यो नीति अन्य क्षेत्रका क्षेत्रगत नीतिका युवा लक्षित कार्यनीति निर्माणमा मार्गदर्शनको रूपमा रहने र जिम्मेवार निकायले सम्बन्धित अन्तर नीतिहरूमा अन्तरबद्धता गर्दै लैजानुपर्ने व्यवस्था गरेको छ। यसर्थ राष्ट्रिय युवा नीति, २०८२ नेपालको विकास प्रक्रियामा युवाको सहभागिता गराउनका लागि मुख्य मार्गदर्शक नीतिको रूपमा रहको छ। राष्ट्रिय युवा नीति, २०८२ ले परिकल्पना गरेको राष्ट्रको सर्वाङ्गीण विकास मा युवाहरूको सार्थक सहभागिता र भूमिकालाई आत्मसात् गर्ने गरी राज्यका अन्य नीतिहरू पनि बन्नुपर्छ-बनाइनुपर्छ र राज्यका स्रोत साधनहरूको उच्चतम उपयोग गरी त्यसको प्रतिफल समेत युवाहरूले नै प्राप्त गर्न सक्ने गरी राज्यका अन्य नीतिहरू बनिनुपर्छ बनाइनुपर्छ भन्ने हो ।

राष्ट्रिय युवा नीति, २०८२ ले आफ्नो उद्देश्यमा स्वस्थ, शिक्षित, सकारात्मक सोचयुक्त, नैतिकवान, उद्यमशील, सिर्जनशील, कर्तव्य तथा दायित्वप्रति निष्ठावान र अधिकारप्रति सचेत युवा शक्तिको विकास, संरक्षण र परिचालन गर्ने उद्देश्य राखेको छ। यसका अतिरिक्त राष्ट्रको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा दिगो विकासमा युवा परिचालनको सुनिश्चितता गर्ने र राष्ट्रियताको भावना जागृत गराउँदै समाज रूपान्तरण र राष्ट्र निर्माणमा युवाको नेतृत्वदायी भूमिका बढाउने पनि उद्देश्य राखेको छ। वातावरण संरक्षणमा पनि युवाहरूको सहभागितालाई सुनिश्चित गर्न हरेक स्थानीय तहमा जलवायु दूत नियुक्त गर्ने पनि उद्देश्य रहेको यस नीतिले युवाहरूलाई संगठित गर्ने सवालमा राष्ट्रिय युवा परिषद्को समेत व्यवस्था गरेको छ । यसका अतिरिक्त युवामैत्री शासनको परिकल्पना गर्दै यसको परीक्षण गर्ने जिम्मेवारी पनि राष्ट्रिय युवा परिषद्लाई सुम्पेर नीतिले युवाको सहभागितालाई राज्यका हरेक आयामहरूमा समाहित गर्न चाहेको छ ।

युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मुख्य जिम्मेवार र संवाहक शक्तिकै रूपमा अगाडि बढाउन संघ, प्रदेश, स्थानीय तह तथा अन्य क्षेत्रगत निकायसँगको समन्वय र सहकार्यको आवश्यकतालाई समेत मध्यनजर गर्दै नीतिले विभिन्न निकायको सहकार्यमा युवा लक्षित कार्यक्रममा विभिन्न निकायको सहकार्य वृद्धि गर्न संघ, प्रदेश र स्थानीय तह सम्मिलित संयन्त्र स्थापना गर्न सिफारिस समेत गरेको छ । राष्ट्रिय युवा नीति, २०८२ ले मार्गनिर्देश गरे अनुरूप सामुदायिक वनको शासकीय अभ्यासमा युवालाई सहभागी गराउन सामुदायिक वन सम्बन्धी नीति र कार्यक्रमहरू तय गरिनु पर्दछ ।

नेपालको संविधानको धारा १८ मा समानताको हक उल्लेख गरिएको छ। यस अनुरूप सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने उल्लेख छ। तर सामाजिक वा सांस्कृतिक दृष्टिकोणले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, असक्त असाय पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने प्रावधानअनुरूप सामुदायिक वनका हरेक क्रियाकलापमा महिलाहरूलाई आरक्षणको व्यवस्था गर्नाले समुदायमा आधारित वन व्यवस्थापन पद्धतिअन्तर्गतका समितिहरूमा ३८.९ प्रतिशत महिला सहभागिता हुन पुगेको छ। युवाका हकमा पनि यस्तै व्यवस्था गरिनु पर्दछ।

त्यसरी नै धारा ३३ मा रोजगारीको हक अन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको सर्त अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्थाले युवाहरूलाई स्वदेशमै रोजगारीको प्रत्याभूत गर्ने संवैधानिक व्यवस्था समेत गरेको देखिन्छ । युवाहरूलाई राष्ट्र विकासको मूल प्रवाहमा सहभागिता गराई स्वदेशमै रोजगारी उपलब्ध गराउन राज्यका निर्देशक सिद्धान्तहरूले समेत मार्गदर्शन गरेको देखिन्छ । धारा ५० (३) मा राज्यको आर्थिक उद्देश्यका बारेमा उल्लेख गरिएको छ। जसमा सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ । त्यसरी नै धारा ५१ को श्रम र रोजगार नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने निर्देशक सिद्धान्तले व्यवस्था गरेको छ। संविधानका यी मौलिक हक, निर्देशक सिद्धान्त र नीतिलाई सामुदायिक वनक्षेत्रका हकमा कार्यान्वयन गर्नका लागि प्राकृतिक स्रोतको रूपमा रहेको वनस्रोतलाई दिगो व्यवस्थापन गर्न सामुदायिक, सार्वजनिक र निजी साझेदारितासम्मको खोजी गरी वनस्रोतमा आधारित उद्यम विकास गरी युवालाई स्वदेशमै रोजगारी दिने संवैधानिक

व्यवस्थालाई कार्यान्वयन गरिनुपर्छ। सामुदायिक वनले संविधानको यस मर्मलाई आत्मसात् गर्नुपर्दछ ।

वन ऐन, २०७६ ले राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन र धार्मिक वनको रूपमा व्यवस्थापन गर्न र निजी सार्वजनिक र सहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्न प्रस्ताव गरेको छ । यसलाई कार्यान्वयन गर्ने वन ऐनले उपभोक्ता समूहलाई स्वायत्त संगठित संस्थाको रूपमा मान्यता दिँदै वन उद्यम र पर्यापर्यटन कार्यक्रम समूह आफैंले वा स्थानीय वा संघसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । यसबाट सामुदायिक वन उपभोक्ता समूहलाई वन उद्यम सञ्चालन गर्न आवश्यक प्रविधि पुँजी र बजार जुटाउने आधार प्राप्त भएको छ । यसअनुरूप उपभोक्ता समूहले कम्पनी ऐन, २०६३ अनुरूप कम्पनी स्थापना गरी उद्यम स्थापना तथा सञ्चालन गर्न युवालाई स्वदेशमै रोजगारी दिनसक्ने कानुनी आधार तयार भएको छ । वन ऐन, २०४९ ले वनस्रोतलाई संरक्षण गर्ने र आधारभूत आवश्यकताहरू पूरा गर्ने उद्देश्यले सदुपयोग गर्ने सोच राखेको थियो भने वन ऐन, २०७६ ले वनबाटै राष्ट्रिय समृद्धिमा योगदान पुर्याउने सोच राखेकोले वनलाई अब संरक्षण गर्ने क्षेत्रको रूपमा मात्रै नहेरी स्थानीय विकास रोजगारी र आम्दानी प्राप्त गर्ने साधनको रूपमा वन क्षेत्रलाई व्यवस्थित गरिनुपर्छ र यसो भयो भने वनमा युवाहरूले पूर्णकालीन रोजगारी प्राप्त गर्न सक्नेछन् र सामुदायिक वनले बदलिएको परिवेशलाई सम्बोधन गर्न सक्नेछ ।

## सामुदायिक वनमा युवा सहभागिताको मार्गचित्र

वनलाई केवल एक संरक्षित स्रोतको रूपमा मात्र नभई स्थानीय रोजगारी र व्यावसायिक वृद्धिको गतिशील इन्जिनको रूपमा हेरिएमा मात्र युवाहरूको सहभागिता अर्थपूर्ण हुने कुरामा जोड दिँदै संरक्षणमुखी चिन्तनबाट माथि उठी उद्यममुखी चिन्तन सबै सरोकारवालाहरूमा विकसित गरिनुपर्छ । यो सोच विकास गर्न सामुदायिक वन अध्ययन केन्द्रले निम्न दृष्टिकोण र रणनीति अवलम्वन गर्न पैरवी र पहल गर्नुपर्छ।

**दीर्घकालीन सोच (Vision):** सशक्त युवाहरूको नेतृत्वमा एक जीवन्त, नवीन र दिगो सामुदायिक वन क्षेत्रको स्थापना गर्ने, जसले आगामी पुस्ताका लागि वातावरणीय उत्थानशीलता र आर्थिक समृद्धि सुनिश्चित गर्न सकोस्।

**ध्येय (Mission):** अनुकूल नीतिगत वातावरण निर्माण गरेर, उद्यमशीलतालाई प्रोत्साहन गरेर र अन्तरपुस्ता ज्ञान हस्तान्तरणलाई सहज बनाएर सामुदायिक वन सुशासन र उद्यमका सबै तहहरूमा युवाहरूलाई मूल प्रवाहमा समाहित गर्ने ।

## रणनीतिक स्तम्भहरू र रणनीतिहरू

### स्तम्भ १: समावेशी सुशासन र नेतृत्व

**उद्देश्य:** निर्णय गर्ने निकायहरूमा युवाहरूको केवल साङ्केतिक उपस्थितिलाई परिवर्तन गरी अर्थपूर्ण नेतृत्वमा रूपान्तरण गर्ने ।

- **रणनीति १.१:** अनिवार्य प्रतिनिधित्वः कार्यसमितिहरूमा कम्तीमा २५% देखि ५०% सम्म युवाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न सामुदायिक वन उपभोक्ता समूहको विधान र संस्थागत नियमावलीहरू संशोधन गर्ने ।
- **रणनीति १.२:** नेतृत्व हस्तान्तरण योजनाः "युवा छाया समिति" वा मेन्टरसिप कार्यक्रमहरू लागू गर्ने, जहाँ अनुभवी नेताहरूले निश्चित संक्रमणकालीन अवधिका लागि युवाहरूलाई मार्गदर्शन गर्नेछन् ।
- **रणनीति १.३: संस्थागत आधुनिकीकरण:** संस्थागत कार्यहरूलाई युवाहरूको सिप र क्षमतासँग मिलाउन डिजिटल सुशासन जि आई एस म्यापिङ, डिजिटल अभिलेख व्यवस्थापन, र सामाजिक सञ्जालको पहुँचमा रूपान्तरण गर्ने ।

### स्तम्भ २: वनमा आधारित उद्यमशीलता र हरित रोजगारी

**उद्देश्य:** सामुदायिक वनलाई एक व्यावहारिक करियर (पेशा) को मार्गका रूपमा रूपान्तरण गर्ने,जसले वैदेशिक वा बाह्य बसाइँसराइलाई निरुत्साहित गरोस् ।

**रणनीति २.१:** मूल्य शृङ्खला प्रवर्द्धनः काठ र घाँस-दाउरा जस्ता कच्चा पदार्थको बिक्रीमा मात्र सीमित नरही गैर-काठ वन पैदावार र जडीबुटीहरूको प्रशोधन, ब्रान्डिङ र बजारीकरणतर्फ अघि बढ्ने ।

**रणनीति २.२:** युवा नवप्रवर्तन कोषः युवाहरूको नेतृत्वमा सञ्चालित पर्यावरण-उद्यमहरू (Eco-enterprises) का लागि प्रारम्भिक पुँजी (Seed capital) उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहभित्रै समर्पित घुम्ती कोष वा अनुदान योजनाहरू सिर्जना गर्ने ।

**रणनीति २.३:** पर्यावरण-पर्यटन र विविधीकरणः पर्या-पर्यटन पार्क, सामुदायिक माछापालन, र कार्बन-क्रेडिट शिक्षा लगायतका वनको विविधीकृत उपयोगलाई प्रवर्द्धन गर्ने ।

**रणनीति २.४:** सामुदायिक सार्वजनिक निजी क्षेत्र साझेदारी : समुदायमा अधारित वन उद्यम विकासका लागि पुँजी प्रविधि र बजार जुटाउन तथा वन उपभोक्ता समूहभित्र र बाहिरका युवाहरूलाई वन उद्यममा पहुँच दिलाउन सबै सरोकारवालाहरूसँग साझेदारी गर्ने ।

## स्तम्भ ३: क्षमता अभिवृद्धि र ज्ञान हस्तान्तरण

**उद्देश्यः** सिपको खाडललाई पुर्नुका साथै आधुनिक विज्ञानसँग परम्परागत ज्ञानको संयोजन गरी हस्तान्तरण सुनिश्चित गर्ने ।

**रणनीति ३.१:** शैक्षिक र व्यावसायिक एकीकरणः विद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य गरी पाठ्यक्रममा व्यावहारिक सामुदायिक वनसम्बन्धी एकाइहरू समावेश गर्ने र मान्यता प्राप्त व्यावसायिक प्रमाणपत्रहरू उपलब्ध गराउने ।

**रणनीति ३.२:** प्राविधिक सिप तालिमः आधुनिक वन व्यवस्थापन प्रविधि, व्यवसाय व्यवस्थापन, र बजार विश्लेषणमा नियमित तालिम प्रदान गर्ने ।

**रणनीति ३.३: अन्तरपुस्ता संवादः** नियमित "ज्ञान आदानप्रदान मञ्च"हरू आयोजना गर्ने, जहाँ अग्रजहरूले परम्परागत संरक्षण अभ्यासहरू र युवाहरूले प्राविधिक नवप्रवर्तनहरू आदानप्रदान गर्नेछन् ।

## स्तम्भ ४: अनुकूल नीति र पैरवी

**उद्देश्यः** कानुनी प्रक्रियालाई सरल बनाउने र स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा युवामैत्री नियमहरू सुनिश्चित गर्ने ।

**रणनीति ४.१:** प्रशासनिक सरलीकरणः वन उद्यम दर्ता र सदस्यता प्रक्रियामा रहेका प्रशासनिक झन्झटहरूलाई कम गर्न पैरवी गर्ने, विशेष गरी युवा आवेदकहरूलाई लक्षित गर्दै ।

**रणनीति ४.२:** नीति पैरवी समूहहरूः युवा-केन्द्रित वन नीतिहरूको वकालत र दबाब दिनका लागि सामुदायिक वन उपभोक्ता महासंघ र अन्य प्रतिनिधि निकायहरूभित्र औपचारिक युवा शाखाहरू स्थापना गर्ने ।

**रणनीति ४.३:** बाह्य युवा संलग्नताः परम्परागत सामुदायिक वन उपभोक्ता समूहको सदस्यताभन्दा बाहिर बस्ने युवाहरूलाई पनि वनमा आधारित व्यावसायिक क्लस्टर र नवप्रवर्तनहरूमा सहभागी हुन अनुमति दिने कानुनी ढाँचा तयार गर्ने ।

**सन्दर्भ सामग्री**


नेपालको सविधान, २०७२

वन ऐन, २०७६

राष्ट्रिय युवा नीति, २०८२

वन तथा वातावरण मन्त्रालय, २०७७. नेपालमा सामुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको वर्तमान अवस्था

नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०८२

National Statistics Office, 2025. Demographic Dividend in Nepal. Kathmandu

Persistence and Change: Review of 30 years of community forestry in Nepal

Multistakeholder Forestry Program, 2014. Potential Economic Growth and Employment Generation from Forest-based Industries Under Conservative and Optimistic Scenarios

# सालक संरक्षणमा बागमती प्रदेश सरकारको अग्रसरता

**बिष्णु प्रसाद आचार्य**
डिभिजनल वन अधिकृत, चितवन
acharyabishnuprasad1971@gmail.com

## विषय प्रवेश

हालसम्म विश्वभर पाइने सालकका ८ प्रजातिमध्ये ४ वटा एसिया महाद्वीप र ४ वटा अफ्रिका महाद्वीपमा पाइन्छन्। सालक शान्त स्वभावको स्तनधारी (Mamals) जनावर हो । नेपालमा दुई प्रजातिका सालक पाइन्छन्: तामे सालक वा ईन्डियन प्याङ्गोलिन (*Manis crassicauda*) र कालो सालक वा चाइनिज प्याङ्गोलिन (*Manis pentadactyla*) । तामे सालक हल्का पहेलो रातो वर्णको हुन्छ । यो प्रजाति हिमालयको दक्षिणी भेगमा समथर तथा कम भिरालो जमिनमा पाइन्छ । तामे सालक विशेषगरी समुद्र सतहबाट करिब १,००० मिटर उचाइसम्ममा पाइन्छ । यसको शरीरको तौल ८-१० किलोग्राम र लम्बाइ १०० देखि १२० से.मि. हुन्छ । हालसम्मको अध्ययनले तामे सालक नेपालमा निकै कम सङ्ख्यामा पाइएको छ ।

तर, कालो सालक हल्का कालो वर्णको हुन्छ । यो विशेषगरी समुद्री सतहबाट करिब १,००० देखि २,५०० मिटर उचाइसम्ममा पाइन्छ । यसको तौल करिब २ देखि ९ किलोग्राम, शरीरको लम्बाई ६० देखि ९० से.मि. हुन्छ । हालसम्मको अध्ययनले नेपालमा कालो सालकको सङ्ख्या तामे सालकको भन्दा बढी रहेको छ । सालकको मुख्य वासस्थान पूर्वी तथा मध्यनेपालका चुरे पहाड तथा उत्तरी साल वन र त्यसको आसपासका वन क्षेत्र हुन् । दुबै सालको शरीर खपटाले ढाकिएको हुन्छन् । यिनै खपटाको लागि अन्तर्राष्ट्रियस्तरमै यसको अवैध चोरी सिकार तथा व्यापार हुने गर्दछ। सालकले मुख्य रूपमा धमिरा खान मन पराउँछ भने यसले कमिला लगायत साना किरा र तिनका अण्डा पनि खान्छन् ।

वि.सं. २०८२ साल माघ २६ गते चितवन जिल्लाको माडीमा प्रथम बागमती सालक सम्मेलन ऐतिहासिक तथा भव्य रूपमा सम्पन्न भयो। बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयको

आयोजना र डिभिजन वन कार्यालय चितवनको संयोजन एवं व्यवस्थापनमा भएको यो कार्यक्रमका मुख्य सहयोगीमा माडी नगरपालिका, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभाग थिए। मुख्य व्यवस्थापनमा डिभिजन वन कार्यालय चितवनको अलावा सालक संरक्षणको क्षेत्रमा लामो समयदेखि लागिरहेका मुख्य गरी २ वटा संस्था साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेसन (SMCRF-Small Mammals Conservation and Research Fund) र ग्रीनहुड नेपाल (Greenhood) थिए भने साझेदार संस्थाः WWF Nepal, ZSL, NTNC, RECOFTC लगायतका विभिन्न संघसंस्थाको सक्रिय सहयोग र सहभागिता थियो। यो सम्मेलन “सालकका सक्रिय अभिभावकहरू” भन्ने नारा सहित मनाइएको थियो जुन यो वर्षको सन् २०२६ का लागि सालक दिवसको नारा समेत रहेको थियो।

कार्यक्रम ऐतिहासिक यो अर्थमा थियो कि संरक्षणको सन्दर्भमा विश्वमा नै ख्याति प्राप्त हाम्रो देश नेपालमा सालकलाई केन्द्रमा राखेर यस्तो कार्यक्रम पहिलोपटक भएको थियो त्यो पनि प्रदेश सरकारको आयोजनामा। वन्यजन्तुका कुनै कार्यक्रमको सन्दर्भमा सालकका केही कुरा आएतापनि सरकारी ब्यानरमा यस्तो कार्यक्रम भने यो नै पहिलो थियो जुन विषय आफैंमा गर्व गर्न लायक थियो।

अधिकांश अवस्थामा वन्यजन्तुको सवालमा राष्ट्रिय निकुञ्ज विभागले नै कार्यक्रम आयोजना गर्ने र व्यवस्थापन गर्ने गरेको छ तर यो कार्यक्रम प्रदेश वन मन्त्रालयले आयोजना गरेको थियो र सहभागी पनि मुख्य गरेर वन कार्यालय र सामुदायिक वनसँग सम्बन्धित थिए। यसले एउटा अर्को भाष्य पनि स्थापित गरेको थियो कि वन्यजन्तु संरक्षणको मामलामा अब राष्ट्रिय निकुञ्जसँगै वन कार्यालयहरू पनि उत्तिकै सक्षम छन् र सँगै छन्।

कार्यक्रम एक दिने थियो तर सहभागिताको हिसाबले भव्य थियो। प्रदेश वन मन्त्रालयका माननीय मन्त्री भरत बहादुर केसीज्यू, प्रदेश सचिव, वन तथा भू-संरक्षण विभागका महानिर्देशक, राष्ट्रिय निकुञ्ज विभागका प्रतिनिधि, प्रदेश वन निर्देशक, बागमती प्रदेशका सम्पूर्ण डिभिजन वन कार्यालयबाट डिभिजनल वन अधिकृत एवं प्रतिनिधिमूलक वन अधिकृत/ रेन्जरहरू, बागमती प्रदेश भित्र रहेका राष्ट्रिय निकुञ्जका वार्डेन, साझेदार संस्थाका प्रतिनिधि र अन्य सरोकारवालाको भव्य उपस्थिति थियो। यो कार्यक्रममा प्रत्येक जिल्लाबाट सालक पाइने सामुदायिक वनका प्रतिनिधि, मध्यवर्ती समूहका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिको

उपस्थिति पनि थियो। यो उपस्थिति केवल उपस्थितिको लागि उपस्थिति नभएर आगामी दिनमा सालक जोगाउने उत्साह र प्रतिबद्धता सहितको उपस्थिति थियो। सालकको बारेमा यतिको भव्य कार्यक्रमले सबैजना सहभागीले एउटा गौरव अनुभूति गरेको प्रष्ट देखिन्थ्यो।

यस्तो कार्यक्रम पहिलोपटक र नौलो भएकोले र अत्यन्त समसामयिक विषय उठान भएकोले ठुलो शंख्यामा संचारकर्मीको उपस्थिति थियो र यो विषयलाई संचारकर्मीहरूले अत्यन्त महत्वका साथ प्रचारप्रसार गरेका थिए।

कार्यक्रममा विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रमको समापनमा सालक संरक्षणको लागि ७ बुँदे माडी घोषणा पत्र जारी गरिएको थियो। बागमती प्रदेश मन्त्रालयको तर्फबाट अबका दिनमा सालक संरक्षणको लागि आफ्नो प्रतिबद्धता जनाइएको थियो। सबैभन्दा महत्वपूर्ण सवाल, बागमती प्रदेशका माननीय मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले आफ्नो शुभकामना सन्देशमा बागमती प्रदेशले सालकलाई गौरव जनावरको रूपमा घोषणा गर्दै यसको संरक्षणमा लाग्ने प्रतिबद्धता पत्र पठाउनुभएको थियो। जसलाई हलले अत्यन्त उत्साहका साथ समर्थन गरेको थियो।

**सालक संरक्षण किन ?**

संरक्षणको क्षेत्रमा नेपालको प्रसिद्धि लोभलाग्दो छ। यहाका संरक्षण क्षेत्र र वन्यजन्तुमा सरकारी तथा गैरसरकारी तवरमा भएको लगानी, यहाँको जनताको मेहनत र त्यसबाट आएको प्रतिफल यसको स्वः प्रमाण हो। संरक्षणमा हामी अधिकाँश अवस्थामा ठुला जनावरमा नै केन्द्रित भयौं, सायद समयको आवश्यकता पनि यही थियो तर ठुला जनावर जोगाउने अभियानमा साना तर संरक्षणको हिसाबले महत्वपूर्ण कैयौं भुइँ जनावरमा हामीले जति मेहनत गर्नुपर्ने थियो त्यति गर्न सकेनौं कि भन्ने चिन्ता हो। यस्तै एउटा भुइँ जनावर प्रकृतिका साथी, किसानको साथी उपमा पाएको सालकको लागि बागमती प्रदेशले केही निश्चित काम गर्नुपर्छ भन्ने प्रदेशको बुझाइ रह्यो।

नीतिगत र कानुनी रूपमा हेर्ने हो भने सालकलाई राष्ट्रिय निकुञ्ज ऐनले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। त्यसैगरी साइटिसले अनुसूची I मा र IUCN को Red List मा पनि समावेश छ । तर यसको संरक्षण र प्रवर्द्धनको लागि जति मेहनत गरिनुपर्ने हो, जति प्रचारप्रसार र

कार्यक्रम हुनुपर्ने हो त्यति नभएको तथ्यलाई स्वीकार्दै ठुला जनावरको साथसाथै साना जनावरको संरक्षणमा समेत उत्तिकै ध्यान दिनुपर्दछ भन्ने बुझाइलाई तथ्यमा परिणत गर्न र सबै सरोकारवालाको साझा बुझाइ स्थापित गर्न सो कार्यक्रम योजना गरिएको थियो।

कार्यक्रम कार्यान्वयनमा भएका समस्या, सालकको महत्व जनतालाई बुझाउन नसक्नु र अपनत्व ग्रहण गर्न नसक्नु, वासस्थानको विनाश, वन डढेलो, अत्यधिक चरिचरन, वनक्षेत्रमा मानवीय गतिबिधि एवं वन व्यवस्थापनको अत्यधिक गतिबिधि, खेतीमा विषादीको प्रयोग, अवैध चोरी शिकारी लगायत अन्य कारणले सालक वास्तवमा नै संकटमा पर्न थालेको छ। यदि हामी सबै यसको संरक्षण र प्रवर्द्धनमा समयमा नै सक्रिय अभियानमा नलाग्ने हो भने कुनै दिन यो इतिहासमा नै सीमित हुने डरलाग्दो अवस्था सिर्जना भएको हुँदा हामी यो अभियानमा लागिरहेका छौं।

## बागमतीको गौरव वन्यजन्तुः सालक

सालकलाई बागमतीको गौरव जनावर घोषणा गरिनुपर्छ भनेर छलफल भैरहेको छ। यो विषयमा प्रदेश सरकारले आफ्नो छुट्टै सालक संरक्षण कार्य योजना र कार्यविधि बनाएर घोषणाको तयारी गर्ने भनेको छ। बागमतीले सालकलाई नै किन प्राथमिकता दिने भन्ने सवाल उठ्नु स्वाभाविक नै हो। निम्न कारणले सालक बागमतीको गौरव जनावर हुन सक्दछ।

- नेपालमा सालक पाइने जिल्लागत तथ्याङ्कलाई हेर्ने हो भने बागमती प्रदेशका १३ वटै जिल्लामा सालक पाइन्छन्। यो बागमती प्रदेशका सबैले अत्यन्त गौरव गर्नुपर्ने विषय हो। हामिसँग भएका संरक्षित जनावरमध्ये चितवनमा गैडा, बाघ, हात्ती पाइने तर यी जनावर माथिल्लो भेगका जिल्लामा नपाइनु। माथिल्लो जिल्लामा पाइने हिउँचितुवा, कस्तुरी, रेड पाण्डा जस्ता जनावर तल्लो भेग चितवन, मकवानपुर, सिन्धुलीजस्ता जिल्लामा नपाइने तर सालक एउटा यस्तो जनावर हो जो रसुवादेखि चितवन सिन्धुली, धादिङ र उपत्यकाका ३ जिल्ला र त्योसँग जोडिएको नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप लगायतका सबै जिल्लामा पाइने हुनाले यो जनावरलाई बागमती प्रदेशको गौरव जनावरको रूपमा घोषणा गरिनु पर्दछ।
- बागमती प्रदेशका सबैजसो जिल्लामा सालक संरक्षणमा भएका स्वस्फूर्त अभियानले पनि यो जनावरलाई बागमतीको गौरव जनावर घोषणा गर्न आधार प्रदान गरेको छ।

- बागमती प्रदेशले सालकलाई आज होइन हिजोकै दिनदेखि प्राथमिकतामा राखेको थियो। सालकको बारेमा बिश्वब्यापी रूपमा चेतना जगाउन हरेक बर्ष अंग्रेजी महिनाको फेब्रुअरीको तेस्रो शनिवार विश्व सालक दिवस (World Pangolin Day) मनाइने गरिएको छ। यो कार्यक्रम नेपालमा पनि विभिन्न स्थानमा आफ्नो आफ्नो ढंगले मनाइने गरिएको छ। बिगत बर्षदेखि नै सालक दिवस बागमतीका विभिन्न डिभिजन वन कार्यालयहरूमा मनाईँदै आइएको छ। डिभिजन वन कार्यालय रास्री, मनहरी, धादिङ, मकवानपुरमा विभिन्न सरोकारवालाको समन्वय र आयोजनामा यो दिवस भब्य रूपमा मनाइएको थियो। यो बर्ष चितवनको माडीमा सालक सम्मेलनको रूपमा मनाइयो। यस्ता कार्यक्रमबाट जिल्ला र देशव्यापी रूपमा नै जनचेतना जगाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।
- यसैगरी बागमती प्रदेशका विभिन्न जिल्ला र सामुदायिक वनमा विभिन्न सरोकारवालाको संलग्नतामा सालक संरक्षण सम्बन्धी साना ठुला कार्यक्रम हिजोका दिनदेखि नै स्वस्फूर्त रूपमा हुँदै आएका छन्।
- बागमती प्रदेश सरकारले आव २०८०/८१ को आफ्नो नीति तथा कार्यक्रममा सालक संरक्षणको लागि विभिन्न कार्यक्रम आयोजना गरिनेछ भनेर सम्बोधन गरेको थियो। यो नै प्रदेश सरकारले सालकको लागि नीतिगत रूपमा गरेको पहिलो संस्थागत सम्बोधन थियो। प्रदेश सरकारले प्रत्येक डिभिजन वन कार्यालयमा सालक संरक्षण, वासस्थान प्रवर्द्धन लगायतका काममा रु. ४ लाखको दरले बजेट विनियोजन गरेको थियो। यसैगरी संघीय वन मन्त्रालय र अन्य साझेदारी संस्थाबाट पनि केही रकम विनियोजन भएको थियो। डिभिजन वन कार्यालयहरूले आफ्नो अनुकूलता अनुसार प्रचारप्रसार तथा वासस्थान व्यवस्थापन लगायतमा खर्च गरेर सालक संरक्षणमा योगदान पुर्याएका थिए।
- मकवानपुर जिल्लाको स्काउटले आफ्नो नियमित हाइकिङ्ग र ट्रेकिङ्गको नाम नै सालक हाइकिङ्ग भनेर सञ्चालन गरेको छ। यी सबै गतिविधिले जनस्तरमा बिस्तारै सालकको महत्व बढ्दै गएको देखिन्छ। मकवानपुरमा साइक्लिङ्ग ग्रुपले समेत विभिन्न समयमा सालक संरक्षणमा सचेतना पुर्याउने उद्देश्यले साइकल र्यालीको आयोजना गर्ने गरेका छन्।
- विद्यालयमा नियमित हुने इको क्लबको छलफल, सामुदायिक वनका नियमित भेला, पालिकाको अन्तरक्रिया, मिडियासँगको सम्बाद जस्ता कार्यक्रममा यी विषयलाई उठाउने

गरिएको छ। जिल्लाका धेरैजसो जनसम्पर्क हुने कार्यालयमा यसको संरक्षण सम्बन्धी फ्लेक्स, फोटो बनाएर राखिएको छ। यसले जनस्तरमा एक प्रकारको चेतना फैलिएको हामीले महसुस गरेका छौं।

- मकवानपुरको रानी सामुदायिक वन, चुच्चेखोला सामुदायिक वन, चनौटा सामुदायिक वन एवं भक्तपुर, काठमाण्डौ लगायत देशका विभिन्न जिल्लामा सालक संरक्षणका विभिन्न गतिबिधि सञ्चालनमा आएका छन्।
- प्रकृति लागि ह्वाइटली कोषको (Whitely Fund) सहयोगमा साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेसनले मकवानपुरका ४, सिन्धुलीका ४ र धादिङका ४ वटा सामुदायिक वनमा काम गरिरहेको छ र हिमाली प्रकृति भन्ने संस्थाले मकवानपुर पदमपोखरीका २ वटा मध्यवर्ती सामुदायिक वनमा सालक संरक्षणको काम गरिरहेका छन्। यसैगरी ग्रीनहुड नेपालले चितवनको माडीका केही मध्यवर्ती सामुदायिक वनमा क्यामेरा ट्र्यापिङ्ग सहित वासस्थानको अध्ययन गरिरहेको छ।
- बागमतीका सबैजसो डिभिजन वन कार्यालयले आफ्नो कम्पाउण्ड लागायतका उपयुक्त स्थानमा सालकको मूर्ति सहितको सालक पार्कको निर्माण गरेका छन्। यसले जनमानसमा यसको बारेमा चासो बढाउन ठुलो भूमिका खेलेको छ।
- वन कार्यालयले मात्र नभई मकवानपुरका रानी, चुच्चेखोला, चनौटा सामुदायिक वनमा मूर्ति सहित सालक पार्कको निर्माण, यसैगरी हेटौडा बजारको बसपार्कमा नगरपालिकाको लगानीमा सालक पार्कको निर्माण गरिएको छ। धादिङ्कोङ प्रसिद्ध भैरवी मन्दिर, लखन थापा पार्क लगायतका स्थानमा सालक पार्क बनेका छन्। यसले बागमतीमा क्रमशः सालक मूलधारमा आइरहेको हामीले महसुस गरेका छौं ।
- बागमती प्रदेशको दोस्रो प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा सालकलाई मस्कटको रूपमा राख्नाले यो विषयलाई ठुलो आधार दिएको छ।
- विभिन्न विश्वविद्यालयमा अध्ययनरत बिधार्थीले बागमतीका विभिन्न जिल्लाका विभिन्न सामुदायिक वनमा आफ्नो शोधपत्रका लागि अनुसन्धान कार्य गरिरहेका छन्। यसैगरी सालक दिवस र वन्यजन्तु सप्ताहको सन्दर्भमा जिल्लाका विभिन्न भेगमा गएर सालकको महत्व आदिको बारेमा प्रचारप्रसार गर्ने गरेका छन्।

- बागमतीबाट प्रकाशित हुने अधिकांश सञ्चार माध्यम र यहाँका सम्बाददाताले स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय सञ्चारको माध्यमबाट क्रमश यो विषयलाई स्थान दिइरहेका छन् र प्रवर्द्धन गरिरहेका छन्।
- यदि हामी सबै यसको संरक्षण र प्रवर्द्धनमा समयमा नै सक्रिय अभियानमा नलाग्ने हो भने कुनै दिन यो इतिहासमा नै सीमित हुने डरलाग्दो अवस्था सिर्जना भएको हुँदा हामी यो अभियानमा लागिरहेका छौं।

अन्त्यमा, सालक वास्तवमा भुइँ जनावर र पछिल्लो पटक अत्यन्त संकटमा पर्दै गएको जनावर हो। यसलाई जोगाउन जसरी बागमती प्रदेश र यहाँका वन कार्यालय तथा समूहहरू लागिपरेका छन् । यसैगरी अरू प्रदेश सरकार, वन कार्यालय र समूह लाग्ने हो भने सालक संरक्षणमा एउटा ठुलो सफलता हात लाग्न सक्छ। संरक्षित क्षेत्रभित्र सुरक्षाको आफ्नो प्रावधान छ, त्यहाँका वन्यजन्तुको सुरक्षासँगै सालकको पनि सुरक्षा हुन्छ नै तर सालकको मुख्य वासस्थान यी क्षेत्रभन्दा बाहिरका सामुदायिक वन, खेत नजिकका ऐलानी पर्ती जमिनमा छ जसको संरक्षण विभिन्न वन समूहहरूले गरेको देखिन्छ। त्यसकारण पनि डिभिजन वन कार्यालयले यी र यस्ता जनावरको संरक्षणमा लगानी र चासो दिनुपर्ने देखिन्छ।

हाम्रो छिमेकी देश भारतको विभिन्न प्रदेशमा एउटा गज्जबको असल परम्परा रहेछ। ती प्रदेशहरूमा राष्ट्रिय पन्छी, जनावर, रुखको अलवा प्रत्येकजसो प्रदेशले आफ्नो अनुकूलता र प्रदेशमा पाइने जनवारको अवस्था हेरेर विभिन्न जनावर, पन्छीलाई प्रदेशको जनावर भनेर घोषणा गर्ने गरेको रहेछ। वन, वातावरण र वन्यजन्तु संरक्षणको सन्दर्भमा यो एउटा असल र अनुकरणीय कार्य हुन सक्दछ। बागमती प्रदेशले सालक संरक्षणमा पहलकदमी लिए जस्तै अन्य प्रदेशले पनि एक एक वटा त्यहाँको कुनै संकटमा परेका वा प्राथमिकता दिनुपर्ने जनावरलाई संरक्षणमा पहलकदमी लिने हो भने कम्तीमा सात वटा जनावरको अवस्था निकै राम्रो हुन सक्थ्यो भन्ने पनि हाम्रो अपेक्षा छ। डिभिजन वन कार्यालय भनेको काठ, दाउरा वा वन व्यवस्थापन त गर्ने कार्यालय हो तर योसँगै वन्यजन्तु व्यवस्थापनमा पनि एउटा ठुलो उपलब्धि हासिल गर्न सक्छ। आउनुहोस्, हामी सबै आजैका मितिदेखि सालक लगायतका वन्यजन्तुको संरक्षणमा सहभागी होऔं।

# नेपालको सामुदायिक वन व्यवस्थापनः संरक्षणबाट उत्पादनमुखी व्यवस्थापन र उपयोगतर्फ

**शिव कुमार वाग्ले**

shivakwagle@gmail.com

सन् १९७० को दशकमा आएको हिमालय क्षयीकरणको सिद्धान्त (The theory of Himalayan Degradation) ले १९६० को दशकको अन्त्य र १९७० को दशकको सुरुवातमा नेपालले ठुलो मात्रामा वातावरणीय ह्रासको सामना गरिरहेको कुरा उजागर गरेको थियो । उक्त सिद्धान्तले नेपालमा जनसङ्ख्याको चाप, कृषि उत्पादकत्वमा गिरावट र थप वन फँडानीका कारणबाट पहिरो र नदी कटान बढ्नगई माटो र भूमिको क्षयीकरण बढ्दो अबस्थामा रहेको उल्लेख गर्‍यो। यो सिद्धान्तले तराईमा मात्र केन्द्रित रहेको वनका नीति र कार्यक्रमहरूलाई पहाडमा समेत लैजान निर्देशित गर्‍यो ।सोही सिद्धान्तलाई आधारमानी सन् १९७६ मा राष्ट्रिय वन योजना तयार पारी लागू गरिएको थियो। यो योजनाले पहाडमा वनको फँडानी तथा क्षयीकरण हुनु र भू-क्षय तथा पहिरो जानुमा पहाडमा वन विभागको उपस्थितिको अभाव पहिचान गरेको थियो । तत् पश्चात् पहाडमा समेत वनका नीति तथा कार्यक्रमहरू सञ्चालन हुन थाल्यो। त्यस अवधिमा पञ्चायती वन र पञ्चायत संरक्षित वनको नाममा उपभोक्तालाई वन संरक्षणमा संलग्न गराइयो। राजस्व संकलनको लागि उत्पादन तथा निर्यातमा केन्द्रित वन नीतिलाई संरक्षण उन्मुख वन व्यवस्थापनमा परिणत गरियो र वनको उत्पादनलाई आधारभूत आवश्यकताहरूमा सीमित गरियो। यही योजनालाई समुदायमा आधारित वन व्यवस्थापनको सुरुवातको प्रमुख दस्तावेज मानिन्छ । राष्ट्रिय वन योजनाका उद्देश्यहरू यस प्रकार थिएः

१. काठ, दाउरा र घाँससहित वनजन्य उत्पादनहरूको आधारभूत आवश्यकताहरू पूरा गर्ने।

२. वृक्षारोपण र जलाधार व्यवस्थापन कार्यक्रममार्फत पारिस्थितिक सन्तुलन कायम राख्ने र क्षतिग्रस्त भूमि पुनर्स्थापित गर्ने ।

३. औषधीय जडीबुटीहरूको निर्यातलाई प्रवर्द्धन गरेर वनजन्य उत्पादनहरूबाट अधिकतम आर्थिक लाभ प्राप्त गर्ने।

२०४६ सालको परिवर्तनसँगै वन क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि २५ वर्षे गुरुयोजना Master Plan for the Forestry Sector, १९८९ मा तयार पारी कार्यान्वयनमा ल्याइएको थियो। उक्त गुरुयोजनाले देहायको उद्देश्य लिएको थियो ।

१. काठ, दाउरा, घाँस र अन्य वनजन्य उत्पादनहरू लगायतका आधारभूत आवश्यकताहरू दिगो रूपमा पूरागर्ने र वन र कृषि अभ्यासहरू बीचको प्रभावकारी अन्तरक्रियामार्फत खाद्य उत्पादनमा योगदान पुर्‍याउने ।

२. भूमिलाई भू-क्षय, बाढी, पहिरो, मरुभूमीकरण र पारिस्थितिक असंतुलनका अन्य प्रभावहरूबाट जोगाउने ।

३. पारिस्थितिक प्रणाली र आनुवंशिक स्रोतहरूको संरक्षण गर्ने ।

४. वन स्रोत र वनमा आधारित उद्योगहरूको व्यवस्थापन गरेर र आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गरेर स्थानीय र राष्ट्रिय अर्थतन्त्रको वृद्धिमा योगदान पुर्‍याउने ।

माथिका उद्देश्य परिपूर्तिका लागि वनक्षेत्रको २५ बर्षे गुरुयोजनाले छ वटा प्रमुख कार्यक्रमलाई अगाडि सारेको थियो ।

१. सामुदायिक र निजी वन कार्यक्रम

२. राष्ट्रिय तथा कबुलियती वन कार्यक्रम

३. काठमा आधारित उद्योगहरूको लागि कार्यक्रम

४. औषधीय र सुगन्धित बिरुवाहरू र अन्य साना वन उत्पादनहरू

५. भू-संरक्षण र जलाधार व्यवस्थापन

६. पारिस्थितिक प्रणाली र आनुवंशिक स्रोतहरूको संरक्षण

गुरुयोजनामा उल्लेखित सामुदायिक वन कार्यक्रमको उद्देश्य समुदायको सक्रिय सहभागितामार्फत वन स्रोतहरूको विकास र व्यवस्थापन गर्नु र उपभोक्ताको आधारभूत आवश्यकताहरू पूरा गर्नु थियो । वनक्षेत्रको गुरुयोजनामा सामुदायिक वन कार्यक्रमको मुख्य दुईबटा उद्देश्य राखिएको थियो ।

१. पहुँचयोग्य राष्ट्रिय वनहरूलाई चरणबद्ध रूपमा सामुदायिक वनमा हस्तान्तरण गरेर वन स्रोतहरूको दिगो व्यवस्थापन गर्ने।

२. दिगो उत्पादनको आधारमा काठ, दाउरा, घाँस र अन्य वनजन्य उत्पादनहरूजस्ता उपभोक्ताहरूको आधारभूत आवश्यकताहरू पूरा गर्ने।

वनक्षेत्रको गुरुयोजनाको प्रभावकारी कार्यान्वयनको लागि वन ऐन, २०४९ र वन नियमावली, २०५१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो। वन ऐन, २०४९ मा राष्ट्रिय वनको प्रभावकारी व्यवस्थापनका लागि वनलाई सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कवुलियती वन (व्यावसायिक र गरिबमुखी), साझेदारी वन, संरक्षित वन (वन संरक्षण क्षेत्र) र धार्मिक वनमा वर्गीकरण गरियो । वन ऐन, २०४९ मा उपभोक्ता समूहले कार्य योजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई सुम्पन सक्ने व्यवस्था गरिएको थियो । वन ऐन, २०४९ को तर्जुमापछि पहुँचयोग्य उत्पादनशील वनहरू उपभोक्ता समूहहरूलाई सामुदायिक वनमा हस्तान्तरण गर्ने काममा तीव्रता दिइयो । देशमा हालसम्म सामुदायिक वन उपभोक्ता समूहमार्फत २५ लाख हेक्टर (३७%) वन क्षेत्रको व्यवस्थापन भइरहेको छ। सामुदायिक वन व्यवस्थापनमा २३ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहमार्फत करिब ३५ लाख घरधुरी समावेश भएका छन्।

सामुदायिक वनले वन अतिक्रमण, वनको क्षयीकरण तथा वन फँडानी रोक्न महत्वपूर्ण योगदान पुर्‍याएको छ। ठुलो सङ्ख्यामा उपभोक्ताहरूको जीविकोपार्जनमा वृद्धि गरेको छ। उपभोक्ता समूहका सदस्यहरूद्वारा गरिएको वन संरक्षण र हरियाली प्रबर्धनले वातावरण संरक्षण र जलवायु परिवर्तनमा सकारात्मक प्रभाव पारेको छ। सामुदायिक वन कार्यक्रमको थालनीसँगै वन र जलाधारको अवस्थामा देहाय वमोजिमको परिणाम र प्रभाव देखिँदै आएको छ।

१. वन अतिक्रमणमा कमी

२. वनको आवरण र गुणस्तरमा सुधार

३. क्षय भएको वनको जग्गा पुनर्स्थापना र हरियाली

४. जैविक विविधतामा वृद्धि, चराचुरुङ्गी र जनावरहरूको पुनरावृत्ति

५. वन पैदावारको उत्पादन र आपूर्ति बृद्धि

६. वनको संचिति र पुनरुत्थानको स्तर बढ्दो

७. सूक्ष्म जलाधारबाट पानीको मात्रामा वृद्धि र पानीको गुणस्तरमा सुधार

८. जमिनले पानी सोस्ने क्षमतामा वृद्धि

९. जमिन मुनिको पानीको सतह (रिचार्ज) वृद्धि

१०. वनको स्थितिमा सुधारका कारण सतहको बहाव (surface runoff) मा कमी

११. माटोको क्षयीकरण घट्दो र वनसँग जोडिएको कृषि भूमिको उत्पादकत्व वृद्धि

सामुदायिक वनको विकाससँगै अहिले नेपालमा वनलाई प्राविधिक मुद्दाको सट्टा सामाजिक मुद्दाको रूपमा लिने गरिएको छ । सामुदायिक वनमा वन उपभोक्ता समूहहरूको सामाजिक मुद्दालाई वनको पक्षभन्दा बढी छलफल र प्राथमिकता दिने गरिएको छ। सबैभन्दा बढी छलफल हुने विषयहरू सामाजिक न्याय, समानता, लैङ्गिक सन्तुलन, सुशासन, जीविकोपार्जन आदि हुन्। सामुदायिक वन र यसको विकासको बहसमा वन क्षेत्र समाजशास्त्रीहरूको प्रभुत्वमा रहेको छ र वनको उत्पादन क्षमतालाई बेवास्ता गरिएको छ भन्ने आरोप पनि लाग्दै आएको छ। उपभोक्ताको सामाजिक आर्थिक अवस्था र जीविकोपार्जनमा पनि देहाय वमोजिमको परिवर्तन देखिएको छ ।

१. महिला, गरिब र विपन्न समूहको सशक्तीकरण

२. पर्यापर्यटन तथा गैरकाष्ठ वन पैदावारबाट आयआर्जन र ग्रामीण क्षेत्रमा रोजगारी

३. जीविकोपार्जनमा सुधार

४. संस्थागत र क्षमता निर्माण

५. सामुदायिक विकास गतिविधिहरू

सामुदायिक वनले गुरुयोजनाले परिकल्पना गरेको वनको संरक्षण र उपभोक्ताको आधारभूत आवश्यकता पूरागर्ने विषयमा राम्रो सफलता हासिल गरेतापनि हाल आएर वन पैदावारको उत्पादन र यसको व्यावसायिक उपयोगको विषयमा केही समस्याहरू देखिएका छन् । हाल समय फेरिएको छ, उपभोक्ताको आधारभूत आवश्यकतामा परिवर्तन आएको छ । पहाडी ग्रामीण भेगमा मानिसको बसोबास घट्दो क्रममा छ । नियमित रूपमा वनको व्यवस्थापन र घाँस, दाउरा र काठको संकलन हुन छाडेको छ । वन व्यवस्थापन तथा घाँस, दाउरा र काठको संकलनमा आएको कमीले वनमा रहेका रुखहरू बुढा र परिपक्व अवस्थामा पुगेका

छन्, वन डढेलो बृद्धि भएको छ, वन्यजन्तु उपभोक्ताको घरसम्मै पुगेर क्षति पुर्‍याउन थालेका छन् । आधारभूत आवश्यकतामा परिवर्तन भई वन पैदावारको माग घट्दो क्रममा रहेकाले उपभोक्ताले वन व्यवस्थापनमा त्यति चासो दिएको देखिँदैन । कतिपय सामुदायिक वन निष्क्रिय अवस्थामा रहेको तथा कार्य योजना समेत नवीकरण नभएको अवस्था छ ।

तराई र भित्री मधेशका उत्पादनशील वनहरू पहिले नै बुढा र परिपक्व चरणमा छन् । यी वनहरूमा रुखहरूको वृद्धि घट्दै गएको छ। सामुदायिक वनको स्रोत सर्वेक्षण निर्देशिका, २०६१ मा रहेको सीमित उत्पादन र उपयोगको व्यवस्थाले वनको पूर्ण क्षमता अनुसारको उत्पादन लिन सकिएको छैन । उपभोक्तालाई सिल्भिकल्चरमा आधारित वन व्यवस्थापनमा अभ्यस्त गराउन सकिएको छैन । वन पैदावरको उत्पादनलाई निजीक्षेत्रसम्म पुर्‍याई काठजन्य सामग्री उत्पादन गर्ने उद्योगलाई प्रवर्धन गर्न सकिएको छैन । उपभोक्ताले सञ्चालन गरेका काष्ठ उद्योग तथा अन्य वनपैदावारमा आधारित उद्योगहरू समेत राम्रोसँग सञ्चालन हुन सकेका छैनन् । सामुदायिक वनमार्फत उपभोक्ताको रोजगारी तथा आयआर्जनका लागि विगतमा लिइएको एक उपभोक्ता समूह एक वन उद्यमको नीतिले खासै सफलता पाउन सकेको देखिँदैन ।

विदेशबाट बर्षेनि अरबौंको काठजन्य सामग्री आयात हुँदापनि नेपालमा नै काठजन्य सामग्री उत्पादन गर्ने उद्योगलाई वन व्यवस्थापन गरी कच्चा पदार्थ उपलब्ध गराउन सकिएको छैन। काठजन्य सामग्री उत्पादनमा नरम काठ बढी प्रयोग हुन्छ तर नेपालको जंगलबाट उत्पादन हुने नरम काठको बिक्री र प्रयोग नगन्य मात्रामा छ । सामुदायिक वनबाट वन पैदावारको उत्पादन र उपयोगलाई बढाउन अहिलेको अवस्थामा सामुदायिक वनको उत्पादनलाई निजीक्षेत्रले प्रयोग गर्नेगरी सामुदायिक वनका कार्यक्रमहरू अगाडि लैजान र सामुदायिक वनले निजीक्षेत्रसँग सहकार्य गर्न आवश्यक देखिएको छ । वन व्यवस्थापनमार्फत सामुदायिक वनहरूमा रहेका काठ दाउरा संकलन गरी काठजन्य सामग्री उत्पादन गर्ने उद्योगसम्म कच्चा पदार्थ पुर्‍याउन वन व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउन देहाय वमोजिम गर्न उपयुक्त देखिन्छ ।

१. गुरुयोजनामा उल्लेख भएको सामुदायिक वनको उद्देश्यमा समयानुकूल परिमार्जन गरी वन पैदावारको उत्पादनलाई प्राथमिकता दिने ।

२. सामुदायिक वनको स्रोत सर्वेक्षण निर्देशिका, २०६१लाई परिमार्जन गरी सिल्भिकल्चरमा आधारित वन व्यवस्थापन निर्देशिका लागू गर्ने ।

३. निस्कृय रहेका सामुदायिक वनहरूलाई सकृय वनाउने र उपभोक्तालाई सिल्भिकल्चरमा आधारित वन व्यवस्थापनमा अभ्यस्त बनाउने।

४. सामुदायिक वनको व्यवस्थापन र वन पैदावारको उपयोगमा निजीक्षेत्रलाई संलग्न गराउने ।

५. वनक्षेत्रबाट उत्पादन हुने काठ दाउरा लगायतका वन पैदावारको विद्यमान बिक्री वितरण प्रकृयालाई परिमार्जन गर्ने ।

६. कार्य योजना वमोजिम उत्पादन हुने वन पैदावारको उपयोगमा निजी उद्यमी सामुदायिक वनले लामो समयको सम्झौता गरी उद्योगलाई कच्चा पदार्थको सुनिश्चितता गराउने ।

७. घाँस, दाउरा र काठको उपयोग नगर्ने उपभोक्तालाई सामुदायिक वन व्यवस्थापनमा जागरुक गराउन सामुदायिक वनको आम्दानीको केही हिस्सा व्यक्तिगत आम्दानी हुने व्यवस्था गर्ने ।

अन्त्यमा, सामुदायिक वन व्यवस्थापनमा निजीक्षेत्रलाई सहभागी गराई वन पैदावारको उत्पादनमा बृद्धि गरी स्वदेशमा नै काठजन्य सामग्री उत्पादन गरी काठजन्य सामग्रीको आयात प्रतिस्थापन गर्नुका साथै वन पैदावारको निर्यात व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

## सन्दर्भ सामग्री


Amatya S M, 2002: A review of forest policy in Nepal, Proceedings of the Forest Policy Workshop Kuala Lumpur, Malaysia 22-24 January 2002

DOF, 2018: Hamro Ban, Annual Report of Department of Forest, Nepal

MFSC, 1988. Master Plan for the Forestry Sector Nepal, Main Report, Ministry of Forest and Soil Conservation, Kathmandu, Nepal.

MFSC, 2014: Review of Implementation of the Master Plan for the Forestry Sector: Achievements and Lessons, a Synthesis Report, Ministry of Forests and Soil Conservation, Nepal

MFES, 2015: Forest Policy, 2015, Ministry of Forests and Soil Conservation, Nepal

# दिगो सामुदायिक वन व्यवस्थापनको सेरोफेरो

**विजयराज पौड्याल**

bijayarajpaudyal711@gmail.com

नेपालले प्राकृतिक स्रोतहरूमध्ये वन स्रोतको संरक्षण, सम्वर्द्धन, सदुपयोगमा आफ्नै पहिचान बनाएको छ। सिन्धुपाल्चोक जिल्लाको ठोकर्पाबाट सामुदायिक वनको अवधारणा विकास र काभ्रेपलान्चोक जिल्लाको पाण्डे गाउँबाट व्यावहारिक अभ्यास सुरु भएको हो। यतिवेला पाँच दशकभन्दा लामो यात्राको चर्चा र संलग्न सारथीहरू गम्भीर चिन्तन मननमा रहेका छन्। आजकाल म शहरका जमघटमा कुरा भइरहेको सुन्छु, गाउँमा मानिस छैनन्, सामाजिक तथा आर्थिक अवस्था बदलिएको छ, सामुदायिक वन समूहहरू निष्क्रिय भए, काठ उत्पादन भएको छैन, वन डढेलोले सखाप पार्ने भयो, मिचाहा झारले जैविक विविधता नाश गर्ने भयो, जडीबुटीको उपयोग भएन, अब कस्ले व्यवस्थापन गर्ने? वन तथा जलाधार क्षेत्रमा गरेका सिकाइका आधारमा सामुदायिक वन व्यवस्थापनमा देखापरेका सवालहरू के कसरी सहज ढंगले समाधान गर्न सकिन्छ भन्नेबारे यस लेखमा केही खाका प्रस्तुत गरिएको छ।

## विगतदेखि वर्तमान अवस्था

नेपालमा विकासका मोडलहरूमध्ये वन विकासको मोडल हेर्ने हो भने काम गर्दै सिक्दै जाने मोडलका रूपमा स्थापित भएको छ। यसै क्रममा सिन्धुपाल्चोक जिल्लाको ठोकर्पालाई सामुदायिक वन अवधारणको विकास भएको स्थानको पहिचान भएको छ। काभ्रेपलान्चोक जिल्लाको टुकुचा पाण्डे गाउँ मोडलमा सानो वन वरिपरिका घरधुरीहरूबाट सामुदायिक वनको समूह पहिचान, कार्य समिति गठन, विधान तयारी र कार्य योजना निर्माणका लागि लाभान्वित घरधुरीका आधारमा वन उपभोक्ता सिमाना कायम गरिएको थियो। वन विकास गुरुयोजना, २०४५ र वन ऐन, २०४९, वन नियमावली २०५१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० अनुसारका मध्यवर्ती क्षेत्र घोषणा र सुविधाबारे साथै जलाधार व्यवस्थापनका लागि भू तथा जलाधार संरक्षण ऐन, २०३९ र नियमावली, २०४२ कानुन जारी

भए। तत्कालीन अवस्थामा सहजरूपमा वनकर्मीको प्राविधिक सहयोग प्राप्त हुने गरेको थियो । वन समूहले आफैंले वन विनाश र वन डढेलो लगाउने उपर कार्वाही गर्ने गरेका थिए । घर परिवारको जनसङ्ख्या र आर्थिक अवस्थाका आधारमा वन पैदावार निःशुल्क वा न्यून शुल्कका आधारमा वितरण हुन्थ्यो । वन उपभोक्ताहरूले घरधुरी पालो वा आफैंले वन हेरालुको व्यवस्था गरी वन संरक्षण गरेका थिए। साना काठ, दाउरा, घाँस संकलन र वितरण सहज र सुलभ थियो । सम्पन्नता स्तरीकरणको अभ्यासवाट अति विपन्न घरधुरी पहिचान गरी वन पैदावारको आवश्यक सहुलियतको लागि विधान तथा कार्य योजनामा व्यवस्था गरिएको थियो । स्थानीय निकायको सामान्य भूमिका थियो । भू-संरक्षणका लागि सामुदायिक संस्था गठन र कार्य सञ्चालन गरिएको थियो । सूक्ष्म जलाधारमा सफलता मिल्दै गएको थियो र ठुला जलाधार व्यवस्थापनका लागि विस्तारको पहल हुँदै थियो।

समयक्रमसँगै नेपालमा वन व्यवस्थापनका लागि थप नीति तथा कानुन निर्माण भएका छन् । यतिबेला राष्ट्रिय वन नीति, २०७५ र वन ऐन, २०७६ (संशोधन २०८३ सहित), वन नियमावली, २०७९, दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१, राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१- २१००), तथा प्रदेश सरकारवाट जारी भएका वन ऐन, नियमावली तथा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्डहरूका प्रावधान लागू भइरहेका छन् । साथै, वि. सं.२०७६ मा जलवायु परिवर्तन नीति, वि. सं.२०७८ मा फेवा संरक्षित जलाधार क्षेत्र घोषण र वि. सं.२०८० मा राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति स्वीकृत भएक छन् । नयाँ सरकारको १०० बुँदे भित्र फेवाताल संरक्षित जलाधारको व्यवस्थापन पनि समेटिएको छ।

हालका दिनमा सामुदायिक वन छन्, वनका उपभोक्ताहरू पनि छन् र कार्य समिति पनि छन् । तर प्रायः कार्य समितिको बैठक र साधारण सभा नियमित बसेका छैनन् । कैयौं सामुदायिक वनको कार्य योजना नवीकरण भएका छैनन्। वन डढेलोका घटनाले त्रास थपेको छ। मिचाहा झार बढेकाले जैविक विविधता नाश मात्र होइन, वन डढेलोको लागि कारक बनिरहेको छ। मानव-वन्यजन्तु द्वन्द्व बढेका, हिंस्रक बन्यजन्तु उदाहरणको लागि बाघको आक्रमणले वन तथा निकुञ्ज र आरक्ष वरिपरिका बासिन्दा भयमा छन्। वन सम्वर्द्धन प्रणाली अनुसार वन व्यवस्थापन सुरु भए पनि गति लिन सकेको छैन। सरोकारवालाहरूबीच साझा बुझाइ अझै हुन सकेन । समूहका अति विपन्न वर्गले फाइदा पाउन सकेका छैनन् । वनका धनी समूह सदस्यहरू अर्थात्

गाउँमै वसिरहेका गरिब वर्गको सामाजिक आर्थिक अवस्था बदलिएको छैन। कार्य योजना स्वीकृत अघि स्थानीय सरकारको सहमति पत्र लिनु पर्ने प्रावधान रहेको छ। स्थानीय र प्रदेश सरकारले काठ, दाउरा, जडीबुटी विक्रीवितरणमा कर लगाउने क्रम सुरु गरेको छ । रैथाने ज्ञानका धनी तथा वन वरिपरि वसोवास गरिरहेका बासिन्दाहरूले वन तथा जैविक विविधता संरक्षणमा ठुलो योगदान दिएका छन्।

जैविक विविधताको अभिलेखीकरण र दर्ता तथा आनुवंशिक स्रोतमाथि पहुँच र लाभ बाँडफाँटको कानुन संघीय सरकारबाट जारी हुन सकेन । वन जगेर्ना गर्ने ती विपन्न वर्ग जसको घर छैन, बारी, खेत छैन, शिक्षा र सिपमा कमी छ, आम्दानीको बाटो छैन, उनीहरूको सहारा सामुदायिक वन बन्नुपर्ने अझै बनेन । पात पतिङ्गर छन्, मल वनाउन सकिएको छैन । सामुदायिक वनमा उद्यम सञ्चालनको अवस्था उत्साहजनक हुन सकेन । प्राथमिक तहको उत्पादन, जस्तै रुखको पात, फूल, फल वा बीउ, भुवा, बोक्रा, डाँठ, जरा तथा बाँसको विक्रीमा समूहलाई आवश्यक सहयोग पाउन कठिन छ । औषधी उत्पादन, फर्निचर उद्योग सञ्चालन, पातको दुना, टपरी, मल, ब्रिकेट, पेलेट, चिरान काठ उद्योग, सिजनिङ्ग तथा ट्रिटमेण्ट प्लाण्ट जस्ता दोस्रो र तेस्रो वर्गका उद्योग सञ्चालनमा लगानी तथा मानव स्रोत परिचालन तथा बजार व्यवस्थापन निकै कठिन देखिएको छ। वन डढेलोले सखाप भएका वन क्षेत्रको पुनस्थापनाको कार्य योजना बन्न सकेन । वन कार्यालयको कर्मचारी दरवन्दी कार्यबोझका आधारमा बन्न सकेन । न वन प्रशासन स्थानीय तहमा वलियो भयो, न प्रदेशको भूमिका अब्बल भएको छ । संघको निगरानीमा कमी छ, सहकार्यको वातावरण वन्न सकेन । तीन तहका सरकारको समन्वय पद्धति अझै सुचारु हुन सकेन । वन समूहको निर्णयानुसार गठन भएको कार्य समितिका पदाधिकारीहरू आफ्नै कार्यक्षेत्रमा वाह्रै महिना उपस्थित छन्, छैनन् ? यस प्रकारका वाधा अड्चनका कारण सामुदायिक वनको दिगो व्यवस्थापनले गति लिन सकेको छैन। सामुदायिक वनका विविध पक्षबारे अध्ययनका विषयहरू प्रशस्तै देखिन्छन् ।

विश्वव्यापी संकटको रूपमा फैलिएको जलवायु परिवर्तनको त्रासमा अव वन समूहहरू पनि पर्न थालेका छन् ।यसका लागि जलाधार स्रोतको कुशल र एकीकृत ब्यवस्थापनको लागि नयाँ ढंगले सोच्ने बेला आएको छ। जलीय सिमानामा सामुदायिक वनबीचको सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन हुनु अपरिहार्य बनेको छ ।

## रूपान्तरणको खाका

हरेक संस्थाको जन्म निश्चित उद्देश्यका लागि हुन्छ । सामुदायिक वन उपभोक्ता समूहको गठन वा जन्म हुनु भनेको सामुदायिक वन व्यवस्थापनको लागि इमान्दार प्रयास गर्नु हो । के कस्ता वस्तु र सेवा प्रवाह गर्न सकिन्छ, साझा बुझाइको जरुरी छ । जस्तै काठ, दाउरा, डालेघाँस, सोतर, जडीबुटी, पर्यापर्यटन, पानी मुहान संरक्षण, पहिरो नियन्त्रण, कार्वन व्यापार, पारिस्थितिकीय सेवा आदि । वन कार्य योजनामा प्रायः सबै उद्देश्य समेटिएका हुन्छन् तर केही पनि हुन सकेन भन्ने चर्चाको विषय बनेको छ । यसका लागि सर्बप्रथम सामुदायिक वन व्यवस्थापनको पहिलो र प्राथमिक उद्देश्य स्पष्ट हुनु जरुरी छ ।

हरेक संस्था सञ्चालन तथा व्यवस्थापन गर्ने दायित्व व्यवस्थापक वा संचालक समितिको हो । हरेक सामुदायिक वनको व्यवस्थापक सामुदायिक वन उपभोक्ता समूह हो र सोको परिचालन वा सञ्चालन वन उपभोक्ता समिति हो । यसका लागि अब जो गाउँघरमा स्थायी रूपमा वसोवास गर्दछन्, अर्थात् बाह्रै महिना गाउँमा बस्ने सदस्यहरूलाई नै कार्य समितिमा पदाधिकारीका रूपमा चयन गर्नु जरुरी छ । यसबाट नियमित बैठक र वार्षिक साधारण सभा सञ्चालनमा सहज हुनेछ ।सामुदायिक वन भएकै स्थानमा उपस्थित रहेका घरधुरी सक्रिय रहुन भनेको वन व्यवस्थापन सफल हुनु हो ।आजको आवश्यकता भनेको सामुदायिक वन व्यवस्थापन कार्य समितिमा व्यापक फेरवदल गरी गाउँघरमा नै आफ्नो सयम बिताउँछ, दैनिक समूहका सरोकारका विषयमा सहयोग दिन सक्छ, त्यस्ता घरधुरीका सदस्य कार्य समितिमा चयन गर्नु आवश्यक छ ।

सामुदायिक वन व्यवस्थापनको जग भनेको कार्य योजना अनुसार कार्य सञ्चालन गर्नु हो । वन कार्य योजना तयार गर्ने काम वन समूहकै हो । प्राविधिक सहयोग दिने वन प्राविधिक हुन् । हालको अवस्था हेर्दा एक सब डिभिजनमा एक जना वन अधिकृत, जो वन कार्य योजना निर्माणमा सहयोग दिन सक्षम हुन्छन् । एक सव डिभिजनमा यति धेरै सामुदायिक वन, साझेदारी वन, कबुलियती वन रहेका हुन्छन् कि कर्मचारीलाई कार्य बोझ धेरै छ, जनशक्ति थोरै । अब प्रदेश सरकारले वनको सङ्ख्या अनुसार वन प्राविधिकको दरबन्दी स्थापना र कर्मचारीको व्यवस्था गर्नुपर्दछ ताकि सामुदायिक वनको दिगो व्यवस्थापनमा योगदान पुगोस् ।

वन प्राविधिकको उपस्थिति र सकृय कार्य समितिका सदस्यहरूले कति सामुदायिक वन उपभोक्ताहरू एकल रूपमा र कतिले संयुक्त रूपमा के-के उद्यम सञ्चालनमा कार्यगत एकता

गर्न सक्छन्, ठोस गृहकार्य गरेको पाइँदैन। सरकारले बजेट तर्जुमा गर्दा हरेक आर्थिक हैसियत कमजोर भएका सामुदायिक वनको लागि टेवा पुग्ने गरी बजेट विनियोजन हुनुपर्दछ । तवमात्र वनको दिगो व्यवस्थापनले गति लिन्छ ।

सामुदायिक वन कुन भौगोलिक क्षेत्र, कस्तो भौगर्भिक अवस्था तथा कुन ऐतिहासिक पृष्ठभूमिबाट जगेर्ना र व्यवस्थापन हुँदै आएको हो, वन व्यवस्थापक र प्राविधिक सहयोग गर्ने दुबै पक्षले बुझ्नु जरुरी छ । झट्ट हेर्दा वनको रूपमा चक्ला देखिए पनि भित्र विभिन्न रूप रहेको हुन्छ । सामुदायिक वनको खण्ड खण्डको अवस्था अनुसार वस्तु उत्पादन र सेवा प्रवाह यकिन हुनु जरुरी छ । एकल र संयुक्त रूपमा के-के गर्न सकिन्छ? यकिन हुनु जरुरी छ ।

हरेक सामुदायिक वनको लागि प्राविधिकको आवश्यकता रहेको पाइन्छ । सामुदायिक वनहरूले संयुक्त रूपमा कार्यगत एकता गरी एक जना प्राविधिक निजी क्षेत्रवाट परामर्शदाता भर्ना गर्नु आवश्यक छ । यसबाट पर्यापर्यटन प्रवर्द्धन, वन डढेलो रोकथाम र नियन्त्रण, वन तथा वन्यजन्तु चोरीतस्करी नियन्त्रण, मिचाहा झार रोकथाम, वनपथ निर्माण, पैदल मार्ग निर्माण, पानी मुहान संरक्षण, सिंचाइ कुलो संरक्षण, सिमसार निर्माण र व्यवस्थापन, वन हेरालु परिचालन, तथा वन अतिक्रमण रोकथाम र नियन्त्रण गर्न सहज हुनेछ ।

सामुदायिक वन उपभोक्ता समूहहरूलाई उद्यमसँग जोडेर अघि बढेमा दिगो वन व्यवस्थापनको लक्ष्य हासिल हुनेछ। हरेक वन समूहलाई उद्यममा जोड्न सकिन्छ। प्राथमिक तहको उत्पादन, जस्तै रुखको पात, फूल, फल वा बीउ, भुवा, बोक्रा, डाँठ, जरा तथा बाँसको विक्री। दोस्रो तहको उद्यम जस्तैः दुना, टपरी उत्पादन तथा पातबाट मल उत्पादन, पर्यापर्यटन । तेस्रो तहको उद्यम जस्तै औषधी उत्पादन, फर्निचर, विक्रेट, पेलेट उद्योग सञ्चालन । कुन तहको उद्यम एक्लै, कुन तहको उद्यम सामूहिक रूपमा वन समूहहरूले र कुन तहको वन उद्यम समूहहरू, निजी क्षेत्र तथा सरकारको बीच दुई पक्षीय वा त्रिपक्षीय अर्थात् संयुक्त मोडलमा सञ्चालन गर्ने आजको बहसको विषय रहेको छ । यसैबाट वनको दिगो व्यवस्थापन गर्नेबारे उपाय पहिल्याउनु आजको आवश्यकता हो ।

वन समूहका गरिब सदस्यका लागि घर वनाउन निशुल्क काठ, घाँस, दाउरा र फलफूलका लागि कबुलियतीमा केही जमिन, स्वास्थ्य शिक्षा र तालिम र औजार उपकरणको प्रवन्ध र वनजन्य उत्पादनमा सहभागिता हुने प्रशस्त अवसर छन्, यी लक्ष्य रहे मात्र सामुदायिक वनको दिगो व्यवस्थापनमा सफलता पाइन्छ। वन उद्यम सञ्चालनमा वन समूहले एकल रूपमा प्राथमिक

उत्पादन र संयुक्त रूपमा दोस्रो र तेस्रो तहको उद्यम सञ्चालन गरी उत्पादन गर्ने तर्फ सहजीकरण गर्नु सरकारको दायित्व हो।

## निष्कर्ष

सामाजिक न्याय र वन व्यवस्थापन दुबै लक्ष्य हासिल गर्न सकिन्छ । वन समूहको पुनर्गठन गर्दै रैथाने बासिन्दा तथा गरिब विपन्नहरूको प्रत्यक्ष सहभागिता, वन डढेलो रोकथाम, हरियाली कायम, पारिस्थितिकीय प्रणाली सन्तुलन, जैविक स्रोत चोरी रोकथाम, वन अतिक्रमण नियन्त्रण, कृषि प्रणालीमा योगदान, पर्यापर्यटन प्रवर्द्धन, काठ दाउरा, डालेघाँस उत्पादन, दाउरा उत्पादनमा सहज र सरल तरिकाले आनुवंशिक स्रोतमा समेत समूह सदस्यहरूको पहुँच तथा लाभ बाँडफाँट हुनु जरुरी छ । साथै, जलवायु परिवर्तनको समेत चपेटामा वन समूह पर्दै जान थालेकाले न्यूनीकरण र अनुकूलनका सहज उपायहरू अबलम्बन गर्न नेपालमा जलाधारीय स्रोत व्यवस्थापनको खाका अनुसार जलीय सिमानमा सामुदायिक वनको सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन योजना कार्यान्वयनका माध्यमबाट समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य पूरा गर्न सकिने अवस्था रहेको छ ।

## सन्दर्भ सामग्री


विजयराज पौड्याल, २०४३. सामुदायिक वन विकास कार्यक्रम र जनसहभागिता, गोरखापत्र दैनिक, चैत्र २६

विजयराज पौड्याल २०५४. सामुदायिक वन र जनसहभागिता, गोरखापत्र दैनिक २०५४ असोज १२

विजयराज पौड्याल, २०६०. वन विश्लेषणः नेपालको सामुदायिक वन, आंखा, वर्ष २ अंक २ (चैत्र-जेष्ठ) पेज नं २१-२४

विजयराज पौड्याल २०६७. सामुदायिक वन र सरोकारवालाको भूमिका, सामुदायिक वन बुलेटिन अंक १५, वन विभाग

विजयराज पौड्याल २०७१. वैज्ञानिक वन व्यवस्थापनको रस्साकस्सी, राजधानी दैनिक, पौष २

पौड्याल, विजयराज, २०८२. नेपालको आर्थिक समृद्धिमा सामुदायिक वनको योगदान, आर्थिक कारोबार, कार्तिक २०

पुस्तक प्रकाशन समिति, २०७८. ठोकर्पा सामुदायिक वनः विश्वको पहिलो अभियान

शर्मा, श्याम प्रसाद, २०८२, वन व्यवस्थापनः सिद्धान्त र व्यवहार

Paudyal, B.R. 2021. 61 years Together: Nepal and Australia, Association of Nepalese Alumni from Australia/ Australian Government, pp 50

DoF, 2014. Scientific Forest Management Operational Guidelines, DoF

Paudyal, B.R., King, G.C. and Malla. Y.B., 1987. The Development of Improved Local Forest Management System in Kabhre palanchok District', Banko Janakari:1(4), pp 16-19, Special Issues. A Paper presented in 'First National Community Management Workshop' organized by Community and Private Forestry Division, Department of Forests held in Kathmandu, Nepal on the 24-27 November 1987.

Paudyal, Bijaya Raj, 2021. Australia's Contribution to the Nepalese Community Forests In ANAA, 2021.

Paudyal, Bijaya Raj, 2025. Emergence of User Group Forestry in the Journey of Community Forestry,

Paudyal, Bijaya Raj. 2020. Community Forestry Journey in Nepal, New Spotlight Nepal Magazine, June 7

Spotlight Nepal Magazine, https://www.spotlightnepal.com/author/bijaya-raj-paudyal/

भाग-२

# कालिका सामुदायिक वन लमजुङमा सिताके च्याउ खेती विकास

**डिभिजन वन कार्यालय, लमजुङ**

समुद्र सतहबाट करिव ७०० मिटर उचाइमा लमजुङ जिल्लाको राइनास न.पा.-८, शिख्र स्थित कालिका सामुदायिक वन उपभोक्ता समूह मिति २०५१/१०/०२ मा दर्ता भई ७६ घरधुरी रहेको उपभोक्तालाई ३२.७६ हेक्टर सरकारद्धारा व्यवस्थित वन क्षेत्र सामुदायिक वनको रूपमा हस्तान्तरण भएको जिल्लाको पुरानो सामुदायिक वनमध्ये एक हो। उक्त समूहको कार्यसमितिमा महिलाहरूको मात्रै प्रतिनिधित्व रहँदै आएको छ। उक्त समूहले विगतमा सामुदायिक वनको ५ हेक्टरमा चाँप रोपण, फ्रुट फरेष्ट्री मोडल स्थापना र पानी पोखरी निर्माण गरेको थियो । उक्त समूह आ.व. २०७८/७९ मा जिल्लाको उत्कृष्ट (प्रथम) सा.व.उ.स. पुरस्कारबाट पुरस्कृत समेत भएको थियो। गण्डकी प्रदेश सरकार (डिभिजन वन कार्यालय/ जलाधार व्यवस्थपन कार्यालय) को आर्थिक सहयोग र जाईकाको प्राविधिक सहयोगमा दिगो वन व्यवस्थापनमार्फत जलवायू परिवर्तन अनुकूलन परियोजनाको नमुना समूहको रूपमा छनौट भई आ.व. २०८२/८३ देखि उक्त समूहमा विभिन्न क्रियाकलाप सञ्चालन गर्ने क्रममा प्रदेश सरकारको सामुदायिक वनमा वन उद्यम प्रवर्द्धन अन्तरगत सिताके च्याउ खेती विकास हालै सम्पन्न भईसकेको छ भने कृषिवन विकास तथा विस्तार अन्तरगत अलैची, मेकाडामिया नट र एभोकाडो खेती सम्पन्न हुने चरणमा छ ।

डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूको सिप अभिवृद्धिका लागि वन पैदावारमा आधारित हस्तकला तालिम कार्यक्रम अन्तरगत २०८२ पुष महिनामा घलेगाउँमा तीन दिने सिताके च्याउ खेती प्रविधि तालिम सञ्चालन गरेको थियो जसमा उक्त समूहबाट दुई जना उपभोक्ता सहभागी हुनुहुन्थ्यो। कार्यालयका डिभिजनल वन अधिकृत दिपक प्रसाद पण्डित, वन अधिकृत सन्तोष खनाल, जाईका परियोजनाका अधिकृत रिखा ढकालको उत्प्रेरणा र उक्त तालिमका सहभागी उपभोक्ताको आत्मविश्वासले गर्दा उपभोक्ता समूहमा पहिलो पटक सिताके च्याउ खेती सुरुवात गर्ने निर्णयमा बल पुगेको थियो।

डिभिजन वन कार्यालयको तर्फबाट रु. ४,८५,०००।- र उपभोक्ता समूहको तर्फबाट ६५,५००।- गरी रु. ५,५०,५००।- को लागत अनुमान तयार गरी कार्यसम्पन्न गर्न समूह

तयार भई उक्त समूहले मिति २०८२/१०/१२ मा कार्यादेश पाएको थियो। ततपश्चात् सवडिभिजन वन कार्यालय, राइनास-दूधपोखरीबाट संकलन सहमति लिई समूहले सामुदायिक वनबाट कटुसका रुखहरू कटान मुछान गरी गिण्डा (मुढा)हरू तयार गर्यो। काठमाडौबाट सिताके को बीउ खरिद गरी ड्रिल मेशिन, त्रिपाल, सुपर पोलिन प्लाष्टिक, गार्डेन पाईप, कराही, कोटा मैन आदि सामग्रीहरू जुटायो ।

सिताके च्याउ खेतीलाई प्रभावकारी वनाउन जाईका परियोजनामार्फत स्थलगत रूपमा ३ दिने सिताके च्याउ खेती तालिम प्रदान गरियो। त्यस पछि समूहका अधिकांश महिलाहरूको संलग्नतामा कटुसका १४०० गोटा मुढा (साईजः लम्बाई १ मिटर र गोलाई ३०-४० सेमी) मा सिताके च्याउको बीउ रोप्ने, पानीले भिजाउने, त्रिपालले मुढाहरू छोप्ने, नियमित रेखदेख गर्ने कार्य हुदै आएको छ। उक्त मुढाहरूबाट पहिलोपटक आगामी २०८३ साल असोजमा सिताके च्याउ उत्पादन हुने पर्खाईमा उपभोक्ताहरू छन्। उत्पादन भएको च्याउ टिप्न, सुकाउन, भण्डारण तथा प्याकेजिङ गर्न, ढुवानी गर्न कुनै असहजता नदेखिएको र राम्रो मूल्य (प्रति केजि रु. ५००।-) मा बिक्री समेत हुने देखिएको छ। यसरी, सामुदायिक वनमा वन उद्यमको रूपमा जिल्लामै पहिलो पटक सिताके च्याउ खेतीको सुरुवात भएकोले आगामी दिनमा उक्त समूहले थप मुढामा खेती विस्तार गर्ने र अन्य उपभोक्ता समूहले समेत च्याउ खेती सुरुवात गर्ने कुरामा समूहकी अध्यक्ष सरिता श्रेष्ठ आशावादी देखिनु हुन्छ ।



सिताके च्याउ उत्पादनका लागि पाइलिङ गरिएका मुढाहरू

# बायोमासमा आधारित प्राङ्गारिक मल उत्पादन कार्यक्रम

**डिभिजन वन कार्यालय, गोरखा**

नेपालको सामुदायिक वन अभियानले प्राकृतिक स्रोतको संरक्षणमा विश्वव्यापी रूपमै विशिष्ट पहिचान बनाएको छ। हालका वर्षहरूमा यो अभियान संरक्षणबाट अगाडि बढेर वन पैदावारको व्यावसायिक उपयोग र हरित रोजगारी सिर्जनामा केन्द्रित हुन थालेको छ। यसै सन्दर्भमा, डिभिजन वन कार्यालय गोरखाको प्राविधिक तथा आर्थिक सहयोग र शहिदलखन गाउँपालिकाको समन्वयमा गोरखाको शहिदलखन गाउँपालिका-५ स्थित रामलक्ष्मण सामुदायिक वन र बागपानी सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको क्षेत्रमा एउटा अनुकरणीय र नवप्रवर्तनात्मक सुरुवात गरेका छन्। वन क्षेत्रमा चुनौतीका रूपमा फैलिएका मिचाहा प्रजाति (विशेष गरी वनमारा) को सदुपयोग गरी सुरु गरिएको वन बायोमासमा आधारित प्राङ्गारिक मल उत्पादन कार्यक्रमले वन व्यवस्थापन, जैविक कृषि र जलवायु क्रियाशीलता (Climate Action)लाई एकैसाथ जोडेको छ।

यस कार्यक्रमअन्तर्गत विश्वभर प्रचलित र वैज्ञानिक मानिएको ओपन विन्ड्रो कम्पोष्टिङ (Open Windrow Composting) विधि अवलम्बन गरिएको छ। यो अक्सिजनको उपस्थितिमा जैविक पदार्थहरूलाई विघटन गराउने एउटा एरोबिक (Aerobic) प्रणाली हो। सामुदायिक वन उपभोक्ता समूहकै नेतृत्वमा वनबाट संकलन गरिएको हरियो नाइट्रोजनयुक्त सामग्री (वनमारा, झाडी, पात) र खैरो कार्बनयुक्त सामग्री (सुख्खा पात, काठको टुक्रा)लाई ५-८ फिट चौडाइ र ३-५ फिट उचाइको लामो तह (Windrow) बनाएर खुला स्थानमा राखिन्छ।

कम्पोष्टिङ प्रक्रियामा तापक्रमको सन्तुलन सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। यस प्रविधिमा सामग्रीहरूलाई प्रत्येक ५ देखि १० दिनमा सूक्ष्म ढंगले पल्टाउने (Turning) र ओसिलोपन ५०-६०% कायम राख्न सिँचाइ गर्ने गरिन्छ। यसले गर्दा विन्ड्रोको भित्री तापक्रम ५५ देखि ६५ डिग्री सेल्सियससम्म पुग्छ, जसले हानिकारक जीवाणु र मिचाहा वनस्पतिका बीउहरूलाई पूर्ण रूपमा नष्ट गर्छ। यदि तापक्रम यो सीमाभन्दा बढी भएमा नाइट्रोजन वाष्पीकृत भएर मलको गुणस्तर घट्ने भएकाले टर्निङ र पानी व्यवस्थापनमा उपभोक्ताहरूले विशेष ध्यान दिँदै

आएका छन्। ८ देखि १२ हप्ताभित्र यो प्रक्रिया पूरा भई माटो जस्तो बनावट भएको, गन्धरहित र उच्च गुणस्तरको प्राङ्गारिक मल तयार हुन्छ।

बहुआयामिक लाभः डढेलो न्यूनीकरणदेखि कार्बन क्रेडिटसम्म यो उद्यम केवल मल उत्पादनमा मात्र सीमित छैन, यसले वन पारिस्थितिकीय प्रणालीमा बहुआयामिक सकारात्मक प्रभाव पारेको छः

- **वन डढेलो र इन्धन व्यवस्थापनः** वनको भुइँमा जम्मा हुने सुख्खा झाडी र वनमारा जस्ता अत्यधिक प्रज्वलनशील बायोमास (Inflammable Biomass)लाई बेलैमा संकलन गर्दा वन डढेलोको जोखिम निकै कम भएको छ।
- **वनको पुनरुत्पादनः** मिचाहा वनस्पति हटेपछि वनको भुइँ खुला भई बहुमूल्य साल (Shorea robusta) लगायतका स्थानीय प्रजातिहरूको प्राकृतिक पुनरुत्पादन मा ठुलो सहयोग पुगेको छ।
- **सम्भावित जलवायु वित्त र कार्बन क्रेडिट (Carbon Credit):** जैविक फोहोर खुला वातावरणमा सड्न दिँदा निस्कने हानिकारक हरितगृह ग्यास ($CO_2$ र $CH_4$) र वन डढेलोबाट हुने ठुलो परिमाणको उत्सर्जनलाई यस प्रविधिले रोकेको छ। डढेलो नियन्त्रण र रासायनिक मलको प्रतिस्थापनलाई वैज्ञानिक ढंगले मापन (Verified Methodologies जस्तै Verra वा Gold Standard) गर्ने हो भने, यसै अभ्यासका आधारमा यी सामुदायिक वनहरूले भविष्यमा अन्तर्राष्ट्रिय कार्बन बजारबाट कार्बन वित्त भित्र्याउने बलियो आधार पनि हुन सक्छन् ।
- **महिला सशक्तीकरण र समृद्धिः** स्थानीय स्तरमा कच्चा पदार्थ संकलन, ढुवानी, कम्पोष्टिङ र प्याकेजिङका कार्यहरूमा स्थानीय बासिन्दा, विशेष गरी महिलाहरू प्रत्यक्ष रोजगारीमा जोडिएका छन्, जसले उनीहरूको नेतृत्व विकास र आर्थिक सशक्तीकरणमा टेवा पुर्‍याएको छ।

यो अभ्यास नेपालका साना किसानहरूका लागि "क्लाइमेट-स्मार्ट कृषि" (Climate-Smart Agriculture) प्रवर्द्धन गर्ने एउटा बलियो औजार हो। यसलाई देशव्यापी रूपमा विस्तार गर्न नेपाल सरकारले रासायनिक मलमा दिँदै आएको अनुदानको केही हिस्सा वन बायोमासमा आधारित जैविक मल उत्पादनमा स्थानान्तरण गर्न आवश्यक छ। स्थानीय तहहरूले यसरी

उत्पादित मलको गुणस्तर परीक्षण, प्रमाणीकरण र बजार सुनिश्चितता गरिदिनुपर्छ। वन व्यवस्थापन र ग्रामीण समृद्धिको यो एकीकृत मोडेललाई "एक वन, एक उद्यम" अभियानको रूपमा अघि बढाउन तीनै तहका सरकारले नीतिगत सरलीकरण, कानुनी अड्चनको फुकाउ र अनुदानको व्यवस्था गर्नु आजको आवश्यकता हो।



**१. कच्चा पदार्थ सङ्कलन: बन क्षेत्रबाट संकलन गरिएको मिचाहा प्रजाति वनमारा।**



**२. क्रसिङ्ग र तयारी: मेसिनबाट मसिनो टुक्रा बनाइएको जैविक बायोमास।**



**३. विन्ड्रो र लेयर तयारी: तह-तह मिलाएर प्लास्टिकले ढाकिएको विन्ड्रो।**



**४. तापक्रम र आर्द्रता मापन: वैज्ञानिक विधिबाट कम्पोष्टिङ अनुगमन।**

**फोटो सौजन्य: रामलक्ष्मण सामुदायिक वन, शहिदलखन गाउँपालिका ५, गोरखा**

# सामुदायिक वनमा वन उद्यम प्रवर्द्धन कार्यक्रमः सिताके च्याउ खेती विस्तार

**डिभिजन वन कार्यालय, गोरखा**

नेपालमा सामुदायिक वन व्यवस्थापनको सुखद इतिहासले चार दशक पार गरिसकेको छ। सुरुवाती चरणमा पर्यावरण संरक्षण र काठ-दाउराको आपूर्तिमा केन्द्रित सामुदायिक वन उपभोक्ता समूहहरू अहिले समृद्धि र आत्मनिर्भरताको मार्गमा अघि बढिरहेका छन्। यसै सन्दर्भमा, डिभिजन वन कार्यालय गोरखाको समन्वय र प्राविधिक मार्गदर्शनमा गोरखा नगरपालिका-३ स्थित महालक्ष्मी सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारको दिगो उपयोगमार्फत आर्थिक रूपान्तरणको एउटा नयाँ र आशालाग्दो अध्याय सुरु गरेको छ। समूहले तर्जुमा गरेको "सामुदायिक वनमा वन उद्यम प्रवर्द्धन कार्यक्रम" केवल एक योजना मात्र नभएर स्थानीय स्रोतलाई कसरी हरित रोजगारीमा बदल्न सकिन्छ भन्ने उत्कृष्ट उदाहरण हो।

महालक्ष्मी सामुदायिक वनले आफ्नो रैथाने वन पैदावार, विशेष गरी पतझड प्रजातिका काठका मुढाहरूको सदुपयोग गर्दै सिताके च्याउ (Lentinula edodes) खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्ने योजना अघि सारेको छ। वनभित्र खेर गइरहेका, धोद्रा भएका वा हैसियत बिग्रेका रुखहरू तथा झाडी सफाइ/ थिनिङ गर्दा निस्कने काठहरू सिताके च्याउ उत्पादनका लागि उत्कृष्ट माध्यम (Substrate) हुन्।

हाल समूहका केही उत्साही उपभोक्ताहरूले यसलाई सफलतापूर्वक परीक्षण गरिसकेका छन्। सोही सफल अभ्यासलाई संस्थागत गर्दै अब आम उपभोक्ता, विशेष गरी विपन्न, महिला र युवाहरूलाई समेटेर नयाँ हरित उद्यमी उत्पादन गर्ने समूहको लक्ष्य छ।

सिताके च्याउ खेतीको प्राविधिक र पर्यावरणीय पक्षलाई हेर्ने हो भने यसको सीधा सम्बन्ध जापानको परम्परागत वन व्यवस्थापन प्रणालीसँग जोडिन्छ। जापानमा शताब्दीयौंदेखि कटुस (Castanopsis) र फलाँट प्रजातिका वनहरूलाई सिताके च्याउ उत्पादनका लागि विशेष रूपमा व्यवस्थापन गर्ने गरिन्छ, जसलाई त्यहाँ "सातोयामा" (Satoyama) परिदृश्यको एक महत्त्वपूर्ण हिस्सा मानिन्छ।

जापानमा कटुसको वनलाई निश्चित चक्र (Coppice system) मा काटिन्छ, जसले गर्दा वनको पुनरुत्पादन पनि स्वस्थ हुन्छ र च्याउका लागि आवश्यक उत्तम मुढाहरू (Logs) पनि निरन्तर प्राप्त भइरहन्छन्। नेपालको पहाडी भूभाग, विशेष गरी गोरखाका वनहरूमा कटुस (Castanopsis indica/tribuloides) र चिलाउनेको बाहुल्यता छ। महालक्ष्मी सामुदायिक वनले ठ्याक्कै यही जापानी पर्यावरण-मैत्री मोडेललाई आत्मसात् गर्दै आफ्नो कटुस र अन्य पतझड वनको हैसियत सुधार गर्ने र सोही वनबाट सिताके च्याउका लागि मुढा आपूर्ति गर्ने रणनीति लिएको छ। यसले वनको हैसियत पनि बिग्रन दिँदैन र उपभोक्ताको आम्दानी पनि सुनिश्चित गर्दछ।

यस उद्यमले बहुआयामिक प्रभाव पार्ने निश्चित छ। पहिलो, यसले वनभित्र डढेलो बढाउने र खेर जाने काठका टुक्राहरूको सदुपयोग गरी वन व्यवस्थापनमा सहयोग पुर्‍याउँछ। दोस्रो, परम्परागत कृषिमा मात्र निर्भर स्थानीय समुदायलाई वनमा आधारित 'वैकल्पिक आयआर्जन' को ढोका खोल्छ।

डिभिजन वन कार्यालयको सानो आर्थिक तथा प्राविधिक सहयोग (रु. २,००,०००/-) ले स्थानीय स्तरमा ठूलो आर्थिक गतिशीलता ल्याउन सक्छ। महालक्ष्मी सामुदायिक वनको यो प्रयास नेपालका अन्य हजारौं सामुदायिक वनहरूका लागि "पर्यावरण संरक्षणसँगै समृद्धि" हासिल गर्ने एउटा सिकाइ केन्द्र (Learning Hub) बन्न सक्छ। वनलाई केवल काठको स्रोत मात्र नमानेर उद्यमको जग मान्ने हो भने, "ईगोबाट इको" (Ego to Eco) तर्फको यात्रा र लक्ष्य प्राप्ति टाढा छैन।




**१. तयारी र व्यवस्थापन: काठमा ड्रिल गरी च्याउको माइसेलियम र मोम भरिसकेपशचात छायाँमा ल्ग पाइलिङ गरी भिजाँदै राखिएको।**




**२. अनुगमन र निरीक्षण: डिभिजन वन अधिकृत र माननीय वन तथा वातावरण मन्त्री, गण्डकी प्रदेशद्वारा च्याउ खेतीको अनुगमन।**

**फोटो सौजन्य: लक्ष्मी सामुदायिक वन उपभोक्ता समूह, गोरखा**

# नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सुरु भयो दिगो वन व्यवस्थापन

**डिभिवन वन कार्यालय, नवलपुर**

नवलपरासी (ब.सु. पूर्व) जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम ४८ वटा सामुदायिक वन, १ वटा साझेदारी वन र १ वटा सरकारद्वारा व्यवस्थित चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भइरहेको थियो। वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को खारेजी पश्चात् नीतिगत अन्यौलताका कारण वि.सं. २०७७ साल जेठदेखि वैज्ञानिक वन व्यवस्थापन कार्य योजना निष्क्रिय भएसँगै वन व्यवस्थापनका कार्यहरू ठप्प हुन पुगे। आ.व. २०७७/७८ र २०७८/७९ मा वैज्ञानिक वन व्यवस्थापन लागू गरिएका वनहरूमा पूर्ण रूपमा कटान, मुछान लगायतका कार्यहरू हुन सकेनन्। वन क्षेत्रमा ढलापडा रुखहरू सडीगली जाने, चोरी तस्करी हुने, वन डढेलोबाट वन पैदावारको हानि-नोक्सानी भइरहँदा उपभोक्ताले काठदाउरा प्राप्त गर्न सकेनन्। उपभोक्ता तथा समूहको मागबमोजिम माननीय मन्त्रीस्तरको निर्णयले आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा केही मात्रामा ढलापडा रुखहरू संकलन गरिए।

वैज्ञानिक वन व्यवस्थापन गरिएका वन क्षेत्रमा पुनरुत्पादनको अवस्था राम्रो भएको, वन संरक्षण तथा व्यवस्थापनका क्रियाकलापहरू नियमित भएको र वन व्यवस्थापनबाट रोजगारी सिर्जनासँगै स्थानीय रूपमा सामाजिक-आर्थिक लाभ लिइरहेका उपभोक्ता समूहमध्ये पाँच वर्षको अवधिमा जम्मा पाँच वटा सामुदायिक वन मात्र सामान्य व्यवस्थापन तर्फ फर्किए भने बाँकी ४३ सामुदायिक वन, एक साझेदारी वन र एक चक्ला वन भने आवश्यक कानुनको पर्खाइमा रहे । नेपाल सरकारले दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ लागू गर्नुका साथै गण्डकी प्रदेशले रोकिएको वन व्यवस्थापन कार्यलाई आम जनताको मागबमोजिम वन ऐन, २०८० वन नियमावली, २०८१, र अन्ततः वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२ मिति २०८२/०२/२२ गते प्रदेश राजपत्रमा प्रकाशित गरेपश्चात् वन व्यवस्थापनका लागि आवश्यक कानुनी प्रावधान पूरा भयो। यसले गण्डकी प्रदेशभरका

सामुदायिक वन लगायत अन्य वन व्यवस्थापन इकाईहरूलाई समेत दिगो वन व्यवस्थापनको बाटो खोलिदियो।

सो पश्चात् गण्डकी प्रदेशको एकमात्र दक्षिणतर्फ भारतसँग सीमा जोडिएको भित्री मधेश, चलनचल्तीमा तराई भनेर चिनिने नवलपरासी (ब.सु.पू.) जिल्लामा डिभिजन वन कार्यालय नवलपुर अन्तर्गत रहेको प्रदेशकै एकमात्र साझेदारी वनको कार्य योजना वन निर्देशनालयबाट चालु आ.व.मा स्वीकृत भई करिब ३७,००० घनफिट काठ उत्पादन भइरहेको छ। यो प्रदेशस्तरमा एक ऐतिहासिक कदम हो। हाल डिभिजन वन कार्यालय नवलपुर अन्तर्गत २१० वटा सामुदायिक वन रहेकोमा २४ वटा सामुदायिक वन उपभोक्ता समूहले वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्य योजना स्वीकृत गराई वन व्यवस्थापनका क्रियाकलाप सञ्चालन गरिरहेका छन्। दिगो वन व्यवस्थापनबाट मात्रै १ लाख ४० हजारभन्दा बढी घनफिट काठ संकलन भइरहेको छ । अन्य सामान्य व्यवस्थापन भएका वन र ढलापडा संकलन लगायतबाट थप १ लाख ६० हजार घनफिट काठ संकलन भइरहेको छ । यसरी हाल कुल ३ लाख घनफिट काठ उत्पादन हुँदैछ, जसले स्थानीय उपभोक्ताको माग पूर्ति गर्नुका साथै राजस्व संकलनमा उल्लेखनीय योगदान पुर्‍याइरहेको छ ।

गण्डकी प्रदेशकै एकमात्र सरकारद्वारा व्यवस्थित चक्ला वन (दुम्कीबास-अरुणखोला सरकारद्वारा व्यवस्थित चक्ला वन) को वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्य योजना को तयारीको काम भइरहेको छ। उक्त कार्य योजना आ.व. २०८२/८३ मा स्वीकृत भई आगामी आर्थिक वर्षदेखि कार्यान्वयन हुने चरणमा रहेको छ। नवलपरासी (ब.सु.पू.) मा थप २५ वटा सामुदायिक वनले समेत दिगो वन व्यवस्थापन कार्य योजना चालु आ.व. २०८२/८३ मा डिभिजन वन कार्यालय नवलपुरबाट स्वीकृत गराई आ.व. २०८३/८४बाट कार्यान्वयन गर्ने लक्ष्य राखेका छन्। यसले अझ थप सामुदायिक वन समूहहरूलाई दिगो वन व्यवस्थापनमा सहभागी हुन उत्साहित बनाएको छ। आ.व. २०८३/८४ मा डिभिजन वन कार्यालय नवलपुरबाट कुल ५ लाख घनफिट भन्दा बढी गुणस्तरीय काठ उत्पादन गर्ने र अनुमानित ४० करोड बराबरको राजस्व संकलन गर्ने लक्ष्य लिइएको छ । यो उपलब्धि गण्डकी प्रदेशको वन क्षेत्रमा एक नमुनायोग्य कदम बन्नेछ ।

दिगो वन व्यवस्थापनबाट वन क्षेत्रमा पुनरुत्पादनको अवस्था सुदृढ भएको, संरक्षण तथा व्यवस्थापनका क्रियाकलापहरू नियमित भएका र वन व्यवस्थापनबाट प्रत्यक्ष रोजगारी सिर्जना

भएको छ। स्थानीय उपभोक्ता समूहले काठदाउरा नियमित रूपमा पाउने भएकाले सामाजिक तथा आर्थिक रूपमा पनि सकारात्मक परिवर्तन आउनुका साथै राजश्व संकलनमार्फत राष्ट्रिय अर्थतन्त्रमा टेवा पुगेको छ। वन डढेलो, चोरी-तस्करी र ढलापडा नोक्सानीमा उल्लेखनीय कमी आई वातावरणीय आयममा समेत सकारात्मक प्रभाव परेको छ । यस सफल अभ्यासले प्रदेशका अन्य जिल्लाका सामुदायिक वनहरूका लागि पनि प्रेरणा र मार्गदर्शन प्रदान गर्नेछ । डिभिजन वन कार्यालय नवलपुर, नवलपरासी (ब.सु.पूर्व) ले समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई अझ सुदृढ बनाउँदै दिगो विकासको लक्ष्य हासिल गर्ने मार्गमा क्रियाशील रहिआएको छ। सबै सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयासले यस कार्यक्रमले मूर्त रूप लिने विश्वास गर्न सकिन्छ।

# सामुदायिक वनमा पर्या-पर्यटनको नयाँ आयामः रक्तमालाको उदाहरणीय प्रयास

**रेञ्जर, दिपक टमटा**

डिभिजन वन कार्यालय, सप्तरी

सामुदायिक वनलाई केवल काठ, दाउरा तथा अन्य वन पैदावारको स्रोतका रूपमा मात्र होइन, दिगो आयआर्जन, वातावरण संरक्षण र पर्या-पर्यटन प्रवर्द्धनको प्रभावकारी माध्यमका रूपमा पनि विकास गर्न सकिन्छ भन्ने उदाहरण सप्तरी जिल्लाको रक्तमाला नमुना सामुदायिक वन उपभोक्ता समूहले प्रस्तुत गरेको छ। सप्तकोशी नगरपालिका-१ सप्तरीमा अवस्थित यस सामुदायिक वनले वन संरक्षणको परम्परागत अवधारणालाई विस्तार गर्दै प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान पुर्‍याइरहेको छ।

उपभोक्ता समूहले वनक्षेत्रभित्र निर्माण गरेको आकर्षक तथा आधुनिक ट्रि हाउस (Tree House) र हरियाली वातावरणले घेरिएको मनमोहक जलाशय यतिबेला आन्तरिक तथा बाह्य पर्यटकहरूको प्रमुख आकर्षण बनेको छ। प्राकृतिक सौन्दर्य र शान्त वातावरण परिवेशको अनुभव गर्न चाहने आगन्तुकहरूका लागि यो क्षेत्र उपयुक्त गन्तव्यका रूपमा विकास भइरहेको छ। अध्ययन भ्रमण, अवलोकन तथा मनोरञ्जनका लागि आउने विद्यार्थी, अनुसन्धानकर्ता र सर्वसाधारणको सङ्ख्या क्रमशः बढ्दै गएको देखिन्छ।

विशेष गरी जुटपानी क्षेत्रको करिब साढे सात बिगाहा क्षेत्रफललाई पर्यटकीय हबका रूपमा विकास गर्ने उद्देश्यका साथ विभिन्न पूर्वाधार निर्माण तथा सौन्दर्यीकरणका कार्यहरू सञ्चालन भइरहेका छन्। पदमार्ग निर्माण, विश्रामस्थल व्यवस्थापन, सूचना केन्द्र स्थापना, वृक्षारोपण तथा जलाशय संरक्षण जस्ता गतिविधिहरूले यस क्षेत्रको पर्यटन सम्भावनालाई थप बलियो बनाएका छन्।

वन संरक्षणलाई स्थानीय समुदायको आयआर्जनसँग जोड्ने उद्देश्यले वनभित्र विभिन्न प्रजातिका जडीबुटी खेती, बहुउपयोगी वृक्षारोपण तथा प्राकृतिक पातपतिङ्गरबाट प्राङ्गारिक मल उत्पादन

गर्ने कार्यसमेत भइरहेको छ। यस्ता गतिविधिले वनको जैविक विविधता संरक्षण गर्नुका साथै उपभोक्ताहरूलाई थप आर्थिक अवसर सिर्जना गर्न सहयोग पुर्‍याएको छ।

यसरी वन संरक्षण, वातावरणीय सन्तुलन, पर्या-पर्यटन प्रवर्द्धन तथा समुदायको आर्थिक सशक्तीकरणलाई एकैसाथ अघि बढाउने रक्तमाला नमुना सामुदायिक वनको प्रयास अन्य सामुदायिक वनहरूको लागि समेत अनुकरणीय नमुना बन्न सक्ने देखिन्छ। उचित योजना, पूर्वाधार विकास तथा प्रचारप्रसारका माध्यमबाट यो क्षेत्र सामुदायिक वन व्यवस्थापन, पर्या-पर्यटन विकास तथा समुदायमा आधारित प्राकृतिक स्रोत संरक्षणको उत्कृष्ट सिकाइ केन्द्र (Learning Hub) का रूपमा स्थापित हुन सक्ने प्रबल सम्भावना रहेको छ।




पर्यटकका लागि बनाइएको ट्रि हाउस

# पश्चिम नेपालको सामुदायिक वन लगायतको सालको जंगलमा किराको प्रकोप के हो?

**मोहनचन्द्र विश्वकर्मा**

केन्द्र प्रमुख,

सामुदायिक वन अध्ययन केन्द्र

पश्चिम नेपालका दाङ, दैलेख र सुर्खेत लगायतका जिल्लाहरूमा सालका वनमा पात झरी रुखहरू नाङ्गिने महामारी फैलिएको समाचारहरू २०८२ माघ महिनामा सञ्चार माध्यममा आए। यो प्रकोप करिब पाँच महिना अगाडि असोजदेखि नै सुरु भएको भएतापनि सञ्चार माध्यममा माघ महिनामा बढी आए। सो माहामारीको बैज्ञानिक कारण पत्ता लगाउन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, काठमाण्डौले उपसचिव (प्रा.) सुनिता उलकको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका प्रोफेसर डा. प्रेम बुढा र केन्द्रका अनुसन्धान अधिकृत प्रतीक पाण्डेय सम्मिलित तीन सदस्यीय विज्ञ टोली गठन गर्यो।

बिज्ञ टोलीले कर्णाली प्रदेशको वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयसँग समन्वय गरी दैलेखका किमुगाउँ, चुप्रा, कोटिला, श्रीस्थान, बेलपाटा, साडु, छहरे, जमुने, लगायतका सामुदायिक वनक्षेत्रमा स्थलगत निरीक्षण गरेको थियो। टोलीले प्रारम्भिक अध्ययनको क्रममा Erebidae र Lasiocampidae परिवारका लार्भाहरूले सालका पात खाएर वनलाई पूर्णतः नाङ्गो बनाएको अनुमान लगायो। यिनै लार्भाले सालका पात तीव्र रूपमा खाएर वन क्षेत्रलाई नै कुरूप बनाएको र रुखको वृद्धि विकासमा गम्भीर असर पुर्याएको देखियो। स्थलगत अवलोकन क्रममा अध्ययन टोलीले जीवित लार्भा फेला पार्न नसके पनि किराले छाडेका छाला र प्युपाका खोलहरू वनक्षेत्रमा प्रशस्त मात्रामा फेला पारेको थियो। यसैगरी दाङका तुलसीपुर, बबई र दङ्गीशरण क्षेत्रका सामुदायिक वनका सालका रूखमा समेत यसै किराको प्रकोप हुनसक्ने टोलीले अनुमान गर्यो।

यसै क्षेत्रमा करिब तीन वर्षअघि पनि यस्तै प्रकोप देखिएकोमा वर्षा भएपछि किराको सङ्ख्या स्वतः घटेको स्थानीयको अनुभव रहेको बुझियो। टोलीका अनुसार यसपालि हिउँदे झरी नपरेको

र लामो समयसम्म खडेरी भएको जसले गर्दा बढ्दो तापक्रमले किराको प्रजननका लागि अनुकूल वातावरण सिर्जना गर्‍यो। विशेषगरी दक्षिण र पश्चिम मोहडामा फर्किएका पहाडी क्षेत्रका जंगलमा यसको असर बढी देखिएको थियो।

टोलीले यस्ता किराको प्रकोपलाई नियन्त्रण गर्न वन समूहहरूले सालको वनमा भदौ-असोजतिरै रुखका हाँगाबिँगा काँटछाँट गरी र वन सफा राख्राने किरा सङ्ख्या घटाउन सकिने सुझाव दिएको छ। माटोमा लुकेर बसेका किराका अवशेष नष्ट गर्न निश्चित क्षेत्रमा नियन्त्रण गरी आगो लगाउन पनि विकल्पका रूपमा सुझाएको छ । टोलीले आगामी फागुन-चैतमा फेरि स्थलगत भ्रमण गरी किराको प्रजाति यकिन गर्ने योजना बनाएको छ। यदि जीवित लार्भा भेटिए त्यसलाई ल्याबमा ल्याएर हुर्काई वयस्क भएपछि कुन प्रजातिको पुतली हो यकिन गरिने जनाएको छ। प्रभावित क्षेत्रहरूमा सालका रूखहरूमा समयअगावै नयाँ कोपिला (Early budding) पलाउन थालेको देखिएकोले यस किराको प्रकोप पश्चात् पनि वनले स्वाभाविक रूपमा पुनःस्थापना प्रकृया सुरु गरेको सुखद संकेत समेत गरेको छ। (यो बुलेटिन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको प्रारम्भिक प्रतिवेदन र सञ्चार माध्ययममा आएका समाचारको आधारमा तयार पारिएको हो)



(किराको प्रकोपका कारण नाङ्गो भएको वन, फोटो सौजन्य अनलाईनखवर)

# प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन, २०८२

**सुनिता उलक**

उपसचिव (प्रा.)

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

नेपालमा बढ्दो बाह्य मिचाहा प्रजाति (Invasive Alien Species) ले जैविक विविधता, वन पारिस्थितिकीय प्रणाली, कृषि उत्पादन तथा स्थानीय समुदायको जीविकोपार्जनमा पारिरहेका प्रभावहरूको समीक्षा गर्दै तिनको रोकथाम, नियन्त्रण तथा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत दिशानिर्देश तय गर्ने उद्देश्यले आयोजित प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन, २०८२ मंसिर २६ र २७ गते काठमाडौंमा सम्पन्न भएको थियो।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको आयोजनामा सम्पन्न उक्त सम्मेलनमा देशभरका अनुसन्धानकर्ता, विषयविज्ञ, विश्वविद्यालयका प्राध्यापक, सरकारी निकायका प्रतिनिधि, विकास साझेदार तथा संरक्षण क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। दुई दिनसम्म सञ्चालन भएको सम्मेलनमा बाह्य मिचाहा प्रजातिको वर्तमान अवस्था, तिनको फैलावट, वातावरणीय, आर्थिक तथा सामाजिक प्रभाव, व्यवस्थापनका विद्यमान चुनौती तथा सम्भावित समाधानका विषयमा वैज्ञानिक कार्यपत्रहरू प्रस्तुत गरिनुका साथै विस्तृत प्राविधिक छलफल सम्पन्न भएको थियो।

सम्मेलनमा सहभागी विज्ञहरूले बाह्य मिचाहा प्रजाति नेपालको जैविक विविधता संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा उभिएको उल्लेख गर्दै यस्ता प्रजातिले रैथाने वनस्पति तथा वन्यजन्तुको वासस्थानमा प्रतिकूल असर पार्नुका साथै वन व्यवस्थापन, कृषि उत्पादन प्रणाली र स्थानीय समुदायको जीविकोपार्जनमा समेत गम्भीर नकारात्मक प्रभाव पारिरहेको धारणा व्यक्त गरे। छलफलका क्रममा बाह्य मिचाहा प्रजातिको प्रारम्भिक पहिचान, नियमित अनुगमन, वैज्ञानिक अनुसन्धान, जैविक सुरक्षा (Biosecurity) प्रणालीको सुदृढीकरण तथा प्रमाणमा आधारित व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइयो। साथै संघीय, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्दै समुदायको सक्रिय सहभागितासहित दीर्घकालीन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइयो।

सहभागीहरूले अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यलाई नीति निर्माण तथा कार्यान्वयन प्रक्रियासँग प्रभावकारी रूपमा आबद्ध गर्नुपर्नेमा जोड दिएका थिए। जलवायु परिवर्तनका कारण बाह्य मिचाहा प्रजातिको फैलावट र जोखिम थप बढ्दै गएको उल्लेख गर्दै यस विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी आवश्यक स्रोत, दक्ष जनशक्ति, प्रविधि तथा संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्नेमा समेत सम्मेलनमा साझा धारणा व्यक्त गरिएको थियो।

सम्मेलनको समापनका अवसरमा जारी १८ बुँदे घोषणापत्रमार्फत बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि सम्बन्धित सबै निकायबीच अन्तरसंस्थागत सहकार्य सुदृढ गर्ने, वैज्ञानिक अनुसन्धान, सूचना आदानप्रदान तथा जनचेतना अभिवृद्धिलाई प्राथमिकता दिने तथा नेपालको जैविक विविधता संरक्षणका प्रयासलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सम्मेलनबाट प्राप्त सुझाव, निष्कर्ष तथा सिफारिसहरूले आगामी दिनमा बाह्य मिचाहा प्रजाति व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, योजना, अनुसन्धान तथा कार्यान्वयन प्रणालीलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।




प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन, २०८२ उद्घाटन समारोह

# लुम्बिनी प्रदेशस्तरीय तेस्रो वन सम्वर्द्धन गोष्ठी, २०८३

**गणेश चौधरी**

वन उपनिर्देशक,

वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशमा वन व्यवस्थापन (वन संरक्षण, वन विकास, वन पैदावार सदुपयोग) का क्रममा प्राप्त सिकाइ, उपलव्धिका साथै भोगेका समस्या र चुनौती एवं आगामी कार्यदिशाका सम्बन्धमा छलफल अन्तरकृया गरी प्रदेश तथा संघीय सरकारका निकायहरूलाई नीतिगत सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले प्रदेशस्तरीय तेस्रो वन सम्वर्द्धन गोष्ठी सञ्चालन गरिएको थियो। यस गोष्ठीको नारा दिगो उत्पादकत्व र उत्पादन, सम्वर्द्धन प्रणालीमा आधारित वन ब्यवस्थापन रहेको थियो। गोष्ठी २०८३ जेष्ठ १४ गतेदेखि १६ गते ३ दिनसम्म वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलमा सञ्चालन गरिएको थियो।

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय तथा वन निर्देशनालयको संयुक्त आयोजनामा पहिलो सम्वर्द्धन प्रणालीमा आधारित वन ब्यवस्थापन सम्बन्धी समीक्षा गोष्ठी २०८१ साल जेष्ठ २४ र २५ मा लमही दाङमा र दोस्रो प्रदेशस्तरीय वन ब्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी २०८२ बैशाख १५ र १६ गते मन्त्रालय परिसर देउखुरीमा सञ्चालन गरिएको थियो ।

यो गोष्ठी लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय तथा वन निर्देशनालयको संयुक्त आयोजनामा समृद्धिका लागि वन कार्यक्रमतर्फको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रही सञ्चालन गरिएको थियो । यस कार्यक्रममा लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय र मातहतका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, १४ वटै डिभिजन वन कार्यालय, ४ वटा भू तथा जलाधार ब्यवस्थापन कार्यालय, वन तथ भू-संरक्षण बिभाग, अनुसन्धानकर्ता, वन प्राबिधिक संघ, वन बिज्ञान अध्ययन संस्थान, बागमती तथा गण्डकी प्रदेशका डिभिजन वन कार्यालय तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको थियो।

गोष्ठीमा खासगरी प्राबिधिक सत्र, अन्तरसम्बन्धित विषयसँग सम्बन्धित सत्र, लुम्बिनी र अन्तर प्रदेशको वन ब्यवस्थापन सम्बन्धी प्यानल छलफल, वन संरक्षण, ब्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुति र सो सम्बन्धी बिकास भएका विभिन्न सफ्टवेयरहरूको अभिमुखीकरण लगायतका कार्यक्रम सञ्चालन भएको थियो । त्यसैगरी वन व्यवस्थापनमा वैज्ञानिक पद्धतिको प्रयोग, वन पैदावारको मूल्य अभिवृद्धि, हरित उद्यम विकास, वनमा आधारित रोजगारी सिर्जना, सामुदायिक सहभागिता अभिवृद्धि तथा प्रविधिमैत्री व्यवस्थापन प्रणालीको बिकास लगायतको विषयबस्तुमा २८ वटा कार्यपत्रहरू प्रस्तुत भएको र बिगतका बर्षहरूमा भएको वन सम्वर्द्धन गोष्ठीको घोषणापत्रहरूको समीक्षा गरिएको थियो भने यस तेस्रो वन सम्वर्द्धन गोष्ठीले १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो ।




लुम्बिनी प्रदेशस्तरीय तेस्रो वन सम्वर्द्धन गोष्ठी, २०८३ उद्घाटन समारोह

# बागमती प्रदेशस्तरीय प्रथम कबुलियती वन गोष्ठी, २०८३

**मोहनचन्द्र विश्वकर्मा**

केन्द्र प्रमुख,

सामुदायिक वन अध्ययन केन्द्र

बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको आयोजनामा बागमती प्रदेशस्तरीय प्रथम कबुलियती वन गोष्ठी मिति २०८३ असार ९ देखि १० गतेसम्म प्रदेश राजधानी हेटौंडामा सम्पन्न भएको थियो। कबुलियती वन समूहले गरेका गतिबिधिहरू तथा बिद्यमान समस्या तथा चुनौतीहरू पहिचान गर्नको लागि यो गोष्ठीको आयोजना गरिएको थियो। गोष्ठीमा बागमती प्रदेश अन्तर्गतका सबै डिभिजन वन कार्यालयहरू, कबुलियती वन समूहका प्रतिनिधि, कबुलियती वन सहजकर्ता, वन निर्देशनालयको सहभागिता हुनुको साथै वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र, रेड कार्यान्वयन केन्द्र, कबुलियती वन राष्ट्रिय महासंघका प्रतिनिधि, वन बिज्ञहरू तथा अन्य प्रदेशका कबुलियती वन समूहका प्रतिनिधिहरू समेतको सहभागिता रहेको थियो। गोष्ठी वन तथा भू-संरक्षण विभाग, चुरे उत्थानशील आयोजना प्रदेश आयोजना व्यवस्थापन इकाई, सिन्धुली, MaWRIN परियोजना, सिन्धुली, कबुलियती वन राष्ट्रिय महासंघको संयुक्त आयोजनामा सञ्चालन गरिएको थियो। बागमती प्रदेश देशभरमा कबुलियती वन समूह तथा वन क्षेत्र व्यवस्थापनको हिसावले अग्रणीस्थानमा रहेकोले पनि बागमती प्रदेशले यो गोष्ठी आयोजना गर्नु सान्दर्भिकता रह्यो । साथै लामो समयदेखि कबुलियती वन व्यवस्थापनको विषयमा यो तहको छलफल गोष्ठी नभएको परिप्रक्ष्यमा यो गोष्ठी अति नै सान्दर्भिक र फलदायी रह्यो।

गोष्ठीमा वन तथा भू-संरक्षण विभाग, कबुलियती वनका बिज्ञ पशुपतिनाथ कोइराला र रेड कार्यान्वयन केन्द्रको तर्फबाट प्रस्तुतीकरण भएको थियो। हालसम्मको राष्ट्रियस्तरमा कबुलियती वन समूहको अवस्थाका सम्बन्धमा वन तथा भू-संरक्षण विभागबाट र कबुलियती वनको इतिहासदेखि सफल अभ्यास र अवको बाटोको सम्बन्धमा बिज्ञ पशुपति कोइरालाबाट र रेड कार्यान्वयनबाट स्थानीय वन समूहहरू कसरी लाभान्वित हुन्छन भन्ने विषयमा रेड कार्यान्वयन केन्द्रबाट प्रस्तुतीकरण भएको थियो। त्यसै गरी बागमती प्रदेशका प्रत्येक डिभिजन वनको तर्फबाट कबुलियती वनको हालको अवस्था, समस्या र चुनौती का विषयमा प्रस्तुतीकरण भयो भने कबुलियती वन समूहहरूको तर्फबाट समेत कबुलियती वनका समसामयिक विषय बस्तुमा

एउटा प्रस्तुति रहेको थियो। यसका अलावा प्लेनरी सेसनमा कबुलियती वन समूहका प्रतिनिधिहरूबाट सफलताको कथा, चुनौती र अवको बाटो के हुनुपर्छ भन्ने विषयमा राय सुझावहरू संकलन गरिएको थियो।

गोष्ठीले कबुलियती वन व्यवस्थापनले सामाजिक, आर्थिक र वातावरणीय सेवामा पुर्याएको योगदानलाई उजागर गर्यो। अम्रिसो तथा घाँस रोपण, पशुपालन, फलफूल खेती, पर्यापर्यटन, बचत तथा ऋण, सहकारी गठन जस्ता कार्यक्रमले गरिबीको रेखामुनि रहेका व्यक्तिहरूको जीविकोपार्जन र आर्थिकस्तर वनको सुरुवाती चरणमा विभिन्न आयोजनाहरू सञ्चालनमा रहँदा कबुलियती वन समूहहरू सकृय र व्यवस्थापकीय पक्ष चुस्त दुरुस्त रहेको थियो भने हाल आयोजनाको अभावमा समूहहरू निस्कृय हुँदै गएको विषयलाई स्वीकार समेत गरियो। कबुलियती वन समूहको सानो कोष हुने हुँदा कोषको अभावमा समूहको स्थायी लेखा नम्बर लिन समस्या रहेको, अडिट गर्न समस्या रहेको साथै समूह परिचालनमा समेत समस्या रहेको देखियो। कबुलियती वन समूह परिचालनमा खटिने सहजकर्तको सेवा सुविधामा समसामयिक हुनुपर्ने, कार्यक्रमहरू बृद्धि हुनुपर्ने, सहजकर्ता र समूहका सदस्यहरूलाई क्षमता अभिबृद्धि साथै सिपमूलक तथा व्यवसायिक तालिमहरूको आयोजना हुनुपर्ने लगायतका सवालहरू उठेका थिए। नीतिगत समस्याको रूपमा मध्यवर्ती र संरक्षण क्षेत्रमा रहेका कबुलियती वन समूहको व्यवस्थापनको विषय, कबुलियती वनको पट्टा समाप्त भएपछि नवीकरणको विषय, वनको हैसियतमा सुधार आएकोले सोही बमोजिम व्यवस्थापन गर्नतर्फ बिचार गर्नुपर्ने लगायतका विषयसमेत उजागर भएका थिए। बागमती प्रदेशस्तरीय प्रथम कबुलियती वन गोष्ठी ७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो।



बागमती प्रदेशस्तरीय प्रथम कबुलियती वन गोष्ठी, २०८३ समापन समारोह

# घोषणापत्र/प्रतिबद्धता पत्रहरू

## सामुदायिक वनमा युवाको भूमिका हेटौंडा घोषणा पत्र, २०८२

१. सामुदायिक वन उपभोक्ता समितिमा न्यूनतम २५% युवा सहभागितालाई प्रतिबद्धता गर्दछौ ।

२. वनमा आधारित उद्यम विकासका लागि युवा मैत्री र सरल प्रक्रिया आवश्यक छ, जसका लागि कानुन को संशोधन गरि वनजन्य उत्पादनमा आधारित उद्यम सञ्चालन गर्न तीनै तहको सरकारबाट अनुदानको व्यवस्था गर्न पहल गर्ने छौ ।

३. विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा सामुदायिक वन, वन स्रोतको दिगो उपयोग तथा सामुदायिक वन उपभोक्ता समूहहरूको भूमिका लगायतका विषय वस्तु समावेश गर्न सम्बन्धित निकायसँग सहकार्य गर्नेछौं ।

४. युवालाई सामुदायिक वन तथा वनको दिगो व्यवस्थापन र उपयोगसम्बन्धी ज्ञान अभिवृद्धि गर्न क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गरिनु आवश्यक छ ।

५. सामुदायिक वन उपभोक्तासमूहका सदस्यको रूपमा युवाहरूले समेत प्रतिनिधित्व गर्न सक्ने व्यवस्था सुनिश्चित गर्न पहल गर्नेछौं।

६. सामुदायिक वनले निजी, सार्वजनिक सहकारी तथा अन्य निकायसँग सहकार्य गरी वनमा आधारित उद्यम विकास गर्न आवश्यक खाका, कार्यविधि तथा मार्गदर्शनको व्यवस्था गर्न सम्बन्धित निकायलाई अनुरोध गर्नेछौं ।

८ माघ २०८२

हेटौंडा, मकवानपुर

# प्रथम बागमती प्रदेशस्तरीय कबुलियती वन गोष्ठी घोषणापत्र, २०८३

बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयको आयोजनामा संचालित प्रथम बागमती कबुलियती वन गोष्ठी, २०८३ मा कबुलियती वन विकास कार्यक्रमसँग सम्बद्ध संघिय एवं प्रदेश स्तरका विभिन्न निकायका सहभागीहरू, कबुलियती वन समूहका राष्ट्रिय / प्रदेश / जिल्लाका प्रतिनिधिहरू, सुपरभाईजर, वन प्राविधिक, सामाजिक परिचालक र सम्वद्ध सबै सरोकारवाला, विज्ञ एवं नागरिक समाजको सहभागितामा कबुलियती वन विकास कार्यक्रमको वर्तमान अवस्था र भावी कार्यदिशामा छलफल भई निम्न वमोजिमका साझा प्रतिवद्धता जारी गरिएको छः

१. कबुलियती वन विकास तथा व्यवस्थापनका कार्यहरूमा स्थानीय तहको समेत अहम् भूमिका रहने कुरालाई आत्मसाथ गर्दै कबुलियती वन समूह एवं कबुलियती वनको विकास र व्यवस्थापनका कार्यक्रमहरू तर्जुमा गर्दा स्थानीय तहसँग समन्वय र सहकार्य गरी सञ्चालन गर्दै कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।

२. कबुलियती वन समूहले हुर्काई जोगाइ राखेको वनको वन पैदावार विक्री वितरणमा सरलिकृत गर्ने आवश्यक कानुनी ब्यवस्था तथा कार्यविधि बनाई लागू गर्ने ।

३. कवुलियती वनमा कार्यरत सुपरभाइजर, समूह सहयोगी, वन प्राविधिकको सेवा सुविधा र पहिचानको बारेमा आवश्यक छलफल र समय सापेक्ष पुनरावलोकन गरी उनीहरूको मनोबल उच्च बनाई कार्यक्रम सञ्चालन गर्ने

४. जलबायु परिवर्तन अनुकूलन, भू तथा जलाधार व्यवस्थापन, वातावरणीय तथा सामाजिक सुरक्षा र जैविक विविधता संरक्षणसँग सम्बन्धित क्रियाकलापहरू समेत कवुलियती वन विकासका कार्यक्रमहरूमा समायोजन गर्ने । कबुलियती वनमा संचालित कार्यक्रमका उपलब्धिहरूलाई जलवायु वित्तसँग आवद्ध गर्न क्षमता अभिवृद्धि सहित दस्तावेजीकरण गर्ने ।

५. कबुलियती वन समूहलाई आय आर्जनका अवसर प्रशस्त गर्न क्लस्टर अनुसार आवश्यकता र बजारमा आधारित उद्यम विकासको लागि सिपमुलक कार्यक्रम सञ्चालन, उद्यम सञ्चालन सहयोग, बजारीकरण र निजीक्षेत्रसँग सहकार्यका लागि नितिगत एवं संरचनागत व्यवस्था

गरी उद्यमशिलता कार्यक्रम सञ्चालन गर्ने । यसको लागि "कबुलियती वनको उपहार, बन देखि बजार" कार्यक्रम सञ्चालन गर्ने ।

६. मध्यवर्ती कबुलियती वनको विषयहरूमा संघिय सरकारका निकायसँग आवश्यक छलफल गरी समस्या समाधानको लागि पहल गर्ने ।

७. सुरुवाती चरणमा रहेको गरिबमुखी कबुलियती वन कार्यक्रम समानुकुल परिमार्जन गर्दै जाने ।

९-१० आषाढ २०८३
हेटौंडा, मकवानपुर

# लुम्बिनी प्रदेश तेस्रो वन सम्वर्द्धन गोष्ठी, घोषणापत्र, २०८३

**(दिगो उत्पादकत्व र उत्पादन, सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन)**

लम्विनी प्रदेशमा कार्यान्वयन भैरहेका वन संरक्षण र व्यवस्थापन, भू-संरक्षण तथा जलाधार व्यवस्थापन, अध्ययन अनुसन्धान र नवप्रवर्द्धन लगायत विविध सवालहरूमा गरिएको २८ वटा कार्यपत्रहरूको प्रस्तुति एवं गत वर्षहरूका वन सम्वर्द्धन गोष्ठीका घोषणापत्रहरूको समेत समीक्षा गर्दै उल्लेखित सवाल, चुनौती र समाधानका उपायहरू सम्बन्धमा प्राप्त सुझावहरूलाई लिपीबद्ध गरी यो घोषणापत्र जारी गरिएको छ ।

१. वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई प्रदेशका सबै प्रकारका वनहरूमा पूर्ण रूपमा निर्विवाद लागू गर्ने, पहाडी क्षेत्रका वनहरूको हकमा खोटेसल्लाको बनलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने र यसका लागि काठ दाउरा, कटान मुछान र दुवानीलाई कम खर्चिलो बनाउने उपायहरू अवलम्बन गर्ने,

२. तराई क्षेत्रका समुदायमा हस्तान्तरण नभएका वनहरूलाई प्राथमिकताका साथ चक्ला बनको रूपमा व्यवस्थापन गर्ने,

३. काठको प्रयोग एवं काठजन्य उद्यमलाई बढावा दिन र वैकल्पिक वस्तुहरूको प्रयोगलाई कम गर्न काठको विद्यमान राजश्व दरलाई घटाउन पहल गर्ने,

४. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई वन व्यवस्थापनको अभिन्न अंगको रूपमा लिई अध्ययन अनुसन्धान र कार्यान्वयनमा प्राथमिकता दिने, वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्ने र बाँदर लगायत समस्याग्रस्त वन्यजन्तु नियन्त्रणका लागि अध्ययन प्रविधि र लगानी अभिवृद्धिमा जोड दिने,

५. स्वीकृत वन व्यवस्थापन कार्य योजना को नमुना छनौटको आधारमा निर्देशनालयबाट प्राविधिक पक्षको नियमित अडिट तथा अनुगमन गरी नतिजाहरू सार्वजनिक गर्ने,

६. वन प्राविधिक र समूहहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालीम गोष्टी अवलोकन भ्रमण, सिकाई आदान प्रदान गर्ने,

७. उपजलाधार तथा सूक्ष्म जलाधार क्षेत्रहरूलाई प्राथमिकताको आधारमा व्यवस्थापन गर्न

नीतिगत तथा कानुनी व्यवस्था गर्दै बायोइन्जिनियरिङ प्रविधिलाई प्राथमिकता साथ अवलम्बन गर्ने,

८. वन अतिक्रमण हटाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने, वन स्रोत व्यवस्थापन, वन अतिक्रमण नियन्त्रण, डढेलो नियन्त्रण, मिचाहा प्रजाति व्यवस्थापनका लागि प्रविधिको प्रयोगलाई प्राथमिकता दिने, सशस्त्र वन रक्षकको दरबन्दी पदपूर्ति गर्न आवश्यक समन्वय गर्ने,

९. वन पैदावार विक्री वितरणलाई थप प्रभावकारी बनाउन ईविडीङ्ग प्रकृया यथाशीघ्र लागू गर्ने, डिभिजन स्तरबाटै खडा रुख लिलाम प्रति इकाई दर रेट लिलाम समेतलाई कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्ने,

१०. वन, वातावरण विषय अध्यापन गर्ने निकायसँगको समन्वयमा अध्ययन अनुसन्धानका लागि बजेट व्यवस्था गर्ने साथै भएका अध्ययन अनुसन्धानको दस्तावेजीकरण तथा प्रचार प्रसार गर्ने,

११. वन व्यवस्थापनको गुणस्तर कायम गर्न एवं वन उपभोक्ता समूहहरूलाई प्राविधिक सेवा प्रवाहको लागि वन परिषद् (Forestry Council) यथाशीघ्र गठन गर्न पहल गर्ने,

१२. वन व्यवस्थापन कार्यमा लैंगिक सामाजिक समावेशीकरण एवं वन क्षेत्रमा कार्यरत वन पेशाकर्मीको पेशागत स्वास्थ्य विमा र सुरक्षालाई प्राथमिकता दिने,

१३. समूह को कोष परिचालनलाई प्रभावकारी बनाउन सामुदायिक वन र साझेदारी वनको कोष परिचालन निर्देशिका तयार गर्ने वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ लाई हालसम्मको सिकाइका आधारमा परिमार्जन गर्ने,

१४. डिभिजन वन कार्यालयहरूमा डिजिटल तथ्याङ्क व्यवस्थापन यथाशीघ्र लागू गर्ने, सबै वनका वन व्यवस्थापन कार्य योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न वन सम्वर्द्धन क्रियाकलापहरूको अभिलेख राख्ने व्यवस्था मिलाउने, समूहको लेखा व्यवस्थापनलाई क्रमिक रूपमा डिजिटल प्रणालीमा लैजाने,

१५. यस प्रकारको वन सम्वर्द्धन गोष्ठी (Silviculture Workshop) प्रत्येक वर्ष आयोजना गर्ने।

१४-१६ जेष्ठ २०८३
बुटवल, रूपन्देही

# प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलनको घोषणापत्र, २०८२

बाह्य मिचाहा प्रजातिका वनस्पति, जीवजन्तु, कीटपतङ्ग र सुक्ष्मजीवहरू विश्वव्यापी वातावरणीय समस्याको रूपमा बढ्दै गएको र यस्ता प्रजातिले पारिस्थितिकीय प्रणाली, जैविक विविधता र जीविकोपार्जनमा गम्भीर प्रतिकूल असर पारेको तथ्यलाई मनन गर्दै,

जैविक विविधता वातावरण तथा खाध्य सुरक्षासँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि, राष्ट्रिय नीति तथा दस्तावेजहरूमा प्रकट गरिएका प्रतिबद्धता र निर्दिष्ट लक्ष्यहरूलाई मध्यनजर गर्दै,

बाह्य मिचाहा प्रजातिका कारण वन, वनस्पति, सिमसार, कृषि, पशुपालन, जनस्वास्थ्य, समुदायको जीविकोपार्जन एवं स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा परेको नकारात्मक असरलाई समीक्षा गर्दै,

व्यवस्थापन र नियन्त्रणका प्रभावकारी कार्यक्रमको अपर्याप्त प्राथमिकताका कारण भविष्यमा मिचाहा प्रजातिहरूको फैलावट र प्रभाव बढ्ने जोखिमलाई दृष्टिगत गर्दै,

बाह्य मिचाहा प्रजाति नियन्त्रण र व्यवस्थापनका लागि तीनै तहका सरकारहरू, शिक्षण तथा अनुसन्धान संस्थाहरू, कृषक, वन उपभोक्ता समूहहरू र गैरसरकारी एवं निजीक्षेत्रबाट हालसम्म भएका प्रयासहरूको सराहना गरी तिनबाट पर्याप्त सफलता हासिल गर्न नसकिएको यथार्थतालाई स्वीकार गर्दै,

बाह्य मिचाहा प्रजातिको नतिजामुखी व्यवस्थापनको लागि अनुसन्धान, नियमन र व्यवस्थापन गर्ने विभिन्न सरोकारवाला निकाय एवं संस्थाहरू बीच समन्वयात्मक पहलको आवश्यकता महसुस गर्दै,

जलवायु परिवर्तनको अवश्यम्भावी प्रभावसँगै मिचाहा प्रजातिका कारण भविष्यमा वन, वातावरण तथा कृषि जैविक विविधता, वन्यजन्तुका वासस्थान, वन र कृषि प्रणालीहरूमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्न बाह्य मिचाहा प्रजातिको प्रभावकारी व्यवस्थापन गर्नु आवश्यक देखिएकोले,

बाह्य मिचाहा प्रजाति व्यवस्थापनका विभिन्न आयामहरूमा कार्यरत निकायहरूबिच यसको दीर्घकालीन व्यवस्थापनको बारेमा साझा धारणा बनाउने उद्देश्यले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको नेतृत्व तथा विभिन्न सरोकारवाला संघ संस्थाहरूसँगको सहकार्यमा मिति २०८२ मङ्सिर २६ र २७ गते काठमाण्डौमा आयोजित "प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन" मा सबै सरोकारवालाहरूबिच मतैक्यता कायम गर्दै आगामी दिनमा बाह्य मिचाहा प्रजातिको फैलावटबाट समग्र वातावरण र जनजीवनलाई सुरक्षित राख्ने साझा उद्देश्य प्राप्तिका लागि देहाय बमोजिम १८ बुँदे घोषणापत्र जारी गरिएको छ ।

१. बाह्य मिचाहा प्रजाति व्यवस्थापनको राष्ट्रिय आवश्यकता, आकांक्षा र प्रतिबद्धताहरू पूरा गर्नको लागि मिचाहा प्रजाति व्यवस्थापनलाई क्षेत्रगत र अन्तरक्षेत्रगत नीतिहरूमा मूलप्रवाहीकरण गरी सामञ्जस्यता कायम गर्ने,

२. बाह्य मिचाहा प्रजातिहरू नेपाल प्रवेश गर्ने विभिन्न माध्यमहरूको पहिचान गरी अन्तरनिकाय समन्वयमार्फत अन्तर्राष्ट्रिय सीमा नाका र विमानस्थलहरूमा गरिने क्वारेन्टाइन परीक्षणलाई थप प्रभावकारी तुल्याई मिचाहा प्रजाति आगमनको जोखिम न्यूनीकरण गर्ने,

३. विभिन्न कारणले नेपालमा प्रवेश गरिसकेका बाह्य एवम् मिचाहा प्रजातिहरूको विस्तृत अभिलेखीकरण तथा तिनको जोखिम मूल्याङ्कन गरी आवधिक रूपमा प्रकाशन गर्ने,

४. बागवानी, पुष्पखेती, मत्स्यपालन, कृषि वन, पंक्षीपालन जस्ता व्यवसायमा उपयोग गरिएका बाह्य प्रजातिहरूको यथोचित अभिलेखीकरण, अनुगमन र नियमन गरी आर्थिक विकास र वातावरण संरक्षणबीच प्रभावकारी सन्तुलन कायम गर्ने,

५. बाह्य मिचाहा प्रजातिको नियन्त्रणका विभिन्न कार्यक्रमहरूलाई वन, कृषि क्षेत्र, घाँसे मैदान, सिमसार जस्ता पारिस्थितिक प्रणालीको दीर्घकालीन व्यवस्थापन र पुनर्स्थापनाको अङ्ग बनाई यस्ता कार्यक्रमहरूलाई आवश्यकतानुसार भू-परिधिस्तरमा सञ्चालन तथा विस्तार गर्ने,

६. पूर्वाधार र विकास निर्माण आयोजना सञ्चालन पूर्व गरिने वातावरणीय अध्ययन र पूर्वाधार निर्माणसँग सम्बन्धित वातावरण व्यवस्थापन योजनामा मिचाहा प्रजातिको रोकथाम र नियन्त्रणको व्यवस्था प्रभावकारी बनाउने,

७. मिचाहा प्रजाति नियन्त्रणका कार्यक्रमहरूमा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, युवाहरू एवम् मिचाहा प्रजातिबाट प्रत्यक्ष प्रभावित समुदायको सहभागितालाई प्राथमिकता दिने,

८. मिचाहा प्रजातिले वातावरण, जैविक विविधता, पारिस्थितिकीय प्रणालीहरू (वन, कृषि, सिमसार, घाँसे मैदान आदि) र आदिवासी, जनजाति र स्थानीय समुदायको समाजिक आर्थिक अवस्थामा पार्ने प्रभाव मूल्याङ्कन गरी न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने,

९. मिचाहा प्रजातिको रोकथाम र नियन्त्रणका लागि स्थानीय वन उपभोक्ता समूह, आदिवासी जनजाति तथा स्थानीय समुदाय, कृषक, वन/कृषि प्राविधिक लगायतका सरोकारवालाहरू बिच मिचाहा प्रजाति, तिनका असर र व्यवस्थापनका उपायहरू बारेमा जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने तथा उपयुक्त ज्ञान, सिप एवं प्रविधिको उपयोग बढाउदै लैजाने,

१०. स्थानीयदेखि राष्ट्रियस्तरसम्मका कृषि तथा वन सर्वेक्षणहरूमा मिचाहा प्रजातिको तथ्याङ्क सङ्कलन गर्ने र नतिजाको आधारमा कार्यक्रम तर्जुमा गरी न्यूनीकरण गर्दै लैजाने,

११. विभिन्न निकायहरूबाट तर्जुमा गरिने वन, सिमसार, घाँसे मैदानहरूको क्षेत्रगत तथा विशेष प्रजाति लक्षित व्यवस्थापन योजनाहरूमा मिचाहा प्रजाति व्यवस्थापनलाई अनिवार्य समावेश गरी कार्यान्वयन गर्दै लैजाने,

१२. मिचाहा प्रजातिको नियन्त्रणका लागि नियामक निकाय, कार्यक्रम कार्यन्वयनकर्ता निकाय, शिक्षण एवम् अनुसन्धान संस्थाहरू, सञ्चार क्षेत्र, प्रभावित समुदाय र सरोकारवालाहरूको बिचमा ज्ञान, प्रविधि र सूचनाहरूको आदान-प्रदान अभिवृद्धि गर्ने तथा व्यवस्थापनका कार्यहरूमा सहकार्य बढाउने,

१३. बाह्य मिचाहा प्रजातिको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सञ्जालमा जोर्डिंदै सहकार्यमार्फत प्रभावकारी नतिजा प्राप्त गर्न एवं सबैखाले बाह्य मिचाहा वनस्पति प्रजातिको दर्ता, अभिलेख तथा आधिकारिकताका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले काम गर्ने,

१४. बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि सचेतना जागरण, अन्तरनिकाय समन्वय र प्रभावकारी कार्यान्वयनका लागि हरेक वर्ष मंसिर महिनाको अन्तिम सप्ताह देशव्यापी रूपमा मिचाहा प्रजाति सचेतना तथा नियन्त्रण सप्ताह मनाउने,

१५. बाह्य मिचाहा प्रजाति सम्बन्धी अध्ययन, अनुसन्धान, प्रविधि विकास तथा कार्यान्वयनमा मार्गदर्शन गर्न तीनै तहका सरकार, गैरसरकारी निकाय, शिक्षण तथा अनुसन्धान संस्थाहरू, विज्ञ, कृषक तथा वन उपभोक्ताहरू, युवा विद्यार्थी, महिला, आदिवासी जनजाति तथा स्थानीय समुदाय (IPLC) सम्मिलित एक मिचाहा प्रजाति प्राविधिक कार्यसमूह (Invasive and Alien Species Technical Action Team) गठन गरी कार्यान्वयनमा लैजाने,

१६. यस घोषणापत्रको प्रभावकारी कार्यान्वयन योजना तयार गरी तीनै तहका सरकारहरू बिच आपसी समन्वय र सहकार्य गरी आगामी आर्थिक वर्षदेखि नै बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने,

१७. बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यन्वयन योजना २०८१ तीनै तहका सरकार, सबै सरोकारवाला निकाय, संघ संस्था, विज्ञ, कृषक, समुदायको सहयोग र समन्वयमा कार्यन्वयन गर्ने,

१८. प्रथम बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय सम्मेलन आयोजना गर्न विभिन्न क्षेत्रबाट योगदान गर्नुहुने तीनै तहका सरकार, गैरसरकारी निकाय, शिक्षण तथा अनुसन्धान संस्थाहरू, विज्ञ तथा कार्यान्वयनकर्ता, सञ्चारकर्मी लगायत सम्पूर्ण सहभागी महानुभावहरूप्रति कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा बाह्य मिचाहा प्रजाति नियन्त्रण र व्यवस्थापनमा सहकार्यका लागि हार्दिक अपिल गर्दछौं।

२७ मंशिर २०८२

बुढानीलकण्ठ, काठमाण्डौ

# सालक संरक्षणका लागि माडी घोषणापत्र, २०८२

संसारभर सङ्कटापन्न स्तनधारी प्राणी सालक संरक्षणका लागि हामी बागमती प्रदेशमा क्रियाशील सरकारी निकाय, संरक्षण साझेदार संघ संस्था, संरक्षणकर्मी, विज्ञ, उपभोक्ता समूह, लगायतका सरोकारहरूको गम्भीर चासो रहेको छ । तामे सालक र कालो सालक नामक दुई वटा प्रजातिहरू यस प्रदेशभर भेटिएका छन् । अवैध व्यापार र वासस्थान विनाश समेतका कारण सालक सङ्कटापन्न अवस्थामा रहेका छन् । यी जोखिमहरूलाई नियन्त्रण गर्दै सालक संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । सङ्कटापन्न सालक प्रजातिहरूको संरक्षणका निम्ति बागमती प्रदेश वन तथा वातावरण मन्त्री माननीय भरत केसीको नेतृत्वमा आयोजना भएको सालक सम्मेलनमा संघीय तथा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरू, संरक्षण साझेदार संघ संस्थाहरू, संरक्षणकर्मी, विज्ञ, समुदायमा आधारित वन उपभोक्ता समूहहरू लगायत सरोकारवाला निकायहरू समेतको उपस्थितिमा बृहत् छलफल गर्दै किसानको साथी भन्ने मूल नाराका साथ सम्पन्न प्रथम बागमती सालक सम्मेलनमा निम्न प्रतिबद्धता सहितको सालक संरक्षणका लागि माडी घोषणापत्र, २०८२ जारी गदर्छौं ।

- सालक पाइने वन र संरक्षित क्षेत्रहरूमा संरक्षण तथा वासस्थान व्यवस्थापन, संरक्षण शिक्षा अभिवृद्धि लगायतका कार्यहरू सरोकारवाला निकायको पहलमा कार्यान्वयन गर्ने गराउने
- चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि तिन तहका सरकार, संरक्षण साझेदार संघ संस्थाहरू, स्थानीय समुदायहरूको सहयोगमा सामूहिक पहल गर्ने ।
- नेपाल सरकारले तर्जुमा गरेको सालक संरक्षण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न प्रदेशस्तरीय योजना बनाइ सोको लागि आवश्यक साधन स्रोत जुटाई लागू गर्ने ।
- स्थानीय समुदायको सहभागितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू, विश्व विद्यालय, तीनै तहका सरकार समेतको सहकार्यमा सालक संरक्षणका लागि आवश्यक अध्ययन अनुसन्धान अगाडि बढाउने ।

- सालक संरक्षणका लागि स्थानीयको सक्रिय सहभागिता र अपनत्व हुने गरी संरक्षण कार्य योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।
- अन्य सबै प्रदेश तथा राष्ट्रियस्तरमा सालक सम्मेलन गर्न बागमती प्रदेश सरकारमार्फत अनुरोध गर्ने ।
- यस सम्मेलनमा मुख्यमन्त्रीज्यूको सन्देशमा सालकलाई प्रदेशको गौरवको प्राणी घोषणा गरी यसको संरक्षणमा नीति कार्यक्रम सहितको उचित बजेट व्यवस्थापनको प्रतिवद्धता जाहेर गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दै सोको वैधानिकता प्रदान गर्न आवश्यक पहल गर्ने ।

२६ माघ २०८२<br>चितवन, माडी

# प्रदेश सरकार अन्तर्गत वनेका
# वन तथा वातावरण संरक्षण सम्बन्धी कानुनहरू

| प्रदेश | ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड |
|---|---|
| कोशी प्रदेश | कोशी प्रदेश वन ऐन, २०७७ |
| | कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ |
| | कोशी प्रदेश वन नियमावली, २०८० |
| | वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि, २०८२ |
| | निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ |
| | अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ |
| मधेश प्रदेश | प्रदेश वन ऐन, २०७७ |
| | प्रदेश वन नियमावली, २०८१ |
| बागमती प्रदेश | प्रदेश राष्ट्रिय वन ऐन, २०७६ |
| | वातावरण संरक्षण ऐन, २०७७ |
| | दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ |
| | निजी वनको साल प्रजातिको रूख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२ |
| | वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दूरी सम्बन्धी मापदण्ड, २०७७ |

| | |
|---|---|
| गण्डकी प्रदेश | गण्डकी प्रदेश वन ऐन, २०८० |
| | वर, पिपल, समि र चौतारो संरक्षण ऐन, २०७५ |
| | गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ |
| | ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ |
| | गण्डकी प्रदेश वन नियमावली, २०८१ |
| | ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ |
| | प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ |
| | गण्डकी प्रदेशको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२ |
| | गण्डकी प्रदेश वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| | निजी सामुदायिक साझेदारीमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० |
| लुम्बिनी प्रदेश | प्रदेश वन ऐन, २०७८ |
| | प्रदेश वन नियमावली, २०७९ |
| | साझेदारी नियमावली, २०७६ |
| | वातावरण संरक्षण नियमावली, २०७७ |
| | वन पैदावारमा आधारित उद्यम र राष्ट्रिय वनक्षेत्र बीचको दूरी सम्बन्धी मापदण्ड, २०७९ |
| | वन पैदावार आपूर्ति समिति सन्चालन कार्यविधि, २०७९ |
| | वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ |
| | वनक्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८० |

| | |
|---|---|
| कर्णाली प्रदेश | पाटन खर्क व्यवस्थापन रणनीति (२०२६-२०३६) |
| | कर्णाली प्रदेश वन ऐन, २०७८ |
| | प्रदेश वातावरण संरक्षण ऐन, २०७७ |
| | कर्णाली प्रदेश बन नियमावली, २०८० |
| | प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ |
| | नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ |
| | कर्णाली प्रदेश वन सेवाका कर्मचारीको फिल्ड स्तरमा प्रयोग हुने पोशाक सम्बन्धी ड्रेसकोड कार्यविधि, २०८२ |
| | कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ |
| | खोटो सङ्कलन कार्यविधि, २०८१ |
| | वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन दिग्दर्शन, २०८२ |
| सुदूरपश्चिम प्रदेश | सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ |
| | सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ |
| | सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ |
| | सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ |
| | वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दूरी सम्बन्धी मापदण्ड, २०८० |

# वि.सं. २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पामा गठित १०३ सदस्यीय वन संरक्षण, सम्वर्द्धन र विकास समितिको

## नामावली

| क्र.सं. | नाम |
|---|---|
| १ | अध्यक्ष, स्व. श्री नीलप्रसाद भण्डारी |
| | **सदस्यहरू** |
| २ | श्री नर बहादुर खड्का |
| ३ | श्री मकर बहादुर खत्री |
| ४ | श्री ढोल बहादुर खत्री |
| ५ | श्री कृष्ण बहादुर पहरी |
| ६ | श्री होतनाथ आचार्य |
| ७ | श्री बम बहादुर पहरी |
| ८ | श्री अम्बर बहादुर खत्री |
| ९ | श्री बुद्धि बहादुर खत्री |
| १० | श्री टङक बहादुर खत्री |
| ११ | श्री लोक बहादुर खत्री |
| १२ | श्री टङक प्रसाद न्यौपाने |
| १३ | श्री नरे पहरी |
| १४ | श्री लखने पहरी |
| १५ | श्री दयानिधि न्यौपाने |
| १६ | श्री खोपनाथ न्यौपाने |
| १७ | श्री जीवनाथ पौडऱ्याल |
| १८ | श्री प्रेम प्रसाद पौडयाल |
| १९ | श्री कोमल प्रसाद खनाल |
| २० | श्री इन्द्र बहादुर खवास (थापा) |
| २१ | श्री नर बहादुर खड्का |
| २२ | श्री चन्द्रकान्त न्यौपाने |
| २३ | श्री खम्बे पहरी |
| २४ | श्री जनक बहादुर खड्का |
| २५ | श्री रूद्र बहादुर कार्की |
| २६ | श्री कर्म सि पहरी |
| २७ | श्री कृष्ण बहादुर कार्की |
| २८ | श्री श्रीमान पहरी |
| २९ | श्री पदम बहादुर कार्की |
| ३० | श्री मित्र बहादुर खडका |
| ३१ | श्री टङक बहादुर खडका |
| ३२ | श्री बम बहादुर कार्की |
| ३३ | श्री पुन्य बहादुर खडका |

| क्र.सं. | नाम |
|---|---|
| ३४ | श्री बम बहादुर थापामगर |
| ३५ | श्री कृष्ण गिरी |
| ३६ | श्री सूर्य बहादुर तामाङ |
| ३७ | श्री बले माझी |
| ३८ | श्री दुर्ग बहादुर थापामगर |
| ३९ | श्री मंगल बहादुर थापामगर |
| ४० | श्री बल बहादुर थापामगर |
| ४१ | श्री झम्क बहादुर थापामगर |
| ४२ | श्री विर बहादुर थापामगर |
| ४३ | श्री डिल्लीराम न्यौपाने |
| ४४ | श्री पुण्य प्रसाद न्यौपाने |
| ४५ | श्री हिरा बहादुर बस्नेत |
| ४६ | श्री अम्बर बहादुर बरूवाल |
| ४७ | श्री जिं प्रसाद खरेल |
| ४८ | श्री तोयानाथ खरेल |
| ४९ | श्री निरनाथ खरेल |
| ५० | श्री धन बहादुर पहरी |
| ५१ | श्री वोद बहादुर बस्नेत |
| ५२ | श्री भक्त बहादुर महत |
| ५३ | श्री पदम बहादुर खत्री |

| क्र.सं. | नाम |
|---|---|
| ५४ | श्री टिका भक्त खरेल |
| ५५ | श्री निम बहादुर खरेल |
| ५६ | श्री सेर बहादुर लामा |
| ५७ | श्री हरिकृष्ण कोइराला |
| ५८ | श्री प्रेम बहादुर कोइराला |
| ५९ | श्री देविनाथ न्यौपाने |
| ६० | श्री मान बहादुर खत्री |
| ६१ | बम बहादुर खत्री |
| ६२ | श्री विर बहादुर तिमिल्सीना |
| ६३ | श्री टेक बहादुर खडका |
| ६४ | श्री सूर्यमान तामाङ |
| ६५ | श्री धन बहादुर खत्री |
| ६६ | श्री ज्ञान बहादुर तामाङ |
| ६७ | श्री यादव गिरी |
| ६८ | श्री अम्बर बहादुर खडका |
| ६९ | श्री धन बहादुर खडका |
| ७० | श्री चम्पलाल पौडयाल |
| ७१ | श्री चोकनाथ पौडर्याल |
| ७२ | श्री टङक बहादुर गिरी |
| ७३ | श्री रत्न बहादुर कार्की |

| क.सं. | नाम |
|---|---|
| ७४ | श्री नेत्र बहादुर कामी |
| ७५ | श्री नर बहादुर कार्की |
| ७६ | श्री रन बहादुर तामाङ |
| ७७ | श्री नैन बहादुर खडका |
| ७८ | श्री खडग बहादुर कार्की |
| ७९ | श्री यज्ञ बहादुर कार्की |
| ८० | श्री धरम बहादुर तामाङ |
| ८१ | श्री काजिमान तामाङ |
| ८२ | श्री मिन बहादुर कार्की |
| ८३ | श्री कृष्ण बहादुर कार्की |
| ८४ | श्री गुरू प्रसाद न्यौपाने |
| ८५ | श्री डेगनाथ आचार्य |
| ८६ | श्री कल्याण बहादुर खडका |
| ८७ | श्री रत्न बहादुर कार्की |
| ८८ | श्री डम्बर बहादुर कार्की |
| ८९ | श्री देवि प्रसाद भण्डारी |
| ९० | श्री कृष्ण बहादुर खत्री |
| ९१ | श्री ईन्द्र बहादुर खत्री |
| ९२ | श्री नर बहादुर खत्री |
| ९३ | श्री भवनाथ भण्डारी |
| ९४ | श्री टेक बहादुर कुंवर |
| ९५ | श्री राम प्रसाद न्यौपाने |
| ९६ | श्री अम्बरे पहरी |
| ९७ | श्री चन्द्र बहादुर पहरी |
| ९८ | श्री तिर्थ बहादुर शाही |
| ९९ | श्री पुर्ण बहादुर खड्का |
| १०० | श्री शान्तमणि भण्डारी |
| १०१ | श्री नीलप्रसाद न्यौपाने |
| १०२ | श्री चन्द्र बहादुर खड्का |
| १०३ | श्री खडग बहादुर मल्ल |

# राष्ट्रिय वन सम्बन्धी पुरस्कारहरूको विवरण

## १. गणेशमानसिंह राष्ट्रिय सामुदायिक वन पुरस्कार प्राप्त वन समूहहरूको विवरण

| आर्थिक वर्ष | स्थान | समूहको नाम र ठेगाना | पुरस्कारको राशि (रु.) |
|---|---|---|---|
| २०६९/७० | प्रथम | श्री मात्रमले सामुदायिक वन उपभोक्ता समूह, बेखोप १, ७, भोजपुर | |
| | द्वितीय | श्री मझुवा ओख्ले सामुदायिक वन उपभोक्ता समूह, भानु ६, तनहुँ | |
| | तृतीय | श्री वराह पाखो सामुदायिक वन उपभोक्ता समूह, अर्थुङ्गे १, २, म्याग्दी | |
| २०७०/७१ | प्रथम | श्री वराह पाखो सामुदायिक वन उपभोक्ता समूह, अर्थुङ्गे १, २, म्याग्दी | |
| | द्वितीय | श्री चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूह, हे.न.पा. ६, मकवानपुर | |
| | तृतीय | श्री वन्देश्वरी सामुदायिक वन उपभोक्ता समूह, नंखेल ३, ४, ६, भक्तपुर | |
| २०७१/७२ | प्रथम | श्री वसन्तपुर सामुदायिक वन उपभोक्ता समूह, महेन्द्रकोट -६, कपिलवस्तु | |
| | द्वितीय | श्री सिद्धवतासन सामुदायिक वन उपभोक्ता समूह, जामुने -६, तनहुँ | |
| | तृतीय | श्री मावानुनसरी सामुदायिक वन उपभोक्ता समूह, मधुमल्ला -१, २, ३, मोरङ्ग | |
| २०७२/७३ | प्रथम | श्री अमलावास लेक सल्लेरी सामुदायिक वन उपभोक्ता समूह, छहरा -५, पाल्पा | |

| | | | |
|---|---|---|---|
| | द्वितीय | श्री जनहित महाकाली सामुदायिक वन उपभोक्ता समूह, कृष्णपुर -२, वाणी, कंचनपुर | |
| | तृतीय | श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह, हेटौडा उ.न.पा. -१, २, मकवानपुर | |
| | तृतीय | श्री जामुनवारी सामुदायिक वन उपभोक्ता समूह, कन्काई न.पा.-१, २, झापा | |
| २०७३/७४ | प्रथम | श्री छापगैरा सामुदायिक वन उपभोक्ता समूह, ककनी -१, नुवाकोट | |
| | द्वितीय | श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, वरकुलपुर -१, कपिलवस्तु | |
| | तृतीय | श्री न्यूरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूह, हेटौडा -७, मकवानपुर | |
| | तृतीय | श्री वनपाले सामुदायिक वन उपभोक्ता समूह, ढिकुरपोखरी -७, कास्की | |
| २०७४/७५ | प्रथम | श्री अँधेरी छरछरे सामुदायिक वन उपभोक्ता समूह, तानसेन न.पा. -९, पाल्पा | |
| | द्वितीय | श्री धिरिखोला सामुदायिक वन उपभोक्ता समूह, सितगंगा न.पा. -अर्घाखाँची | |
| | तृतीय | श्री विरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-१, कपिलवस्तु | |
| | सान्त्वना | श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, शनिश्चरे न.पा. -२, मोरङ्ग | |
| | सान्त्वना | श्री धुसेनी सामुदायिक वन उपभोक्ता समूह, देउचुली न.पा.-१६, नवलपरासी | |

| | | | |
|---|---|---|---|
| २०७५/७६ | प्रथम | श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, पथरी शनिश्चरे २, मोरङ | १,००,०००।- |
| | द्वितीय | श्री धुसेरी सामुदायिक वन उपभोक्ता समूह, रजहर १, २ र ७, नवलपुर | ७५,०००।- |
| | तृतीय | श्री तिब्रेकोट सामुदायिक वन उपभोक्ता समूह, पोखरा २५, हेम्जा, कास्की | ५०,०००।- |
| | सान्त्वना | श्री खक्सेनी सामुदायिक वन उपभोक्ता समूह, रेसुङ्गा न.पा. ५, गुल्मी | २५,०००।- |
| | सान्त्वना | श्री जलदेवी सामुदायिक वन उपभोक्ता समूह, भरतपुर २, चितवन | २५,०००।- |
| २०८०/८१ | प्रथम | श्री कमलपुर सामुदायिक वन उपभोक्ता समूह, मोरङ्ग | १,००,०००।- |
| | द्वितीय | श्री थामडाँडा सामुदायिक वन उपभोक्ता समूह, म्याग्दी | ७५,०००।- |
| | तृतीय | श्री कोईरालो खोला सामुदायिक वन उपभोक्ता समूह, सिराहा | ५०,०००।- |
| | तृतीय | श्री बाउन्नकोटी सामुदायिक वन उपभोक्ता समूह, रूप न्देही | ५०,०००।- |
| | सान्त्वना | श्री रानीफाँटा सामुदायिक वन उपभोक्ता समूह, कैलाली | २५,०००।- |

| | | | |
|---|---|---|---|
| २०८१/८२ | प्रथम | श्री जनज्योत सामुदायिक वन उपभोक्ता समूह, बारा | १,००,०००।- |
| | द्वितीय | श्री नागी सामुदायिक वन उपभोक्ता समूह, म्याग्दी | ७५,०००।- |
| | तृतीय | श्री उमाचोक सामुदायिक वन उपभोक्ता समूह, तनहुँ | ५०,०००।- |
| | सान्त्वना | श्री धानखेती सामुदायिक वन उपभोक्ता समूह, मोरङ्ग | २५,०००।- |
| | सान्त्वना | श्री दियालो सामुदायिक वन उपभोक्ता समूह, झापा | २५,०००।- |
| | सान्त्वना | श्री सिंहदर्जा सामुदायिक वन उपभोक्ता समूह, रूपन्देही | २५,०००।- |
| | सान्त्वना | श्री नन्दन सामुदायिक वन उपभोक्ता समूह, नवलपुर | २५,०००।- |
| २०८२/८३ | प्रथम | श्री देविझोडा सामुदायिक वन उपभोक्ता समूह, मोरङ्ग | १,००,०००।- |
| | द्वितीय | श्री मधुवन सामुदायिक वन उपभोक्ता समूह, तनहुँ | ७५,०००।- |
| | तृतीय | श्री लगलगेपाखा सामुदायिक वन उपभोक्ता समूह, काठमाण्डौं | ५०,०००।- |
| | सान्त्वना | श्री खोरथली सामुदायिक वन उपभोक्ता समूह, दोलखा | २५,०००।- |
| | सान्त्वना | श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, कञ्चनपुर | २५,०००।- |
| | सान्त्वना | श्री नन्दन सामुदायिक वन उपभोक्ता समूह, नवलपुर | २५,०००।- |
| | सान्त्वना | श्री नवजागृती सामुदायिक वन उपभोक्ता समूह, चितवन | २५,०००।- |

## २. कबुलियती राष्ट्रिय वन पुरस्कार प्राप्त वन समूहहरूको विवरण

| आर्थिक वर्ष | स्थान | कबुलियती वन समूहको नाम र ठेगाना | पुरस्कारको राशि (रु.) |
|---|---|---|---|
| २०८०/८१ | प्रथम | श्री भद्रासिटार कबुलियती वन समूह, पाँचथर | १,००,०००।- |
| | द्वितीय | श्री हरियाली कबुलियती वन समूह, सल्यान | ७५,०००।- |
| | तृतीय | श्री सुनगाभा कबुलियती वन समूह, मकवानपुर | ५०,०००।- |
| २०८१/८२ | | श्री प्रमने पखेरा कबुलियती वन उपभोक्ता समूह, तेह्रथुम | ७५,०००।- |
| २०८२/८३ | | श्री बेनडाँडा कबुलियती वन समूह, पाल्पा | |
| | | श्री सिमपानी कबुलियती वन समूह, पाँचथर | |

## ३. राष्ट्रिय साझेदारी वन पुरस्कार प्राप्त वन समूहहरूको विवरण

| आर्थिक वर्ष | स्थान | साझेदारी वन समूहको नाम र ठेगाना | पुरस्कारको राशि (रु.) |
|---|---|---|---|
| २०८०/८१ | | श्री पथरि शनिश्चरे, मोरङ्ग | |
| २०८१/०२ | | श्री लाटिझोडा साझेदारी वन उपभोक्ता समूह, मोरङ्ग | |
| २०८२/८३ | प्रथम | श्री मध्यविन्दु साझेदारी वन उपभोक्ता समूह, नवलपरासी (ब.सु.पु) | ७५,०००।- |
| | द्वितीय | श्री बेलबारी चिसाङ, मोरङ्ग | ५०,०००।- |
| | तृतीय | श्री मायादेवी, कपिलवस्तु (कपिलवस्तु) | २५,०००।- |

## ४. निजी वन राष्ट्रिय पुरस्कार

| आर्थिक वर्ष | स्थान | निजी वनधनीको नाम | पुरस्कारको राशि (रु.) |
|---|---|---|---|
| २०८०/८१ | प्रथम | श्री भिम शेर तामाङ्ग, मोरङ्ग | ७५,०००।- |
| | द्वितीय | श्री तारा वली, रुकुम पूर्व | ५०,०००।- |
| | तृतीय | श्री सोविता कमारी, रौतहट | २५,०००।- |
| | सान्त्वना | श्री बलीराम शाह कलवार, रौतहट | १५,०००।- |
| २०८१/८२ | | श्री रंगनाथ चापागाई, मोरङ्ग | |
| | | श्री अम्बर रुद्र वन बाटिकाका निजी वन धनी श्री गान्धारी लक्ष्मी खड्का, झापा | |
| २०८२/८३ | प्रथम | श्री भरत कुमार बस्नेत (झापाको बालसुवोधनी नि.मा.विद्यालयको जग्गा लिजमा लिई निजी वन व्यवस्थापन गरेको | ५०,०००।- |
| | द्वितीय | श्री पुनम कुमारी भगत मोरङ्ग | २५,०००।- |

## ५. गणेश बहादुर शाही संरक्षण पुरस्कार

| आर्थिक वर्ष | स्थान | पुरस्कृत हुनेको नाम, पद र जिल्ला | पुरस्कारको राशि (रु.) |
|---|---|---|---|
| २०८०/८१ | प्रथम | स.व.र. श्री यादविन्द्र पौडेल, मकवानपुर | |
| | द्वितीय | स.व.र. श्री कुमार बस्नेत, मोरङ्ग | |
| | तृतीय | वन रक्षक श्री सन्नदन दुव्वे, महोत्तरी | |
| | सान्त्वना | फरेष्टर श्री भविराम किसान, पर्वत | |
| | सान्त्वना | फरेष्टर श्री नन्द प्रसाद अधिकारी, पाल्पा | |

| | | | |
|---|---|---|---|
| | सान्त्वना | रेञ्जर श्री अमृत बहादुर लिम्बु, मोरङ्ग | |
| | सान्त्वना | फरेष्टर श्री रुपेश कुमार ठाकुर, मोरङ्ग | |
| २०८१/८२ | प्रथम | फरेष्टर श्री माधव गुरागाँई, ताप्लेजुङ्ग | १,००,०००/- |
| | दोस्रो | फरेष्टर श्री प्रकाश पाण्डे, काठमाण्डौ | ५०,०००/- |
| | तेस्रो | रेञ्जर श्री लक्ष्मण साफी, सप्तरी | २५,०००/- |
| | सान्त्वना | वन रक्षक श्री युवराज पोखरेल, म्याग्दी | १०,०००/- |
| | सान्त्वना | फरेष्टर श्री राजेन्द्र सापकोटा, रूपन्देही | १०,०००/- |
| २०८२/८३ | प्रथम | स.व.र श्री गणेश बहादुर कार्की, मोरङ्ग | १,००,०००/- |
| | दोस्रो | स.व.र श्री अकल बहादुर गोले, मकवानपुर | ५०,०००/- |
| | तेस्रो | वन सहायक श्री मनिषा कार्की, ईलाम | २५,०००/- |
| | सान्त्वना | रेञ्जर श्री यमकुमारी तिम्सिना, काठमाण्डौ | १०,०००/- |
| | सान्त्वना | वन रक्षक श्री गणेश बहादुर बस्नेत, ललितपुर | १०,०००/- |






वन डढेलो नियन्त्रण सम्बन्धी सामग्री वितरण






नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

**सामुदायिक वन अध्ययन केन्द्र**

ठोकर्पा, सिन्धुपाल्चोक